# बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान

त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह, दोस्रो वर्ष नेपाली विषयको दसौं पत्र
(५१०-१) को प्रयोजनका लागि प्रस्तुत

## शोध-पत्र


शोधकर्ता
शिव बानियाँ
स्नातकोत्तर तह दोस्रो वर्ष
त्रि. वि. द. नं. ८५५७-८५
रो. नं. ६०/२०६५
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस, पोखरा


२०६८

## शोध निर्देशकको सिफारिस

**बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली स्नातकोत्तर दोस्रो वर्षका छात्र श्री शिव बानियाँले मेरो निर्देशनमा तयार गर्नुभएको हो । म यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८।१२।२६

(८-४-२०१२ ई.)

.......................................................

सह प्रा. डा. कुसुमाकर न्यौपाने

नेपाली विभाग,

त्रिभुवन विश्वविद्यालय,

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस पोखराअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि छात्र शिव बानियाँले प्रस्तुत गरेको **बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| प्रा. डा. रविलाल अधिकारी<br>(विभागीय प्रमुख) | |
| डा. कुसुमाकर न्यौपाने<br>(शोध निर्देशक) | |
| डा. रामचन्द्र पोखरेल<br>(बाह्य विशेषज्ञ) | |

मिति : २०६९।०१।१८

(३०-४-२०१२ ई.)

# कृतज्ञता ज्ञापन

प्रस्तुत **बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान** नामक शोधपत्र मैले आमा बाबा टेक कुमारी बानियाँ र रूद्रबहादुर बानियाँको सपना साकार पार्न त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरूवर सह प्राध्यापक डा. कुसुमाकर न्यौपानेज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । अत्यन्तै ब्यस्तताका बाबजुद पनि यो शोधपत्र तयार गर्ने क्रममा पृथ्वीनारायण क्याम्पस, पोखरा परिसर लगायत घर र बाटो बीचमा समेत आफ्नो अमूल्य समयको परवाह नगरी स्नेहका साथ आवश्यक सल्लाह, सुझाव, सहयोग र मार्गनिर्देशन गरिदिनुहुने शोधनिर्देशक श्रद्धेय गुरूज्यू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख गुरूवर प्रा. डा. रविलाल अधिकारी तथा पृथ्वीनारायण क्याम्पस, नेपाली विभागका सम्पूर्ण गूरूहरूप्रति कृतज्ञता ब्यक्त गर्दछु ।

शोधपत्र लेखनकै समयमा मेरा आदरणीय शोधनिर्देशक गुरू सह-प्रा. डा. श्री कुसुमाकर न्यौपाने अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय समिति वासिङ्टन डिसी, संयुक्तराज्य अमेरिकाद्वारा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार अन्तर्गत सर्वोत्कृष्ट नाटक साहित्यका लागि प्रदान गरिने ई.स. २००९ र २०10 को सर्वोत्कृष्ट नाटक साहित्य पुरस्कारद्वारा ."गोपीचन लोकनाटक" पुस्तकका तर्फबाट पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई अनि आभार प्रकट गर्दछु ।

त्यस्तै शोधपत्रको लागि निरन्तर सहयोग गर्नुहुने मेरा आदरणीय दाजु साहित्यकार श्री नरबहादुर वि.सी, पनि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय समिति वासिङ्टन डिसी, संयुक्तराज्य अमेरिकाद्वारा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार अन्तर्गत सर्वोत्कृष्ट गीति साहित्यका लागि प्रदान गरिने ई.सं. २००९ र २010 को सर्वोत्कृष्ट गीति साहित्य पुरस्कारद्वारा ."रातोघाम" गीतसंग्रहको पुस्तकका तर्फबाट पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई अनि आभार प्रकट गर्दछु ।

त्यस्तै गरी यस कार्यमा सहयोग गर्ने प्यारी धर्मपत्नी हिरा बानियाँ, छोरीहरू प्रकृति, प्रज्ञा बानियाँ र भाइ बलराम बानियाँलाई पनि धन्यवाद दिन चाहन्छु। यस शोधकार्यका क्रममा आवश्यक पुस्तक तथा पत्रपत्रिकाहरू उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, म्याग्दी सामुदायिक पुस्तकालय, बेनी म्याग्दी, पौलस्त्य उ.मा.वि. पुस्तकालय पुलाचौर-८, भीरमुनि र जनकल्याण मा.वि. पुलाचौरको

पुस्तकालयका कर्मचारीहरूलाई धन्यवाद दिनु आफ्नो कर्तब्य ठानेको छु ।साथै यस शोधपत्रको क्रममा बेनी जगन्नाथ क्षेत्र भित्रका लोकगायकहरूलाई जम्मा पारेर प्रतिस्पर्धा गराई पुरस्कारको ब्यवस्था र आयोजना गरिदिनु हुने नेपाल रेडक्रस सोसाईटी पुलाचौर उपशाखाका सभापति श्री यामबहादुर बानियाँ, पुलाचौर गा.वि.स. सचिव श्री यज्ञबहादुर कार्की र मेरो विद्यालयका प्राचार्य श्री दीलबहादुर बानियाँज्यूप्रति धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रको पाण्डुलिपिलाई टङ्कन गरी सहयोग गर्नुहुने चिरन्जीवी सुवेदी, देवी प्रसाद शर्मा, कृष्ण जि.सी., वि.टेक कम्प्युटर प्रा. लि. वेनीका ध्रुव कार्की तथा शोधपत्रलाई अन्तिम रूप दिन सहयोग गर्नुहुने सुगम कम्प्युटर सेवा, बगर, पोखराका भवानीप्रसाद पराजुलीलाई विशेष आभार ब्यक्त गर्न चाहन्छु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने तथा सहयोगमा सामेल हुन नसकेपनि असहयोग नगर्नुहुने सम्पूर्ण महानुभावहरू सदा स्मरणीय हुनुहुन्छ ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

............................................................

शिव बानियाँ
त्रि.वि.द.नं. ८५५७-८५
रो.नं. ६० / २०६५
नेपाली विभाग,
त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०६८।१२।२६
(८-४-२०१२ ई.)

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| | मन्तव्य | |
| | कृतज्ञता ज्ञापन | |
| | संकेत तथा चिन्ह सूची | |
| | पुलाचौर गा.वि.स. को सङ्केत | |
| | **पहिलो परिच्छेद** | **१-७** |
| | **शोधपरिचय** | |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | उद्देश्य | १ |
| १.५ | पूर्व कार्यको समीक्षा | १ |
| १.६ | शोधकार्यको औचित्य | ५ |
| १.७ | क्षेत्र र सीमा | ६ |
| १.८ | शोधविधि | ६ |
| १.९ | शोधपत्रको रुपरेखा | ६ |
| | **दोस्रो परिच्छेद** | **७-२८** |
| | **रस सिद्धान्त र नौ रसको चिनारी** | |
| २.१ | रसको परिचय | ७ |
| २.२ | रस सिद्धान्तः विभाव, अनुभाव र व्यभिचारीभाव | ८ |
| २.२.१ | स्थायी भाव | ८ |
| २.२.२ | विभाव | ८ |
| २.२.२.१ | आलम्वन विभाव | ८ |
| २.२.२.२ | उद्दीपन विभाव | ८ |
| २.२.३ | अनुभाव | ९ |
| २.२.४ | व्यभिचारी भाव | ९ |

२.३ रसको प्रकार र तिनको परिचय १०
२.३.१ श्रृंगार रस १०
२.३.१.१ सम्भोग श्रृंगार रस ११
२.३.१.२ विप्रलम्भ श्रृंगार रस १२
२.३.२ वीर रस १२
२.३.३ करूण रस १४
२.३.४ रौद्र रस १६
२.३.५ अदभूत रस १८
२.३.६ हाँस्य रस २०
२.३.७ भयानक रस २२
२.३.८ वीभत्स रस २४
२.३.९ शान्त रस २६

**तेस्रो परिच्छेद २९-३६**

**बेनी जगन्नाथ क्षेत्रको चिनारी**

३.१ परिचय २९
३.१.१ बेनी जगन्नाथ क्षेत्रको नामाकरण २९
३.१.२ बेनी जगन्नाथ क्षेत्रको भौगोलिक अवस्था २९
पुलाचौर गा.वि.स.को नक्सा ३०
३.१.३ बेनी जगन्नाथ क्षेत्रको ऐतिहासिक अवस्था ३१
३.१.४ बेनी जगन्नाथ क्षेत्रको सामाजिक, सांस्कृतिक अवस्था ३२
३.१.५ बेनी जगन्नाथ क्षेत्रको धार्मिक अवस्था ३३
क) जगन्नाथ मन्दिर ३२
ख) पुलस्त्याश्रम ३३
ग) वरनाथ ३३
घ) पुलाकोट ३३
ङ) जफतीकोट ३४
च) निशान स्थान ३४
छ) शिवालय ३५

ज) भवानी मन्दिर ३५
झ) शिव मन्दिर ३५
ञ) भगवती मन्दिर ३५
ट) शिवालय मन्दिर ३५
ठ) देवी मन्दिर ३५
३५ड) जालपा मन्दिर ३६

## चौंथो परिच्छेद ३७-८३

## बाह्रमासे गीतमा रसविधान

४.१ बाह्रमासे गीतको परिचय ३७
४.१.१ वाल गीत ३७
४.१.२ गोठाले गीत ३७
४.१.३ यानिमयाँ गीत ३७
४.१.४ खेली गीत ३८
४.१.५ सालैजो गीत ३८
४.१.५.१ ठाडो सालैजो गीत ३८
४.१.५.२ तेस्रो सालैजो गीत ३८
४.१.६ शिरफूले गीत ३९
४.१.७ नानीरलै गीत ३९
४.१.८ झ्याउरे गीत ३९
४.१.९ रेरे साइँलो-साइँली ३९
४.१.१० र्कीतन गीत ३९
४.१.११ सवाई गीत ३९
४.१.१२ साइँला-साइँली गीत ३९
४.१.१३ बारूलै गीत ४०
४.१.१४ ठोक्का गीत ४०
४.१.१५ ओखा गीत ४०
४.२ बाह्रमासे गीतहरू ४०

४.२.१ वाल गीत ४०
४.२.२ गोठाले गीत ४३
४.२.३ एकोहोरी यानिमयाँ गीत (क) ४४
दोहोरी यानिमयाँ गीत (ख) ४५
४.२.४ ठाडो खेली गीत ४६
४.२.५ चुड्के खेली गीत ४७
४.२.६ तेस्रो खेली गीत ४८
४.२.७ ठाडो एकोहोरी सालैजो गीत ४८
४.२.८ ठाडो दोहोरी सालैजो गीत ४९
४.२.९ टुक्काविहीन तेस्रो एकोहोरी सालैजो गीत ५०
४.२.१० टुक्काविहीन तेस्रो दोहोरी सालैजो गीत ५१
४.२.११ टुक्कायुक्त तेस्रो एकोहोरी सालैजो गीत ५२
४.२.१२ टुक्कायुक्त तेस्रो दोहोरी सालैजो गीत ५३
४.२.१३ टुक्कायुक्त एकोहोरी शिरफूले गीत ५४
४.२.१४ टुक्कायुक्त दोहोरी शिरफूले गीत ५५
४.२.१५ टुक्काविहीन एकोहोरी शिरफूले गीत ५६
४.२.१६ टुक्काविहीन दोहोरी शिरफूले गीत ५७
४.२.१७ एकोहोरी नानीरलै गीत ५८
४.२.१८ दोहोरी नानीरलै गीत ५९
४.२.१९ टुक्कायुक्त एकोहोरी झ्याउरे गीत (परिवर्तित अन्तरायुक्त) ६०
४.२.२० टुक्कायुक्त एकोहोरी झ्याउरे गीत (स्थायी अन्तरायुक्त) ६१
४.२.२१ टुक्कायुक्त एकोहोरी झ्याउरे गीत (स्थायी अन्तरायुक्त लरीलै भाका) ६२
४.२.२२ टुक्कायुक्त दोहोरी झ्याउरे गीत (क) ६३
४.२.२३ टुक्कायुक्त दोहोरी झ्याउरे गीत (ख) ६४
४.२.२४ टुक्काविहीन एकोहोरी झ्याउरे गीत (क) ६५
टुक्काविहीन एकोहोरी झ्याउरे गीत (ख) ६६
४.२.२५ टुक्काविहीन दोहोरी झ्याउरे ६६
४.२.२६ विविध बोलका झ्याउरे (लस्के) गीतहरू ६८

क) भीरमा लर्क्यो खर ६८

ख) म्याग्दी खोला तीर ६८

ग) खोली दोभान ६९

घ) लाइटर पानफूले ७०

ङ) लाइटर पानफूले ७०

च) हो नि बरै ७०

छ) निर ७०

४.२.२७ एकोहोरी रेरे साइँलो गीत ७१

४.२.२८ दोहोरी रेरे साइँलो गीत ७२

४.२.२९ कीर्तन गीत ७३

४.२.३० सवाई गीत (क) ७४

जाडाको सवाई गीत (ख) ७६

४.२.३१ साइँला/साइँली दोहोरी गीत ७७

४.२.३२ एकोहोरी बारूलै गीत ७७

४.२.३३ दोहोरी बारूलै गीत ७८

४.२.३४ ठोक्का गीत (क) ७९

४.२.३५ ठोक्का गीत (ख) ८०

४.२.३६ ओखा गीत ८१

**पाँचौं परिच्छेद ८४-९१**

**कर्म गीतमा रसविधान**

५.१ कर्म गीतको परिचय ८४

५.१.१ जेठे गीत ८४

५.१.२ असारे गीत ८४

५.१.३ दाइँ गीत ८५

५.२ कर्म गीतहरू ८५

५.२.१ जेठे गीत ८५

५.२.२ असारे गीत (क) ८७

५.२.३ असारे गीत (ख) ८८

५.२.४ दाइँ गीत ८८

छैठौं परिच्छेद ९२- १२२

पर्व गीतमा रसविधान

६.१ पर्व गीतको परिचय ९२

६.१.१ तीजे गीत ९२

६.१.२ मालश्री गीत ९३

६.१.३ भैलो गीत ९३

६.१.४ देउसी गीत ९३

६.१.५ होली गीत ९४

६.१.७ सोरठी गीत ९४

६.१.७ भजन गीत ९४

६.१.७.१ आरती भजन ९५

६.१.७.२ लम्बरी भजन ९५

६.१.७.३ चुड्का भजन ९५

६.१.७.४ आँधीखोले भजन ९५

६.२ पर्वगीतहरू ९६

६.२.१ तीजे गीत ९६

६.२.२ तीजे गीत ९७

६.२.३ तीजे गीत ९८

६.२.४ विविध तीजे गीत ९९

६.२.५ भैली गीत १००

६.२.६ देउसी गीत १०२

६.२.७ मालश्री गीत १०४

६.२.८ मालश्री गीत १०४

६.२.९ होली गीत १०५

६.२.१० सोरठी गीत १०६

६.२.११ विन्ती गीत (सोरठी गाउनुपूर्व) १०७

६.२.१२ सोरठी गीत १०७

६.२.१३ आरती भजन गीत ११४

६.२.१४ लम्वरी भजन गीत ११६

६.२.१५ एकोहोरी चुड्के भजन गीत (छोटो लयमा) ११७

६.२.१६ एकोहोरी चुड्के भजन गीत (लामो लयमा) ११८

६.२.१७ दोहोरी चुड्के भजन गीत ११९

६.२.१८ एकोहोरी आँधीखोले भजन गीत ११९

६.२.१९ दोहोरी आँधीखोले भजन गीत १२०

**सातौं परिच्छेद १२३-१३०**

**संस्कार गीतमा रसविधान**

७.१ संस्कार गीतको परिचय १२३

७.१.१ रत्यौली गीत १२३

७.१.२ सिलोक गीत १२४

७.१.३ गाथा गीत १२४

७.१.४ खाँडो गीत १२५

७.२ संस्कार गीतहरू १२५

७.२.१ रत्यौली गीत (छोटो लयमा) १२५

७.२.२ रत्यौली गीत (छोटो लयमा) १२५

७.२.३ रत्यौली गीत (लामो लयमा) १२६

७.२.४ रत्यौली गीत (लामो लयमा) १२६

७.२.५ सिलोक गीत १२७

७.२.६ गाथा गीत १२८

७.२.७ खाँडो जगाउने गीत १२९

**आठौं परिच्छेद १३१- १३५**

**लोकगीतमा रसविधान**

८.१ करूण रस
१३१

८.२ श्रृंगार रस १३२

८.३ शान्त रस १३३

८.४ हास्य रस १३४
८.५ वीररस १३५
८.६ निष्कर्ष १३५

**नवौं परिच्छेद** **१३६-१३९**
**निष्कर्ष र सुझाव**

सन्दर्भग्रन्थ सूची १४०-१४२

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान** रहेको छ ।

## १.२ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरा अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ  पत्र पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत शोधपत्र तयार गरिएको हो ।

## १.३ समस्या कथन

प्रस्तुत शोधकार्य निम्न लिखित समस्याहरुमा केन्द्रित भई सम्पन्न गरिएको छ :

(क) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतको कसरी स°लन गर्न सकिन्छ ?

(ख) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतहरु के-कति वर्गमा वर्गीकृत हुन सक्छन् ?

(ग) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतहरुमा कुन रसको प्रभाव बढी छ ?

## १.४ उद्देश्य

यस शोधपत्रको उद्देश्य बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधानको अध्ययन अनुसन्धान गर्नु रहेको छ। यस कार्यका निम्ति निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ :

(क) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतको स°लन गर्नु ।

(ख) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण गर्नु ।

(ग) बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसको प्रभाव पहिल्याउनु ।

यिनै उद्देश्य पूर्तिगर्ने कार्यमा अनुसन्धान केन्द्रित रहेको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकगीतको अध्ययन परम्परा अझै व्यापक नभएको परिस्थितिमा बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गर्दा हालसम्म यस क्षेत्रलाई केन्द्रित बनाएर अध्ययन अनुसन्धान भएको पाइदैन भने रसविधानका दृष्टिकोणले लोकगीतको अध्ययन अझसम्म म्याग्दी जिल्लामा नै भएको पाईदैन। यस क्षेत्र जस्तो सानो क्षेत्रमा आधारित भै लेखिएका लोकगीतहरु नपाइनु पनि स्वाभाविक नै हो। त्यस्ता कृतिहरु प्रशस्त नपाइए पनि पछिल्लो चरणमा यस क्षेत्रको आसपासलाई आधार बनाएर तथा समग्र जिल्लाको अध्ययन अनुसन्धान भने भएका छन्।

बेनी जगन्नाथ क्षेत्र आसपास र समग्र म्याग्दी क्षेत्रमा प्रचलित लोक साहित्यको प्रमुख विधा लोकगीतमा भएका छिटफुट कार्यहरुको सामान्य परिचय तथा नेपाली भाषा एवम् लोक साहित्यको फाँटमा भएका उल्लेख्य पूर्व कार्यहरु निम्नानुसार समीक्षा गरी निष्कर्ष निकालिएको छ :

**(क) कुसुमाकर न्यौपाने, पैयुँखोले लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण (२०४४)**

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको यस शोधपत्रमा पर्वत जिल्लाको पैयुँखोलामा प्रचलित रहेका नेपाली लोकगीतको स°लन गरी वर्गीकरण र विश्लेषण समेत गरिएको छ। विषयात्मक आधारमा बाह्रमासे, कर्म, पर्व र संस्कार गरी चार भेदमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ भने यिनै चार भेद अन्तर्गत कठै, गल्लालागुरे, एकोहोरी, दोहोरी, मालश्री, रत्यौली, सालैजो, खेली, सुनीमयाँ, सीलोक, सोरठी, जेठे, असारे जस्ता विविध गीतहरुको छुट्टाछुट्टै परिचय दिई विशेषता पनि दिइएको छ। यसै गरी विषयवस्तु, काब्य र भाषाका पक्षबाट विश्लेषण गरिएको छ(न्यौपाने, २०४४ : १३ र १४)।

**(ख) दिनबहादुर थापा, गल्कोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन (२०५०)**

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको यस शोधपत्रमा उनले गल्कोट क्षेत्रका लोकगीतहरुको अध्ययन गरी विषयवस्तु, लि▪, जातजाति, उमेर, आख्यान, संगीत तथा नृत्य रसभाव र गाउने अवसरका आधारमा नेपाली लोकगीतको वर्गीकरण गरेका छन। यस शोधपत्रमा थापाले लोकगीतलाई ऋतुकालीन पर्वगीत, संस्कार गीत, ऋतुकालीन कर्मगीत र बाह्रमासे गीत गरी चार भेदहरुमा वर्गीकरण गरिएको छ। यसै क्रममा मारुनी, भैलो, देउसी, गोवीनाच, घाटु, रत्यौली, गाथा, खाँडो, असारे, साउने, झ्याउरे, दोहोरी, बालगीत, जस्ता गीतको अध्ययन गरी भाषा, काब्य र विषयवस्तुको दृष्टिकोणबाट विश्लेषण गर्ने कार्य भएको छ। उनको यस शोधपत्रमा उल्लेख भएका कतिपय गीतहरु बेनी जगन्नाथ क्षेत्रमा पनि प्रचलित छन् तर गल्कोटे क्षेत्रलाई केन्द्रविन्दु मानी तयार गरिएकोले यसमा बेनी जगन्नाथ क्षेत्रका लोकगीतको बारेमा उल्लेख नहुनु अनौठो पनि होईन (थापा, २०५० : २१ र २२)।

**(ग) ठाकुर प्रसाद पराजुली, धौलागिरिका केही साहित्यिक डोब र संकेत(२०५२)**

यस लेखमा पराजुलीले धौलागिरिका लोकगीतलाई सामान्य रूपमा चिनाएका छन्। यसै क्रममा निरमया ठुली, यानिमया, लालुमै, मायालाउँदै, जाउँसाँईली, रेलिमै, नैनारेसम जस्ता गीतहरुको चर्चा गर्दै यी गीतहरुको कारणले नै धौलागिरिको शिर ठाडो पारेका छन भन्ने धारणा राखेका छन्। यसमा धौलागिरिका लोकगीतको डोव फेला पार्ने प्रयत्न गरेतापनि बेनी जगन्नाथ क्षेत्र जस्तो लोकगीतको दृष्टिले उर्वर भूमिको कहीँ कतै पनि उल्लेख छैन(पराजुली, २०५२ : २१) ।

**(घ) नर बहादुर बि.सी. म्याग्दीको साहित्यिक इतिहास(२०५८)**

लोकगीत र नृत्य तथा अन्य संस्कृतिको लागि म्याग्दी जिल्ला चर्चित भएको भन्दै बि.सी.ले यस लेखमा यानीमया, सुनिमया, रेरेसाइँलो, नानीरलै आदि जस्ता गीतको उद्गमस्थल म्याग्दी र बाग्लुङ्ग नै हुन् भन्ने धारणा वि.सी.को लेखमा पाइन्छ। यस लेखमा कुन क्षेत्रका कस्ता गीत छन् भनी देखाउने वा चर्चा गर्ने कार्य नगरेको भएता पनि लोकगीतको उर्वर क्षेत्रलाई केवल संकेत मात्र भने गरिएको छ (वि.सी.,२०५८:८) ।

**(ङ) राधिका मल्ल, म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन, (२०५८)**

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनको लागि मल्लद्वारा तयार पारेको यस शोधपत्रमा म्याग्देली लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण गरिएको छ। म्याग्दीका लोकगीतलाई लय, प्रस्तुति, विषय र संरचनाका आधारमा वर्गीकरण गरिएको छ। यसै गरी

प्रस्तुति, विषयवस्तु, काव्य आदिको आधारमा विश्लेषण समेत गरिएको छ। म्याग्दीका प्रचलित बालगीत, गोठालेगीत, तीजगीत, रत्यौलीगीत, असारे, बाली, मह्रला, बाह्रमासे, आदि गीतको परिचयात्मक चर्चा गरिएको छ। म्याग्दी केन्द्रित यस शोधपत्रमा बेनी जगन्नाथ क्षेत्रका प्रचलित लोकगीत परेतापनि लोकगीतका दृष्टिले उर्वर यस क्षेत्रको कहिँकतै पनि उल्लेख भएको छैन। साथै बेनी जगन्नाथ क्षेत्रका गीत भनी किटान साथ स°लन पनि गरिएको छैन (मल्ल,२०५८ : २५-३०)।

### (च) कुसुमाकर न्यौपाने, धौलागिरि अञ्चलमा प्रचलित लोकगीत एक अध्ययन(२०६०)

विश्वविद्यालय अनुदान आयोग काठमाण्डौं अन्तर्गत लघु अनुसन्धान परियोजना पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको यस अनुसन्धान पत्रमा धौलागिरि अञ्चलका लोकगीतहरुको स°लन गरी ती लोकगीतलाई परिचय, विशेषता र प्रकारका आधारमा छुट्याई चिनाउने काम गरिएको छ। लोकगीतलाई गाउने अवसरका आधारमा बाह्रमासे, कर्म, पर्व, संस्कार गरी मुख्य चार भेद र तिनको उपभेद पनि देखाईएको छ। बालगीत, सवाई, कीर्तन, कठै, गल्लालागुरे, नानीरलै, रेरेसाइँलो, सालैजो, शिरफूलेमयाँ, जेठे, असारे, तीजे, मालसिरी, भैली, देउसी, रत्यौली, माह्रल, खाँडो, गाथा जस्ता सतचालिस गीतहरुलाई परिचय, विशेषता, संरचना र प्रकारका आधारमा छुट्टाछुट्टै चर्चा गरिएको छ। धौलागिरिका लोकगायक, लोकबाजा र लोकगीत गाउने स्थलहरु समेत उल्लेख गरिएको छ। बेनी जगन्नाथ क्षेत्रका गीतहरु पनि यस अनुसन्धानपत्रमा परेका छन्। धौलागिरिका लोकगीत भने पनि बेनी जगन्नाथ क्षेत्रका लोकगीत भनी कतै पनि उल्लेख भएको छैन(न्यौपाने,२०६० :)।

### (छ) रामजी प्रसाद ढुङ्गाना, पुलाक्षेत्रमा प्रचलित लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण(२०६२)

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको यस शोधपत्रमा म्याग्दी जिल्लाको पुलाक्षेत्र (अर्थुङ्गे, पुलाचौर, घतान, सिङ्गा र पात्लेखेत गरी पाँचवटा गा.वि.स.हरु) मा प्रचलित रहेका नेपाली लोकगीतको स°लन वर्गीकरण र विश्लेषण गरिएको छ। विषयात्मक आधारमा बाह्रमासे, कर्म, पर्व, संस्कार गरी चार भेदमा वर्गीकरण गरिएको छ भने यिनै चार भेद अन्तर्गत बालगीत, गोठालेगीत, यानिमयाँ, खेली, सालैजो, शिरफुले, नानिरलै, भ्याउरे, रेरेसाइँलो, कीर्तन, सबाई, साइँला/साइँली, बारूलै, ठोक्का, ओखा जस्ता गीतहरु पहिलो वर्गमा छनभने कर्म अन्तर्गत, जेठे, असारे, दाँइ जस्ता गीतहरु छन्। त्यस्तै गरी तेश्रो वर्गमा तीजे, मालश्री, भैलो, देउसी, होली, सोरठी, भजन जस्ता गीत रहेका छन भने चौँथो वर्गमा रत्यौली, सिलोक, गाथा, खाँडो जगाउने जस्ता गीतहरु संस्कार गीतको रूपमा रहेको देखिन्छ। यी सम्पूर्ण गीतहरुलाई परिचयात्मक चर्चा गरिएको छ। म्याग्दीका पाँचवटा गा.वि.स.हरुलाई केन्द्रित गरी तयार पारिएको यस शोधपत्रमा बेनी जगन्नाथ क्षेत्रका प्रचलित लोकगीत परेता पनि लोकगीतको खानी मानिने यस क्षेत्रलाई केन्द्रित गरी बेनी जगन्नाथ क्षेत्रको गीतहरुलाई किटान साथ स°लन पनि गरिएको छैन (**ढुङ्गा**ना,२०६२ : १७-३०)।

### (ज) भद्रबहादुर घर्ती क्षेत्री, म्याग्दी तातोपानी क्षेत्रमा प्रचलित लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण (२०६३)

स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको नेपाली विषयको यस शोधपत्रमा म्याग्दी जिल्लाको सिङ्गा गा.वि.स.मा रहेको तातोपानी क्षेत्रका प्रचलित लोकगीतहरुलाई स°लन गरी वर्गीकरण र विश्लेषण गरिएको छ। कर्मगीत, संस्कारगीत,

बाह्रमासेगीत र अन्य गीतहरु र तिनका विभिन्न भेदहरु समेत देखाइएको छ। यिनै चार भेदहरुलाई पनि असारे, खारागीत(साइँलो भाका), साउने सोरठी, दाइँगीत, निँदरीगीत जस्ता गीतहरु कर्मगीत अन्तर्गत राखिएको छ भने संस्कार गीतहरुमा रत्यौली, धुले, ख्याली, भजन, कीर्तन, जस्ता गीतहरु परेका छन। त्यसै गरी पर्वगीतहरुमा तीजगीत, भैलोगीतहरु रहेका छन भने बाह्रमासे गीतहरुमा यानिमयाँ, सालैजो, सैलैजु, शिरफूलेमयाँगीत, भाकागीत, झाप्रेगीत( नानीलै), पञ्चेबाजाका गीतहरु जस्ता गीतहरुमा प्रस्तुत गरिएको छ। उनको यस शोधपत्रमा उल्लेख भएका कतिपय गीतहरु बेनी जगन्नाथ क्षेत्रमा पनि प्रचलित छन् तर तातोपानी क्षेत्रलाई केन्द्रविन्दु मानी तयार पारिएकोले यसमा बेनी जगन्नाथ क्षेत्रका गीतहरुको बारेमा उल्लेख नहुनु सामान्य नै हो (घर्ती क्षेत्री,२०६३ : १३) ।

(झ) **विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र**

विष्णुप्रसाद पौडेलले यस कृतिमा रस चिन्तनको परम्पराबारे उल्लेख गर्दै रसको परिभाषा र स्वरुप, रस विधापक तत्व, रस निष्पत्तिका प्रमुख मान्यता साधारणीकरण, रसास्वादको स्वरूप, करूण रसको आस्वाद, रसको मनोवैज्ञानिक आधार, रस र ध्वनिको सम्बन्ध र रस सिद्धान्तको समीक्षा उपशीर्षकहरूमा  रस सिद्धान्तबारे चर्चा गरेका छन् (पौडेल, २०५७ ) । रसको चिनारी अत्यन्तै सरल तरिकाले प्रस्तुत गरिएको उक्त पुस्तक रस सिद्धान्तको जानकारीका लागि उपयुक्त र सान्दर्भिक रहेको छ । काव्यका सन्दर्भमा रसको चर्चा गरिएको भएपनि कविता र गीत समान विधा भएकाले उक्त कृति उपयुक्त देखापरेको छ ।

(ञ) **नसीमा खातुन, हिन्दी काव्यमें अद्‌भूत रस(२०४५)**

यस विद्यावारिधि शोधप्रबन्धमा नसीमा खातुनले रस सिद्धान्तका बारेमा चर्चा गर्दै रसको स्वरुपको विवेचना, रस निष्पत्तिका विविध मत, रससिद्धान्त र साधारणीकरण र रस संख्या विचारको बारेमा चर्चा गरेका छन् (खातुन, २०४५ : १-१०० ) । यस शोधप्रबन्धमा रससँग सम्बन्धित विविध पक्षको बारेमा उल्लेख्य गर्दै हिन्दी काव्यहरुमा चित्रण गरिएका अद्‌भूत रसको बारेमा चर्चा गरिएको छ । साथै यसमा वात्सल्य रस, भक्ति रस समेत र नवरस गरी ११ वटा रसहरुको चर्चा गरिएको छ ।

(ट) तुलसीराम खनाल प्रवास, **खेलीगीतको बारेमा देखिएका भ्रमहरु र यथार्थको खोजी ( २०६८)**

तुलसीराम खनाल प्रवासले **खेलीगीतको बारेमा देखिएका भ्रमहरु र यथार्थको खोजी** नामक गोष्ठीपत्रमा खेलीगीतका बारेमा हालसम्मका भ्रमहरु र खेलीगीतको यथार्थको खोजी गर्ने प्रयास गरिएको छ (२०६८/१/१०) । यस गोष्ठीपत्रमा नेपाली लोकगीतको अध्ययन परम्पराबारेमा देखिएका अस्पष्टताहरु, यथार्थता, खेलीगीतको वर्गीकरण, संकलन, संरचना, छन्द, लय, विषयवस्तु एवम् भावको बारेमा चर्चा गरिएको छ । खेलीलाई खेलीकै रूपमा

प्रस्तुत गर्दै विगतका भ्रमहरु निवारण गराउने प्रयास गरिएको यो गोष्ठीपत्र आफैमा तथ्यपरक र विश्वसनीय देखापरेको छ ।

बेनी जगन्नाथ क्षेत्र लोकगीतका दृष्टिले म्याग्दीको उर्वरभूमि हो तर आजसम्म यस क्षेत्रलाई केन्द्रविन्दु मानेर कसैले पनि अध्ययन अनुसन्धान गरेका छैनन्। कसै कसैले यस क्षेत्रलाई लोकगीतका माध्यमले देखाउन खोजेपनि ती सांकेतिक प्रयासले स्पष्टरूपमा यहाँका लोकगीतहरुको अध्ययन गर्न सकेको छैन भने लोकगीतमा रसविधान हेर्ने कार्य त म्याग्दी मै अझैसम्म भएको समेत देखिदैन। त्यसैले लोकगीतको दृष्टिले उब्जाउशील क्षेत्रको रुपमा रहेको यस बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान अध्ययन गरी यो शोधपत्र तयार पार्न खोजिएको हो।

## १.६ शोधकार्यको औचित्य

नेपाली लोक साहित्यको इतिहासमा परम्परादेखि मौखिक रूपमा गेयात्मक तवरले लोक समाजको वास्तविकतालाई सबैभन्दा बढी संख्यामा रचिने, गाइने र मन पराइने विधा नै लोकगीत हो। लोक जीवनलाई सरस तुल्याउने लोकगीतहरु लोक साहित्यकै प्रमुख र सर्वप्राचिन विधा पनि हो। मानवीय विलासी स्वभावले एवं देखासिकी प्रवृति, परम्परागत मूल्यमान्यता र संस्कृति प्रति चासो नहुनाले यी प्राचीन साहित्यिक सम्पत्तिरूपी लोक साहित्य लोपोन्मुख हुँदै गइरहेको अवस्थामा यसलाई संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्नु नितान्त आवश्यक छ। विश्वव्यापी कारणले गर्दा हाम्रा भाषा संस्कृतिहरुमा पश्चिमा भाषा र सभ्यताले मिश्रित प्रभाव पार्न थालेको छ भने शैक्षिक क्षेत्रमा समेत नेपाली भाषाको गहनतालाई हलुको पारिएको महसुस हुन्छ, तसर्थ नेपाली लोक साहित्यको अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ।

यसै सन्दर्भमा बेनी जगन्नाथ क्षेत्रभरी फैलिएर रहेको लोकगीतलाई स°लन गरी यस क्षेत्रमा प्रचलित लोकगीतमा रसविधानको अध्ययन गरी म्याग्देली लोक साहित्यको फाँटमा एउटा नयाँ इट्टा थपिनु नै यस शोधपत्रको औचित्य ठहरिन्छ। बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतका सम्बन्धमा जानकारी लिने, जिज्ञासा राख्ने पाठक एवम् लोकसाहित्यमा रूची राखी अध्ययन गर्न चाहने सबैको लागि यो उपयोगी हुनु नै यसको उपयोगिता समेत रहनेछ।

## १.७ क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको विषयगत सीमामा लोक साहित्यको विविध विधाहरुमध्ये लोकगीत प्रमुख र सर्वप्राचीन विधालाई लिइएको छ र क्षेत्रगत सीमा अन्तर्गत म्याग्दी जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित बेनी जगन्नाथ लिइएको छ। यस क्षेत्रका नेपाली भाषामा प्रचलित लोकगीतहरुमा रसविधान अध्ययन गर्नका लागि स°लन गर्दै विषय, काव्य र भाषाका कोणबाट मात्र विश्लेषण गरी निष्कर्ष निकाल्नु यसको सीमा हो।

## १.८ शोधविधि

यस अनुसन्धानको लागि बेनी जगन्नाथ क्षेत्रमा बसोबास गर्ने विभिन्न महानुभावहरुबाट लोकगीत स°लन गरिएको छ। यस क्षेत्रका विभिन्न स्थानहरुमा लाग्ने मेला, जात्रा, उत्सव, सामाजिक, धार्मिक संस्कार आदिमा प्रत्यक्ष सहभागी भई सामाग्री स°लन गरिएको छ। सम्बन्धित विषय क्षेत्रका व्यक्तिहरुसँग छलफल तथा अन्तरवार्ता लिइएको छ। टेलिफोन र पत्राचारद्वारा जानकारी र सामग्री स°लन समेत गरिएको छ। लोकगीतको स°लन कार्यमा आवश्यकता अनुसार टेपरेकर्डरको समेत प्रयोग गरिएको छ। रेकर्डित सम्पूर्ण सामग्रीलाई लेख्य

रूपमा उतारिएको छ। वर्गीकरण र विश्लेषणको क्रममा क्षेत्रीय विधि अपनाइ लोकगीतको आधारभूत खोजिनीति गरिएको छ। स्थलगत भ्रमण गरी अध्ययन अनुसन्धानमा गोष्ठि, लोकगीत प्रतियोगिता जस्ता कार्यहरु गरिएको छ। यस क्षेत्रका शिक्षकहरु, विद्यार्थीहरु, लोकपारखी, बुद्धिजीवीहरु र बुढापाकाहरुको सम्पर्कबाट स्रोत स°लन गरिएको छ।

यसरी प्रस्तुत शोधकार्यमा क्षेत्रीय खोजविधि र पुस्तकालयीय अध्ययन विधिलाई नै मूलरूपमा प्रयोग गरिएको छ भने आलेखन मूलतः लेख्य नेपालीको आलेखन विधिमा र अंशत मौखिक उच्चारणका आधारमा समेत गरिएको छ।

## १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र संगठित रुपमा प्रस्तुत गर्नको लागि यसको परिच्छेदगत रुपरेखा यसरी प्रस्तुत गरिएको छ।

(क) पहिलो परिच्छेदः शोध परिचय

(ख) दोस्रो परिच्छेदः रससिद्धान्त र नौ रसको चिनारी

(ग) तेस्रो परिच्छेदः बेनी जगन्नाथ क्षेत्रको चिनारी

(घ) चौथो परिच्छेदः बाह्रमासे गीतमा रसविधान

(ङ) पाँचौं परिच्छेदः कर्मगीतमा रसविधान

(च) छैठौं परिच्छेदः पर्वगीतमा रसविधान

(छ) सातौं परिच्छेदः संस्कार गीतमा रसविधान

(ज) आठौं परिच्छेद : लोकगीतमा रसविधान

(झ) नवौं परिच्छेदः निष्कर्ष र सुझाउ

# दोस्रो परिच्छेद
# रससिद्धान्त र नौ रसको चिनारी

## २.१ रसको परिचय

रस शब्द संस्कृतको रस धातुबाट निर्मित हुन्छ। पूर्वीय साहित्यमा साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूतिलाई रस भनिएको पाइन्छ। रसको सोझो अर्थ भने झोलपदार्थ हो। साहित्यको सन्दर्भमा रसको तात्पर्य आनन्दको अवस्था मानिन्छ। रत्नको नेपाली-अङ्ग्रेजी-नेपाली-डिक्सनरीमा प्रो.बाबुलाल प्रधानले रसलाई जुस, सेभर, फ्लेभर, टेस्ट, सिरप, इक्सुडेसन, सिरम भनी अर्थ दिएका छन्। त्यस्तै गरि अंग्रेजी नेपाली साझा संक्षिप्त शब्द कोषमा रस भन्नाले झोल, जूसलाई जनाएको छ। त्यस्तै गरेर अक्सफोर्ड एड्भान्स लर्नरर्स डिक्सनरीमा जुस (रस) भन्नाले द लिक्वीड द्याट कम्स फ्रम फ्रुट अर भेजटेवल्स भनी लेखिएको पाइन्छ।

मानवजातिले विभिन्न कुराहरु देख्ने, सुन्ने, भोग्ने, र अनुभूति गर्ने गर्दछ। त्यसबाट उसको मनमा रिस, माया, डाहा, डर आदि भावना जाग्दछन्। तिनै भावनाहरु जव परिपक्व हुँदै जान्छन् तब नै सुख वा दुःखका विशिष्ट भाव बन्दछन्। यथार्थमा तिनै परिपक्व भावलाई नै रस भनिन्छ। साहित्यका सन्दर्भमा पाठकले साहित्यिक रचना पढेपछि उसका मनमा विभिन्न भावहरु जाग्छन् र जागेका भावले परिपक्व अवस्था प्राप्त गर्दा एक प्रकारको विशिष्टखाले आनन्दको प्राप्तिको अवस्थालाई नै रसको अवस्था भनि चिनिन्छ। विभाव, अनुभाव र व्यभिचारी भावद्वारा अभिव्यक्त स्थायी भाव रसको रूपमा आस्वाद्य गरिन्छ (उपाध्याय, २०५९ : १९२)। व्युत्पत्तिगत अर्थमा भने "रस्यते असौ रसः" अनुसार रस त्यस्तो पदार्थ हो जसको आस्वादन होस। रसास्वादनको काम गर्ने हुनाले जिभ्राको एक नाम रसना पनि हुन्छ ( उपाध्याय,२०६१ : १८)। त्यस्तै गरी पिउने, चुस्ने, चाट्ने, थोप्लाका रूपमा ग्रहण गरिने धाराका रूपमा प्रवाहित हुने, छिर्कन मिल्ने, तरल पदार्थहरु तथा ठोसबाट कुटेर, पिटेर, थिचेर, निचोरेर, पेलेर, काटेर निकालिने झोल पदार्थ नै रस हो। (आचार्य २०६४ : ४४)। रसलाई एउटै वाक्यमा भन्दा भावको परिपाक हो (ज्ञवाली र अन्यहरु २०६४ : ३०४)। त्यस्तै रस भन्नाले त्यस्तो सारभूत तत्व पनि हो जो वस्तुको हृत्केन्द्रमा आत्माको रूपमा रहन्छ। साहित्यमा रसको प्रयोग विशिष्ट अर्थमा हुन्छ र यहाँपनि यो आस्वाद्य नै हुन्छ (थापा, २०६४ : ५३)। अर्को शब्दमा रस ज्यादै प्राचीन शब्द हो। प्राचीन समयमा पदार्थबाट प्राप्त रस, आयूर्वेदिक रस साहित्यको रस र ब्रम्हानन्दका अवस्थामा प्राप्त हुने रस गरी चार अर्थमा रसलाई चिनिन्छ ( ओझा र अन्य साथीहरु, २०६४ : ३५५)। त्यस्तैगरी रसनिष्पत्तिको व्याख्याका क्रममा विभाव, अनुभाव र व्यभिचारी भाव व्यञ्जक हुन भने त्यसका माध्यमबाट अभिव्यक्त नै रस हो (राई र अन्य, २०६५:८२)। पूर्वीय साहित्यमा साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूतिलाई रस भनिएको पाईन्छ (गौतम र अरूहरु, २०६७ : ३६२)। रस भन्नाले साहित्यिक विधाबाट मानव हृदयमा प्राप्त चरम आनन्दानुभूतिको अवस्था हो। अर्थात काव्यानुभूतिलाई आस्वादनयोग्य मानिन्छ र त्यसले मानव हृदयमा रहेका अनेकौं सुषुप्त भावनालाई उद्दीप्त पार्दछ। यो उद्दीप्त चरमानन्दमा पुग्नु नै रसानुभूति हो, रसको परिपाक हो (न्यौपाने,२०६७ : २४०)।

## २.२ रससिद्धान्त : विभाव, अनुभाव र व्यभिचारीभाव

सैद्धान्तिक कुरा गर्दा रसका बारेमा सर्बप्रथम चर्चा गर्ने आचार्य भरत मानिन्छन् । भरतले आफ्नो पुस्तक नाट्यशास्त्रमा रस शब्दको पहिलो प्रयोग गरी यसको परिभाषा समेत दिने काम गरेका छन्। रससूत्रले चिनिने परिभाषा विभावानुभावव्यभिचारीभावसंयोगात रसनिष्पत्तिः भन्दै रसोत्पत्तिको चर्चा गरेका छन्। विभाव, अनुभाव र सञ्चारीभावले नै हृदयमा स्थित रति, शोक जस्ता स्थायी भावलाई जागृत गराउने मानिन्छ। त्यसैले रसको सन्दर्भमा यी चार तत्व– स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको सामान्य जानकारी यसरी गराउन सकिन्छ।

### २.२.१ स्थायी भाव

प्रत्येक मानिसमा संस्कारगत वा वासनात्मक रूपमा विभिन्न भावहरु रहेका हुन्छन्। यसरी रहेका अव्यक्त वा सुषुप्त भावहरुलाई नै स्थायी भाव भनिन्छ । संस्कृत साहित्यका अनुसार स्थायी भावहरु रती, हाँसो, क्रोध, शोक, भय, विस्मय, घृणा, उत्साह र निर्वेद गरी नौवटा छन् (न्यौपाने, २०६७ : २४०)।

### २.२.२ विभाव

जुन कारणले भावना जाग्छन् र उत्तेजित हुन्छन् त्यो कारण नै विभाव हो। नाटकका पात्रहरुमा प्रेम, वीरता आदि भावना हुन्छन्। प्रेमीले प्रेमिका वा प्रेमिकाले प्रेमीलाई देख्दा प्रेमको भावना जन्मन्छ र एकान्तमा देखभेट भयो भने त उत्तेजना पनि हुन सक्छ। यसरी प्रेम जगाउने वा उत्तेजित पार्ने काम विभावले गर्छ। विभाव पनि दुई प्रकारका हुन्छन् (झवाली र अन्यहरु, २०६४ : ३०४)।

#### २.२.२.१ आलम्बन विभाव

शृङगार, करूणा, वीरताजस्ता स्थायी भाव जगाउने काममा जुन पात्र मुख्य कारण बन्दछ त्यही विषय वा पात्र आलम्वन विभाव मानिन्छ। नायक नायिका आलम्वन विभाव हुन् किनकि तिनलाई देखेर नै भावकमा भएका शृङगार, करूणाजस्ता भाव जाग्छन्।

#### २.२.२.२ उद्दीपन विभाव

नायक नायिका वा कुनै कुरालाई देखेपछि सर्वप्रथम भाव जाग्छ। जस्तो कि नायक नायिकालाई मायालु अवस्थामा देख्दा प्रेमभाव जाग्छ। यसरी जागेको भावनालाई उत्तेजित पार्ने वा भावुक तुल्याउने काम जुन कुरा वा जोबाट हुन्छ त्यही नै उद्दीपन विभाव हो। नायक नायिका प्रेम भावना जगाउने मूल कारण हुन्, त्यसैले आलम्वन विभाव हुन् भने तिनीहरुको प्रेमलाई उत्तेजित पार्ने काम एकान्त ठाउँ, सुन्दर वातावरण, मायाप्रीति साटासाट गरिरहेका पुतली आदिले गरिरहेका हुन्छन्। त्यसैले त्यो एकान्त र रसिक वातावरण नै उद्दीपन विभाव हो ।

### २.२.३ अनुभाव

मानव हृदयमा स्थायी भाव उद्दीप्त भएपछि देखापर्ने शारीरिक वा मानसिक विकार

वा क्रिया प्रतिक्रियालाई अनुभाव भनिन्छ। जस्तो आँखा कान रातो हुनु, कट्कटाउनु, मुट्ठी बाँध्नु आदि (गौतम र अन्यहरु, २०६७ : ३६३)। अनुभाव चार प्रकारका छन् (ज्ञवाली र अन्यहरु, २०६४ : ३०५)।

(अ) कायिक (आ) वाचिक (इ) आहार्य (ई) सात्विक

कायिकमा शरीरका विभिन्न अङ्गहरुको विभिन्न चेष्टा र प्रतिक्रिया हुन्छन्। जस्तो आँखा, कान रातो हुनु। वाचिकमा मन र बोलीका विभिन्न प्रकारका प्रतिक्रिया हुन्छन्। जस्तैः स्वर र आवाज विचित्र हुनु वा वाक्य बन्द हुनु। अहार्यमा मनोभावनानुकूल अलङ्कार र भेषभूषा धारण गरिन्छ। सात्विकमा मानसिक आवेगको अभिव्यक्ति हुन्छ। साथै यसमा स्वाभाविक रूपमा अङ्गविकार हुन्छ। सात्विक अनुभाव आठ प्रकारका हुन्छन् (थापा, २०६६ : २१८)।

१. स्तम्भ (खुशी, डर, शोक, आश्चर्य, आदिले शारीरिक चेष्टा नहुनु, अक्कनबक्क हुनु)।
२. स्वेद (पसिना)।
३. रोमाञ्च (खुशी, डर, रिस, लाज, आदिले गर्दा शरीरका रौँ ठाडा हुनु)।
४. स्वरभङ्ग (कण्ठ अवरूद्ध हुनु वा गद्गद हुनु)।
५. कम्प।
६. वैवर्ण्य (अनुहार फुङ्ग हुनु, शरीरको रङ्ग बदलिनु)।
७. आँसु।
८. प्रलय (चेष्टाहीन हुनु, निष्प्राणजस्तो देखिनु)।

### २.२.४ व्यभिचारी भाव

'सम्' उपसर्ग लागेको 'चर' धातुबाट 'संचरित' यस व्युत्पत्तिद्वारा 'सञ्चारी' शब्द बन्दछ भने 'वि' र 'अभि' उपसर्ग लागेर 'चर' धातुबाट 'व्यभिचरति' यस व्युत्पत्तिद्वारा 'व्यभिचारी' शब्द बन्दछ। शब्दार्थ अनुसार सञ्चारी भनेको बराबर चलायमान रहने तत्व हो। सञ्चरण, व्यभिचरण समान धर्म भएकाले सञ्चारी र व्यभिचारी दुबैको तात्पयार्थ एउटै हुन आउँछ। त्यसैले काव्य वा साहित्यशास्त्रमा यी दुबै शब्द पर्यायवाची रूपमा प्रयुक्त भएका छन्। व्यभिचारी (सञ्चारी) भावबारे विश्वनाथको भनाइ यस्तो छ :

"स्थिर रूपले रहने रति आदि स्थायी भावमा कहिले प्रकट र कहिले अप्रकट हुने र सदैव चलनशील रहने हुनाले निर्वेद आदिलाई व्यभिचारी भनिन्छ।"

व्यभिचारी (सञ्चारी) भाव, विभाव र अनुभावको अपेक्षा बढी मात्रामा रसानुवर्ती भएकाले रति आदि स्थायी भावहरुलाई रसरूपमा परिणत गर्ने दिशामा अग्रसर हुन्छन् तर यी पानीका फोका सरह क्षणिक रूपमा उठ्ने र फुटेर दबिने गर्दछन् । त्यसैले यिनलाई अस्थायी भनिएको हो।

त्यस्तै आत्मीय जन वा जातीय अपमान, अन्याय- अत्याचारको सामना गर्नु परेमा रौद्ररसको अभिव्यक्ति हुन्छ। अत्याचारी वा अपराधी व्यक्ति यसको आलम्वन(विषय) हुन्छ भने प्रतिशोध लिने व्यक्ति पनि आलम्वन (आश्रय) हुन्छ। अत्याचारीलाई गरिने बल-छल प्रयोग, अपमान, हत्या आदि यसका उद्दीपन हुन कठोरवचन आदि अनुभाव हुन् र गर्व, क्रुरता, उग्रता आदि व्यभिचारी (सञ्चारी) भाव हुन् । यस रसको स्थायी भाव क्रोध हो (थापा, २०६४ : ५७)।

जस्तैः-

अजंग गर्जना गरी प्रचण्ड भै नृसिंहले
उजण्ड बाहुदण्डका सतीक्ष्ण अग्रअग्रले
घमण्ड आदि दैत्यको उडाई खण्डखण्डमा

पटक्क छाति फोडियो बढ्यो खुशी त्रिलोकमा ।।

- सोमनाथ शर्मा

तर जसरी पानीको एक फोको उठेर फुट्छ र अर्को फोको फेरि उठ्छ-फुट्छ र यसरी प्रस्फुटन र विखण्डनको एउटा श्रृंखला बन्छ उसैगरी एक न्यभिचारी (सञ्चारी) प्रकट भएर दब्छ भने फेरि अर्को प्रकट र यसबाट रसनिष्पत्तिका लागि एक श्रृंखला हुन्छ।

न्यभिचारी वा सञ्चारी निम्नानुसारका ३३ प्रकारका हुन्छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| १) निर्वेद | २) आवेग | ३) दैत्य | ४) श्रम | ५) मद | ६) जडता |
| ७) उग्रता | ८) मोह | ९) विबोध | १०) स्वप्न | ११) अपस्मार | १२) गर्व |
| १३) मरण | १४) आलस्य | १५) अमर्ष | १६) निद्रा | १७) अवहित्था | |
| १८) उत्सुकता | १९) उन्माद | २०) शङ्का | २१) स्मृति | २२) मति | २३) न्याधि |
| २४) सन्त्रास | २५) लज्जा | २६) हर्ष | २७) असूया | २८) विषाद | २९) धृति |
| ३०) चपलता | ३१) ग्लानी | ३२) चिन्ता | ३३) विर्तक | | |

(उपाध्याय, २०६१ : ३०)

## २.३ रसको प्रकार र तिनको परिचय

संस्कृत साहित्यमा नौवटा स्थायी भाव अनुसार रस पनि नौ प्रकारका छन् जस्तै :-

१) शृङ्गाार रस
२) वीर रस
३) करण रस
४) रौद्र रस
५) अदभूत रस
६) हास्य रस
७) भयानक रस
८) बीभत्स रस
९) शान्त रस

### २.३.१ शृङ्गाार **रस**

'शृङ्ग' धातुमा 'आर' प्रत्यय लागी बनेको यस शब्दको धातुले 'कामेद्रिक' भन्ने अर्थ दिन्छ (न्यौपाने, २०६७ : २४१) । रति स्थायीभाव भएको र मायाप्रीतिमा केन्द्रित रसलाई शृङ्गाार रस भनिन्छ । पुरूष र स्त्रीका (विपरित लिङ्गका) बीचमा उत्पन्न हुने प्रीतिभाव वा रतिभावको परिपुष्टिका रुपमा शृङ्गाार रस रहेको हुन्छ (ज्ञवाली र साथीहरु, २०६४:३०५)। यस रसमा रति वा प्रीति स्थायी भाव हुन्छ । नायक नायिका बीचको प्रेमपूर्ण अनुरागको वर्णन भएमा शृङ्गार रसको निष्पत्ति हुन्छ । प्रेमी-प्रेमीकाबीच स्पर्श, आलिङ्गनादि, मिलन र विछोडको अवस्थाबाट शृङ्गाार रसको अभिन्यक्ति हुन्छ(गौतम र अन्य, २०६७ :३६३)। शृङ्गाार शब्द 'शृङ्ग' र 'आर' बाट बनेको हो । 'शृङ्ग' धातुको अर्थ कामोद्रेक हो । 'आर' शब्द संस्कृतको 'ऋ' धातुबाट बनेको हो । आरको अर्थ गति वा प्राप्ति हो । यसरी कामोद्रेकको अवस्था वा प्राप्ति नै शृङ्गाार हो भन्ने बुझिन्छ (थापा, २०६६ : २२०) । परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको एक अर्काको प्रेमको वर्णन भएमा शृङ्गाार रस हुन्छ (उपाध्याय, २०६१ : ५८) । शृङ्गाार शब्दको उत्पत्ति शृङ्ग धातुबाट भएको हो जसको अर्थ हुन्छ कामोद्रेक । शृङ्गाार 'शृङ्ग' र 'आर' दुई शब्दको योग बनेको छ । 'आर' शब्द 'ऋ' धातुबाट

बनेको    हो जसको अर्थ हुन्छ गति वा प्राप्ति अतः शृङ्गारको अर्थ 'कामोद्रेकको प्राप्ति' हुन्छ ( थापा, २०६४ : ५४) । शृङ्गाार रस संयोग र वियोग गरी दुई किसिमको हुन्छ ।

**२.३.१.१ सम्भोग शृङ्गाार रस**

नायक र नायिका बीचमा प्रेम हुन्छ । उनीहरु एकान्त ठाउँको खोजीमा हुन्छन् । तिनीहरुको प्रेमको अनुकूल वातावरण हुन्छ, प्रेममा बाधा पार्ने बाधा पर्न सक्ने कुरा हुँदैन । अनि निर्धक्कसँग तिनीहरु मायाप्रीति साट्छन् । त्यस्तो गर्दा उनीहरुमा प्रीतिभाव जाग्छ, उनीहरु उत्तेजित हुन्छन् र तिनीहरू रोमाञ्चित हुन्छन् । केही लाज, केही मात, केही चञ्चलता, केही उत्साहजस्ता क्षणक्षणमा उठ्ने भावहरुले उनीहरुबीचको प्रेमलाई परिपुष्टि पार्छन् र अन्त्यमा उनीहरुको मिलनमा उत्कर्षता प्राप्त हुन्छ । यस अवस्थामा पुगेपछि प्रेमीप्रेमीकालाई देखेर वा पढेर वा सुनेर पढ्ने वा सुन्ने भावकभित्र विशिष्ट आनन्द सञ्चार हुन्छ । यही नै संयोग वा सम्भोग शृङ्गाार रस हो । (ज्ञवाली र अन्यहरु, २०६४ः ३०६) । जस्तै :

कस्तो प्रीति थियो भने त उहिले एक् ज्यू भई बस्तथ्यौं<br>
अत्तर, चन्दन, केंवरा घसी दुवै एकान्तमा पस्तथ्यौं ।

- मोतीराम भट्ट

आऊ प्रिये नगर बेर भनी मलाई<br>
राखेर काखबीच हात दुबै समाई<br>
ती लाल ओठ मुखनेर पु¥याउनुभो<br>
लौ भन्न सक्तिन म ता पछि कुन्नि के भो ।

- राधानाथ शर्मा<br>
(उपाध्याय, २०६१ः ५८)

'मन मिसिसकि गाला प्रीतिले टम्म जोडी<br>
क्रम नियम दुबैले बोलिको चाल छोडी ।<br>
बल पनि भलिभाँती बाहुलीले लिएछ<br>
नसकी मनकथा त्यो रात सुत्तै गएछ ।'

- कालिदास पराजुली<br>
(न्यौपाने, २०६७ः २४२)

'मन मिसिसकि गाला प्रीतिले टम्म जोडी<br>
क्रम नियम दुबैले बोलिको चाल छोडी ।<br>
बल पनि भलिभाँती बाहुलीले लिएछ<br>
नसकी मनकथा त्यो रात सुत्तै गएछ ।'

- पञ्चवटीको पृष्ठभूमिबाट<br>
(राई र अन्य, २०६५ः७३।

**२.३.१.२ विप्रलम्भ शृङ्गाार रस**

नायक नायिकाको वियोग वा विछोड भएको अवस्था देखाएमा वियोग शृङ्गाार रसको अभिव्यक्ति हुन्छ । यसको स्थायी भाव रति हो । नायक, नायिका आलम्बन विभाव हुन् र उद्दीपन विभावमा रातको समय, एकान्त स्थान, नायक नायिकाको सौन्दर्य, गुण, उमेर आदि

पर्दछन् । आँखामा आँसु आउनु, अनुहार फुङ्ग उड्नु आदि अनुभाव हुन् । लज्जा चिन्ता, उग्रता आदि व्यभिचारी वा संचारी भाव हुन् । (गौतम र अन्यहरु, २०६७:२६४) ।
जस्तै :

यो एकान्त विहार, यो चहकिलो शृङ्गाार यो चाँदनी
यो शैया फूलको लता भवन यो यस्ती प्रिया कामिनी ।
यो मौका वय यो महाप्रणय यो स्वर्गीय यो कौतुक
यो सम्पूर्ण कुरा चटक्क भुल्ने धिक्कार नालायक ।

- लेखनाथ पौड्याल
(थापा, २०६७:२२२), (गौतम र अन्य, २०६७:३६४)

पर्खें शब्द सुनें, बसें, शयनमा लेटें, उठें, झोक्किएँ
हेरें, मार्ग घुमें, चटक्क चुँडिएँ, फर्कें, सुकें, आत्तिएँ
टोल्हाएँ, मनले झलक्क सम्झें, झस्कें, कुनामा गएँ
निस्कें, दृष्टि दिएँ, फिरें, धुरुधुरु रोएँ म हा ! के भएँ ।

– लेखनाथ पौड्याल
(ज्ञवाली र अन्यहरु, २०६४:३०६) (उपाध्याय। २०६१:५८)

छन् सम्पूर्ण सुखी कसैसित पनि मिल्दैन मेरो मन
छन् ताराहरु रातमा र दिनका साथी छ यो निर्जन
एकान्तस्थलमा त भेट्न तिमीले हुन्थ्यो नि आएपनि
हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यैपनि ।

- माधव घिमिरे
(न्यौपाने, २०६७:२४२)

### २.३.२ वीर रस

युद्ध, दया, दान र धर्म सम्बन्धी कार्य आदिमा विशेष उत्साह र सक्रियतापूर्वक काम भयो भने वीर रसको उत्पत्ति हुन्छ ।

वीर रसको स्थायी भाव उत्साह हो । विरोधी, शत्रु, माग्ने, दुःखी, तीर्थस्थल आदि यसका आलम्बन विभाव हुन् । शत्रुको बल, प्रभाव, शक्ति र अहङ्कार, माग्ने र दुःखीको दयनीय अवस्था तथा उनीहरुले गरेको प्रशंसा आदि उद्दीपन विभाव हुन् ।

सत्कार, रोमाञ्च, गर्वयुक्त वाणी र दयायुक्त बोलीलाई अनुभावका रुपमा लिन सकिन्छ । धैर्य, गर्व, स्मृति, दया, तर्क, आवेग र असूया (अर्काको उन्नति हेर्न नसक्ने, यसले गर्दा उन्नति गर्ने व्यक्तिको निन्दा र हानी पुऱ्याउने चेष्टा) लाई सञ्चारी अन्तर्गत राख्न सकिन्छ । वीर रस युद्धवीर, दयावीर, दानवीर र धर्मवीर गरी चार प्रकारका हुन्छन्। (थापा, २०६६:२२३) । जस्तै :

छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न
गर्दा घमसान पर्दा पछितिर मुहुडा हेर, हाम्रो मुडिन्न
नेपाली वीर, तातो रगत छ, कहिल्यै शक्ति गल्दैन हाम्रो
आफ्नै सत्मा उठेको ध्वजापट कहिल्यै हेर, ढल्दैन हाम्रो ।

उत्साह, उमङ्ग र शूरताको भावनालाई व्यक्त गर्ने रस वीर रस हो । यसको स्थायी भाव उत्साह हो (उपाध्याय, २०५८:१८२) । त्यस्तैगरी शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम,

उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीररसको उत्पत्ति हुन्छ । यस रसको आलम्बन (विषय) शत्रु वा प्रतिद्वन्द्वी हुन्छन् भने विपक्षीको तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि अनुभाव र गर्व, धैर्य, रोमाञ्च आदि व्यभिचारी (सञ्चारी) उत्साह यस रसको स्थायी भाव हुन्छ ।

वीररस सामान्यतया चार प्रकारको हुन्छ - दयावीर, दानवीर, युद्धवीर र धर्मवीर । वीरता प्रदर्शनका अरू पनि क्षेत्र छन् र तिनका आधारमा यसका अरू भेद पनि हुन सक्छन् जस्तै : क्रीडावीर, क्रान्तिवीर, सेवावीर आदि (उपाध्याय, २०६१:६०) ।

उदाहरण : (युद्धवीर)

राक्षसतर्फ भन्या घट्या बल सबै ठूलाठूला वीर मऱ्या
माऱ्या वानरले ती राक्षस सबै चौथाइ बाँकी रह्या
आफ्ना फौज सब नष्ट देखिकन विर साह्रै लडाको सुरो,
आयो इन्द्रजितै म लड्दछु भनी सर्वस्त्रमाको पूरो ।

- भानुभक्त : रामायण

त्यस्तैगरी युद्ध एवम् धर्मसम्बन्धी काममा उत्साह एवम् सक्रियता देखाउँदा यस भावको प्रादुर्भाव हुन्छ । यसको स्थायी भाव उत्साह हो । शत्रु, तीर्थस्थल आदि यसका आलम्बन विभाव हुन् र शत्रुका बल, शक्ति, हाँक, बाजा, जोश, शत्रुका अपराध आदि भने उद्दीपन विभाव हुन् । आक्रमण, शस्त्रार्थको प्रयोग, पराक्रमको गान-बजान, वाणी, सत्कार, सहायता खोज्नु, दयायुक्त बोली आदि वीर रसका अनुभावहरु हुन् भने गर्व, हर्ष, धैर्य, दया, अहङ्कार आदि व्यभिचारी वा सञ्चारी भावहरु हुन् (न्यौपाने, २०६७ : २४३) ।

जस्तै :

'नेपाली हौँ कठिन गिरीमा चढ्नलाई सिपालु,
बैरी नै होस तर पनि म छु दीनमाथि दयालु
तातो रातो रगत रिपुको प्यून हर्दम तयार
मेरो यै छ नै प्रिय छ खुकुरी हेर भै होसियार।

– सिद्धिचरण श्रेष्ठ

त्यस्तै गरेर वीर रसको केन्द्रमा उत्साह हुन्छ । उत्साह नै वीर रसको स्थायी भाव हो । नायकनायिकामा कुनै आँटिलो काम गर्ने जोस हुन्छ । उसको जोसलाई उत्तेजित पार्न शत्रु वा त्यस्तै चुनौतीपूर्ण कुरा हुन्छन् । वातावरणले उसलाई हाँक दिइरहेको हुन्छ वा उसको अस्तित्वलाई ललकारिरहेको हुन्छ । यस्तो स्थितिमा नायकनायिकामा शत्रुका विरूद्ध लड्न वा चुनौतीपूर्ण काम गर्नका निम्ति झन् उत्साह र झन जोस बढ्छ । परिणामस्वरुप नायकनायिकामा रोमाञ्च हुन्छ, आवेग बढ्छ, गर्व हुन्छ, धैर्य र आँट थपिन्छ र चुनौती वा शत्रुलाई तह लगाउने भावको उत्कर्षमा पुग्छ । उसमा यस्तो भावको पुष्टि देखेपछि भावकको मनमा विशिष्ट किसिमको वीरत्वको आनन्दमय भाव सञ्चार हुन्छ र ऊ आह्लादित बन्छ । यही नै वीर रस हो । विरोधी, शत्रु वा चुनौतीको रुपमा रहेको कामकुरा वीररसका आलम्बन विभाव हुन् । शक्ति, बल, शूरता, वीरता, अहङ्कार आदि उद्दीपन विभाव हुन् भने रोमाञ्च, गर्वपूर्ण बोली, आवेग, धैर्य आदि व्यभिचारी भाव हुन् (ज्ञवाली र अन्य, २०६४:३०६) ।

जस्तैः

छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न
गर्दी घमसान पर्दा पछितिर मुहुडा हेर, हाम्रो मुडिन्न
नेपाली वीर, तातो रगत छ, कहिल्यै शक्ति गल्दैन हाम्रो
आफ्नै सत्मा उठेको ध्वजापट कहिल्यै हेर ढल्दैन हाम्रो ।

- माधवप्रसाद घिमिरे

वीर रसकै बारेमा भन्नुपर्दा युद्ध, दया, दान एवम् धर्मसम्बन्धी कार्यमा उत्साह र सक्रियतापूर्वक काम हुँदा वीर रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव उत्साह हो। प्रतिद्वन्द्वी, दुःखी, तीर्थस्थल आदि यसका आलम्बन विभाव हुन् र शत्रुको पराक्रम, प्रभाव, अहङ्कार, दुःखीहरुको दयनीय अवस्था आदि उद्दीपन विभाव हुन्छन् । गर्वयुक्त वाणी, दयायुक्त बोली आदि यसका अनुभाव हुन् । धैर्य, गर्व, स्मृति, दया, तर्क आदि यस रसका सञ्चारी भाव हुन् (गौतम र अन्य, २०६७:३६५)।

उदाहरणः

छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न
गर्दा घमसान पर्दा पछितिर मुहुडा हेर, हाम्रो मुडिन्न
नेपाली वीर, तातो रगत छ, कहिल्यै शक्ति गल्दैन हाम्रो
आफ्नै सत्मा उठेको ध्वजापट कहिल्यै हेर, ढल्दैन हाम्रो ।

– माधवप्रसाद घिमिरे

**२.३.३) करूण रस**

प्रियजनसितको वियोग एवम् अप्रिय कुराको सामीप्यबाट करूण रस उत्पन्न हुन्छ । शोक यस रसको स्थायीभाव हो । विनष्ट वस्तु वा व्यक्ति यसको आलम्बन हो भने प्रियको गुण र तिनलाई सम्झाउने वस्तुहरु यसका उद्दीपन हुन् । दैवनिन्दा, रूनु, कराउनु, विलाप गर्नु यसका अनुभाव हुन् र विवर्णता, उच्छ्वास, मुर्च्छा आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् (थापा, २०६४:५६) ।

जस्तैः

हाम्रा हर्ष र शोक, मान, ममता, सन्तोष एकै थिए
एकै प्राण थियो र ज्यान दुईका सन्तान एकै थिए ।
बाँचु भिन्न भएर आज कसरी आधा मऱ्यो जीवनी
हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यैपनि ।।

– माधवप्रसाद घिमिरे

त्यस्तै प्रियजनसँगको वियोग वा तिनको मरण र अनिष्टको प्राप्तिबाट करूण रसको निष्पत्ति हुन्छ । यसको स्थायी भाव शोक हो । नायकनायिकाको वियोग, इष्टको नाश र अनिष्टको प्राप्ति यसका आलम्बन विभाव हुन् भने प्रिय वस्तु वा व्यक्तिको सम्झना, वस्त्र, अलङ्कार आदि उद्दीपन विभाव हुन् । रोदन, उच्छ्वास, प्रलाप, मूर्च्छा, कम्प आदि यसका व्यभिचारी भाव हुन् (गौतम र अन्य, २०६७:३६५) ।

जस्तै :

मैले सोधिन अन्त्य काल कुनमा धोको अडेको थियो ।
मैले रोइन प्राण जान कतिको बाधा परेको थियो ।।
हेरें टुल्टुल खालि दीन मुखमा हेरिरहेकी थियौ ।
हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ ।।

- माधवप्रसाद घिमिरे

त्यस्तै गरेर करूण रसको केन्द्रमा शोक हुन्छ । शोक नै यस रसको स्थायी भाव हो । आफूलाई मन पर्ने व्यक्ति वा कुराको नाश हुँदा करूणा जाग्छ, दुःख लाग्छ र हृदयमा शोक फैलन्छ । यस्तो स्थितिमा शोकग्रस्त हुन पुगेका नायकनायिकालाई देख्दा, सुन्दा वा पढ्दा भावकमा एक किसिमको दुःखात्मक आनन्द सञ्चार हुन्छ । त्यो नै करूण रस हो । प्रिय व्यक्तिको लास, क्षतिग्रस्त प्रिय वस्तु यसका आलम्बन विभाव हुन् । त्यस्ता प्रिय वस्तुको विनाशका कारणहरु, चिताको ज्वाला, उराठलाग्दो वातावरण, शोकग्रस्त धुन आदि उद्दीपन

विभाव हुन् भने रोदन, आँसु, प्रलाप आदि प्रतिक्रिया अनुभाव हुन् । यसपछि देखा पर्ने चिन्ता, मोह, ग्लानी आदि व्यभिचारी भाव हुन् (ज्ञवाली र अन्य, २०६४:३०७) । जस्तै :

टोपी सिर्फ छ नाममात्र शिरमा जम्मै टुपी निस्कने
भोटो जीर्ण धुजाधुजा छ उसको छाती पिठ्यूँ देखिने
धोती केवल चार अङ्गुल धरो, नङ्गा छ सर्वाङ्गमा
काम्यो लुग्लुग त्यो गरीब बिचरा त्यसमा दया गर्छ को ?

– भीमनिधि तिवारी

करूण रसको स्थायी भाव शोक हो । प्रियजनको मृत्यु, सम्पत्तिको नाश आदि अनिष्ट घटना नै आलम्बन विभाव हो । प्रियजनको लास, चिताको ज्वाला, सम्बन्धित वस्तुका गुणहरुको सम्झना आदिलाई उद्दीपन विभाव भनिन्छ । अनुभावमा रोदन, प्रलाप, कम्प, विलास, उछ्वास आदि भाव पर्दछन् भने मूर्छा, मोह, दुःख, ग्लानी, चिन्ता, आँसु आदि यसका सञ्चारी भावहरु हुन् (न्यौपाने, २०६७:२४२) ।

जस्तै :

'गाईलाई लग्यो नि ! आज कसले बाच्छो छुटाइकन
पोथी पास परी मरी नि ! गुँडको बच्चा नहुर्कीकन
के हेर्छ्यौ यतिका बिजोग, धरती माता ! तिमी फाट हे
आमा बालककी नमार भगवान् ! संसार भर्ने भए ।'

– माधव घिमिरे

त्यस्तै गरेर पुत्र-कलत्र आदि प्रियजनसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनास देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करूणरस उत्पन्न हुन्छ । वियुक्त, विपद्ग्रस्त वा मृत प्रियजन वा विनष्ट वस्तु यसको आलम्बन बन्छ र प्रियको गुणको सम्झना आदि यसका उद्दीपन हुन्छन् । दैवनिन्दा, गुहार माग्नु, भुइँमा पछारिनु, कपाल लुछ्नु, रूनु, कराउनु आदि यसका अनुभाव हुन्छन् र खिर्णता, उच्छ्वास, मूर्च्छा आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् र शोक यस रसको स्थायी भाव हो (उपाध्याय, २०६१:५८)। उदाहरण :

गयो बाबा मेरो हृदय-टुकडा लौन नि कहाँ ?
उनै फिर्ता ल्याओ सुरनर तथा यक्ष मकहाँ
भनी डाँको छोड्दी मृतक शिशुको दग्ध जननी
सबै आँसू पार्छिन् थरथर कपाएँ अवनी ।।

त्यस्तै गरेर बन्धुवियोग, वित्तविनाश सबै रोगादिजन्य शोक र कष्टको वर्णन भएको रस करूणरस हो । यसको स्थायीभाव शोक हो (उपाध्याय, २०६८:१६२) । त्यस्तै मन परेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करूण रसको सिर्जना हुन्छ । करूण रसको स्थायी भाव शोक हो । यसको आश्रय त्यो व्यक्ति हो जसको हृदयमा शोक स्थायी भावका रुपमा रहन्छ । आलम्बन विभावचाहिँ नायकनायिकाको वियोग अर्थात इष्टको नाश र अनिष्टको प्राप्ति हो । प्रिय वस्तु र व्यक्तिको गुण-स्मरण, चित्र-दर्शन, शव-दर्शन र यससँग सम्बन्धित घटना/वस्तु, बस्त्र, अलङ्कार आदिलाई उद्दीपनका रुपमा लिन सकिन्छ । अनुभाव अन्तर्गत रोदन, उछ्वास, प्रलाप, मूर्च्छा, भूमिपतन, कम्प, वैवर्ण्य (अनुहारको रङ्ग फुस्रो हुने), दैव र भाग्य निन्दालाई राख्न सकिन्छ । निर्वेद (विभिन्न कारणवश सांसारिक विषयबाट हुने विरक्ति) मोह, स्मृति, ग्लानी, चिन्ता, विषाद, दैत्य, उन्माद, अपस्मार, आँसु आदि करूण रसका सञ्चारी भाव हुन् (थापा, २०६६: २२४) ।

उदाहरण :

त्यस्तै तिम्रो पनि मगजमा बोध ज्यादा हुनाले
पल्टका हौ उभिन नसकी ऊँटझैँ स्थूलताले
सारा बोझा परतिर गयो, बोक्दछ ज्येष्ठ पुत्र
प्यारा राजा ! उठ न उठ है ! हेर खोलेर नेत्र ।

### २.३.४ रौद्र रस

शत्रुको अपमानपूर्ण व्यवहार, देश र धर्मको अपकार एवम् अपमानबाट रौद्र रसको अभ्युदय हुन्छ ।

रौद्र रसको स्थायी भाव क्रोध हो । अनिष्ट काम गर्ने विरोधी वा शत्रु अलिम्बन विभाव हुन् । विपक्षीको अनुचित काम, कठोर बोली आदिचाहिँ उद्दीपन विभाव हुन् ।

मुख र आँखा रातो पार्नु, दाँत कटकटाउनु, आँखीभुइँ खुम्चाउनु, हतियार समाउनु, कठोर भएर हेर्नु र व्यवहार गर्नु, ललकार्नु जस्ता क्रियाकलापलाई अनुभावका रुपमा लिन सकिन्छ । कठोरता, उग्रता, स्मृति, उद्वेग, आवेग, मद, अमर्ष र असूया रौद्र रसका सञ्चारी भाव हुन् । अपमान र कठोर बचनसँग प्रतिकार गर्ने इच्छालाई अमर्ष र अरूको उन्नति हेर्न नसक्ने प्रवृत्तिलाई असूया भनिन्छ (थापा, २०६६ : २२६) ।

उदाहरण :

गड्क्यो, रावणको पटापट महाहङ्कार हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कारको ।
अन्धाधुन्ध कबन्ध-ताण्डव खुल्यो ढाकी रण-प्राङ्गण
हेर्थे मुण्डहरु उछिट्टिई हुँदै वाणग्रका कंकण ।।

त्यस्तै शत्रु वा प्रतिद्वन्द्वीको अपकारलाई लक्ष्य गरेर नायकमा उत्पन्न हुने क्रोधभावनाको अभिव्यक्ति जहाँ हुन्छ, त्यो रौद्ररस हो । यसको स्थायी भाव क्रोध हो । (उपाध्याय, २०५९ : १९२) । त्यस्तै प्रकारले रौद्ररस गुरूजन वा आत्मीयजनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा रौद्ररसको अभिव्यक्ति हुन्छ । अपराधी व्यक्ति यसको आलम्बन (विषय) हुन्छ भने प्रतिशोध लिने व्यक्ति आश्रय (आलम्बन), अपराधीद्वारा गरिने बलप्रयोग, हत्या, अपमान आदि यसका उद्दीपन हुन्, कठोर वचन आदि अनुभाव हुन् र गर्व, क्रूरता, उग्रता आदि व्यभिचारी (सञ्चारी) हुन् भने क्रोध यसको स्थायी भाव हो (उपाध्याय, २०६१:६०) ।

उदाहरण :

कसको पुत्र तँ होस् बता मकन रे जाबो पूरानु धनू,
भाँच्दैमा अति गर्व भो तँकन ता धेरै कुरा क्या भनूँ ?
यो ता हो हरिको धनू विर भया ताँदो यसैमा चढा
भन्दै खूब रिसले रह्यो परशुराम रामकै अगाडि खडा ।।

— भानुभक्त : रामायण

शत्रुले गरेको अपमानपूर्ण क्रियाकलापबाट रौद्र रसको उदय हुन्छ । यसको स्थायी भाव क्रोध हो । अनिष्ट काम गर्ने वा अपमान गर्ने शत्रु एवम् दोषी र विरोधी व्यक्ति यस रसको आलम्बन विभाव हुन् भने व्यक्तिको अनुचित एवम् निन्दनीय कार्यहरु, अपराध, कठोर बोली, गुड्की हान्ने एवम् हतियार चलाउने कार्य आदि यसका उद्दीपन विभाव हुन् । मुख र आँखा रातो पार्नु, ओठ र दाँत टोक्नु, पाखुरा सुर्कनु, हतियार समात्नु, कठोर व्यहार एवम् बोलीले शत्रुलाई लल्कार्नु, थरथर काँप्नु आदि यस रसका अनुभावहरु हुन् । साथै गर्व, हाँक, आवेग र स्मृति, असुया (अरूको उन्नति हेर्न नसक्ने) आदि रौद्र रसका सञ्चारी भावहरु हुन् (न्यौपाने, २०६७:२४३) ।

जस्तै :

गड्क्यो, रावणको पटापट महाहङ्कार हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कारको ।
अन्धाधुन्ध कबन्ध-ताण्डव खुल्यो ढाकी रण-प्राङ्गण
हेर्थे मुण्डहरु उछिट्टिइ हुँदै वाणग्रका कंकण ।।

– सोमनाथ सिग्देल

त्यस्तै गरेर शत्रुको अपमानपूर्ण ब्यवहार, देश र धर्मको अपकार एवम् अपमानबाट रौद्र रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव क्रोध हो । अनिष्ट निम्ताउने शत्रु वा विरोधी यसको आलम्बन विभाव हो भने विरोधीको अनुचित काम, कठोर बोली आदि उद्दीपन विभाव हुन् । मुख र आँखा रातो पार्नु, ओठ टोक्नु, दाँत कट्कटाउनु आदि क्रियाकलाप यसका उद्दीपन विभाव हुन् । कठोरता, उग्रता, स्मृति, उद्वेग, आवेग आदि यसका सञ्चारी भाव हुन् (गौतम र अन्य, २०६७ : ३६६) ।

जस्तै :

कसको पुत्र तँ होस् बता मकन रे जाबो पूरानु धनू,
भाँच्दैमा अति गर्व भो तँकन ता धेरै कुरा क्यो भनूँ ?
यो ता हो हरिको धनू विर भया ताँदो यसैमा चढा
भन्दै खूब रिसले रह्यो परशुराम रामकै अगाडि खडा ।।

– भानुभक्त आचार्य

अर्को शब्दमा रौद्र रसको केन्द्रमा क्रोध हुन्छ । क्रोध यसको स्थायी भाव हो । शत्रु वा चुनौतीपूर्ण कुनै काम कुराले पारेको चोट वा दिएको अपमानका कारण नायक नायिकामा क्रोध जागृत हुन्छ । शत्रुका दुर्वचन, आरोप, हाँक वा चुनौतीपूर्ण काम कुरामा प्राप्त असफलता आदि परिस्थितिले क्रोधलाई उत्तेजित पार्छन् । त्यसपछि उत्तेजनाको प्रतिक्रियाको रुपमा मुठ्ठी कसिन्छन्, आँखा राताराता बन्छन्, लामोलामो सास निस्कन्छ, मुख रातो हुन्छ, दाँत कट्कटिन्छ अनि नायकनायिकामा गर्व, आवेग, रोष, मात आदि क्षणिक भाव उत्पन्न हुँदै बिलाउँदै जान्छन् र उनीहरु आवेगको उत्कर्षमा पुग्छन् । त्यस्तो देखेर भावकलाई विशिष्ट आनन्द मिल्छ । सोही आनन्द नै रौद्र रस हो । शत्रु, विपक्षी वा चुनौतीपूर्ण काम कुरा यसका आलम्बन विभाव हुन् । शत्रुका दुर्वचन, हाँक वा आफ्नो असफलता उद्दीपन विभाव हुन् भने प्रतिक्रियाका रुपमा देखा पर्ने राता आँखा, लामोलामो सास फेर्नु, मुठ्ठी कस्नु, आदि अनुभाव हुन् र उग्रता, मात, आवेग आदि ब्यभिचारी भाव हुन् (ज्ञवाली र अन्य, २०६४ : ३०७) ।

जस्तैः

गड्क्यो, रावणको पटापट महाहङ्कार हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कारको ।
अन्धाधुन्ध कबन्ध-ताण्डव खुल्यो ढाकी रण-प्राङ्गण
हेर्थे मुण्डहरु उछिट्टिइ हुँदै वाणग्रका कंकण ।।

– सोमनाथ सिग्देल

### २.३.५ अद्भूत रस

अचम्म लाग्दा वा विचित्र वस्तु, दृश्य वा घटनालाई देखी सुनी उत्पन्न हुने विष्मयात्मक चित्तवृत्ति नै अद्भूत रस हो । त्यसैले विस्मय वा आश्चर्य यस रसको स्थायीभाव हो । अनौठो विषय यसको आलम्वन हुन्छ  र त्यस अनौठो विषयको महिमा वा चमत्कार यसको उद्दीपन हुन्छ। वाल्ल परेर हेरिरहनु, आँखा फैलाउनु, रोमाञ्च आदि अनुभाव हुन् भने हर्ष, उत्सुकता आदि यस रसका ब्यभिचारी (सञ्चारी) भाव हुन् (थापा २०६४:५८) ।

जस्तैः

मुख खोलिदिदा सब विश्व खुली
न त मट्टी मिली झलमल्ल बली
सब दिब्य चराचर छक्क परी
जननी स्तुति गर्दिभइन् विचरी

- लक्ष्मीप्रसाद देवकोटा

त्यस्तै गरी अद्भूत रसको केन्द्रमा आश्चर्यजनक भाव रहन्छ । विस्मय यस रसको स्थायीभाव हो । आश्चर्यजनक वस्तु वा अनौठो ब्यक्ति वा अचम्मको दृश्यले विस्मयको वा छक्क पार्ने भाव जगाउँछ । त्यस्ता वस्तुको विशिष्ट वर्णन, अनौठोपन आदिले विस्मयका भावलाई उत्तेजित पार्छन् । त्यसपछि आश्चर्यजनक ती कुराका कारण आँखा फैलिने, रौँ ठाडा हुने, मन रोमाञ्चित हुने, बोली अक्मकाउने जस्ता प्रतिक्रिया देखिन्छन् र आश्चर्य, त्रास आकर्षण, भ्रम, उत्सुकता आदि क्षणिक भाव आउँदै विलाउँदै जान्छन् र विस्मयभाव परिपुष्ट बन्छ। यसपछि भावकको मनमा अनौठो आनन्दको सञ्चार हुन्छ। त्यो नै अद्भुत रस हो । अनौठो ब्यक्ति वा वस्तु यसका आलम्वन विभाव हुन्। त्यो ब्यक्ति वा वस्तुको अनौठोपन र विस्मयकारी परिवेश उद्दीपन विभाव हुन भने प्रतिक्रियाका रूपमा देखिने आँखा फैलिनु, रौँ ठाडा हुनु, वोली अकमकाउनु जस्ता कुरा अनुभाव हुन। यसपछि हुने आकर्षण, त्रास, आश्चर्यवोध, भ्रम आदि ब्यभिचारी भाव हुन् (ज्ञवाली र अन्यहरु, २०६४:३०८) ।

जस्तैः

यस्तो भोक थियो कि आज उसमा धर्ती सबै निल्दियो
यस्तो शोक थियो कि आज उसको आँखा नदी भैदियो
यस्तो क्रोध चढ्यो कि आज उसमा ज्वाला स्वयं सूर्य भो
मान्छे झैँ अतिवेदना, अतिपना, संवेदना हुन्छ को?

- रामप्रसाद ज्ञवाली

त्यस्तै आश्चर्यलाग्दा बस्तु वा ब्यक्ति देखेर वा सुनेर मनमा उत्पन्न हुने आश्चर्यको भावबाट अद्भुत रसको उत्पति हुन्छ। यसको स्थायीभाव विस्मय वा आश्चर्य हो। असाधारण, अलौकिक र विचित्र वस्तु वा ब्यक्ति आदि यसका आलम्वन विभाव हुन। विस्मयपूर्ण दृश्य, वर्णन आदि यसका उद्दीपन विभाव हुन्। पसिना आउनु, आँखा ट्वाल्ल पर्नु आदि अनुभाव हुन्। आवेग, शङ्का, हर्ष दीनता आदि यसका संचारी भाव हुन् (गौतम र अन्यहरु, २०६७:३६६) अद्भूत रसकै वारेमा भन्नुपर्दा कुनै ब्यक्ति वा वस्तुको उदेकलाग्दो स्वरूप देख्दा अद्भूत रस निस्कन्छ । यसको स्थायी भाव विस्मय हो। विस्मय उत्पन्न गर्ने वस्तु, जादुगर चटकी तथा विचित्र वस्तुको दृश्य यसको आलम्वन विभाव हो भने विष्मय दृश्यको वर्णन, कम्पन, विचित्र, वस्तुको विशेषता आदि यसका उद्दीपन विभाव हुन् । यसको अनुभावमा मन रोमाञ्चित हुनु, औंलो टोक्नु आदि पर्दछन भने अचम्म, त्रास, मोह, भ्रान्ति, हीनता, चञ्चलता, उत्सुकता, तर्क, हर्ष आदि ब्यभिचारी भावमा पर्दछन् (न्यौपाने, २०६७:२४४) ।

जस्तै :

जगत पर्दछ छक्क जतातता
नबुझिने हुन गै सव बेपत्ता
नित नविन छ रे उसको कथा
सतत हेर्नु छ देख्नु कता-कता।।

- लक्ष्मीप्रसाद देवकोटा

केशवप्रसादका अनुसार अलौकिक अथवा विचित्र वस्तु,दृश्य वा घटनालाई देखी सुनी उत्पन्न हुने विस्मयात्मक चित्तवृत्ति अद्‌भुत रस हो। अलौकिक वा अनौठो विषय वा वस्तु यसको आलम्वन हुन्छ र त्यस अलौकिक वा अनौठो विषय वा वस्तु यसको आलम्वन हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन हो। पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि यसका अनुभाव हुन् भने त्रास, जडता आदि यसका व्यभिचारी (सञ्चारी)भाव हुन्। विस्मय वा आश्चर्य यस रसको स्थायी भाव हो (उपाध्याय,२०६१ :६२)।

उदाहरणः

मुख खोलिदिँदा सब विश्व खुली
        नत महि मिली भ‍लमल्ल बली
सब दिव्य चराचर छक्क परी
        जननी स्तुति गर्दिभइन् विचरी ।।

- लक्ष्मीप्रसाद देवकोटा

अद्‌भूत रस विस्मय व्यक्त गर्ने रस भएकोले अद्‌भूत कहिन्छ। यसको स्थायी भाव हो आश्चर्य (उपाध्याय, २०५९:१९२)। अदभुत रस यसरी पनि चिनिन्छः-कुनै पनि वस्तु र व्यक्तिको विचित्र रूप देखेर हुने आश्चर्यान्वित भावनाबाट अद्‌भुत रसको प्रादुर्भाव हुन्छ ।

अद्‌भूत रसको स्थायी भाव विस्मय हो। असाधारण, अलौकिक र विचित्र वस्तु, व्यक्ति र दृश्य नै आलम्वन विभाव हुन्। विस्मयपूर्ण दृश्य, वर्णन र कम्पनलाई उद्दीपनका रूपमा लिन सकिन्छ। अक्क न वक्क हुनु, पसिना आउनु, आँखा ट्वाल्ल पर्नु, जीउमा कम्प छुट्नु जस्ता क्रियालाई अनुभावका रूपमा लिन सकिन्छ। आवेग शङ्का, हर्ष, भ्रान्ति, तर्क, दीनता, जडता, चञ्चलता आदि अद्‌भूत रसका सञ्चारी भाव हुन् (थापा, २०६६ :२२६) ।

जस्तैः

सुधाको त्यो भ‍र्ना , कवि हुन गये सीकर सरी,
थियो त्यो शोभाको जलधि, कविजी मञ्जु-लहरी
मिठो त्यो मिश्रीको रस, मधुर मिश्री  कवि थिये,
अहा ! कस्तो अगम छविमा तन्मय भये ।।

- लेखनाथ पौडेल

### २.३.६ हास्य रस

शारीरिक, मानसिक र भाषिक विकृति वा विसङ्गतिबाट हास्यरस उत्पन्न हुन्छ। अस्वाभाविक लाग्ने हास्यास्पद व्यक्ति वा वस्तु यसको आलम्बन हुन्छ र विकृतिहरुको निःशङ्क उन्मेष यसको उद्दीपन हो। दाँत ङिच्च्याउनु, हात-मुख चम्काउनु, आँखा खुम्चाउनु आदि यसका अनुभाव हुन्। निद्रा, आलस्य आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् भने हाँसो यसको स्थायी भाव हो (उपाध्याय, २०६१:५९) ।

जस्तैः

कानै सम्म जुँघा वटारिनगई योद्धाहरुमा ठुलो,
बं बाहदुरको ठुलो यश थियो साँठा हुँदा तेजिलो,
चुठ्दा भि‍क्न परि दही त्यसभरि केही रिसाइकन
काटीदिन्छ मुसा भने दिनभरी लाटी मरे त्यै दिन।।

- लक्ष्मीप्रसाद देवकोटा

हास्य रसलाई यसरी पनि लिइन्छ- रूप, आकार, पहिरन र विभिन्न कार्यमा विकृति भएपछि हास्यको सिर्जना हुन्छ। हास्यको उत्पति दुई प्रकारबाट हुन्छन्।

(१) आत्मस्थ

(२) परस्थ

आत्मस्थमा हास्य विषयलाई देखेर आफैंमा उत्पन्न हुन्छ र परस्थमा अरू हाँसेको देखेर उत्पन्न हुन्छ।

हास्य रसको स्थायी भाव रस हो । हास्यास्पद अनुहार, क्रियाकलाप र बोली भएको पात्रलाई आलम्वनका रूपमा र त्यस्तै विकृत रूप, आकार, क्रियाकलाप, चेष्टा आदिलाई उद्दीपनका रूपमा लिन सकिन्छ । आँखा खुम्च्याउनु वा चिम्लनु अनुहारमा प्रसन्नता हुनु, मुख बाउनु आदि आनुभाव हुन् । त्यस्तै आँसु, कम्प, स्वेद, रोमाञ्च , आलस्य र निद्रा सञ्चारी भाव हुन् (थापा, २०६६:२२२) ।

हाँसो छ प्रकारका छन्

१) स्मित (मुसुमुसु हाँस्नु)

२) हसित (अलिअलि दाँत देखाई हाँस्नु)

३) विहसित .(मसिनो स्वर वा आवाज निकालेर हाँस्नु)

४) अवहसित (शिर, हात,खुट्टा हल्लाएर खित्का छाडी हाँस्नु)

५) अपहसित ( आँखाबाट आँसु निकाली हाँस्नु)

६) अतिहसित (अट्टहास् गरेर हाँस्नु)

उदाहरणः-

मेरा दुइटा छोरा छन् -एउटा लड्डु एउटा ढड्डु।
लड्डुलाई खूब खानपर्छ । ढड्डुलाई खुब सुत्नुपर्छ।
मेरा एक साथी छन् जसको थर 'मै हुँ म' हो।
उनी कसैलाई गन्दैनन्। मेरो नोकरको नाम थर्थरानन्द
थलाहरी,अर्कोको नाम पुङमाङ् पक्कः एउटा छिमेकी
छन् जसलाई मैले'मुजुरपङ्खे' भलादमी नामराखेकी छु।

- लक्ष्मीप्रसाद देवकोटा

त्यस्तैगरेर हास्य रसको स्थायी भाव हाँसो हो । विकृत, आकृति, भेषभुषा, वानी आदि क्रियाकलापहरु यसका आलम्वन विभाव हुन् भने हासउठ्तो र अनौठो चेष्टा यसका उद्दीपन विभाव हुन्। विकृत आकारमा हाँसो उठ्दो , मुख, आँखा खुम्चाउनु, मुख बाउनु, विरह, आँसु, मूर्च्छा, खिलखिलाउनु आदि यसका अनुभाव हुन र हर्ष, आँसु, कम्प, रोमाञ्च, निन्द्रा, आकारगुप्ति आदि यसका सञ्चरी भावहरु हुन् (न्यौपाने, २०६७ : २४२)।

जस्तै :

बेस छ बज्यै ? भन्यो भने बेस्से भनिस् भन्थी
अरू जब हाँडी भन्थे ऊ त राँडी सुन्थी
थाली माली बाली नाली पाटी टाली भन्दा
फन्केर ऊ गाली गर्थी खाली काली सुन्दा

- बालकृष्ण सम

हाँस्य रसलाई आकृति वचन र भेषभुषादिको विसङ्गतिबाट उत्पन्न भई हास्य पैदा गर्ने रसको रूपमा लिइन्छ । यसको स्थायी भाव हास्य हो (उपाध्याय, २०५८ :१८२) ।
त्यस्तै गरी शारीरिक वा मानसिक रूपमा विभिन्न विकृति देखिँदा हास्य रसको निष्पति हुन्छ । यस रसको स्थायी भाव हाँसो हो । हास्यास्पद अनुहार वा क्रियाकलाप भएको व्यक्ति यसको अलम्वन विभाव हुन्छ भनि विकृत रूप, आकार, क्रियाकलाप आदि यसका उद्दीपन विभाव हुन्। आँखा खुम्च्याउनु, प्रसन्न देखिनु, मुख बाउनु आदि अनुभाव हुन् र आँसु, कम्प, रोमाञ्च, आलस्य, निद्रा आदि व्यभिचारी भाव हुन् (गौतम र अन्यहरु ,२०६७ :३६४) ।

जस्तैः बेस छ बज्यै भन्यो भने बेस्से भनिस् भन्थी

अरू जब हाँडी भन्थे ऊ त राँडी सुन्थी

- बालकृष्ण सम

हाँस्य रस यसरी पनि चिनिन्छः- हाँस्य रसको केन्द्रमा हाँसो रहन्छ। त्यसैले हास नै यस रसको स्थायी भाव हो। हाँसो उठ्ने आकृतिको पात्र वा वस्तु मूल विषय हुन्छ। त्यसको लवाइखवाइ वा हाँसो उठ्ने किसिमको सजावट वा भद्दापनको क्रियाकलापले हाँसोलाई उत्तेजित पार्छन्। परिणाम स्वरूप आँखा खुम्चन्छन्, आँखा चम्कन्छन्, अनुहारमा चञ्चलता वा हँसाइभाव प्रकट हुन्छन्। यस्ता प्रतिक्रिया पछि हर्ष हुन्छ, आँसु समेत आउँछ, कम्पन हुन्छ, रोमाञ्च हुन्छ। यी क्षणिक भावहरुले हाँसोलाई परिपुष्ट पार्छन्। त्यसपछि भावकमा हाँसोले निम्ताएको अनौठो आनन्द सञ्चार हुन्छन्। त्यही नै हाँस्य रस हो। विकृत वा हाँसोउठ्दो व्यक्ति वा वस्तु हास्यरसका आलम्वन विभाव हुन्। विकृत स्वरूप सजावट र हाँसउठ्दो परिवेश यसका उद्दीपन विभाव हुन् भने आँसु, मुख बाउनु, हाँसोको आवाज आदि प्रतिक्रिया अनुभाव हुन् तथा हर्ष, मात, रोमाञ्च, चञ्चलता आदि क्षणिक भाव व्यभिचारी भाव हुन् (ज्ञवाली र अन्यहरु, २०६४ः ३०८)।

त्यस्तै गरेर शारीरिक, मानसिक, भाषिक विकृति र विसङ्गतिबाट हास्यरस उत्पन्न यसको आलम्वन हुन्छ र अनौठा किसिमका चेष्टाहरु यसको उद्दीपन हुन्छ। दाँत ङिच्याउनु, आँखा खुम्च्याउनु, हातमुख चम्काउनु यसका अनुभाव हुन् भने निद्रा, आलस्य, आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् (थापा, २०६४ः ५६)। जस्तै :

झुप्पा पुच्छरको पछिल्तिर ठुलो हल्लन्छ चारैतिर
खुट्टा चारवटा अनि खुर पनि लामू छ घाँटितिर
खाई घाँस उ हग्छ आँप सारेका डल्लाहरु बर्बर
आऊ जाउँ सबै मिलेर दगुरी त्यो जाइजाला पर ।।

- कालिदास पराजुली

### २.३.७ भयानक रस

भयप्रद जन्तु, घटना, दृश्य देखेर वा त्यसको कल्पनाबाट नै जुन भयात्मक चित्तवृत्ति उत्पन्न हुन्छ त्यसबाट भयानकरसको अभिव्यक्ति हुन्छ। यसका आलम्वनमा भयानक जन्तु वा विषयचाहिँ विषयकारूपमा र भयभित हुने व्यक्ति आश्रय हुन्छ। यसको स्थायी भावचाहिँ भय हो। भयङ्कर जन्तुको भयप्रद चेष्टा यस रसको उद्दीपन हो। विवर्णता, गदगद स्वरले बोल्नु, अनुहार कालो नीलो हुनु, मुख सुक्नु आदि यसका अनुभाव हुन् भने शङ्का, मूर्च्छा, भ्रम आदि व्यभिचारी (सञ्चारी) हुन् (थापा, २०६४ः ५८०)।
जस्तै :

कालाग्नी सरिको भयंकर स्वरूप रामको भयाथ्यो जसै
कामिन् पृथ्वी पनी भयंकर स्वरूप देखिन र रामको तसै ।
रावणका पनि चित्तमा भय पऱ्यो उल्का बहुतै भयो
क्या गर्छन प्रभुले यहाँ भनि त्यहाँ सब् लोक डराईगयो।।

- भानुभक्त आचार्य

त्यस्तै गरेर भयानक रसको केन्द्रमा डर हुन्छ। भय यसको स्थायी भाव हो। डरलाग्दो पात्र वा वस्तु वा दृश्यले भयको भावना जगाउँछ र डरलाग्दो वातावरण, डरलाग्दो आवाज, डराएका प्राणीहरु वा डरलाग्दा कुरा गराइले भयको भावलाई उत्तेजित पार्छन। त्यसको प्रतिक्रियाका रूपमा ओठमुख सुक्छ, अनुहार कालो हुन्छ, बोली लर्बरिन्छ, रौँ ठाडा हुन्छन्, पसिना आँउछ। यसपछि त्रास, चिन्ता, आवेग,डर, मोह जस्ता क्षणीक भाव आउँदै बिलाउँदै गर्छन् र भयभाव परिपुष्ट बन्छ। यस्तो देखेर, सुनेर वा पढेर भावकका मनमा एक विशिष्ट

आनन्दभाव सञ्चार हुन्छ। त्यही भाव नै भयानक रस हो। डरलाग्दो पात्र वा वस्तु वा दृश्य यस रसका आलम्वन विभाव हुन, भयावह आवाज डरलाग्दा क्रियाकलाप र वातावरण यसका उद्दीपन विभाव हुन् भने डर, पसिना आउनु, ओठमुख सुक्नु, चिच्याउनु, भाग्नु, आदि अनुभाव हुन्। त्यसपछि देखापर्ने त्रास, डर चिन्ता, आवेग, मोह, आदि व्यभिचारी भाव हुन् (ज्ञवाली र अन्यहरु, २०६४ः ३०८)।

जस्तै :

कालाग्नीसरिको भयङ्कर स्वरूप रामको भएथ्यो गसै
कामिन् पृश्वी पनी भयङ्कर स्वरूप देखिन् र रामको तसै
रावणको पनि चित्तमा भय पऱ्यो उल्का बहुतै भयो
क्या गर्छन प्रभुले यहाँ भनि त्यहाँ सब् लोक् डराई गयो ।।

-भानुभक्त आचार्य

त्यस्तै डरलाग्दो वस्तु वा अवस्थामा भयानक रसको अभ्युदय हुन्छ । यसको स्थायी भाव भय हो । अन्धकार, हिंस्रक जीवजन्तु, भूतप्रेतको त्रास, शक्तिशाली शत्रु आदि भय उत्पन्न गर्ने बस्तुहरु यसका आलम्वन विभाव र ती डरलाग्दा वस्तुहरुबाट प्राप्त हुने भयका चेष्टा क्रियाकलाप र व्यवहारहरु यसका उद्दीपन विभाव हुन् । काँप्नु, बोली लरखरिनु, भाग्न खोज्नु, रौँ ठाडा हुनु, पसिना आउनु, अनुहार फुस्रो हुनु, कराउनु आदि अनुभाव हुन् भने त्रास, चिन्ता, मुर्छा, ग्लानि, आवेग, मोह यसका सञ्चारी भावहरु हुन् (न्यौपाने, २०६७ः २४३)।

जस्तैः

रागेपाटे अतिसय ठूलो लौन नि बाघ आयो
झम्ट्यो गाई थरथर भएँ, होस मेरो हरायो,
कामे गोडा ढुकढुक मुटु ठाउँ नै छाड्न लाग्यो
भागौँ हामी घरतिर छिट्टै साहिँलो फुत्त भाग्यो।

- मोदनीनाथ

भयानक रसलाई नै भयभावना सञ्चार गराउने रस भनिन्छ। यसको स्थायी भाव भय हो (उपाध्याय, २०५८ः१८२)।

त्यस्तै भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक चितवृति उत्पन्न हुन्छ, त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ। भयानक जन्तु वा विषय यसको आलम्वन (विषय) हुन्छ र भयभीत हुने व्यक्ति यसको आश्रय भयङकर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन हुन्। विवर्णता, गदगद स्वरले वोल्नु, पसिना काढ्नु आदि यसका अनुभाव हुन अनि शङ्का, मुर्च्छा, मृत्यू आदि व्यभिचारी भाव हुन्। (सञ्चारी भाव हुन्) र भय यसको स्थायी भाव हो (उपाध्याय, २०६१ः६१)।

जस्तैः

महाकालजस्तो महा त्यो भुजङ्ग
फूलेको छ, हेर्दो छ त्यो टक्क चाल,
थियो विचमा सात हातै जमीन,
भयौँ चित्रका मान बोलीविहीन ।

- लक्ष्मीप्रसाद देवकोटा

त्यस्तै गरेर डरलाग्दो वस्तु वा दृश्य देख्नाले, सुन्नाले वा सम्झनाले भयानक रस उत्पन्न हुन्छ। भयानक रसको स्थायी भाव भय हो। डराउने व्यक्तिमा नै भयको उदभव र विकास हुन्छ। यसरी डराउने व्यक्तिनै स्थायी भावको आश्रय हो। अन्धकार, वाघ, भालु, हिंस्रक जन्तु सर्प, मसान, भूतप्रेतको डर र शंका, शक्तिशाली र अत्याचारी शत्रु भयानक रसका

आलम्वन विभाव हुन। अर्को शब्दमा भय उत्पन्न हुने कुनै पनि वस्तु, ब्यक्ति र दृश्यलाई आलम्वनका रूपमा लिन सकिन्छ। डरलाग्दो बस्तु र पात्रमा डरलाग्दा क्रियाकलाप र ब्यवहार उद्दीपन विभाव  अन्तर्गत पर्दछन्। रौँ ठाडो हुनु, अनुहारको रंग फुस्रो हुनु, कम्प छुट्नु, पसिना आउनु, स्वर आवाज विग्रनु, रूनु- कराउनु आदि अनुभाव हुन्। त्रास, चिन्ता, मूर्च्छा, ग्लानि, शङ्का र आवेग, अपस्मार आदिलाई सञ्चारी अन्तरगत राख्न सकिन्छ। अत्यधिक वियोग, दुख, शोक, घृणा र डरले गर्दा र भूतप्रेत लाग्नाले हुने मानसिक अस्वस्थता नै अपस्मार हो (थापा, २०६६ः २२४) ।

जस्तैः

समाइ मुठ भोकले भनन् किङ्किणी भन्कने
        टुपो र धनु जोतका ध्वननले दिशै घन्कने ।
दुवैतिर छिटो-छिटो शर हजार वर्षाउने
        पऱ्यो समर वीरको भुवनकोष थर्काउने ।।

- कालिदास पराजुली

**२.३.८ वीभत्स रसः**

रगत, मासु आदि घृणित वस्तु देखेर र सुनेर उत्पन्न हुने घृणाबाट वीभत्स रस उत्पन्न हुन्छ।

बीभत्स रसको स्थायी भाव घृणा हो। जसको हृदयमा घृणा स्थायी रूपमा रहन्छ, त्यो ब्यक्ति यसको आश्रय हो। घृणा उत्पन्न गर्ने वस्तु या प्राणी, रगत, सडेको मासु, मलमूत्र, मसान आदि यसका आलम्वन विभाव हुन्। कुनै वस्तु या प्राणीको दुर्गन्ध, कुत्सित र विकृत रूपलाई उद्दीपन रूपमा लिन सकिन्छ।

आँखा चिम्लनु, नाक खुम्च्याउनु, थुक्नु, मुख फर्काउनु जस्ता क्रिया अनुभावका उदाहरण हुन्। ग्लानि, आवेग, रोग, ब्याधी, चिन्ता, मोह आदि यसका सञ्चारीभाव हुन् (थापा, २०६६ः २२५)।

त्यस्तै गरेर घृणीत वस्तु वा ब्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो। यसको आलम्बन दुर्गन्धित र घृणीत बस्तु हुन्छ र उद्दीपन घृणालाई संवर्द्धित गर्ने तत्व हुन्छन्। थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु आदि यसका अनुभाव हुन् र आवेग, मूर्च्छा , ब्याधि आदि यसका ब्यभिचारी (सञ्चारी) भाव हुन्। घृणा यस रसको स्थायी भाव हो (उपाध्याय,२०६१ः ६१)।

जस्तैः

खैरे कुक्कुर एक घाउ छ हरे ! रोगी लुत्याहाकन
        पालेको घरमा लुते पुछरको डोलाउ त्यो सज्जन,
साह्रै भक्त भई शिलाहरु खप्यो ढुङ्गा मुढा बेसरी
        फोरी खप्पर क्याकलाङ गरि जियो पी रक्त आफ्नै हरि ।

- लक्ष्मीप्रसाद देवकोटा

बीभत्स रसको वारेमा यसरी पनि अर्थ लगाइन्छ -घृणा उत्पन्न गर्ने रस बीभत्स कहिन्छ। यसको स्थायीभाव घृणा हो (उपाध्याय, २०५८ः १८२)। त्यस्तै गरी बीभत्स रसका बारेमा भन्नुपर्दा रगत-मासु आदि फोहोरी वस्तुहरु देखेर, सूँघेर वा कल्पना गरेर उत्पन्न हुने घृणाभाव नै बीभत्स रस हो। यसको स्थायी भाव घृणा हो। सडेका, गिँडिएका, रगतमा मुछिएका मानिस, पंक्षी, जनावर आदिका सबै प्राणीका लाशहरु, सडेगलेका अन्य मलमूत्र एवम् फोहोरहरु, मसानघाट आदि स्थानहरु दुर्गन्धित वस्तुहरु आदि यसका आलम्वन विभाव हुन भने तिनमा कीरा पर्नु, दुर्गन्ध निस्कनु, विकृत देखिनु, फोहोर खोस्रँदा घृणित दृश्य देखिनु आदि

सबै यस रसका उद्दीपन विभावहरु हुन्। नाकमुख खुम्च्याउनु, आँखा चिम्लनु, थुक्नु, छि-छि गर्नु आदि यसका अनुभावहरु हुन् (न्यौपाने, २०६७ : २४४) ।
जस्तैः

अहो फ्याक्क थियो थाप्लो छित्रिएको थियो गिदी
पत्र-पत्र थियो छाति प्याक्क -प्याक्क थियो मुख ।

- मोदनाथ पश्रित

बीभत्सरसलाई यसरी पनि प्रस्तुत गरिन्छ। घीनलाग्दो वस्तु वा ब्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो। घृणा वा जुगुप्सा नै यस रसको स्थायीभाव हो। यसको आलम्वनमा दुर्गन्धित र घृणित वस्तु हुन्छ भने घृणालाई सम्वर्द्धित गर्ने तत्वहरु यसको उद्दीपन हुन्छ। थुक्नु, नाकमुख छोप्नु, वाकवाक आउनु, यसका अनुभाव हुन् भने आवेग, मुर्च्छा ब्याधि आदि यसका ब्यभिचारी (सञ्चारी) भाव हुन् (थापा,२०६४ः ५८) ।
जस्तै :

खैरे कुक्कुर एक घाउ छ हरे ! रोगी लुत्याहाकन,
पालेको घरमा लुते पुछरको डोलाउ त्यो सज्जन,
साह्रै भक्त भई शिलाहरु खप्यो ढुङ्गा मुढा बेसरी
फोरी खप्पर क्याकलाङ गरि जियो पी रक्त आफ्नै हरि !

- लक्ष्मीप्रसाद देवकोटा

बीभत्स रसलाई यसरी पनि देखाउन सकिन्छ बीभत्सरसको केन्द्रमा घिन (घृणा) हुन्छ। घृणा यस रसको स्थायी भाव हो। कुनै घिनलाग्दो ब्यक्ति वा वस्तु हुन्छ। त्यसलाई घिन लाग्ने देखाउने फोहोरी रूप हुन्छ जसले घृणाभाव जगाउँछ। त्यस्तो वस्तु वा ब्यक्तिका नजिक वरिपरि भिँगा भन्किरहेको हुन्छन्। सडेगलेका पदार्थ हुन्छन् कीरा सलवलाएका हुन्छन अत्यन्त फोहोरी कुराहरु हुन्छन्। यस्ता कुराहरुले जागेको घृणा भावलाई उत्तेजित पार्छन्। उत्तेजनाको प्रतिक्रियाका रूपमा नाक दुम्चिन्छ, थुकिन्छ, अनुहार विगारिन्छ, छि-छि गरिन्छ। त्यसपछि घिन, आवेग, चिन्ता, आदि क्षणिक भाव देखापर्छन् र घृणाभाव परिपुष्ट हुन्छ। यस्तो कुरा पढेर, देखेर वा सुनेर भावकका मनमा एक विशेष किसिमको आनन्दभाव सञ्चारीत हुन्छ। त्यही नै बीभत्स रस हो। फोहोरी ब्यक्ति वा वस्तु यस रसका आलम्वन विभाव हुन् र कीरा पर्नु, भिँगा भन्कनु, सडेगलेका सामग्रीहरु आदि उद्दीपन विभाव हुन् भने प्रतिक्रियाका रूपमा गरिने छिःछिः, थुक्नु नाक खुम्च्याउनु आदि अनुभाव हुन्। यसपछि क्षणिकरूपमा देखिदै विलाउँदै जाने आवेग, चिन्ता, घिन आदि ब्यभिचारीभाव हुन् (ज्ञवाली र अन्यहरु, २०६४ः ३०८)।
जस्तैः

अहो फ्याक्क थियो थाप्लो छित्रिएको थियो गिदी
पत्र-पत्र थियो छाति प्याक्क -प्याक्क थियो मुख ।

- मोदनाथ पश्रित

**२.३.८ शान्त रस**

शान्त रसको केन्द्रमा शान्ति हुन्छ, समताभाव हुन्छ। मनमा हुने शान्ति (लोभमोहक्रोध नभएको शान्त मन) यस रसको स्थायी भाव हो। यस्तो पात्र हुन्छ जसमा लोभलालचको प्रवृत्ति हुन्न, जसले सुख दुःख दुवैलाई एकसमान देख्छ, सुखमा मात्तिदैन र दुःखमा आत्तिदैन जसमा कुनै उत्तेजना देखिन्न। धार्मिक वातावरण, दान पूजा, त्याग, तपस्याजस्ता कुराहरुको

यस्तो भावलाई उत्तेजित पार्छन्। त्यसको प्रतिक्रियास्वरूप अनुहारमा शान्ति देखिन्छ, त्याग र धर्मभीरूता देखिन्छ अनि हर्ष शान्तपन, दया आदि क्षणीक भाव जन्मँदै विलाउँदै गर्छन्। यस्तो पढेर, देखेर वा सुनेर भावकका मनमा पनि समताभावको विशिष्ट आनन्द सञ्चार हुन्छ। यही आनन्द नै शान्त रस हो। शान्त र समताभाव भएको व्यक्ति वा कुरा यस रसको आलम्वन विभाव हो, सत्सङ्ग, धार्मिक प्रवचन आदि कर्म यसका उद्दीपन विभाव हुन् र त्याग धर्मभीरूता, धार्मिक रोमाञ्च आदि यसका अनुभाव हुन भने हर्ष, दया, सम्झना, विश्वास आदि यसका व्यभिचारीभाव हुन् (ज्ञवाली र अन्यहरु, २०६४:३१०) ।

जस्तैः

सुन्यौ भाइ संसारमा शरीर अति कच्चा छ जनको
शरीर कच्चा जानी नगर तिमि रिस कत्ति मनको,
सबै भोग् चञ्चल् छन् बिजुली सरि एकछिन नरहन्या
विचार यस्तो राखी सहु तिमी बडो हुन्छ सहन्या ।

- भानुभक्त आचार्य

त्यस्तै संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्तरस हो। शमस्थिति वा शान्ति यसको स्थायी भाव हो। समस्त अनित्य र दुःखद सान्सारिक प्रपञ्च आदि यसको आलम्वन हुन्छ र तिर्थ सत्सङ्ग, पुष्याश्रम उद्दीपन हुन्छ। आँसु, रोमाञ्च आदि अनुभाव र हर्ष, स्मृति, पश्चताप, विरक्ति आदि यसका व्यभिचारी (सञ्चारी) हुन् (थापा, २०६४: ४८)।

जस्तैः

छु ती विद्वान हास वा मलिन कुलको मूर्ख अछुती
कुनै त्यागी होस् वा विषयरसरागी लखपति,
समानै ठान्थैं ती विधिविहिन चैतन्य पुतली,
पछि हेर्दाहेर्दै तर हृदय हाँस्यो अलिअलि।

त्यस्तै गरेर शान्त रसका बारेमा भनिएको छ सुख दुःखमा पनि समताभाव राख्दा शान्त रसको उदय हुन्छ। यसको स्थायी भाव निर्वेद वा शान्ति हो। वैराग्य भावसमानता, अनित्यता, सात्विक ज्ञान, नित्यसत्य परमात्मा, निस्सार, जगत आदि यस रसका आलम्वन विभावहरु हुन भने आध्यात्मिक चिन्तन, तीर्थयात्रा शास्त्राध्ययन, सतसङ्गत, धर्मोपदेश, पुण्य तीर्थ, तपोवन आदि उद्दीपन विभावहरु हुन्। रोमाञ्च, हडबडी, विषयगत अभिरूचि, गृहत्याग, नेत्रविकास, सांसारिक भिरूता, स्वेद आदि यस रसका अनुभाव र मति, स्मृति, धैर्य, निर्वेद, हर्ष, घृणा आदि यसका सञ्चारी भावहरु हुन् (न्यौपाने, २०६७: २४५) ।

जस्तैः

सुन्यौ भाइ संसारमा शरीर अति कच्चा छ जनको
शरीर कच्चा जानी नगर तिमि रिस कत्ति मनको
सबै भोग् चञ्चल् छन् बिजुली सरि एकछिन नरहन्या
विचार यस्तो राखी सहु तिमी बडो हुन्छ सहन्या

- भानुभक्त आचार्य

शान्तरसलाई चिन्ने अर्को तरिका अनुसार शान्तिभावना व्यक्त गर्नेलाई शान्तरस भनिन्छ। यसको स्थायीभाव निर्वेद हो (उपाध्याय, २०५८:१८२)। त्यस्तै गरी संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैरण्यात्मक चित्तवृत्ति शान्तरस हो। समस्त अनित्य र दुःखद सांसारिक प्रपञ्च यसको आलम्वन हुन्छ भने पुण्याश्रम, तीर्थसत्सङ्ग आदि यसका

उद्दीपन हुन्छन्। रोमाञ्च आदि यसका अनुभाव हुन्छन र निर्वेद, हर्ष स्मरण आदि यसका व्यभिचारी (सञ्चारी) भाव अनि शान्ति यसको स्थायी भाव हुन्छ (उपाध्याय, २०६१ः ६२)।
जस्तैः

छुती विद्वान होस वा मलिन कुलको मूर्ख अछुती
कुनै त्यागी होस वा विषयरसरागी लखपती
समानै ठान्थैं ती विधिविहिन चैतन्य-पुतली
पछी हेर्दाहेर्दै तर हृदय हाँस्यो अलिअलि

- लेखनाथः तरूण तपसी

शान्तरसलाई यसरी समेत प्रस्तुत गरिन्छ- शान्त रसमा समताको भाव हुन्छ। यसमा सुखःदुःख पनि समान अवस्था हुन्छ। शान्त रसको स्थायी भावका सम्वन्धमा मतभेद छ। अभिनव गुप्त र धनञ्जयले शमलाई र मम्मटले निर्वेदलाई स्थायी भावका रूपमा लिएका छन्। नेपाली साहित्यमा सोमनाथले शम (भित्री शान्ति) र ऋणभदेवले शमयुक्त वियूक्तावस्था (विरक्ति) लाई स्थायी भावका रूपमा चर्चा गरेकाछन्। शम भनेको आन्तरिक शान्ति हो। विभिन्न कारणवश सांसारिक विषयबाट हुने विरक्तिलाई निर्वेदका रूपमा लिइएको पाईन्छ। यसरी निर्वेदको भावना उदबुद्ध भएपछि मात्र तदनुकूल आन्तरिक शान्तिको अवस्था प्राप्त हुनाले निर्वेदलाई स्थायी भावका रूपमा लिनु उपयूक्त देखिन्छ । यसैले पनि कविशिरोमणि लेखनाथले आफ्नो नाटकको शीर्षक भतृर्हरि निर्वेद राखेको हुनुपर्छ।

सांसारिक अनित्य, तात्विक ज्ञान, वैराग्य, भावना आदि शान्त रसका आलम्वन विभाव हुन्। आध्यात्मिक चिन्तन, तीर्थयात्रा, शास्त्रको अध्ययन र श्रवण, धर्मोपदेश, देव-दर्शन, सत्सङ्ग आदि उद्दीपन विभाव अन्तर्गत पर्दछन् ।

सात्विक रोमाञ्चक, सांसारिक भीरूता र त्याग अनुभाव हुन्। मति, स्मृति, हर्ष आदि यसका सञ्चारी भाव हुन् (थापा, २०६६ः २२७) ।
जस्तै :

सिधा र साधा छ विचार लोकको
देखिन्न सञ्चार विषाद शोकको ।
सन्तोषको नै मनमा छ सञ्चय
आनन्दको बज्छ जताततै जय ।।

काहीँ छ चर्चा विधिवाद वेदको
काहीँ छ चर्चा स्तुति गान देवको ।
काहीँ छ अध्यात्म विचार चातुरि
काहीँ नयाँ यज्ञ विषे छ आतुरी ।।

## निष्कर्ष

प्राचीनकालदेखि विभिन्न अर्थमा उल्लेख भएको पाइने रस वर्तमान समयसम्म पनि निकै नै प्रयोग हुँदै आएको पाइन्छ । रसलाई शारीरिक र मानसिक रूपले आस्वादन गर्न सकिन्छ । लोकसाहित्यमा आ-आफ्नो क्षेत्र अनुसारका तात्पर्यमा रसको प्रयोग भएको देखिन्छ । पदार्थको रस, आयुर्वेदिक रस, भक्ति रस र साहित्य रस गरी बहुआयाममा ढल्पलिने यस रसलाई लोकसाहित्यले अझ बढी मात्रामा वरण गरेको पाइन्छ । विभिन्न साहित्यिक कृतिको श्रुति, दृश्य र वाचन तथा पठनबाट प्राप्त हुने आनन्द तथा आहलादलाई रसका रूपमा लिइँदै आएको पाइन्छ । साहित्यबाट प्राप्त हुने यस्तो रसलाई नवरस भन्दै यसमा नौवटा रसको उल्लेख गरिएको छ । भक्तिरस र साहित्यिक रस बाहेकका पदार्थीय रसको आस्वादन जीब्रोले

गर्दछ भने साहित्यिक रसको आस्वादन भावनात्मक रूपमा मनले वा आत्माले गर्ने गर्दछ । यसरी श्रुतिकालदेखि नै प्रारम्भ भएको रसलाई वेदको प्रतिपादनमा रस नै ब्रह्म हो, ब्रह्म नै रस हो भनिएको पाइन्छ । जसरी ब्रह्माण्डमा ब्रह्म परमात्माको रूपमा अवस्थित छ, उसैगरी काव्यमा रस आत्माको रूपमा विद्यमान हुन्छ । यसमा पनि फेरि काव्यगत रस ब्रह्मानन्द नभएर ब्रह्मानन्दको सहोदर भाइ हो । भरतमुनिले प्रस्तुत गरेको रससूत्र उत्तरवर्तीहरुले केलाउँदै र छिन्कदै आजसम्म आइपुगेको छ । साहित्यको क्षेत्रमा रसलाई आनन्दको अवस्था मानिन्छ । यसमा प्रेमीप्रेमीकाहरुको प्रेमासक्त अवस्थालाई अत्यन्तै सौम्य ढङ्गले देखाइन्छ भने विरोधीहरुको बीचमा द्वन्द्व गराएर शत्रुलाई छपछप छप्काएको शब्दचित्र नै प्रस्तुत गरिन्छ । त्यस्तैगरी आफन्त वा प्रियजनको मृत्यु तथा विपदग्रस्त अवस्थाबाट कारूणिक चित्र नै पस्किएको पाइन्छ भने जस्तासुकै विपतहरुबाट पनि हार खान नहुने र कुनै पनि प्रकारको लोभ, मोह त्यागेमा नै सुख प्राप्ति हुने खालका काव्यहरु प्रस्तुत गरी सुन्दर र शान्त परिवेशको सिर्जना गरिएको हुन्छ । त्यस्तै गरेर कतिपय काव्यहरुले पेट मिचिमिचि हाँसो मच्चाउने खालका विषयवस्तुहरु प्रस्तुत गरी मनोरञ्जन प्रदान गर्नुका साथै व्यङ्ग्यको झटारो समेत प्रहार गर्दछन् भने कुनै पनि दुर्गन्धित प्राणी, वस्तु र ठाउँको डरलाग्दो कुरा गराइले ओठमुख नै सुक्ने परिस्थितिको सिर्जना गर्दछ । त्यस्तैगरी घिनलाग्दो व्यक्ति वा वस्तुलाई लिएर फोहोरी रूप समेत प्रस्तुत गरिएको हुन्छ भने शत्रुका दुर्वचन, आरोपपूर्ण काम कुरामा परिस्थितिले क्रोधलाई उत्तेजित समेत पारिएका कृतिहरुका विषयवस्तु हुने गर्दछन् । त्यस्तै साहित्यिक रसकै सन्दर्भमा आश्चर्यजनक वस्तु वा अचम्मको दृश्यले विस्मय वा छक्क पार्ने खालको परिस्थिति सिर्जित गरी प्रस्तुत गरेको पनि पाइन्छ । समग्रमा पूर्वीय साहित्यको काव्य परम्परामा रस सिद्धान्त नै सबै सिद्धान्तभन्दा जेठो अनि चर्चित र स्थापित सिद्धान्त पनि हो ।

# तेस्रो परिच्छेद
# बेनी जगन्नाथ क्षेत्रको चिनारी

## ३.१. परिचय

बेनी जगन्नाथ क्षेत्र म्याग्दी जिल्लाको सदरमुकाम रहेको गा.वि.स. अर्थुङ्गेको पश्चिमोत्तर सीमासँग जोडिएर रहेको एक क्षेत्र हो। यो पुराण प्रसिद्ध ऋषिहरु पुलस्त्य र पुलहको तपोभूमि एवं ऐतिहासिक पर्वत राज्यका तृतीय मल्ल वंशी राजा डिम्ब बम मल्लद्वारा चौधौँ शताब्दी तिर बनाइएको भगवान जगन्नाथको मन्दिरको कारणले धार्मिक महत्वको क्षेत्र पनि हो। मलावली लंकेश्वर राजा रावणको जन्मभूमि समेत मानिने यस क्षेत्र वीर भूमि मात्र नभई पूर्वोत्तर तर्फ माछापुच्छ्रे, अन्नपूर्ण, नीलगिरि र धवलागिरि हिमाल आँखै अगाडि ठिङ्ग उभिएको पाइन्छ। धार्मिक दृष्टिले अति पवित्रतमभूमि, प्राकृतिक दृष्टिले अत्यन्तै श्रृंगारयुक्त स्थल र पर्यटकीय दृष्टिले अत्यन्तै अनुपम क्षेत्रको आकर्षणले स्वदेशी तथा विदेशी पर्यटकको ओइरो लाग्न सक्ने कुरामा एकमत छ यदि पर्यटकीय क्षेत्र घोषणा गर्ने हो भने। यहाँका मानवहरु वनपात, मेलापर्व र संस्कारहरुमा आफ्ना लोक आवाजहरु गुञ्जायमान पार्ने गर्दछन्। बेनी जगन्नाथ क्षेत्रको वास्तविक परिचय दिन त्यति सहज छैन तापनि विभिन्न ऐतिहासिक, धार्मिक लगायतका सन्दर्भमा आधारित भई संक्षेपमा नामाकरण गर्ने प्रयास गरिएको छ। यस परिच्छेदमा बेनी जगन्नाथ क्षेत्रको नामकरणका सन्दर्भ, भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि अवस्थाका बारेमा संक्षेपमा उल्लेख गरिएको छ ।

### ३.१.१. बेनी जगन्नाथ क्षेत्रको नामकरणः

बेनी जगन्नाथ क्षेत्रको नामकरणका सम्बन्धमा निम्न मतहरु देखा परेका छन् ः

(क) पवित्र कालीगण्डकी नदी, म्याग्दीखोला र रघुगङ्गाको संगम स्थलमा अवस्थित क्षेत्र भएकोले त्रिवेणी भनिएको र पछि वेणी भनिन थालिएको र कालान्तरमा स्थानीय जनजिब्रोले बेनी भनिएको हो।


(ख) उत्तर-दक्षिण बहने कालीगण्डकी, पश्चिम-पूर्व बहने म्याग्दीखोला र दक्षिण-उत्तर बहने स्थानीय खबरा खोलाको संगमस्थल भएकोले त्रिवेणी भनिएको र यसैबाट बेनी नाम रहन गएको हो ।

(ग) पर्वत राज्यका तृतीय मल्ल वंशी राजा डिम्बले भगवान जगन्नाथजीको दर्शनका लागि चौधौँ शताब्दी तिर निर्माण गरिदिएको मन्दिरको नामबाट यस क्षेत्रको नाम जगन्नाथ क्षेत्र रहेको पाइन्छ । उपर्युक्त तर्कहरुको आधारमा बेनी जगन्नाथ क्षेत्रको नामकरण गरिएको कुरा लगभग सबैले स्वीकार गरेका छन् । निष्कर्षमा भन्नुपर्दा वर्तमानमा पुलाचौर गाविसको गाजनेमा रहेको जगन्नाथ मन्दिरको क्षेत्र र हालको बेनीबजारको क्षेत्र ऐतिहासिक दृष्टिले एउटै क्षेत्र मानिने भएकोले पनि बेनी देखि जगन्नाथसम्मको क्षेत्रलाई एउटै क्षेत्र मानी बेनी जगन्नाथ क्षेत्र भएको ठानिन्छ ।

### ३.१.२. बेनी जगन्नाथ क्षेत्रको भौगोलिक अवस्था

बेनी जगन्नाथ क्षेत्र नेपालको पश्चिमाञ्चल विकासक्षेत्रको धवलागिरि अञ्चल म्याग्दी जिल्लाको इलाका नम्बर १ मा पर्ने पुलाचौर गाविस भित्रको क्षेत्र हो । यो गोलार्द्धको ८३°३०'००" पूर्वी देखि ८३°३३'००" पूर्वी देशान्तरसम्म र २८°२०'२०" उत्तरी देखि २८°२३'३०" उत्तरी अक्षांशसम्ममा अवस्थिती रहेको छ । कुल ८८८.२८ हेक्टर क्षेत्रफल

ओगटेको यसको धरातल समुन्द्री सतहबाट ८६५ मिटर देखि २४९५ मिटरसम्म उठेको छ। यस क्षेत्रको पूर्वी सीमाना अर्थुङ्गे र घतान, उत्तरी सीमाना घतान र पाल्लेखेत, पश्चिमी सीमाना कुहुँ र बाबियाचौर अनि दक्षिणी सीमाना सिङ्गा र भकिम्ली गाविसहरुसँग जोडिएका छन्।




### ३.१.३. बेनी जगन्नाथ क्षेत्रको ऐतिहासिक पृष्ठभूमि

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने धवलागिरि अञ्चलका ४ जिल्लामध्ये म्याग्दी जिल्लाको ४१ गाविस मध्येकै एउटा गाविसको नाम हो पुलाचौर गाविस। म्याग्दी

जिल्लाको सदरमुकाम अर्थुङ्गे गाविसको पश्चिमोत्तर सीमासँग जोडिएको यस पुलाचौर गाविस नेपालको एकीकरण गर्नुपूर्व पर्वत राज्यको राजधानी मानिएको ठाउँ हो। विक्रम सम्वत १८४२मा पर्वत राज्य नेपालको एकीकरणमा गाभिए पछि तत्कालीन समयमा पर्वत राज्यका सम्पूर्ण भूभाग बाग्लुङ्ग जिल्लामा राखिने प्रशासनिक निर्णय अनुसार बाग्लुङ्ग जिल्लाको मालपोत उठाउने एउटा मौजा यस पुलाचौर गाविसमा रहेको प्रमाण गाउँघरमा पाईने तमसुक रजिष्ट्रेसनबाट पत्ता लगाउन सकिन्छ। **४००० पर्वत जिल्ला बाग्लुङ्ग थुम पुला** भन्ने वाक्याशंबाट थुम रहेको प्रमाणित हुन्छ। चौबिसी राज्य पर्वतका मल्ल वंशी प्रथम राजा रूक्मेली राजकुमार आनम्मले नै पुलाको ढोल्ठानमा आफ्नो राजधानी बनाएका थिए भन्छन्। कसैले आनम्मका नाति डिम्बले ताकमबाट पुलामा राजधानी स्थानान्तरण गरेका हुन् भन्दछन्। डिम्बले ताकमबाट पुलामा राजधानी स्थानान्तरण गरेर उनको राजदरबार पुला गाजनेको **'डढेकोट'** भनिने ठाउँमा बनेको थियो भन्ने कुरा पूर्व सहायक मन्त्री दीप बहादुर खड्काको रहेको छ । भिषण बज्रपातबाट दरवार नष्ट भए पछि ढोल्ठानामा नयाँ दरवार निर्माण भएको भनिन्छ। जेहोस, पर्वत राज्यमा आनम्म देखि किर्तिबमसम्मका चौध पुस्ताले शासन गरेका थिए र डिम्ब देखि किर्तिबमसम्मका बाह्र पुस्ताले निरन्तर पुलामा रहेर शासन गरेका थिए भन्ने कुरा डिम्बले सोह्रौं शताब्दीको मध्यकाल अर्थात वि.स. १५५० तिर निर्माण भएको मानिने जगन्नाथ मन्दिर भित्र रहेको उनको समाधी र अन्तिम मल्ल राजा किर्तिबमले पुलामै बसेर गरिदिएको ताम्रपत्रहरुले पुष्टि गरिदिएका छन भन्ने कुरा भू.पू सांसद चन्द्रप्रकास बानिया बताउछन । वि.स. १८४२ मा गोरखा र पाल्पाको संयुक्त फौजले पर्वते सेनालाई पराजीत गर्नु पूर्व मल्ल वंश र पर्वत राज्यको साथै पर्वतको राजधानी पुला ढोलठानाको इतिहासको एउटा महत्वपूर्ण कालखण्ड भएको पाइन्छ। **'कहिले राजा बेनी बाग्लुङ्ग, कहिले राजा ढोर**' भनेर गाइने यस क्षेत्रको लोकगीतको आधारमा कैयौं इतिहासकारहरुले पर्वत राज्यको राजधानी ढोर थियो भनेर अनुमान गरेको पाइने यस बेनी जगन्नाथ क्षेत्रको ऐतिहासिक पृष्ठभूमि निकै बलियो रहेको प्राचार्य दयासागर शमाले प्रकाश उमाविको संक्षिप्त इतिहासमा लेखेका छन ।

२००७ साल देखि २०१८ सालसम्म प्रशासनिक न्यायिक अधिकार पाएको यस गाविसको नाम **'पुलाग्राम पञ्चायत'** रहेको थियो भने वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्ने क्रममा अर्थुङ्गे, पुला र सिङ्गा गाविसका केही भागहरु समेटेर **'पुलागाउँ पञ्चायत'** भनियो। हालको अवस्थामा पुलाचौर गाविसको नामले चिनिने यस क्षेत्रको एउटा सानो बस्ती रहेको **'पुलाडाँडा'** लाई मात्र पुला भनिन्छ भने जगन्नाथ क्षेत्र भन्नाले यस गाविसको '**गाजने**' भन्ने गाउँमा रहेको एउटा सानो बस्तीलाई मात्र संकुचन गरिएको छ। खासमा पुला भन्नाले अर्थुङ्गे, पुलाचौर, घतान, सिङ्गा र पात्लेखत लगायतका गाविस एवं आसपासका क्षेत्रलाई बुभिुए झैं बेनी जगन्नाथ क्षेत्र भनेर कुहुँ, ज्यामरूक, मल्लाज, राखु, पाखापानी देखि दर्वाङ सम्मका क्षेत्रलाई चिनिने गरिएको कुरा वृद्ध र पाका व्यक्तित्वहरुको भनाईबाट प्रष्ट हुन्छ। यस क्षेत्रको इतिहास म्याग्दी जिल्लाकै इतिहाससँग ऐतिहासिक पर्वत राज्यको कारणले सम्बन्धित भएको कुरा भू.पू सभापति ओम प्रकाश शेरचनको भनाई रहेको छ ।

### ३.१.४. बेनी जगन्नाथ क्षेत्रको सामाजिक, सांस्कृतिक अवस्था

विभिन्न आठ वटा जातजातिको बसोबास रहेको क्षेत्र हो यो । नेवार र मगर जातिको आफ्नै मातृभाषा भए तापनि अन्य सबै जातिको बोलचालको भाषा नेपाली भाषा नै रहेको छ। लेख्यरूपमा समग्रमा देवनागरी लिपिको प्रयोग भएतापनि लगभग सबैजसो जातजातिहरुको

उच्चारणको लवज भने आ-आफ्नै प्रकारको रहेको छ । यस क्षेत्रका जातजातिहरुलाई यसरी तालिकामा देखाइएको छ ।

**तालिका**

| क्र.सं. | जातजाति | जम्मा जनसंख्या | पुरूष | महिला | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | १६३० | ८०९ | ८२१ | ४१.२१% | |
| २ | ब्राह्मण | ४५३ | २२२ | २३१ | ११.४५% | |
| ३ | कामी | ५२७ | २७२ | २५५ | १६.६२% | |
| ४ | दमै | ९७३ | ४५२ | ५२१ | २४.६२% | |
| ५ | मगर | १६८ | ९० | ७८ | ४.२४% | |
| ६ | सार्की | ६८ | ३६ | ३२ | १.७१% | |
| ७ | नेवार | ११४ | ६२ | ५२ | २.८८% | |
| ८ | अन्य | १७ | ७ | १५ | ०.४२% | |
| **जम्मा** | | ३९५५ | १९५० | २००५ | १००% | |

स्रोत : जिविस, म्याग्दी

यसरी विभिन्न जातजातिको तथ्याङ्कको तालिकालाई अध्ययन गर्दा कूल जनसंख्या ३९५५ मध्ये क्षेत्री ४१.२१ प्रतिशत, दमै २४.६२ प्रतिशत, ब्राह्मण ११.४५ प्रतिशत, कामी १६.३२ प्रतिशत, मगर ४.२४ प्रतिशत, सार्की १.७१ प्रतिशत, नेवार २.८८ प्रतिशत र अन्य जातजातिको संख्या ०.४२ प्रतिशत रहेको देखिन्छ।

विभिन्न जातजातिको सम्मिश्रण भए तापनि हिन्दु धर्मको बाहुल्यता छ भने बुद्ध, क्रिश्चियन र इस्लाम धर्म पनि छिटफुट रूपमा मान्ने गरेको पाइन्छ । सबै जातिको थर गोत्रले आ-आफ्ना इष्ट देवताको कुलपूजा दिने प्रचलन रहेको छ ।

त्यस्तैगरी यस क्षेत्रका बासिन्दाहरुको हिन्दु धर्ममा आधारित वडादशैँ, तिहार, बालाचतुर्दशी, पुषेपन्ध्र, माघेसक्रान्ति, फागुपूर्णिमा, चैतेदशैँ, नववर्ष, जनै पूर्णिमा, साउने सक्रान्ति (राँके सक्रान्ति), श्रीपञ्चमी, तीज, आमाको मुख हेर्ने पर्व, बाबुको मुख हेर्ने पर्व, जन्म दिन जस्ता चाडपर्वहरु, मनाउने गरिए तापनि कतिपय चाडपर्वहरु जातिजातिका फरक-फरक खालका पनि छन् । त्यस्तैगरी न्वारन, व्रतबन्ध, विवाह, श्राद्ध, अन्त्येष्टिका संस्कारहरु, मूल रूपमा सबैले अंगाले पनि आफ्नै जातजातिका विधि अनुसार गर्ने गरिन्छ । आ-आफ्नो जातिगत भेषभुषा, खानपिन र खेलकुद गरी धुमधामसँग संस्कार मनाउने गरिन्छ। यसका साथै यस क्षेत्रमा भजन-कीर्तन, रत्यौली र विभिन्न पुराना तथा नयाँ खालका लोक तथा दोहोरी गीतहरु गाउनुका साथै पञ्चेबाजाहरु बजाएर विभिन्न संस्कार तथा पर्वहरु मनाउने गरिन्छ ।

### ३.१.५. बेनी जगन्नाथ क्षेत्रको धार्मिक अवस्था

बेनी जगन्नाथ क्षेत्र धार्मिक रूपमा निकै नै पुण्यभूमि मानिन्छ । पौराणिक र धार्मिक स्थलहरुले प्रख्यात एवं धनी मानिने यस क्षेत्रका वाडै पिच्छे देवी, शिव, गणेश, रामका मन्दिर रहेका छन् । ती यस प्रकार छन् :

**(क) जगन्नाथ मन्दिर**

बेनी जगन्नाथ क्षेत्रमा प्रचलित जनश्रुति अनुसार राजा डिम्बवमको भगवान जगन्नाथको दर्शन गर्ने उत्कट आशक्तिका कारण सपनामा उनले जगन्नाथको दर्शन पाई उत्साहित हुँदै आफ्नो दरबार नजिकै गाजनेमा सोह्रौं शताब्दीको मध्यकालताका मन्दिर बनाई पूजाआजा गर्न थालेको अनुमान गरिन्छ । पर्वत राज्यमा राज गर्ने चौध पुस्तामध्ये तृतीय पुस्ताका डिम्ब स-साना भुरे टाकुरे राज्य रजौटाहरुका मातहतमा रहेका भूभाग एकीकरण गरेर समृद्ध पर्वत राज्य निर्माण गर्ने राजा डिम्ब ''राजाधिराज'' कहलिए र निकै लामो अवधिसम्म पर्वतको राज्यशासन चलाएको कुरा विभिन्न ताम्रपत्रहरुबाट समेत पुष्टि भएका छन्। डिम्बले निर्माण गरिएको भनिने जगन्नाथ मन्दिर भित्र रहेको उनको समाधि र सो स्थलमा अझै पनि बनाइएको डिकुरो तथा अन्तिम मल्ल राजा किर्तिबमले पुलामै बसेर गरिदिएको ताम्रपत्रहरुले पुष्टि गरिदिएका हुन । भनिन्छ, एकाबिहानै दैनिक नित्यकर्मबाट निवृत्तिका लागि दरबारबाट निस्केका वृद्ध राजा डिम्ब फेरि कहिल्यै दरबार फर्केनन् । उनको शव पनि फेला परेन । उनी यताउता लागेको पनि कसैले देखेन। उनको आखिरी प्रत्यक्ष दर्शन पाउने उनकै एउटा बुढो नोकर थियो । उसले राजालाई अन्तिम पटक पुलाचौरको छेउमा रहेको रातोमाटा माथिपट्टि ''चनौटे'' भन्ने ढुङ्गेधारामा स्नान ध्यान गर्दै गरेको अवस्थामा देखेको थियो पनि भनिन्छ। ''आफ्नो आन्द्राभूँडी सम्पुर्ण बाहिर निकालेर गोप्यरूपमा धुने राजाको कार्य नोकरले देखेपछि नोकरको वाक्शक्ति खोसेर लाटो बनाइएको र राजा स्वयं भने अलप भएको'' भन्ने जनश्रुति बेनी जगन्नाथ क्षेत्रमा प्रचलित हुनु र जगन्नाथ मन्दिरको पूर्वोत्तर कुनामा समाधि अद्यावधि रहे तापनि डिम्बको वीभत्स र भयावह तवरले रहस्यमय हत्या भएको हुन सक्छ। सत्ताको भोक हिंस्रक हुने भएकोले शेक्सपियरको नाटकमा राजा प्रोस्पेरोलाई आफ्नै भाइ एन्टोनियोले षडयन्त्रपूर्वक समुन्द्रमा फ्याँके झैँ अझ भनौं राजा ह्याम्लेटलाई आफ्नै भाइ क्लाउडिअसले मारेर भाउजूलाई बिहे गरे झैँ राजा डिम्बलाई पनि दाजुभाइ, इष्टमित्र वा बावुबराजु केही नभनिएको पनि हुन सक्छ। यसका साथै प्रत्यक्षदर्शी रहेको नोकरलाई बोल्नमा प्रतिबन्ध लगाई वाकशक्ति नै गुमेको अभिनय शेक्सपियरीयन ह्याम्लेटको छोराको पागलपनको अभिनय जस्तो हुन सक्ने अनुमान पनि पत्यारिलो नै लाग्छ। यस्ता अत्यन्तै चर्चित राजा डिम्बले स्थापना गरेको जगन्नाथ मन्दिर ऐतिहासिक महत्वको पनि छ ।

### (ख) पुलस्त्याश्रम

नेपालमा रहेका कैयौं महत्वपूर्ण धार्मिक स्थलहरुमध्ये पुलस्त्याश्रम विशेष पौराणिक महत्व बोकेको हिन्दु तीर्थस्थल हो। यो पावन भूमि सत्य युगमा कृष्ण गण्डकी र मंगला नदीको दोभानमा पुलस्त्य र पुलह ऋषिले तपस्या गरी विश्व महायज्ञ सम्पन्न गरेको कुरा विभिन्न पुराणहरुमा उल्लेख भएको कुरा पण्डित मोहन प्रसाद रेग्मीको भनाइ छ । बेनी बजार देखि करिब ४ किलोमिटर माथि र समुन्द्र सतहबाट करिब १७०० मिटर उचाइमा रहेको यस पुण्य भूमिमा सदरमुकाम बेनी बजारबाट उत्तर पश्चिम तर्फ ठाडै उकालो २ घण्टा पैदल यात्रा पछि तथा सवारी साधन मार्फत झण्डै ४५ मिनेटमा पुला डाँडाको पछैं स्थित पुलस्त्य पुलहाश्रममा पुगिन्छ । विभिन्न ऋषिहरुको आश्रम, रावणको जन्म भूमि, विश्व महायज्ञ स्थल, धार्मिक तथा पर्यटकीय महत्वको दृष्टिले यसक्षेत्रको बढि महत्व छ ।

### (ग) वरनाथ

पुलाचौर गाविसको वडा नं. १ पुला डाँडामा बसोबास गर्ने बानियाँ थरका इष्ट देवता वरनाथको मन्दिर पुलामी बानियाँको पुरानो बस्ती भित्री बारीको मास्तिर प्राकृतिक गुफा भित्र

अवस्थित यस मन्दिरमा नित्य पूजा संचालन गर्न १० रोपनी बारी जग्गा वरनाथ गुठीको नामबाट संचालित छ। बली निषेध गरिएको यस मन्दिरमा जेष्ठ र मार्ग गरी वर्षमा दुई पटक मात्र नियमित पूजा गर्ने चलन छ। विक्रमाब्द १७ औँ शताब्दीको अन्ततिर स्थापना भएको मानिने यस मन्दिरमा बानियाँ इतरका थर गोत्रीहरुले सपनामा जुनसुकै बानियाँलाई देखे पनि सपनामा वरनाथको दर्शन पाएको ठान्ने र वरनाथको नाममा धुप, अक्षता र धजा मन्छने गरेको कुरा गघा पच्चिसे उमेर पार गरिसकेका सबै पुलामीहरुको स्मरणमा अद्यावधि रहेकै छ। वि.स. १७७५ मा रतन बानियाँबाट स्थापना भएको मानिने यस वरनाथ गुफा उच्च र रमणीय ठाउँमा अवस्थित छ। पुलामा शासन गर्ने अन्तिम राजा किर्तिबम मल्ल देवका शासनकालमा रूद्र बानियाँ नामक व्यक्ति प्रभावशाली व्यक्ति थिए। किर्तिबमबाट उनका नाउँमा शाक्य सम्वत १७०१ मा ताम्रपत्रद्धारा वीरता प्रदान भएको छ। म्याग्दी जिल्ला सदरमुकामबाट ५ माइल उत्तर तर्फ रहेको वरनाथ गुफा र शिद्ध देवताको पूजाको लागि गुठीको व्यवस्था यिनै रूद्र बानियाँबाट भएको कुरा स्थानीय रामचन्द्र शर्माको भनाई छ ।

### (घ) पुलाकोट

पुलाको प्राचीन कोटघर पुलाचौर गाविसको वडा नं. १ पुलाडाँडामा पर्दछ। २०१८ साल अगाडिसम्म बृहत पुला क्षेत्रका सम्पूर्ण बासिन्दाले पूजा गर्ने पुलाकोट मन्दिरमा सिङ्गै पुलाक्षेत्र सामेल हुने गर्थ्यो। हाल पुलाचौर गाविसको वडा नं १ र २ ले मात्र यो कोट संचालनको व्ययभार बहन गरिरहेको राम बहादुर बानियाँको गुनासो रहेको छ ।

### (ङ) जफतीकोट

पुलाचौर गाविसको वडा नं. ४ मा स्थापित कोट नै जफतीकोट भनेर चिनिन्छ। कुहुँको थापा राज्यबाट जफत गरी ल्याइएको हो भन्ने जनश्रुति रहेको छ । पं. टुंगलाल पाध्या जफती तर्फका अन्तिम तालुकदार जिम्मुवाल रहेका थिए। सम्भवत थापा राजाहरुको कोट वम मल्लहरुले जफत गरी कोट पूजालाई यथास्थानमा निरन्तरता दिएको हुनुपर्छ । पुलाचौर गाउँको सिरानमा यो प्राचीन कोट रहेको थियो । बस्तीको पुछारमा गाउँ पञ्चायत ( गाविस) भवन निर्माण भएपछि पुला र जफतीकोट दुबैको एकीकरण गरी एकै ठाउँमा पूजा सञ्चालन गरियो । पछि केही दैवी उत्पात भयो भनी पुलाको कोट पुनः पुलाडाँडा मै स्थानान्तरण गरिए तापनि जफतीकोट भने गाविस भवन परिसरमै रहिरहेको इन्द्र प्रसाद श्रेष्ठ बताउँछन् ।

### (च) निशानस्थान

पुलाचौर गाविस वडा नं. ५ नयाँगाउँ छायपानी निकट रहेको यो मन्दिर पुरानो शास्त्रगार हो। यो मन्दिरमा पुराना हतियारहरु ढाल, तरबार, खुँडा, खुकुरी र भरूवा बन्दुक रहेका छन्। भरूवा बन्दुक समेत रहेको हुनाले जफतीकोट आसपास रहेको यो शास्त्रगार थापा राज्यकालको होइन भन्ने अनुमान हुन्छ। हरेक वर्ष नवदुर्गामा बली चढाएर शस्त्र पूजा हुने कुरा स्थानीय नरबहादुर पुन बताउँछन् ।

### (छ) शिवालय

पुलाचौर ८ सिम भन्ने ठाउँमा अवस्थित यस मन्दिर हाल जीर्ण अवस्थामा छ ।

**(ज) भवानी मन्दिर**

पुलाचौर ८ भीरमुनि स्थित साहु भनेर चिनिने पौडेल थरका देवीदत्त पौडेल परिवारले स्थापना गरेको यो मन्दिर ८ नं. वडाको भवानी पुज्ने स्थानमा छ ।

**(झ) शिव मन्दिर**

पुलाचौर ४ निवासी वेदनाथ सुवेदी ३ निवासी श्रीमती डम्मर कुमारी पौडेलबाट २०५४ सालमा निर्मीत यो मन्दिर पुलाचौर ३ मा अवस्थित छ ।

**(ञ) भगवती मन्दिर**

यो मन्दिर पुलाचौर ७ डडुवामा अवस्थित छ ।

**(ट) शिवालय मन्दिर**

पुलाचौर ७ डडुवामा अवस्थित रहेको यस मन्दिरमा नित्य पूजाआजा चलिरहेको छ ।

**(ठ) शिवालय मन्दिर**

पुला चिप्लेटीमा हेमबहादुर खत्रीको सक्रियतामा स्थापित यस मन्दिरमा नित्य पूजाआजा चलिरहेको छ ।

**(ड) देवी मन्दिर**

यो मन्दिर पुला चिप्लेटी वडा नं. ५ मा छ । यसमा नित्य पूजाआजा चलिरहेको छ ।

**(ढ) शिव मन्दिर**

पुला ६ को बगुवामा खुमबहादुर बानियाँको सक्रियतामा स्थापित छ ।

**(ण) देवी मन्दिर**

पुला ६ को माइकोथान मन्दिरमा वडादशैं र चैतेदशैंमा पूजाआजा चल्दै आएको छ ।

(त) **जालपा मन्दिर** : पुलाचौर ८ को सीम पँधेरामा बानियाँका कुल देवताको मन्दिर हो यो । यसमा तीन-तीन वर्षमा सम्पुर्ण बानियाँ बन्धुहरु जम्मा भई नित्य पूजाआजा गरी बोकाको बली दिने प्रचलन छ । सबै बानियाँ बन्धुहरुले आफ्नो मनोकांक्षा पूरा हुँदा, उन्नति र प्रगति जस्ता कार्य हुँदा समेत बोकाको बली दिने चलन हुनाले झण्डै ५ सय जति बोकाहरुको एकै दिन बली दिइन्छ। यस मन्दिरमा पूजाआजा पश्चात कुनै पनि फूलप्रसाद घरमा नलगी तोकिएको क्षेत्रमा मात्रै खानु पर्ने व्यवस्था गरिएको हुन्छ । साथै बानियाँ थरका व्यक्तिहरु बाहेक अन्य कसैलाई पनि सो दिन मन्दिरमा पूजाआजा र खानपिनमा समावेश नगराइने समेत प्रचलन रहेको कुरा स्थानीय सक बहादुर बानियाँ बताउँछन् ।

**(थ) राम मन्दिर** : पुला ८ भीरमुनि खत्रीटोलमा यो मन्दिर रहेको छ ।

**(द) कूल मन्दिर** : पुला ८ भीरमुनि ध्वाँखोलामा विश्वकर्मा थरका व्यक्तिहरुको कूलपूजाको मन्दिर हो ।

**(ध) कूल मन्दिर**

पुलाचौर ३ तल्लोचौरमा नेवार थरका व्यक्तिहरुको कूलपूजाको मन्दिर हो ।

**(न) कूल मन्दिर**

यो मन्दिर पुलाचौर ४ तल्लोचौरमा सुवेदी भाइबन्धुहरुको कूल पूजाको मन्दिर हो । वर्षको २ पटक जेष्ठ र मंसिरमा पूजा गरिने यस मन्दिरमा  पूजाआजा पश्चात कुनै पनि फूलप्रसाद घरमा नलगी तोकिएको क्षेत्रमा मात्रै खानु पर्ने व्यवस्था गरिएको हुन्छ । साथै सुवेदी थरका व्यक्तिहरु बाहेक अन्य कसैलाई पनि सो दिन मन्दिरमा पूजाआजा र खानपिनमा समावेश नगराइने समेत प्रचलन छ ।

समग्रमा भन्नुपर्दा बेनी जगन्नाथ क्षेत्र ऐतिहासिक एवं धार्मिक महत्वले भरिएको म्याग्दीको एउटा ठाउँ हो। म्याग्दी जिल्ला भरमै धेरै सार्वजनिक शिक्षण संस्थाहरु हुने गाविस मध्ये यो गाविस पनि एक हो। विभिन्न जातजाति र भाषाभाषिका मानिसहरुको आ-आफ्नै संस्कृति र रीतिरिवाज रहेका विभिन्न स्थलहरु समेत यहाँ देख्न सकिन्छ। एउटा उच्च मावि, एउटा मावि, एउटा निमावि र ८ वटा प्रावि गरि कूल १२ वटा सरकारी विद्यालयहरु छन् भने २ वटा बोर्डिङ्ग स्कुलहरु समेत रहेका छन्। त्यस्तै यहाँ ४ वटा सहकारी संस्था र नेपाल रेडक्रस सोसाइटीको एउटा उपशाखा पनि रहेको छ। यी संस्थाहरुले पनि बेला बखत यस क्षेत्रका लोक संस्कृतिहरुको जगेर्ना तथा सम्बर्द्धन गर्ने कार्यमा सहयोग गर्दै आएका छन्। यहाँ विभिन्न खालका रितिरिवाजहरुसँग सम्बन्धित स्थलहरुमा नेपाली भाषाको प्रयोग गरि गाइएका लोकगीतहरु प्रशस्तै भेटिन्छन्। अतयव बेनी जगन्नाथ क्षेत्र लोकगीतका दृष्टिले आशा र भरोशाको केन्द्र विन्दु बन्न पुगेको छ ।

# चौथो परिच्छेद
# बाह्रमासे गीतमा रसविधान

## ४.१ बाह्रमासे गीतको परिचय

बाह्रमासे गीत भन्नाले वर्षभरी जुनसुकै समयमा पनि गाइने गीतहरुलाई जनाउँछ । खासगरी मेलापर्व, अर्मपर्म, वनपाखा, ढिकीजाँतो र कुटोकोदालो गर्ने समयमा समेत गाउन मिल्ने र ताल वाद्यको अनिवार्यता नमानिने खालका गीतहरु बाह्रमासे गीतमा पर्छन् । यस्ता गीतहरु बेनी जगन्नाथ क्षेत्रमा प्रर्याप्त मात्रामा देखिन्छन् । यस्ता गीतहरु समूह वा गैर समूहमा र एकोहोरी वा दोहोरी जस्तो रूपमा पनि गाउन सकिन्छ । यस क्षेत्रमा बाह्रमासे गीतमा प्रचलित गीतहरुमा झाम्रे, यानिमया, खेली, गोठाले, सालैजो, शिरफूलेमया, नानीरलै, मयाँले, हो नि वरै, ठेक्का गीत, रेरे साहिँलो, बालगीत, गोठाले गीत जस्ता थुप्रै बोल र भाकाहरुका गीत पर्दछन् । बाह्रमासे गीतहरुले समाजमा विविध पक्ष र मानवका अन्तर्मनका भावनाहरुलाई व्यापक रूपमा अभिव्यक्त गर्न सफल भएको देखिन्छ ।

### ४.१.१ बाल गीत

बालसमूहमा विभिन्न खेलका रूपमा गाईदै र रमाउदै मनोरञ्जन समेत प्रदान गर्ने गरी गाउने गीत बाल गीत हुन । गीत र अभिनयको समेत प्रयोग गर्ने गरी गाइने यी गीतहरुमा स्थान, पात्र, समय आदिको निश्चित मात्रा हुदैनकि वाद्य र नृत्यको समेत कम भूमिका रहन्छ । यस्ता गीतहरुमा कहिलेकाँही अर्थहीन शब्दको पनि प्रयोग हुन्छ । जस्तै चीँ-मुसी-चीँ खेल्दा एउटाको हातले अर्काको हातमा हल्कासंग चिमोटी धेरै केटाकेटीको हात थप्दै ची-मुसी-ची गाएर रमाउँछन् ।

### ४.१.२ गोठाले गीत

गाईबाख्रा चराउँदा शीतल छहारीमा वा पहराको चुचुरामा बसी विरह भाकामा गोठालाद्वारा गाउने गीत नै गोठाले गीत हुन् । घाँस दाउरा काट्दा समेत गाउने यस्ता गीतहरुमा महिला वा पुरूष जोसुकैले भाग लिने र आफनो सेरोफेरो एवं जीवनका विविध पक्षको चित्रण गरेको पाइन्छ भने वाद्य र नृत्यको प्रयोग हुँदैन ।

### ४.१.३ यानिमया गीत

यस क्षेत्रको मनोरम र चलन चल्तीको गीत नै यानिमया गीत हो । यो गीत बर्षभरी कुनैपनि समयमा प्रस्तुत गरिन्छ । एकल वा समूहमा गाउने यो गीत विशेषगरी समूहमा लामो लेघ्रो तान्दै राग ढालेर गाइन्छ । बीच र अन्त्यमा यानिमया थपी गाउने यस गीत सुरूमा एकजनाले गाउने र समूहले त्यसलाई छोपेर रागमा ढाल्ने गर्दछन् । यो गीत सवाल जवाफ गर्नेगरी दोहोरी समेत हुन्छ भने बाद्य र नृत्यको अनिवार्यता हुदैन । यसगीतको बीचमा सलल...सूइया .. गर्दै चक हाल्ने गर्दछन् ।

### ४.१.४ खेली गीत

ख्याल ठट्टा गरी मनोरञ्जनका साथ गाइने गीत नै खेली गीत हो भनी डम्बरवहादुर थापा बताउँदछन् । यो गीत दुई वा सो भन्दा बढी व्यक्तिहरुको समूहमा

गाइन्छ । यसको गायन प्रक्रिया निकै रमाइलो हुन्छ । बाद्यबादन र अभिनयात्मक नृत्य यसमा अनिवार्य हुन्छ । मादले , नर्तकी , गायक ,जोकर , जस्ता पात्रहरुले अभिनय गरी महत्वपूर्ण नृत्य प्रस्तुत गर्दछन् । नर्तकीहरु आफनो पहिरनमा महिला तथा पुरुष भई नाच्दछन् । जोकरले अनौठो अभिनय गरी मनोरञ्जन गराउने यस गीतमा गायक प्रमुखले गीत झिकी अन्यले छोप्ने गर्दछन्। विभिन्न संघ संस्थाको आर्थिक सङ्कलनमा समेत यस गीत प्रयोग गरिन्छ । टोपी, रुमाल फिजाई चन्दा मागिन्छ । मगर समुदायमा यो गीत बढी प्रचलित छ ।

### ४.१.५ सालैजो गीत

"सालैजो"थेगो प्रयोग गरेर गाइने गीतलाई सालैजो गीत भनेर चिनिन्छ । पुरानो समयमा बहुविवाह गर्ने सामजिक परम्परा अनुसार अन्यलाई भन्दा सालीलाई नै प्राथमिकता दिएर विवाह गर्नका लागि फकाउने गरिन्थ्यो । उखान अझै चर्चित छ **गुन्द्रुकलाई पकाउन पर्दैन सालीलाई फकाउन पर्दैन** भनेर । तर समय र पस्थितिअनुसार संस्कृति तथा परम्पराहरु पनि परिवर्तित भइरहने गर्दछन् । आजभोलि बहुविवाहलाई कानूनले नै कडा प्रतिबन्ध लगाएको छ भने सालीलाई बहिनीकै रूपमा हेरिन्छ । त्यसैले त अहिले भन्ने गरिन्छ **नातामा प्यारो साली भेना** । साली र भेनाका बीचमा हाँसो ठट्टाभने अझै पनि हुने गर्दछ । गीतमा प्रश्नोत्तर गर्दा भेनाले सालीलाई सालीज्यू भन्दै जिस्काएर लयात्मक रुपले गीत गाउने क्रममा गीतको नाम सालीज्यू रहन गयो र पछि आएर सालैजोका रूपमा प्रचलित हुन गएको कथन सालैजो गाएक डम्बर बहादुर थापाको छ । लोकगायक धर्मराज थापाका अनुसार **उमेर घर्किएका बूढाबूढी मगर्नी आमाहरुले आफना चेलीवेटी नानीहरुलाई छोप भनी साउनमा कोदो रोप्दा बारीमा बसेर यो भाका मुक्तकण्ठले गाउँछन्** भन्दै ठाडो सालैजो र तेर्सो सालैजोको रूपमा वर्गीकरण गरेका छन् ।

#### ४.१.५.१ ठाडो सालैजो गीत

स्वर नघुमाइकन छोटो र ठाडो पाराले गाइने सालैजोलाई ठाडो सालैजो भनेर चिनिन्छ । ठिटा ठिटीहरुले खुब चर्को स्वरमा गाउने यस सालैजोमा वाद्यको भूमिका महत्वपूर्ण मानिन्छ ।

#### ४.१.५.२ तेर्सो सालैजो गीत

स्वरलाई घुमाएर ढिलो लयमा सुरुवात गरिने र लेग्रो तानेर गाइने गीतलाई तेर्सो सालैजो भनेर चिनिन्छ । यसमा तीब्र आरोह अवरोह हुन्छ । दोहोरी सालैजोमा कहिले मूल लयमा दोहोरी हुन्छ भने कहिले गीत र टुक्का बीच दोहोरीको तालमेल गराइएको हुन्छ । केटाले गाएको सालैजोमा केटीद्वारा टुक्का गाइने र केटीले सुरू गरेको गीतमा केटाले टुक्का गाउने गरेको पाइन्छ भने छोप्ने र दोहोर्याउने कार्य भने समूहमा नै हुन्छ । महिला र पुरूषका बीचमा टुक्काबिहीन एकोहोरी सालैजो पनि हुन्छ ।

### ४.१.६ शिरफूले गीत

बेनी जगन्नाथ क्षेत्रमा मगरजातिहरुले परम्परागत संस्कारका रूपमा मनोरञ्जन प्रदान गर्ने चलन चल्तीमा रहेको गीत शिरफूले गीत हो । सालैजोमा जस्तै यस गीतको बीचमा पनि शिरफूलेमाया थेगो प्रयोग गरिन्छ । पुरूष र महिला दुबैको समान सहभागितामा एकोहोरी वा दोहोरी दुबै रूपमा गाउन सकिने यस गीतमा गीतको सुरूवात महिलाले गरेमा पुरूषले टुङ्ग्याउने र पुरूषले झिकेमा महिलाले गीत दोहोऱ्याइ सामूहिक स्वर दिने गर्दछन ।

एकोहोरी प्रक्रियामा टुक्काको प्रयोग गरिदैन भने दोहोरीमा दोहोरी प्रकृतिका टुक्काहरु हुन्छन् ।

#### ४.१.७ नानीरलै गीत

मेलापात तथा घाँसदाउरा गर्न जाँदा लामो लेग्रो तानेर शब्दलाई स्वरले घुमाएर गाउने गीत नै नानीरलै गीत हो  भनेर यस क्षेत्रमा चिनिन्छ । एकोहोरी वा दोहोरी दुबै तरिकाले गाउन सकिने यो गीत बृद्धबृद्धाहरुको रोचकगीत मानिन्छ ।

#### ४.१.८ झ्याउरे गीत

झाम्रे गीत भनेर चिनिने यो गीत जुनसुकै समयमा एकोहोरी वा दोहोरी तरिकाले विशेषतः ठिटाठिटीद्वारा छिटो लयमा गाइने सजिलो गीत हो यो । बाद्यबादन र नृत्यको प्रयोग हुने यो गीतमा जोस र जाँगरले भरिएका ठिटाठिटीका बीच प्रेमसम्बन्ध कायम भई विवाह समेत हुने गर्दछ ।

#### ४.१.९ रेरे साँइलो - साँइली  गीत

यसक्षेत्रमा धेरैजसो प्रौढहरुले गीत गाइसकेपछि रेरेररे रे रे साँइलो भन्दै गाउने यो गीत भैच साँइलो भनेर पनि चिनिन्छ । कामकाजको बीचमा तथा अन्त्यमा र फूर्सदका समयमा समेत एकोहोरी वा दोहोरी दुबै रुपमा  यो गीत प्रस्तुत गरिन्छ ।

#### ४.१.१० कीर्तन गीत

देवीदेवताका नाममा घर तथा मन्दिरहरुमा गाइने गीत नै कीर्तन गीत हो । चार घण्टे आठ घण्टे , बाह्र घण्टे ,चौबिस घण्टे जस्ता समय सीमा बाँधेर वा नबाँधिकनै पनि  यो गीत गाइन्छ । बाजा प्रयोग गर्दा नृत्य समेत प्रस्तुत गरिन्छ ।

#### ४.१.११ सवाई गीत

गण वा मात्राको खासै प्रवाह नगरिकनै रचना गरिने घटना वर्णनको विषयवस्तु प्रमुख हुने गीत नै सवाई गीत भनेर चिनिन्छ । यो गीत धेरै जनाले गाउने भए तापनि खासगरी एकजनाले मात्र गाउने प्रचलन बढिरहेको छ । वीर, भक्ति, करूण जस्ता रसहरु हुने यस्ता गीतहरुमा बाद्य र नृत्य भने हुदैन ।

#### ४.१.१२ साँइला साँइली गीत

गीतको सुरूमा नै साँइला साँइली थेगो प्रयोग हुने हुनाले नै यस गीतलाई साँइला साँइली गीत भनिएको पाइन्छ । झ्याउरे गीत भैँ ढिलो गतिमा गाइने यो गीत पुरूषले साँइली थेगो बाट र महिलाले साँइला थेगो बाट सुरूगरी खेतीपाती तथा वनपाखामा समेत गीत घन्काउन पुग्दछन् भने नृत्य र बाद्यको प्रयोग हुदैन ।

#### ४.१.१३ बारूलै गीत

प्रेम र विरहको अभिब्यक्ति पाइने यस गीतमा ब्यङ्ग्यको भाव समेत पाइन्छ । विशेष गरी ठिटाठिटीहरुद्वारा गाइने यस गीतमा पहिलो र दोस्रो चरणको चार वा पाँच अक्षर पछि बारूलै थेगो प्रयोग हुन्छ ।

#### ४.१.१४ ठोक्का गीत

मुड्कीको प्रहार भन्दा पनि कडा मानिने यस्ता गीतहरुले व्यङ्ग्यको वाण हिर्काउने गर्दछन् भने मानवीय भावना पनि त्यतिकै मात्रामा बोकेका हुन्छन् । गोठाला खेताला युवक युवतीका बीच वा एक गाँउ र अर्का गाँउका युवक युवकका बीचमा छेडछाडयुक्त लयात्मक भनाइ नै ठोक्का गीत भनेर चिनिन्छन् । यो गीतमा दुई पक्षले धोको पोखेको सुन्दा स्रोताहरुले भने भरपुर आनन्द लिएका हुन्छन । गीत गाउँदा गाउँदै एउटा पक्ष कमजोर भएमा भौतिक आक्रमण समेत गर्न पछि नपर्ने र अश्लील शब्दको प्रयोग गर्दा आपसी वेमेलको स्थिति आउने गर्दछ तैपनि नियममा बाँधिएर अनुशासित भई अश्लील शब्दहरुलाई हटाउन सक्ने हो भने यो एक रोचक र तिखो लोकलय हुन सक्दछ । तालीकै माध्यमबाट प्रोत्साहन गरिने यस गीतमा बाद्य र नृत्यको भने प्रयोग हुँदैन ।

### ४.१.१५ ओखा गीत

उपचार विधिसँग सम्बन्धित यो गीत धामी झाँक्री राख्ने प्रथासँग सम्बन्धित छ । अझै पनि यस क्षेत्रमा औषधी उपचारका क्रममा धामी झाँक्री राख्ने प्रथा कायमै देखिन्छ । धामीले बिरामीको वरिपरि घुम्दै ढ्याङ्ग्रो हान्ने गर्दछन् । ढ्याङ्ग्रो वा थाल ठटाउँदै यो गीत गाउँदा धामी काम्ने गर्दछ । देवीदेवता पुकारी बिरामीको रोग पत्ता लगाउने मान्यताले यो गीत गाइन्छ भने धामीले डालीमा चामल, भेटी र बालेको दियोमा स्याउला र फूलले झपक्कै पार्न लगाउँछ ।

## ४.२ बाह्रमासे गीतहरु

### ४.२.१. बाल गीत- हास्य रस




प्रस्तुत बालगीत मिति २०६८ फागुन २५ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी १० वर्षीय सुदिप्ता पौडेलले गाएकी हुन् । अध्ययन पेशा गर्दै आएकी गायिका पौडेलले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा उठेर गाएकी हुन् । यिनले गाएको

चीँ मुसी चीँ चीँ , गुँडैमा चल्ला ।<br>
त्यती सानो मुसीको,कति ठुलो हल्ला ।।<br>
चल्ला लागे रून ,माउले खायो धान ।<br>
पुच्छर तान्दा चुँडियो , समात त्यसको कान ।।<br>
छोप्न खोज्दा लर्कियो , मुसो पस्यो दुलामा ।

\+ + + +

चे लाखे भुत ।

आन्द्राभुँडी थुत ।<br>
लाखेको आन्द्राको सिरानी हाली सुत ।<br>
हामिले दिउँला तैले खालास् ।

भात र दुध ।

\+ + + +

दगुर कुइरा दुगुर ,
तेरो घर चोर पस्यो,
थोत्रो नाङ.ला बजायो,
भाँडाकुँडा पल्टायो ,
मदुस फोरी धन चोऱ्यो ,
झ्यालढोका फुटाल्यो ,
पानी पोख्यो सगरमा ,
घैंटो फाल्यो बगरमा ,
दगुर छिटो दगुर ,

\+ + + +

जाडो भयो जडेनी ,
आगो देऊ थपेनी ,
थपेनीका छोराछोरी, अन्न न पानी,
बुढो गोरू मऱ्यो खुट्टा तानी,
एक मुठी पिठो देऊ न, बाहुनी नानी

\+ + + +

घामपानी । घामपानी ।स्यालको विहे ,
कुकुर जन्ती । बिरालो भान्से ,
बिरालोको छोरीले खान्न खान्न भन्छे ,
राजाकी छोरीले काँ पाई भन्छे ,
थुईक्क । थुईक्क ।। थुईक्क ।।।

\+ + + +

उकुची मुकुची लौवा लास ,
साउनमास केरा पाके ।
नुन ,ढुक ,चुक , फुक ।।
इङ. ,पिङ.,साटी पिङ.,
मुसाले खायो भिटामिन ।
भिटामिनको पोको,
डाक्टससाहेब बोको ,
डाक्टरसाबको फोन नम्वर ,
एक दुई तिन ।।

\+ + +

रातो पैसा गन्दा गन्दै ,
एउटा छोरो पायो ।
त्यो छोरालाई पाल्दा पाल्दै ,
छुचुन्द्रोले खायो ।
थुइया बुढा ।थुइया । बूढी
दुःख मात्रै पायो ।।

\+ + +

ओक्कल दोक्कल पिक्कल चार ,भोली पर्सि माङ.लेवार ।

काठे घाडो रूपासीँ ,
फर्काई तेरो ,
दाईने देब्रे हात ।।
\+ + +
ऐया वावा घैया पाके ,च्युरी कुटाइदेऊ न ,
पारी पारी जन्ती आए ,बेहुली लुकाई देऊ न ।
च्युरा खाँदा दाँत दुख्यो दुधमा भिजाई देऊ न ।।
\+ + + + + +
सानो बाजा टिन्टीमिन्टी , ठुलो बाजा घुन्न ।
दारीजुङ.गा पालेकालाई , छोरी दिन हुन्न ।।
\+ + +
टिन्टी ,मिन्टी टिन्टी ट्याम ,
तिम्री छोरी बिन्ती लाम
घुन्नभ्रुयाइँ प्याँ थुँरी ह्वाँ ।
\+ + +
यत्ति नाना फाट्यो , मुसाले काट्यो ,
सिलाईदेऊन दमाई दाई ।
\+ + +
घामलाई  छाता पानीलाई बर्साती ,
गाउन गीत मुखैमा सरसोती ।

### ४.२.२ गोठाले गीत-संयोग शृङ्गार रस

प्रस्तुत गोठाले गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट स°लन गरिएको हो । यो गीत पुलाचौर-५, चिप्लेटी निवासी ५७ वर्षीय दलबहादुर खत्रीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक खत्रीले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्रा· णमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः



[illegible]
गाइदेउ गीत कलेके भन्लातो ?
घाँस काटौँ बारीको दूधिलो,
भयो भेट मन भयो उजिलो।
घाँस काट्ने बारीको कान्लेखेत,

कालले साँचे जिउ बाँचे होला भेट।
खेती बिग्र्यो कुनाकानी, कर्म विग्र्यो जानाजानी,
चोखो मायाँ लगाउनलाई, के को आनाकानी।
\+ \+ \+ \+ \+
टप-टप टिपी लेखैको ताना,
माथिबाट आयो कुम्भैराना।
सिंहिनी बगिनी ऐरा गैछ,
ऐराबाट मुसामारी ल्याइछ।
मुसी मैले चीललाई दिएँ,
चीलले मलाई प्वाँख दियो।
प्वाँख मैले आरन हालैं,
आरनबाट सियो पाएँ।
सियो मैले दमैलाई दिएँ,
दमैले मलाई टोपी दिए।
टोपी मैले गोठालालाई दिएँ,
गोठालाले मलाई घाँस दिए।
घाँस मैले गाईलाई दिएँ,
गाईले मलाई दूध दिईन्।
दूध मैले गङ्गालाई ढोलैं,
गङ्गाबाट सहर पाएँ।
सहर मैले राजालाई दिएँ,
राजाबाट घोडा पाएँ।
घोडा गयो तिरैतिर,
मैले खाएँ खीरैखीर।
घोडा गयो छड्की,
म आएँ फरकी

### ४.२.३ एकोहोरी यानिमयाँ गीत : शान्त रस

प्रस्तुत एकोहोरी यानिमयाँ गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-७, डडुवा निवासी ८८ वर्षीय भिमवहादुर बानियाँले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक बानियाँले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :



हा...कामी दाइको आरनैमा यानिमया,

फलामको रेट माया निमया, हा... हो...
मायानि मया फलाम कोरेट।
हा... काँको तिमी, काको हामी यानिमया,
जोग मेसाले भे ट हो या नि म या,
जो ग मेसाले भेट स ल ल ल सुईय।
हा... जता फर्क्यो तारे भीर यानिमया,
उतै लर्क्यो खर, यानिमया।
चोखो माया लगाउँ त नि यानिमया,
फेरम केर लर, यानिमया।।
हा... डाँडै चिरी कुलो ल्यायो, यानिमया,
दशै मुरी खेत, यानिमया।
जोगमेसाले भेट यानिमया।।
हा... सलले काटुँ, बलले बोकूँ, यानिमया,
खरबारीको खर, यानिमया।
जुनी राजै गै पो सक्यो, यानिमया,
अझै लाग्ने रहर, यानिमया।।
हा... यता तान्दा उता जानी, यानिमया,
मदानीको सर, यानिमया।
मलाई जस्तो धोका खाँत, यानिमया,
कस्लाई छर, यानिमया।।
हा... बगी जाने खोली जस्तो, यानिमया,
दुईदिनको चोली, यानिमया।
छाडी जानी जिन्दगी यो, यानिमया,
आज होकी भोलि, यानिमया।।

दोहोरी यानिमयाँ गीत (ख)- श्रृंगार रस

केटाः हा...... छादीसक्यो भेत हुन यानिमयाँ,
घत्यो बाउवल यानिमयाँ,
सैंको साठी भेट भयो यानिमयाँ,
साइतैको फल यानिमयाँ,
केटीः हा..... ढान कुती चामूल ट यानिमयाँ,
मकै पिसी आतो यानिमयाँ,
हिड्ने कुनै थेगान छैन यानिमयाँ,
बैराकीको बातो यानिमयाँ,
केटाः हा... त्याप्प तिपी डुडै आउने यानिमयाँ,
डुलैलरी पाट यानिमयाँ,
ख्याल ख्यालैमा गयो जुनी यानिमयाँ,,
टेही पो लाउच खाँट यानिमयाँ
केटीः हा... लायो बरै मुसिर मैना यानिमयाँ,
आफ्नो बाली स्यार्नु यानिमयाँ,
गको जुनी नैर याउनी यानीमयाँ,
खाट लाइर क्यार्नु यानिमयाँ,
केटाः हा.... एउता लौरी काली काथको यानिमयाँ,

एउता लौरी डार यानिमयाँ,
आज सङ्गै हाँसखेल गरम यानिमयाँ,
भोली कालीपार यानिमयाँ,

केटीः हा... डुई डिनको जिन्डगानी यानिमयाँ,
वगीजानी खोला यानिमयाँ,
भेत भा बेला गाइदेऊ गीट यानिमयाँ,
जे ट हुनी होला यानिमयाँ,

केटाः हा... साउनमास जन्म लियौ यानीमयाँ,
वासको छोरा टामा यानीमयाँ,
नदुलेको रनबन यानिमयाँ,
नपाएको फाम यानिमयाँ,

केटीः दरलाग्दो टारे भीर यानीमयाँ,
रहरलाग्दो खर यानिमयाँ,
कीरो होइन भालु होइन यानीमयाँ,
केलाई मान्चौ दर यानिमयाँ,

**४.२.४ ठाडो खेली गीत : श्रृंगार रस**

प्रस्तुत ठाडो खेली गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी ५६ वर्षीय खड्ग बहादुर दर्जीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक दर्जी यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :



केटाः- हा... चौतारी त चौतारी, बिसाउने चौतारी।
भेटिन्छ कि कहिलेकाहीँ मन मिल्ने दौतारी?

केटीः- हा... हो... हा... है... हो... ।

केटाः- उकालीको चौतारीमा, वरपीपलको जोडी ।
विदेश पस्न मन थिएन, जन्म घर छोडी।।

केटीः- हा... हो... जन्मघर छोडी ।

केटाः- छायाँ त छायाँ, वरपीलको छायाँ ।
जति टाढा गएपनि, जन्मघरको मायाँ ।।

केटीः- हा... हो... हा... है... हो... ।

केटाः- एउटा रूख सलक्कैको, अर्को रूख कुप्रो ।
जाँ गए नि प्यारो लाग्ने, आफ्नै खरको झुप्रो ।।

केटीः- हा... हो... आफ्नै खरको झुप्रो ।

केटाः- जूनतारा त जूनतारा, आकाशैको जूनतारा ।
प्यारो आफ्नै जन्मघर, आफ्नै संसार ।।

केटीः- हा... हो... हा.... है... हो... ।
केटाः- ढकमक्क लालीगुराँस, लेकको त्यो वन ।
जति दुःख भए पनि, यहिँ रमाउने मन ।।
केटीः- हा... हो... यहीं रमाउने मन ।
केटाः- मुरली त मुरली, तीरीरीरी मुरली ।
यहीं रून्छन् न्याउली, यही नाच्छन् जुरेली ।।
केटीः- हा... हो... हा... है... हो... ।

### ४.२.५ चुड्के खेली गीत : करूण रस



प्रस्तुत चुड्के खेली गीत मिति २०६८ मंसिर २२ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४, उपल्लो चौर निवासी ६० वर्षीय डिलमती दर्जीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउसो घाम लागेको वेलामा पुलाचौर गा.वि.स.भवनको प्रा· णमा वसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :

केटा : हा... हिउँद बर्खा खडेरी, बाँझै भो खेत पनि ।
केटा+केटी : हिउँद वर्खा खडेरी, बाँझै भो खेत पनि ।।
केटा : हा... भेट पनि, भेट पनि, मनमा माया छैन कि हुदैन भेट पनि ।
केटा+केटी : मनमा माया छैन कि हुदैन भेट पनि,
मनमा माया छैन कि हुदैन भेट पनि ।
केटा : न्याउलीले रोयर मेरै गीत गायो कि ?
केटा+केटी : न्याउलीले रोयर मेरै गीत गायो कि हो ।
केटा : लायो कि, लायो कि, हितको मया तोडेर अन्तै पो लायो कि ?
केटा+केटी : हितको माया तोडेर अन्तै पो लायो कि ? -२
केटा : हा... दिनमा झल्को उनैको, रातीमा सपनी ।
केटा+केटी : दिनमा झल्को उनैको, रातीमा सपनी ।
केटा : म पनि, म पनि एक्लो वर भएर, बसेछु म पनि ।
केटा+केटी : एक्लो वर भएर, वसेछु म पनि । -२
केटा : हा म बैरागी सधैको, के लाउँथ्यो डर पनि ?
केटा+केटी : म वैरागी सधैको, के लाउँथ्यो डर पनि ?
केटा : हा... भर पनि, भर पनि, दुई दिने चोलाको भएन भर पनि ।

केटा+केटी : दुई दिने चोलाको भएन भर पनि । -२

### ४.२.६ तेर्सो खेली गीत- शान्त रस

प्रस्तुत तेर्सो खेली गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-१, पुरून्डी निवासी ५७ वर्षीय बुधीसरा दर्जीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्रा· णमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :



केटा : सङ्गै बसेको, सङ्गै बसेको, सम्झना छ कि बिर्सनु छ र ?
सङ्गै बसेको ।
केटी : हे... हे... ।
चुड्का : मादले मारूनी नाचौला छमछम ।
आगनैको दर्शकलाई पारौला रमझम । -३
केटा : धौले रैछ थार, धौले रैछ थार, हिमालमुनि कछेडमा,
धौले रैछ थार ।
केटी : हे... हे... ।
केटा : रैछ एकै वार, रैछ एकै वार, हाँस्ने खेल्ने भनेको त,
रैछ एकै वार ।
चुड्का : माछियाले फूल पाऱ्यो खोलीको वगर,
यतिमा राम्रो पिरती हाम्रो विर्सने नगर । -३
केटा : फाल्यो गिडरा, फाल्यो गिडरा, मालिङ्गोको चोया काडी,
फाल्यो गिडरा ।
केटी : हे... हे... ।
केटा : पाऱ्यो वितारा, पाऱ्यो वितारा, बैमानीको सङ्ग गर्दा,
पाऱ्यो वितारा ।
केटी : हे... हे... ।
चुड्का : वनपाखा गाई चराउँदा भेट भको दिन,

कुराकानीको रमाइलोमा मन छैन छुट्टिन ।     -३

### ४.२.७  ठाडो एकोहोरी सालैजो गीत ः करूण रस

केटा ः हा...सालैजो ,मायासँग भेट हाम्रो भाको ः बेनीको मेलामा ।
केटी ः हा ... सालैजो  बेनीको मेलैमा ।
केटा ः हा... सालैजो मनै र खोली बोल्देऊ न नानी , भेटभाको बेलैमा
केटी ः हा ...सालैजो भेटभाको बेलैमा ।
केटा ः हा ... सालैजो सधैको दुखी सधैको रोगी ,दिन काट्न गाह्रो भो ।
केटी ः हा ... सालैजो दिन काट्न गाह्रो भो
केटा ः हा ... सालैजो नौनी भैं थियो त्यो तिम्रो मन ,ढुङ.गाभैं साह्रो भो ।
केटी ः हा ... सालैजो ढुङ.गाभैं साह्रो भो ।
केटा ः हा ...सालैजो यो मन भाछ गह्रुङ.गो भारी , मनभरी भारी पिर ।
केटी ः हा ...सालैजो मनभरी भारी पिर ।
केटा ः हा ...सालैजो सधैको दुख आँखामा आँसु ,ओराली लाग्यो शिर  ।
केटी ः हा ...सालैजो ओराली लाग्यो सिर ।
केटी ः हा ... सालैजो वनमा  रून्छ न्याउली चरी ,हाँगैमा बसेर ।
केटी ः हा ... सालैजो  हाँगैमा बसेर ।
केटा ः हा ... सालैजो म रून्छु एक्लै सक्दिन हिँड्न , खरानी घसेर ।
केटी ः हा ... सालैजो खरानी घसेर ।

### ४.२.८ ठाडो दोहोरी सालैजो गीत ः शृङ्गार रस



प्रस्तुत ठाडो दोहोरी सालैजो गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४, तल्लोचौर निवासी ७२ वर्षीय छम वहादुर हमालले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक हमालले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्रा· णमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

पुरुष : हा...सालैजो, [illegible] कोरी र बाटी , चिटिक्कै परेकी ।
पुरूष समूह : हा...सालैजो, चिटिक्क परेकी ।
पुरूष : हा...सालैजो, छौ साह्रै राम्री के काम  परी ,बैंसीमा भरेकी।
महिला : हा... सालैजो , लेकको चरी डुल्न र घुम्न ,बैंसीमा भरेकी।
महिला समूह : हा...  सालैजो बैंसीमा भरेकी ।
महिला : हा... सालैजो , मायालु जोडी भेट्छुकी भनी ,साइतै गरेकी ।
पुरूष : हा ...सालैजो , यो नौलो माया चिनजान छैन ,बोलाउने  कसरी
पुरूष समूह : हा ...सालैजो, बोलाउने कसरी ?

पुरूष : हा.. .सालैजो, भेट भयो हाम्रो कसकी हौ छोरी ,कसकी हौ बुहारी पुरूष
समूह : हा... सालैजो , कसकी हौ बुहारी ?
महिला : हा... सालैजो, मायालु संग खेल्नलाई मन ,लाको छ जुआरी।
महिला समूह : हा...सालैजो , लाको छ जुआरी ।
महिला : हा...सालैजो , अहिले सम्म कन्ये केटी , भा छैन बुहारी ।
महिला समूह : हा...सालैजो , भाछैन बुहारी ।

### ४.२.८ टुक्काविहीन तेर्सो एकोहोरी सालैजो गीत : करूण रस

हा... बाखरीलाई निगाली झाँप्रो सालैजो, गाईलाई चरन,
हा... गाईलाई चरन ।
हा... कुन ठाउँमा जन्मी कुन ठाउँमा हुर्की सालैजो, कहाँ होला मरन,
हा... कहाँ होला मरन ।।
हा... मायाको चिनो त्यो जाले रूमाल सालैजो, खसिगयो पानीमा,
हा... खसिगयो पानीमा ।
हा... छाडिर जाने निष्ठुरी वस्यो सालैजो, आँखैको नानीमा,
हा... आँखैको नानीमा ।।
हा... ढुकुमा ढुकु धानै र कुटम् सालैजो, दशैको वेलीलाई,
हा... दशैको वेलीलाई ।
हा... जे परे पनि मै छाड्ने छैन सालैजो, हितैको चेलीलाई,
हा... हितैको चेलीलाई ।।
हा... वनैमा डुल्ने मिर्गको पाठो सालैजो, गावैँमा झरेको,
हा... गावैँमा झरेको ।
हा... मनको ऐरी गावैंमा भाको सालैजो, क्या जोगान परेको,
हा... क्या जोगान परेको ।।
हा... माथिमा लेक जोगी ध्यान वस्यो सालैजो, हातैमा तिर्सुल,
हा... हातैमा तिर्सुल ।
हा... बालखैदेखि लाएको मयाँ सालैजो, कहाँ गइर विर्सुला,
हा... कहाँ गइर विर्सुला ।।
हा... वारिमा पर्‍यो सोलेको डाँडो सालैजो, सोलेपारि तमान,
हा... सोलेपारि तमान ।
हा... मनको कुरा मनैमा राख सालैजो, अर्कै आयो जमाना,
हा... अर्कै आयो जमाना ।।

### ४.२.१० टुक्काविहीन तेर्सो दोहोरी सालैजो गीत : संयोग शृङ्गार रस



प्रस्तुत टुक्काविहीन तेर्सो दोहोरी सालैजो गीत मिति २०६८ मंसिर २२ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-५, नयाँगाउँ निवासी ७० वर्षीय टेकबहादुर पाइजाले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक पाइजाले यो गीत दिउसो घाम लागेको वेलामा पुलाचौर गा.वि.स.भवनको प्रा· णमा वसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :

पुरूष : हा... सिरूपाटे कम्मर पीपलपाटे ओठ सालैजो, सोह्र वर्षे वैसैमा

पुरूष समूह : हा... सोह्र वर्षे वैसैंमा ।।

महिला : हा... कालीको टिरमा वेनीको वजार सालैजो, टेहीँ माठि सल्ला वन,

महिला समूह : हा... टेहीँ माठि सल्ला वन ।

महिला : हा... हिटैको माया लरके जोवन सालैजो, भेत हुन लाग्ने मन,

महिला समूह : हा... भेत हुन लाग्ने मन ।।

पुरूष : हा... जरैमा काती मडानी सर सालैजो, तुप्पै काती कलम,

पुरूष समूह : हा... तुप्पै काती कलम ।

पुरूष : हा... मायाको खालमा यो डुखी आयो सालैजो, लाई वुन्चु सलाम,

पुरूष समूह : हा... लाई वुन्चु सलाम ।

महिला : हा... यो नौलो खाल यो नौलो माया सालैजो, गीटैको चरन,

महिला समूह : हा... गीटैको चरन।

महिला : हा... मनमुतु साँची राखेर आए सालैजो, मै डिउँला सरन,

महिला समूह : हा... मै डिउँला सरन ।

पुरूष : हा... डुःखीको मन शिटलो भयो सालैजो, हरियो फाँतले,

पुरूष समूह : हा... हरियो फाँतले ।

पुरूष : हा... मायाको खालमा मै घुम्डै आको सालैजो, ढोका र खाँटले,

पुरूष समूह : हा... ढोका र खाँटले।

महिला : हा... आकासै माठि चील गिड्ड घुम्यो सालैजो, जूनै पो छुन्च कि,

महिला समूह : हा... जूनैलाई छुन्च कि?

महिला : हा... यो नौलो मया घरबारे भए सालैजो, ढोका पो हुन्च कि,

महिला समूह : हा... ढोका पो हुन्च कि?

पुरूष : हा... काफलै गेडी रसिलै पाकी सालैजो, भईमा झरेको,

पुरूष समूह : हा... भईमा झरेको।

पुरूष : हा... रूपैकी रानी साँचै पो हो कि सालैजो, खेलथत्ता गरेको,

पुरूष समूह : हा... खेलथत्ता गरेको।

महिला : हा... मै कन्ये केटी उर्लडो बैंस सालैजो, सोह्र वर्षे जीवन,

महिला समूह : हा... सोह्र वर्षे जीवन।

महिला : हा... कुमार हौ भने मै भोर परे सालैजो, बुजाइडेऊ यो मन,

महिला समूह : हा... बुजाइडेऊ यो मन।

### ४.२.११ टुक्कायुक्त तेर्सो एकोहोरी सालैजो गीत : संयोग शृङ्गार



प्रस्तुत टुक्कायुक्त तेर्सो एकोहोरी सालैजो गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-१, पुरून्डी निवासी ८८ वर्षीय पृतसिंह दर्जीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक दर्जीले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

मन खोलेर बोल्नु नि लाजै भो ।

गीत : हा ... बरिखा लाग्यो खेती र पाती सालैजो , हिउँदैमा पिरती ।
हा हिउँदैमा पिरती ।
हा ...दुःख र सुख बाड्नलाई साथी सालैजो ,यै हाम्रो धरती ,
यै हाम्रो धरती ।।

टुक्का : खोलाखोली पानीको जरूवा,
अन्तै माया भयो कि सरूवा ।

गीत : हा ...सधैंको चिसो सिमखेत हेर सालैजो , टारीमा सुख्खा छ ,
टारीमा सुख्खा छ ।
हा ... जतिको काम गरे तापनि सालैजो , दुखको दुख्ख छ ,
दुखको दुख्ख छ ।।

टुक्का : टारी खेतलाई बनाउकी कुलो ?
गरि देऊ न माया ले मन ठुलो ।

गीत : हा ... डाडै र माथि गुराँसै फूल्यो सालैजो , चैतको बेलामा ,
चैतको बेलामा ।।
हा ... आऊ संगै बसी हाँसखेल गरौ सालैजो , बेनीको मेलामा ,
बेनीको मेलामा

टुक्का : बेनी भन्दा अर्थुङ्गे अल्को छ ,
जाँ गए नि मायाको झल्को छ ।

गीत : हा ...माछी त हुन्छ पानी ताल भित्र सालैजो , बगरमा हुदैन ,
बगरमा हुदैन ।
हा ... माया त हुन्छ यो मुटुभित्र सालैजो , रूपैया हुदैन ,
रूपैया हुदैन ।

टुक्का : माया तिम्ले नगर पिर ,
तिम्रो माया कलेजी छेउनिर ।

**४.२.१२. टुक्कायुक्त तेर्सो दोहोरी सालैजो गीत ः संयोग शृङ्गार रस**

केटा टुक्का ः कोरी बाटी चिटिक्क परेकी ,
कहाँ जाने साइतै गरेकी ?
गीत ः हा ...यो नौलो माया भेटियो आज सालैजो , बहुत सालैमा ,
बहुत सालैमा
हा ... हाँसो र रङ्ग गरौंकी माया ? सालैजो , दोहोरी खालैमा ,
दोहोरी खालैमा ।।

केटी टुक्का ः लेकबाट बेँसीमा झरेको ,
तालको माछा जालैमा परेको ।
गीत ः हा ...खडेरी प-यो उजाड वन सालैजो , बाँझो छ गैरी खेत ,
बाझो छ गैरी खेत ।
हा ... मरेर गए यत्तिकै होला सालैजो ,बाँचे त हुन्छ भेट ,
बाँचे त हुन्छ भेट ।।

केटा,टुक्का ःघाँस काटौं बारीको कान्लेखेत ,
कालले साँचे मै बाचे हुन्छ भेट ।
गीत ः हा ..टाढाको माया ,उकाली सालैजो भेटघाटै नहुनी ,
भेटघाटै नहुनी ।
हा ...एकलै बसी मायालु रूनी सालैजो , एकलै म रूनी ,
एकलै म रूनी

केटी,टुक्का घाँस काटौं बारीको मल्लातो ,
सँगै बसौं कल्ले के भन्ला तो ?
गीत ः हा ... सानो मा सानो गाईको बाच्छो सालैजो, भीर नभै चर्दैन ।
भीर नभै चर्दैन ।
हा... मर्दको छोरा हो भने माया सालैजो ,डर मान्नु पर्दैन ,
डर मान्नु पर्दैन ।।

केटा टुक्का ः तिम्रो मन छ भने हेर ,
बसौं संगै घरवार जोडेर
गीत ः हा ... तिम्रै छ आशा , तिम्रै छ भर सालैजो , तिम्रै हो यो जीवन ,
तिम्रै हो यो जीवन ।
हा ... जिन्दगीभरी साथैमा राखु सालैजो , नगर सानो मन ,
नगर सानो मन ।

केटी टुक्का ः मायालुको तस्विर आँखैमा ,
समाउ हात मै बस्छु काखैमा ।
गीत ः हा ... तिम्रै छ मलाई दिनमा झल्को सालैजो , तिम्रै छ सपनी ,
तिम्रै छ सपनी ।
हा ... दुःखमा रून्छु , सुखमा हाँस्छु सालैजो , साथ दिन्छु म पनि ,
साथ दिन्छु म पनि ।

दुबै , टुक्का ः भेट भयो सम्झेर रूनीलाई,
बाचा कसम चौरासी जुनीलाई ।

**४.२.१३ टुक्कायुक्त एकोहोरी शिरफूले गीत ः करूण रस**

प्रस्तुत टुक्कायुक्त एकोहोरी शिरफूले गीत मिति २०६८ फागुन २५ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी २८ वर्षीय दुर्गा बानियाँले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका वानियाँले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा उठेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :




टुक्का : [illegible] ,
सधैँ रुनी बनायो कर्मले ।
गीत : घाँसमा काट्न जानु छ सधैँ वन र पाखामा , वन र पाखामा ,
हा ... माया , शिरफूले माया , वन र पाखामा
हा ... सधैको दुःख सधैको पीर , आसु छ आखामा , आँसु छ आखामा ,
हा ....माया ,शिरफूले माया आँसु छ आँखामा ।।
टुक्का : खोला खोली पलायो न्युरो ,
पलाएनन म माथि मन तिउँरो ।
गीत : सुरिलो गयो बासैको लिङ्गो, भुइँ छोयो टुप्पैले ,भुइँ छोयो टुप्पैले,
हा ... माया शिरफूले माया , भुई छोयो टुप्पैले ।
हा ... यो बेलासम्मन् घरबार छैन , के ग-यो रूाले , के गयो रूपैले ,
हा ...माया शिरफूले माया , के गयो रूपैले ।
टुक्का : सम्फी ल्याउदा मन साहै रून्च,
फरालेर मरूँकी भ्कै हून्च ।
गीत : गेत र बारी बन्धकी बस्यो , मै डुबें रिनैमा ,मै डुबें रिनैमा ।
हा ... माया शिरफूले माया , मै डुबें रिनैमा ,
हा ... न्याउली जस्तै रोएर हिड्छु बैंसको दिनैमा , बैंसको दिनैमा ,
हा .... माया शिरफूले , माया बैंसको दिनैमा ।।
टुक्का : बाँच्नु प-यो , साहुको रिनमुनि,
अन्धकार लाग्दै छ दिन पनि ।
गीत : कस्तो दिनमा जन्म भयो , यो दुःख पाउनलाई ,यो दुःख पाउनलाई ,
हा ..माया शिरफूले माया ,यो दुःख पाउनलाई ।
हा ... न घरमा अन्न , पेटभरि खान , न लुगा लगाउन ,
हा ... माया शिरफूले माया , न लुगा लगाउन ।।
टुक्का : साथ दिने कोइ छैन सइँसाथी ,
दैव दशा लागेछ मै माथि ।
गीत : आफना भन्ने बस्दछन मेरै , तमासा हेरेर , तमासा हरेर ,

हा ...माया शिरफूले माया ,तमासा हेरेर ,
हा ... न सुख हुन्छ , न लान्छ टिपि , काललले घेरेर , काललले घेरेर ,
हा ... माया शिरफूले माया , काललले घेरेर ।।
टुक्का : सधैंभरि रोईबस्न भन्दा ,
मर्नै पाए हुन्थ्यो कि आनन्द ।

**४.२.१४ टुक्कायुक्त दोहोरी शिरफूले गीत : वियोग शृङ्गार रस**

केटा , टुक्का : वर्खा लाग्यो खेटी र पाटी ,
हिउँद लाग्यो माया र पिरटी ।
गीत : हा.. माया र पिरटी ..।
हा ..माठिमा प-यो,सिङ्डाको डाँरा,टल प-यो रहुखोला,टल प-यो रहुखोला ।
हा ... रिमै शिरफूले माया , टल प-यो रहुखोला ।
हा ..ढेरैमा भयो छुटिम भको,भेट हुने कहिले होला भेट हुने कहिले होला
हा ...रिमै शिरफूले माया ,भेट हुने कहिलेहोला ।।
केटी टुक्का : टाराको माया लगाउनु ठियो ,
लाइर माया भन् डुःख ठपियो
गीत : हा...भन् डुःख थपियो ।
हा..रानी वनभरी गुँरासै फूल्यो,वन भयो धकमक्क,वन भयो भकमक्क ।
हा ... रिमै शिरफूले माया , वन भयो भकमक्क ।
हा .. हिटैको मायाको भजल्को लाउँडा,मै परेँ अकमक्क,मै परेँ अकमक्क,
हा ... रिमै शिरफूले माया , मै परे अकमक्क ।।
केटा टुक्का : टारा पाई टारैको खेट ,
हुन्च भेट माया ले समजे ट ।
गीत : हा ...मायाले समजे ट ..।
हा ... समजना राखे म आउँचु कान्छी , गलेश्वर मेलैमा ,गलेश्वर मेलैमा
हा .. रिमै शिरफूले माया , गलेश्वर मेलैमा ,
हा ..मनको धोका,पु-याउँला कान्छी,भेत भाको वेलैमा,भेत भाको बेलैमा,
हा ...रिमै शिरफूले माया , भेत भाको बेलैमा ।।
केटी टुक्का : भरे दाजु मंसिरको बेलामा ,
होला भेत गलेश्वर मेलामा ।
गीत : हा .. गलेश्वर मेलामा ..।
हा ...टाराको माया , न चिठ्ठि खवर , न चिनो साथैमा , न चिनो साठैमा ,
हा ... रिमै शिरफूले माया , न चिनो साठैमा ,
हा ... माया हिटैको मायालाई ,अर्काले टानी,लान्चकी हाटैमा , लान्चकी हाटैमा ,
हा ... रिमै शिरफूले माया , लान्च कि हाटैमा ।।
दुबै : टिमि मेरो म टिउँरो हुनी ,
संगै जीवन विताउला डश जुनी ।

**४.२.१५ टुक्काविहीन एकोहोरी शिरफूले गीत : करूण रस**



प्रस्तुत टुक्काविहीन एकोहोरी शिरफुले गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनीजगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-३, उपल्लोचौर निवासी ७० वर्षीय

केटा : हा.. चिठ्ठिमा लेख्ने सेतो

केटाः हा..चिठ्ठीमा लेख्ने सेतो कागज मेरो, रातो छ कलम ।

केटी : रातो छ कलम

केटा : हा ..माया शिरफूले माया,

दुबै : रातो छ कलम ।

केटा : हा.. यो नौलो गाउँमा ,मायाको नाउँमा ,लाई बुन्छु सलाम,

केटी : लाई बुन्छु सलाम,

केटा : हा.. माया शिरफूले माया,

दुबै : लाई बुन्छु सलाम,

केटा : एक्लो जीवन विताउनै गाह्रो , कस्तो आयो जमाना,

केटी : कस्तो आयो जमाना,

केटा : हा ... माया शिरफूले माया,

दुबै : कस्तो आयो जमाना ,

केटा : हा ... मायाको खालमा यो दुखी आयो , पिर कत्ति नमान ,

केटी : पीर कत्ति नमान ,

केटा : हा ..माया शिरफूलै माया ,

दुबै : पीर कत्ति नमान ,

केटा : हा .. उर्लेर आयो यो म्याग्दी खोला ,माछी फाल्यो तिरैमा ,

केटी : माछी फाल्यो तिरैमा ,

केटा : हा ...माया शिरफूलै माया ,

दुबै : माछी फाल्यो तिरैमा ,

केटा : हा ... भेत भाको बेला दुःखीको वचन , राखी देउः शिरैमा ,

केटी : राखिदिन्छु शिरैमा ,

केटा : हा ..माया शिरफूले माया,

दुबै : राखिदिन्छु शिरैमा ।

केटा : रिमी हैं झिमी पानी हैं प-यो ,यो रानी बनैमा,

केटी : यो रानी बनैमा ,

केटा : हा... माया शिरफूले माया ,

दुबै : यो रानी वनैमा ,

केटा : हा.. यो वेलासम्म सहारा छैन , पीर प-यो मनैमा,

केटी : पीर प-यो मनैमा ,
केटा : हा .. माया शिरफुले माया,
दुबै : पीर प-यो मनैमा,

**४.२.१६ टुक्काविहीन दोहोरी शिरफूले गीत : संयोग शृङ्गार रस**

केटा : हा... लेकको वन ढपक्कै ढाक्यो , लालीगुँरास फूलेर ,
समूहः लालीगुँरास फूलेर ,
केटा : हा .. माया शिरफूले माया,
समूहः लालीगुँरास फूलेर ।
केटा : हा .. माया लाई भनि मै आएँ कान्छी घर पनि भुलेर ,
समूहः घर पनि भुलेर ,
केटा : हा .. माया शिरफूले माया ,
समूहः घर पनि भुलेर ।।
केटी : हा ... फूलैको थुड.गा टपक्कै टिपी मै लाउछु शिरैमा ,
समूहः मै लाउछु शिरैमा ,
केटी : हा .. माया शिरफूले माया ,
समूह :मै लाउछु शिरैमा ,
केटी : हा.. भेट भयो आज हितैको माया , विरह र पीरैमा ,
समूह :विरह र पीरैमा,
केटी : हा. .माया शिरफूले माया,
समूह :विरह र पीरैमा,
केटा : हा .. यो वनकुञ्ज मायाको साथ रमाउँदै म डुल्थे ,
समूह : रमाउँदै म डुल्थे ,
केटा : बालकै देखि लाएको माया ,
समूह : बीचैमा किन भुल्थे ,
केटा : हा ...माया शिरफूले माया ,
समूह : बीचैमा किन भुल्थे ,
केटी : हां....लरके जोवन उर्लदो बैश मोहनी बोलीमा ,
समूह : मोहनी बोलीमा ,
केटी : हा .. माया शिरफूले माया ,
समूह : मोहनी बोलीमा ,
केटी : रोएर मात्र मै कति बसु , दुई दिने चोलीमा ,
समूह : दुई दिने चोलीमा
केटी : हा ..माया शिरफूले माया ,
समूह : दुई दिने चोलीमा ।

**४.२.१७ एकोहोरी नानीरलै गीत : वियोग शृङ्गार रस**



प्रस्तुत एकोहोरी नानीरलै गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी ७५ वर्षीय फूलमती दर्जीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउँसो घाम

हा ... चैत जाँदा वैशाखमा , सालको पात पलाई नानी रलै ।
जल्लाई देख्यो माया लाउनी । यो बेलीमा मलाई नानी रलै ।।
हा ... सय साठी गाईको वथान , नाम राखेको रछु नानीरलै ।
सगर दुःखी घर बादलले , पन्छी दु ःखी म छु नानीरलै ।।
हा... गड.गाजीको ढुड.गा टिपी , नाँ डाडाँ काटम्ला नानीरलै ।
नरोइ बसे प्यारी तिमी , मै चिठ्ठी पठाम्ला नानीरलै ।।
हा ... धरती फोरी जन्म लियौ , बाँसको छोरा तामा नानीरलै ।
यै मन राजी यै मन काजी , यै मन ऐले धामा नानीरलै ।।
हा ... फरक्क फर्कियो ,पिपलु पात नानीरलै।
छोड्नु भने माया लाग्छ ,न लैजानु साथ नानीरलै ।।
हा ... लेकै फूल्यो लालीगुँरास ,वनै भयो टम्म नानीरलै ।
फेरि भेटहुदैरला , नमरून्जेलसम्म नानीरलै ।।
हा ... उरालेर बजाउने त म्रिदावली दाम नानीरलै ।
जनकपुरमा सिताजी त अजूध्यामा राम नानीरलै ।।
हा ... गुरासैको फूल टिपी , लगाइदिउला शिरमा नानीरलै ।
चाडै फर्कि आउनु प्यारी , नै बसे पीरैमा नानीरलै ।।
हा ... माथि लेककैलासमा शिवजीको बास नानीरलै ।
नै त माया साथ लायो , नै त टुट्यो आशा नानीरलै ।।
हा.. सुन भनेर कसि लाको ,पितलपो रैछ नानीरलै ।
मेरै भनि जोवान दिएको अरिकैकी भैच नानीरलै ।।
हा... चौतारीमा वरपीपलु ,कता प-यो छायाँ नानीरलै ।
दुःखीयाले केलाई पाउथ्यो ,वैगुनीको माया नानीरलै ।।
हा ... रनवन ढकमक्क , लालुपाते फूल नानीरलै
कहिले माया ओखती त कहिले माया शुल नानीरलै ।।

### ४.२.१८ दोहोरी नानीरलै गीत : संयोग शृङ्गार रस



प्रस्तुत दोहोरी नानीरलै गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी ४० वर्षीय वीरबहादुर खत्रीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक खत्रीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स.भवनको प्राङ्गणमा बसेर गाएका हुन् । यिनले

केटा - भैंसी उठी चर्न गयो, खाली

केटा- भैसी उठी चर्न गयो खाली घुम्छ ताल, नानीरलै ।
भेट भयो दोबाटैमा, के छ समय साल नानीरलै।।
केटी - कता गयो मिर्ग बथान, कस्तुरीको फाल नानीरलै।
हिउँद गए वर्षा लाग्छ, यै छ समय साल नानीरलै।।
केटा - पसलैमा जीरा मरिच, किन्नेले पो किन्छ नानीरलै।
यै हो फाल कस्तुरीको, शिकारीले चिन्छ नानीरलै।।
केटी - जनकपुरमा सीताजी त, अजुध्यामा राम नानीरलै।
पसरभरि मोहोर पैसा, लागेन नि काम नानीरलै।।
केटा - लेकै फूल्यो लालीगुराँस, औलै फूल्यो टाँकी नानीरलै।
हित्त चित्त मिलेपछि, के रह्यो र बाँकी नानीरलै।।
केटी - उर्ली आयो कालीगङ्गा, छेवै हान्यो हल्को नानीरलै।
जहाँ पुगे नि ठैनीबरा, लाइरहन्छ झल्को नानीरलै।।
केटा - खाम कि नखाम भयो मलाई, दूधमाथिको तर नानीरलै।
गाउँछु गीत फेरम धोका, अलि यता सर नानीरलै।।
केटी - दूधमाथिको तर काटी, देवतालाई धुप नानीरलै।
रङ्ग धोका पुऱ्याउनलाई, पाएको यो रूप नानीरलै।।
केटा - दुईदिने यो जिन्दगानी, कर्कलीको पानी नानीरलै।
कहाँ हो तिम्रो रस्तीबस्ती, कसकी छोरी नानी नानीरलै।।
केटी - पुला मेरो रस्तीबस्ती, मुखियाकी छोरी नानीरलै।
गरौं चिनजान गाइदेऊ गीत, होला मनै भोरी नानीरलै।।
केटा - खोलै साइला खोलै माइला, डाङ्डुङे र खोला नानीरलै।
गाइदेऊ गीत भइम भेट, जे र हुनी होला नानीरलै।।
केटी - जति खायो उती मीठो, दूधमाथिको तर नानीरलै।
काँ हो तिम्रो रस्तीबस्ती, काँ हो तिम्रो घर नानीरलै।।
केटा - काटी ल्याउँछु खोजी ल्याउँछु, देउ नियालीको सर नानीरलै।
चौरगाउँमा रस्तीबस्ती, जिम्बालको छोरा नानीरलै।।

**४.२.१८ टुक्कायुक्त एकोहोरी झ्याउरे गीत (परिवर्तित अन्तरायुक्त) : करूण रस**

गीत : रोइरहन भन्दा , मर्न पाए हुन्थ्यो कि आनन्द ?
टुक्का : हा .. मालुवा मऱ्यो बन्दुकैले , माछी मऱ्यो जालले ,
एक मरे विछोड हुन्छ, दुबै लैजा कालले ।
गीत : दुई दिन भेट नहुदा , डाडाँकाडा रसायो म रुँदा ।
टुक्का : हा.. माछी पाल्यो सागरैलै , चरी पाल्यो वनले ,
लाको माया छाडी नजा, भन्छ मेरो मनले

गीत : सुरती , लाम कि नलाम ,जुक जाने पिरती ?
टुक्का : मयुरको भाले पोथी, गयो वन डुल्न ,
सानै देखि लाको माया , कँा सक्छु र भुल्न ।
गीत : तिर्सना , लाको माया सकिन बिर्सन ।
टुक्का : हा ... भिमसेनलाइ बोका दिउला , देउरालीलाई पाती ।
खोजीमेली भेट गराइदिउन, मन मिल्ने साथी ।
गीत : गलेश्वर मनको माया भेटाइदेऊ परमेश्वर ।
टुक्का : कपनीको फेरो मार्न , कुखुराको भाले ।
मैले खोजे एउटालाई , मिल्छ अर्का खाले
गीत : टुनी ,सोचे जस्ता कहिल्यै नहुनी
टुक्का : हा.. एउटा लौरो कालीकाठको, एउटा लौरो दारको ,
बोली बचन फेरी फेरी , माया एकै बारको ,
गीत : जुगैलाई भने , लाको माया फेरूला नभने ।
टुक्का : उही वनमा चिलाउनी त , उही वनमा सल्लाघारी ।
म छु वारी बीचमा गंगा माया खोलापारी
गीत : रुनी ,माया लाउनी भेट कैल्यै नहुनी ।
टुक्का : हा ... उर्ली आयो काली म्याग्दी, छेउछेउ प-यो भुल्का,
धेरै छन् है शत्रुवैरी, नसुनीदेउ उल्का ।
गीत : नसुने कुरा, धेरै छन् है वैरी र सत्तुर ।

### ४.२.२० टुक्कायुक्त एकोहोरी झ्याउरे गीत : करूण रस (स्थायी अन्तरायुक्त)

प्रस्तुत टुक्कायुक्त एकोहोरी झ्याउरे गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-५, नयाँगाउँ निवासी ३०/२० वर्षीय शान्ती थापा/मिना/देवी पुनले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायिकाहरूले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्रा· णमा उठेर गाएका हुन् । यिनीहरूले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :



गीत : बहिनीका दया छ भने, राधाघर दाइ नाच्यो नभने
टुक्का : हा .. उहि डालिमा कोइली चरी ,उही डालिमा मैना ,
गाईदेऊ गीत लाइदेउ माया , गरौं मनमा चैन।
गीत : बहिनीको दया छ भने , रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा..जाल हान्यो जालरीले , माछी मा-यो टाँकी
बाघको छोरा नाघको, छोरा सकुलाकी मार्न

गीत : बहिनीको दया छ भने , रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा.. कस्तो रैछ कस्तुरी त, देख्नै पाइन विना
तिमी उस्तै हामी उस्तै, डर मान्छौ किन ,
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा.. चौतारीको वरपीपलु , दुनियाँलाई छायाँ ,
उडी जाने वैगुनीलाार्इ, ब्यर्थै लाग्यो माया ।
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा.. सेतो माटो कमेरोत, रातोमाटो गेरू ,
बाली विग्रे मल हालुला, कर्मै बिग्रे क्यारू ।
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा ..उराठ लाग्दो चैत महिना ,हरिभङ्ग वन ,
के हेरेर मन बुझाउने, मान्दैन यो मन ।
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा ...हरियो छ रानी वन, झाङ्गीएको टुनी ,
आजभोलि भन्दा भन्दै, गइपो सक्यो जुनी ।
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।
टुक्का : हा...चौतारीमा एक्लो वर, एक्लो प-यो छायाँ ,
दुखियालाई किन मिल्थ्यो, बैगुनीको माया ?
गीत : बहिनीको दया छ भने, रोधीघर दाइ नाच्यो नभने ।

### ४.२. २१ टुक्कायुक्त एकोहोरो झयाउरे गीत : संयोग शृङ्गार रस
(स्थायी अन्तरायुक्त लरिलै भाका)

गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।
टुक्का : चुयाको डोको, पुवाको नाम्लो , पुवाकै वरियो ,
असली माया, लगाउछु भन्दा जालैमा परियो ।
गीत : लरिलै, लाको माया छाड्दिन बरिलै ।
टुक्का : घाँस काट्ने गोठालाको , खुर्पेटोमा आँसी ,
दुईदिने छोटो जीवन, बिताउ हाँसी हाँसी ।
गीत : लरिलै, लाको माया छाड्दिन बरिलै ।
टुक्का : बर्षे दिनको तिहारैमा, तगालोमा तोरन
कुन दिनमा जन्म लियौ , कहिले होला मरन ।
गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।
टुक्का : महारानीलाई परेवा जोडी , मालिकालाई बोको ,
भाकल गरे देवी देवता , पुग्ला मनको धोका ।
गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।
टुक्का : कसले सक्छ छेक्न थुन्न , गण्डकीको भेल ,
किन सुन्थे बैरीउल्का , नभइन्जेल मेल ।
गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।
टुक्का : चारैतिर हरियो वन , माझमा शितल छायाँ ,
रुखै साक्षी राखी लगाऊँ अजम्बरी मायाँ ।
गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।

टुक्का : बाङ्गो गयो चिलाउने त , सोभ्हो गयो टुनी
यै वनमा हाँस खेल गर्ने , यही बसी रूनी ।
गीत : लरिलै , लाको माया छाड्दिन बरिलै ।

### ४.२. २२ टुक्कायुक्त दोहोरी भ्र्याउरे गीत
### (क) संयोग शृङ्गार रस

प्रस्तुत टुक्कायुक्त दोहोरी भ्र्याउरे गीत मिति २०६८ फागुन २५ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-८, भीरमुनि निवासी ३०/२० वर्षीय पूजा/सुदिता विश्वकर्मा/ उषा पाईजाले गाएका हुन् । अध्ययन पेशा गर्दै आएका गायिकाहरूले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्रा·णमा उठेर गाएका हुन् । यिनीहरूले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :




केटा , गीत : माया कस्ती नम्वरी सुनजस्ती , भेटे माया पूर्णेकी जूनजस्ती ।
टुक्का : हिउँद लागे दाउरा घाँस, वनको वनैमा
हितको माया भेटभयो आज , खुशी छ मनैमा ।
केटी , गीत : मायासँग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।
टुक्का : लेकैमा प-यो रस्ती र बस्ती , औल प-यो खेत ।
हितैको माया बिरानो भयो , हुनै छाड्यो भेट ।
केटा , गीत : माया कस्ती नम्वरी सुनजस्ती , भेटे माया पूर्णेकी जुनजस्ती ।
टुक्का : कता प-यो मुना मच्छिम , कता प-यो उमे ।
मायालु ज्यानलाई भेट्छुकी भनी , दशै दिशा घुमे ।
केटी , गीत : मायासंग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।
टुक्का : कता प-यो ताकम कोट , कता पयो ढोर ।
मनको माया टाढा खोज्छौ , छाड्यौ क्यारे सोर ।
केटा , गीत : माया कस्ती नम्वरी सुनजस्ती , भेटे माया पूर्णेकी जुनजस्ती ।
टुक्का : धानको वाला लरी र बरी , कोदोको कपनी ,
दिनमा आउने मायाको भल्को ,रातमा सपनी ।
केटी , गीत : मायासंग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।
टुक्का : आधा बाली पाकी सक्यो , आधा बाली काँचो ,
मुखले ठीक्क पारेको हो कि , लगायौँ माया साँचो ।
केटा , गीत : माया कस्ती नम्वरी सुनजस्ती , भेटे माया पूर्णेकी जुनजस्ती ।

टुक्का : माया त तिम्रो कलेजो भित्र , देखाउन सक्दिन ,
मर्दको बोली हुदैन झुटो , शङका गर्छौ किन ।
केटी , गीत : मायासंग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।
टुक्का : जाली र झुटो जमाना आयो, कसको मान्नु भर ।
दुईदिने माया लगाउनलाई ,किन गर्छौ कर ।
केटा , गीत : माया कस्ती नम्वरी सुनजस्ती , भेटे माया पूर्णेकी जुनस्ती ।
टुक्का : पहाडको घर काम र धन्दा ,पाइन मौका मैले,
तिमीलाई भेट्ने भनेरै कान्छी ,धाएकै हुँ ऐले ।
केटी , गीत : मायासंग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।
टुक्का : बाटै र मुनी बाटै र माथि , ऐंसेलुको घारी,
मनमा होला अर्काको बास , नबोल ठीक्क पारी ।
केटा , गीत : माया कस्ती नम्बरी सुनजस्ती , भेटैं माया पूर्णेकी जूनजस्ती ।
केटी , गीत : मायासंग भेटभाको दिन , छुटिनलाई मन छैन एक छिन ।

### ४.२.२३ टुक्कायुक्त दोहोरी झ्याउरे गीत

### (ख) संयोग श्रृंगार रस

गीत : हा ... एक्लो पीपल एक्लै छ वर,साथ दिने दुःखीको को छ र ?
ठिटा : हा ...एक्लो पीपल एक्लै छ वर,उकालीमा टेक्ने लौरो समाउनेमा बाङ्गो।
हा ...एक्लो पीपल एक्लै छ वर, न छ मेरो टेक्ने डाली न समाउने हाङ्गो ।
ठिटी : हा ... एक्लो पीपल एक्लै छ वर, उकालीको चौतारीमा पानाी खाने धारा ,
हा ... एक्लो पीपल एक्लै छ वर,दिन्छौ भने मै थामूला पिरतीको भार ।
दुबै : हा ... एक्लो पीपल एक्लै छ वर, साथ दिने दुःखीको को छ र ?
ठिटा : हा ... एक्लो पीपल एक्लै छ वर, नचिनेको नजानेको गण्डकीको तीर ,
हा ... एक्लो पीपल एक्लै छ वर, धन भए सबले लान्थे कल्ले लान्छ पीर ।
ठिटी : हा ... एक्लो पीपल एक्लै छ वर, एक्लै डुल्छु रनवन एक्लै खान्छु काफल ,
हा... एक्लो पीपल एक्लै छ वर, विश्वास भए तिम्रो पीर आफनै भनी ठान्छु
दुबै : हा ... एक्लो पीपल एक्लै छ वर, साथ दिने को छ र दुःखीको ?
ठिटा : हा ... एक्लो पीपल एक्लै छ वर, गाई बस्ने गाई गोठ माछी बस्ने कुर ,
हा ... एक्लो पीपल एक्लै छ वर, रूख चढाई फेद ढाल्ने छ कि तिम्रो सुर ।
ठिटी : हा ... एक्लो पीपल एक्लै छ वर, आकाशको जुनघाम हातले छेक्दैन ,
हा ... एक्लो पीपल एक्लै छ वर,अरूजस्तो धर्मछाडा बानी मेरो छैन ।
दुबै : हा ... एक्लो पीपल एक्लै छ वर, साथ दिने को छ र दुःखी को ?
ठिटा : हा .एक्लो पीपल एक्लै छ वर, लेकै फूल्यो लालीगुँरास औल फूल्यो प्याउली ।
हा ... एक्लो पीपल एक्लै छ वर,सबको मनमा धर्म भए किन रून्थ्यो न्याउली ।
ठिटी : हा ... एक्लो पीपल एक्लै छ वर, विश्वासमा अडेको छ यो दुनिया सारा ।
हा ... एक्लो पीपल एक्लै छ वर,दिनमा आउछ घामको ज्योती रातमा जुनतारा ।
दुबै : हा ... एक्लो पीपल एक्लै छ वर, साथ दिने को छ र दुःखी को ?
ठिटा : हा ..एक्लो पीपल एक्लै छ वर,कसले सुन्छ कसले बुझ्छ दुनिया को कुरा
हा ... एक्लो पीपल एक्लै छ वर,देखाई हिँडछन् फूलथुँङ्गा धसी हिँड्छन छुरा ।

ठिटी : हा ... एक्लो पीपल एक्लै छ वर, दिनरात एकै देख्ने मानिसको मति,
हा ... एक्लो पीपल एक्लै छ वर, छामी हेर मुटु भित्र तिम्रो माया कति ।
दुबै : हा ... एक्लो पीपल एक्लै छ वर, साथ दिने को छ र दुःखी को ?
ठिटा : हा .. एक्लो पीपल एक्लै छ वर, वनको आगो सबै देख्छन देख्ने छैनन मनको ,
हा ...एक्लो पीपल एक्लै छ वर, मायाप्रिती तोडी कोही खोजी गर्छन धन।
ठिटी : हा ..एक्लो पीपल एक्लै छ वर, चोखो माया चोखो प्रिती चोखै छ यो मन,
हा ... एक्लो पीपल एक्लै छ वर, माया पनि टिक्दैननी धन नभै कन ।
दुबै : हा .. एक्लो पीपल एक्लै छ वर, साथ दिने को छ र दुःखी को ?
ठिटा : हा .. एक्लो पीपल एक्लै छ वर,दुई दिने छोटो चोला माया हुन्छ मनमा ,
हा ..एक्लो पीपल एक्लै छ वर, चोखो माया पीरती लाई नजोखौ है धनमा।
ठिटी : हा .. एक्लो पीपल एक्लै छ वर,जन्म देखि मर्दा सम्म त्यही धनको पीर ,
हा .. एक्लो पीपल एक्लै छ वर,लोभी स्वार्थी हुनाले नै झुक्यो सबको शिर
दुबै : हा ...लाली जोवन नफालौ खेर , मायाप्रिती धनमा जोखेर ।

## ४.२. २४ टुक्काविहिन एकोहोरो झ्याउरे गीत

### (क) करूण रस



प्रस्तुत टुक्काविहिन एकोहोरो झ्याउरे गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ५५ वर्षीय थिरीलाल सुवेदीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक सुवेदीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

घास काटी बारीको गोगन , माया लाउन माला लाई नभने ।
मायालु लाई जाम भन्दा भन्दै , दुनियाँले चाल पाए नभन्दै ।
सँगसँगै जाम भने जाम त नि , दई चार दिन घुमेर आम तनि ।
नेटो काटी जाम भने पनि , तिम्रो झल्को तिम्रै छ सपनी ।
धानको बाला कोदोको कपनी , दिनको झल्को रातको सपनी ।
माया सँग दुई दिन भेट नहुदा , डाँडाकाँडा रसायो म रूँदा ।
हितको माया साथमा नहुदा , सिरानीको खोल भिज्यो म रूँदा ।
जाँ गए पनि मेरै छन कुरा , कति रैछन जोरी र सत्तुर ।
कर्मै मेरो रहेछ कस्तो ,असिनाले झारेको फूल जस्तो ।
सधै रून्छु वनको न्याउलीझैं , ज्यान सुकेर भैसक्यो प्याउली झै ।
पानी पर्‍यो सालघारी करायो, बर्खा लाग्यो भेट हुनै हरायो ।

अल्को डाँडा भत्के नि हुन्थ्यो नि, म रोएको मायाले सुन्थ्यो नि ।
गैराबारी ऐसेलु घारी, आऊ न माया रूखैको छेलपारी
माया तिम्रो बत्तीसैं दन्त, दन्त छाडी जाँदैन मन अन्त
रातो माटो सिन्दुरको साटो रैछौ टाँठो नहिँड यो बाटो

**टुक्काविहीन एकोहोरो झ्याउरे गीत**

**(ख) करूण रस**

हा ...जाम बाटो धोरको माया , टिमी चौड म पन्र माया सोरको ।
हा ...खोलीको तिरैमा माया , साठ डिने कोही छौ कि माया पिरैमाा ।
हा ... के हुन्च के हुन्च माया, जोदी धिकुर डेखे नि माया मन रून्च ।
हा ... थग्न सम्म कर्मैले थग्यो माया , रूँडारूँडै आँसुको माया भल बग्यो ।
हा ... जाम उँडै उँडै माया , कहिले रूँडै कहिले मन माया बुजाउँडै ।
हा ... मेरो माया आउला कि भनीर माया ,भीरको बाटो सम्मै छ माया खनिर ।
हा ... पारी वनमा, मायाले गयो की माया ,वनमा एक्लै न्याउली माया रोयो कि?
हा ... मेरो माया, काँ बसी रोको छ माया , खा को छ कि नखाई माया भोको छ?
हा ... लाली जोवन , भयो नि यस्तो माया ,खदेरीले ओईलाको माया फूलजस्तो ।
हा ... कालीखोला , तिरैमा गलेश्वर माया , फेरी भेत गराइदेउ माया परमेश्वर ।
हा ... रच्छे गर , पौलास्ट्यमुनि माया , सोचेजस्टो कहिले नि माया नहुनी ।
हा ... मेरो माया भेत भाको डिन माया , चञ्चले मन ठाम्नलाई माया सकिन ।
हा ... आज मेरो साइटै कस्तो माया , डेखे माया पूर्णेको माया  जुन जस्टो ।
हा ... जाडु तिम्रो मोहनी बोलीमा माया , डेउ न साठ डुइदिने चोलीमा ।
हा ... टरी आए म्याग्दीको भेलैमा माया ,लाईदेउ माया भेत भाको माया बेलैमा

**४.२.२५ टुक्काविहीन दोहोरी झयाउरे : संयोग शृङ्गार रस**



प्रस्तुत टुक्काविहिन दोहोरी झ्याउरे गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४, उपल्लोचौर निवासी ६० वर्षीय दीलमती परियारले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा बसेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

के कामले मायालु बेनीमा झरेकी ?
केटी : मायासँग मायालु भेट भाको आजै हो ,
मन खोली मायालु बोल्न नि लाजै भो ।
केटा : कस्की छोरी मायालु कस्की हौ बुहारी ?
खोल्देऊ मन मायाले दोधार नगरी ।

केटी : कन्ने केटी मायालु भा छैन बुहारी ।
चिनजान गरी मायालु खेलौन जुहारी ।
केटा : रूपै राम्रो मायालु ,पूर्णेको जुनजस्ती ,
भेँटे माया मायालु लम्बरी सुनजस्ती ।
केटी : मेरो माया मायालु सुन हैन हीरा ,
पीरै पीरले मायालु कलेजी तिन चिरा ।
केटा : अब तिम्ले मायालु नमान पीर ,
मेरो जन्म मायालु हो तिम्रै खातिर ।
केटी : बोटको फूल मायालु , भुइँमा पो झाछौ कि ?
माया लाइर मायालु बीचैमा पाछौं कि ?
केटा : अरूजस्तो मायालु बेइमानी म हैन ,
रूखमा चढाई मायालु फेद मैले काट्दैन ।
केटी : केको भर मायालु हुन्छर बरीको ,
बग्ने लहर मायालु उडने चरीको ।
केटा : छेके मलाइ मायालु मायाको बाधँले ,
सगर थाम्न मायालु गाह्रो त काँधले ।
केटी : बैमानीको मायालु के भर छ र ?
बीच बाटैमा मायालु टुट्छकी रहर ?
केटा : माया तिम्ले मायालु नमान डर ,
तिम्रो धोका मायालु पु-याए हुन्न र ?
केटी : धेरै धोका मायालु धेरै छन खाँत ,
सबै इच्छा मायालु पु-याउछौ काँबाट ?
केटा : माया तिम्ले मायालु भर विश्वास गरे ,
दायाँबायाँ मायालू नजरै नगरे ।
केटी : लालीजोवन मायालु तिमीलाई दिएर ,
बाँच्नु पर्ला मायालु झन् आँसु पिएर ।
केटा : अन्त माया मायालु लाछैन कहिं पनि ,
तिम्रो मन मायालु बुझ्दैन तैपनि ।
केटी : भेट हुदा मायालु सबैले यै भन्छन ,
माया लाइर मायालु छोडेर गैजान्छन् ।

### ४.२.२६ विविध बोलका झ्याउरे (लस्के)गीतहरु

प्रस्तुत विविध बोलका झ्याउरे ( लस्के) गीतह मिति २०६८ फागुन २५ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-३ निवासी ३३ वर्षीय शिव बानियाँले गाएका हुन् । शिक्षण पेशा गर्दै आएका गायक बानियाँले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः



**(क) भीरमा लक्र्यो खर ः करूण रस**

१. घाँस काट्छु वनको चिलाउने मनको कुरा मनैमा बिलाउने ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
२. घाँस काट्ने बाबियो खर , छाडिजाने मायाको के भर ?
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
३. भीरैभरी बाबियो लहरा , तलमाथि झन् ठुलो पहरा ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
४. रङ्गीन फूल हरा र भरा, रस लिन आइपुग्यो भवँरा ।
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
५. फूल टिपी शिरैमा लाऊ कि , प्रकृतिमै घरबार बनाउ कि ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
६. वन्यजन्तु चरी र बरी, हेर्दा राम्रो घुमेका मनपरी ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
७. लालीगुँरास रातै छ फूलेर, नथाकिने रनवन डुलेर ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
८. चिसो हावा सुरिलो भाका, गुञ्जिराख्ने हरियो वन पाखा ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।
९. चौतारीमा सिरीरी बतास, मनभित्रको मायालु कता छ ,
   भीरमा लक्र्यो खर ,जाँ लान्छ कर्मले उही हो मेरो घर ।

**(ख) म्याग्दी खोला तिर ः करूण रस**

१. जिउ सुकेर भैसक्यो प्याउली झैं,एक्लै रून्छु वनमा न्याउलीझैं,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
२. सत्रुको प-यो कि फेरामा , रूँदै छौ कि दुश्मनको घेरामा,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
३. मेरो बाबु काँ बसी रोका छौ , खाका छौ कि खाछैनौ भोका छौ ?
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
४. तिम्रो साथ छाड्दिन भनेर , खान्थे कसम पाँच औला गनेर ,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
५. घर त मेरो पातीले बारेको , रुन मलाई कर्मले पारेको ,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
६. अब मेरो बिग्रियो चाल पनि , किन होला नआउने काल पनि ,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।
७. भयो भेट  सूर्य र चन्द्रको ,तिमी चौध म भएँ पन्ध्रको,
   म्याग्दी खोला तिर , परदेशी हुनाले जिन्दगीलाई पीर ।

**(ग) खोली दोभान ः करूण रस**

प्रस्तुत खोली दोभान गीत मिति २०६८ माघ ३ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित वेनी खुलामञ्च भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-८ निवासी ३५ वर्षीय प्रकाश पौडेलले गाएका हुन् । सञ्चारकर्मी पेशा गर्दे आएका गायक पौडेलले यो गीत दिउसो घाम लागेको वेलामा वेनी खुलामञ्च भन्ने स्थानमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः



१ .लाइर माया दिएनौ भर आँसु बगी भैसक्यो सागर
खोली दोभान बैसैमा नरसै भयो जिवन ।
२. बैमानीले छाडेर गयो , आँसु झरी बरखे भेल भयो ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
३. गाईको बाच्छी उकाली ओराली , ज्यान सुकेर भैसक्यो मुरली ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
४. पग्लिएन पत्थरको मन , गर्दा पनि मुटुमा थापना ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
५. छाडीआँए गाउँघर पधैंरो ,सम्झी ल्याउदा मन हुन्छ अध्यारो ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
६. बढ्दै होला साहुको रिन , यहाँ पनि केही गर्न सकिन ।
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
७. बिरानो भयो जन्मेको गाँउ पनि , फर्किजाने कहीँ छैन ठाँउ पनि ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।

**घ) लाइटर पानफूले ः करूण**

१. फर्की घर आउनु है यसपाली ,खाँउला बरू खोलेमा नुन हाली ,
लाइटर पानफूले, जुन ठाँउमा गए नि माया नभुले ।
२. छैन घरमा भोक लागे के खानी , जौको ढिंडो गुन्द्रुकको झोल खानी ,
खोली दोभान, बैंसैमा निरसै भयो जीवन ।
३. पानी प-यो ,कााँ प-यो असिना शिरमा नाम्लो निधारमा पसिना ,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
४. छैन सञ्च खेतीको बेलामा ,चाडै गरी जानुछ मेलामा,
खोली दोभान , बैंसैमा निरसै भयो जीवन ।
५. हितको माया पसेछौ मुग्लान ,कसो गरी पाल्ने हो जहान ?
खोली दोभान , बैंसैमा निरसै भयो जीवन

**ङ) लाइटर पानफूले ः वियोग शृङ्गार रस**

१. लालीजोवन सररर गैसक्यो खेर, मलाई सम्झी सररर आऊ चाँडै फर्केर ।
२. माया तिमी सररर निष्ठुरी नबन , धान्नै गाह्रो सररर भाको छ जीवन ।

३. आँखा लाउछन सररर सत्तुरले हेरे, पानी विना सररर माछीभैं देखेर ।
४. तिम्रै बाटो सररर हरेर म बस्दा , गयो मेरो सररर कलिलो अवस्था ।
५. तिम्रै रुप सररर झल्झली आउँछ , सम्झनाले सररर दिनरात सताउछ ।

**च) हो नि बरै : करूण रस**

१. खडेरीले घाँस छैन ,वनैमा सधैभरी भुटभटी मनैमा ,
   हो नि बरै घाँस छैन वनैमा , सधैभरी भुटभुटी मनैमा ।
२. आज वन भोलि नी वन , घाँसदाउरा मै बित्ने भो जीवन ,
   हो नि बरै भोलि नि वन ,घाँसदाउरामै बित्ने भो जीवन ।
३. हुरी चल्यो सल्लेरी करायो , बर्खा लाग्यो मन साह्रै डरायो ,
   हो नि बरै सल्लेरी करायो , बर्खा लाग्यो मन साह्रै डरायो ।
४. आज मैले के देखे सपनी , भीरबाट खसेको म पनि ,
   हो नि बरै के देखे सपनी , भीरबाट खसेको म पनि ।

**छ) निर : करूण रस**

१. दाउरा छैनन् निर ऐंसेलु बल्दैनन्,
   छोरा छैनन् निर छोरीले पाल्दैनन ।
२. छोरी भए निर अर्काको हातैमा ,
   छोरा भए निर बाँचुञ्जेल साथैमा।
३ गाई त मरे निर बाघै ले खाला ,
   मै त मरे निर यो जोवन काँ जाला ।
४. घामलाई छाता निर पानीलाई बर्साती ,
   गाइदेऊ गीत निर मुखैमा सरसोती ।
५. देउरालीलाई निर अक्षता पाती ,
   को हुन्छ र निर दुःखमा सैसाथी ।
६. आफनो भन्ने निर भैसके टाढा ,
   स्वार्थी रैछ निर यो पापी संसार ।
७. सुख छँदा निर सबैको हाईहाई ,
   दु :ख परे निर कोई छैनन दाजुभाइ ।
८. न होस जन्म निर मै दुखी हुनलाई,जुनीभरी निर चम्धारा रूनलाई

## ४.२.२७ एकोहोरी रे रे साइँलो गीत : वियोग शृङ्गार रस

प्रस्तुत एकोहोरी रे रे साइँलो गीत मिति २०६८ माघ ३ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित बेनी खुलामञ्च भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-५, हाल दर्वाङ निवासी ६२ वर्षीय वीरवहादुर कार्कीले गाएका हुन् । शिक्षण र लोकगायन पेशा गर्दै आएका गायक कार्कीले यो गीत दिउँसो घाम लागेको बेलामा बेनी खुलामञ्च भन्ने स्थानमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :



मिति : २०६८ माघ ५ गते
बेनी खुल्ला मञ्च

१. गुँरासले झपक्कै छ, रानीलेकको वन साइँलो,
रानी लेकको वन साइँलो ।
जति माया लाए पनि, नरमाउने मन साइँलो ,
नरमाउने मन साइँलो ।।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
२. झाम्रे गीतको पहिलो आखर , क्यारो जाती भैच साइँलो ,
क्यारो जाती भैच साइँलो ।
दिन जान्च भन्थे मैले , जुनी जानी रैच साइँलो ,
जुनी जानी रैच साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
३ . माछापुच्छ्रे भन्ने मात्र, धौलासिरी अल्को साइँलो ,
धौलासिरी अल्को साइँलो ।
जति टाडा भएपनि , उही मायाको झल्को साइँली ।
उही मायाको झल्को साइँलो।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
४. कहिले जाँन्छु ,मेलापात कहिले जान्छु खेत साइँलो ,
घाम डुबी जान लाए , यै खालमा भेट साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
५. उर्ली आयो काली गंगा , तिरै हाल्यो छालले साइँलो ,
बाँचे पछि दुख हुने, छिटै लैजा कालले साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
६. सय साठ्ठी गाइँको बथान , लोस फुकेको फाँट साइँलो
यो बेलामा रून परे , कहिले आउला छाँट साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
७. गाईभैंसीलाई किलो दाम्लो , बाखरीलाई खोर साइँलो ,
आधा जुनी गैरसक्यो,छैन मलाई सोर साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
८. सानो सानो कोरलीलाई , बाबियोको घाँस साइँलो ,
यो जुनीमा यस्तै रैछ,लाग्नै छाड्यो आश साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
९. चौतारीको जोडी पीपल, पीपलसंगै वर साइँलो ,
झोली तुम्बा भिरेपछि, के भयो र डर साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
१०. तिर्खा लाउदा पानी खाउँला, गाउँको ढुङगे धारो साइँलो ,
कहिले यो मन नौनी जस्तो,कहिले यो मन साह्रो साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

### ४.२.२८ दोहोरी रे रे साइँलो गीत : हास्य रस



प्रस्तुत दोहोरी रे रे साइँलो गीत मिति २०६८ माघ ३ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित वेनी खुलामञ्च भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत मराङ, हाल काठमाडौं निवासी ५० वर्षीय खड्ग गर्वजाले गाएका हुन् ।

केटी : बर्षै दिनको तिहारैमा , गाईलाई लाउने दयो साइँलो ,
पानी घाटको नुनथला, के संयोगले भयो साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटा : गोठालाले दाम्लो बाट्यो ,दाहिने देब्रे पोयो साइँला ,
पानी घाटमा नुन थलो , टेलितारले भयो साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटी : दुबै किनारा ढाकी ल्यायो, गण्डकीको भेलले साइँलो ,
फल खाने अरकै छ , चित्त बुझाऊ भलले साँइलो।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटा : खानै परे फलै खाम्ला , भुल्दिन पो नलले साइँलो ,
हाल्नै प-यो देसी पुल , के गर्ला त भलले साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटी : सेतो कागज नीलो मसी , कागजैमा केर्नी साइँलो ,
कस्तो रै छ पाटे बाघ , स्यालले खादा हेर्नी साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटा : खेती भरमा ठुलो मकै,त्यहीलाई लाउने घुन साइँलो
स्यालले खान्छ सड्या मासु , बाघले खान्छ खुन साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटी : बजारमा किनी ल्याउँला , फलामको रेट साइँलो
टाढा भए झल्को मनमा , जोगमेसाले भेट साइँलो
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटा : डाँडै चिरी कुलो ल्यायो, दशै मुरी खेत साइँलो
तिमी घुम्न यस्तै भयो, मै घुमेर भेट साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटी : कोदालाले मकै गोड्ने , बदाम खन्ने कुटो ,
मायाप्रिती भन्नुपनि , लाग्न थाल्यो झुटो साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटा : खेत जोत्ने हलो जुवा , गोरू छैनन घरमा साइँली ,
भेटभा बेला लाईदेऊ माया , जीवन छैन भरमा साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

केटी : दाउरा काट्ने बन्चरोले , घाँस काट्ने आँसी साइँलो ,
जालमा फस्न मन छैन , केलाई पार्छौ फाँसी साइँलो ।

रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।
केटा : स्याइँ बनाई चाना काटौं , ढुङ्गा फोरौं धनले साइँलो ,
एक्लाएक्लै बसूँ भन्दा , मान्दैन यो मनले साइँलो ।
रेरेरेरे रेरे साइँलो, रेरेरेरे रेरे साइँलो ।

### ४.२.२९ कीर्तन गीत : शान्त रस



प्रस्तुत कीर्तन गीत मिति २०६८ माघ २९ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर, म्याग्दी भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ५५ वर्षीय जेमदग्नी पौडेलले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक पौडेलले यो गीत रातको बेलामा पुलाचौरको घरको पिंडीमा वसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :

कृष्णकृष्ण, हरेहरे।।
\+ \+ \+
श्रीकृष्ण गोविन्द हरे मुरारे ।
हे नाथ नारायण बासुदेव ।।
\+ \+ \+
राधेश्याम , राधेश्याम ।
श्यामश्याम ,राधेराधे ।।
राधेकृष्ण, राधेकृष्ण ।
कृष्णकृष्ण,राधेराधे ।।
\+ \+ \+
नमः शिवाय, नमःशिवाय,।
ॐनम भगवते बासुदेवाय ।।
\+ \+ \+
जय विध्नेश्वर ,जय दुर्गे ।
जयजय हरिहरि ,जय सूर्य ।।

प्रस्तुत सवाई गीत मिति २०६० कार्तिक २९ गतेका दिन बेनीजगन्नाथ क्षेत्रमा स्थित पुलाचौर, म्याग्दी भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-३ निवासी ६० वर्षीय जीत बहादुर बानियाले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक वानियाले यो गीत दिनको वेलामा पुलाचौरको चौतारीमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :

ॐजय काली जय काली ।
जय जय महाकाली जय काली ।



सुन सुन जन हो म केही भन्छु,
२००८ सालको सवाई कहन्छु ।
२८ गते असारमा लाखौं सलह आयो ,
सारा अनाज उब्जिएको सबैथोक खायो ।।
पहिला प्रथम पानी आएन घाँसपात भएन ,
दोस्रो कुरा चौपायले वनमा घुम्न पाएन ।
खाने छैन घरभित्र सारदैन फाल ,
अरू थोक केही चाहिएन त्यसै आयो काल ।।
काली म्याग्दी दोबिल्लाको पौलस्त्यको ढुङ्गा ,
त्यही ढुङ्गा पल्टेदेखि संसार भयो बुङ्गा ।
लामो भयो अनिकाल कति घुम्नु गाउँमा ,
जिउको आश मारिसके परमेश्वरको नाउमा ।।
धनी धनी अन्न खाँन्छन गरिब जति गिठा ,
गिठाभ्याकुर खाँदा खाँदा मान्छे भयो सिठा ।
अन्न छ कि भन्ने घरमा धेरै लाग्थे पाहुना ,
घरभित्रका छोराबुहारी हैरान परे ख्वाउन ।।
कोदो मकै बोक्दा बोक्दै फाटे  थैला नाम्ला ,
थैला नाम्ला टालटुल पारी भोली कता जाम्ला ?
आकाशमा सलह आयो भुइँमा प-यो छायाँ ,
कोदो मकै रूख वृक्षको मरिसक्यो माया ।।
कोहिले छोपे एकदुई मुरी कोहिले पच्चिस पाथी ,
भुट्दाखेरी राताराता खादा खेरी जाती ।
अनिकालले गर्दाखेरी छोपे खुरूखुरू ,
आकाशमा हेर्दा खेरी उड्थे भुरूभुरू ।
अन्नसन्न नहुनेले त्यहीको गरे अर्नी ,
भगवानले आँटे अब अनिकाल पार्नी ।
चारैतिर जतातत‍ै सलहको धुइरो,
बर्षा लाग्यो पानी आएन हराइसक्यो कुहिरो ।
सलहको वथान आयो हरेस खायो मनले ,
जातीवित्ति बेसाह खोज्दा केहि पुगेन धनले ।
दश मैनाको खडेरीले सुके सबै मूल ,
आठ सालमा बाढी आयो कोहिले पाएन पुल ।।
सलह खान्थे मानिसले पुच्छर तानी तानी ,
अन्न जति सकिसक्यो गिठा कति खानी ।
अन्न पानी सकिएर ओडार जस्तो घर ,
नहुनेले बेसाह खोज्थे हुने पर पर ।।
भोकले गर्दा  केटाकेटी रोईराखे विहान,
अन्न खान नपाएर सुकाइ सके ज्यान
अन्न खान नपाएर खोज्दै आउथे पुला,
घरमा अन्न नभएर पैचो खोज्थे ठुला ।
गरिब जति मरिसके घुम्दा घुम्दा गाउँमा,
पैला मा-यो समयले दोस्रो मा-यो भाउमा ।
सिस्नो खान्थे मानिसले जरा घोटी घोटी,
अन्न खान नपाएर गर्थे छोटीखोटी ।।
भदौ सम्म बाजो खेत चलेन नि भल,
खानु छैन घर भित्र दिनदिनै कल ।
सलहले मकै खायो बुटा गनी गनी,
अनिकालले गरिव मरे बाचे धनी धनी ।

पूर्व प-यो पाल्पा गौडा उत्तर चिसोपानी,
पश्चिम प-यो गुर्जाघाट दक्षिण डाँडाखानी ।
यति चार किल्ला भित्र प-यो अनिकाल,
धेरै जानी रूपैया पैसा थोरै आउनी माल ।।

**ख) जाडोको सवाई : करूण रस**



प्रस्तुत जाडाको सवाई गीत मिति २०५५ साल मंसिर महिना ११ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर, म्याग्दी भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-३ निवासी ६० वर्षीय शिव कुमारी बानियाँले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका वानियाँले यो गीत घाम लागेको बेलामा पुलाचौरको चौतारीमा वसेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

सुन सुन दाजुभाइ  म केही भन्छु ,
यो ठाउँको जाडोको सवाई कहन्छु ।
फागुन देखि असार सम्म जाडो त्यति हुन्न ,
चैत, बैशाख, जेठ, असार , जाडोले छुन्न ।।
साउनको जाडो गर्भमा थियो ,
भदौमा जाडोले जन्म लियो ।
असोजमा जाडो कोट कोट,
कात्तिकको जाडो गोठ गोठ
मंसिरको जाडो खला खला ,
पुषको जाडो नाउँ राडो ।
माघको जाडोले खालो काडो ।।

**४.२.३१ साइला/साइली दोहोरी गीत : करूण रस**



प्रस्तुत साइला/साइली दोहोरी गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ६० वर्षीय सर्वजित दर्जीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक दर्जीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

केटा : साइँली बाटैमा भेटियो मनको तिर्सना मेटियो ।
केटी : साइँला भेट हुन आएको , चिनो के दिउँ मायाको ।
केटा : साइँली बसन एकै छिन , भेट भाथेन धेरै दिन ।
केटी : साइँला बरिखा लाग्यो ,भेट्न पाइएन आएर ।
केटा : जोवन मायाकै नाउँमा , खबर के छ त ठाउँ ठाउँमा ।
केटी : साइँला हामरै कुरा , चल्छन वनपाखा टाकुरा ।
केटा : साइँली गर्न देउ कुरा , धेरै छन जोरी सत्तुर ।
केटी : साइँला अब त हेर , बसौ अब घरवारै जोडेर ।
केटा : साइँली दिन राम्रो छैन , पर्ख दुई चार महिना ।
केटी : साइँला म एक्लै हुन्छु , डिलमा बसेर रोइरन्छु ।
केटा : साइँली हुदैन बेर , बस मायालाई सम्भेर ।
केटी : साइँला पर्खेर म वस्दा , बित्यो बैशको अवस्था ।
केटा : साइँली दिन राम्रो आउला, बादल फाटेर घाम लाउला ।
केटी : साइँला तिम्रै छ भर , घरवार गर्नलाई सुर गर ।
केटा : साइँली नदुखाउ मन , अब पर्छकी फर्कन ।
केटी : साइँला मान्दैन मन , के छ मायाको सम्भना ।
केटा : साइँली के छ र दिनु जाले रूमाल लैजानु ।
केटी : साइँला एक्लै हुँदा , आँसु पुछौला मै रूँदा
केटा : साइँली हुन्छ नि भेट , छिटै नमरी बाचे त ।
केटी : साइँला नबिर्से मलाई , बिदा है त नि आजलाई ।

**४.२.३२ एकोहोरी बारूलै गीत : करूण रस**

घर छाडी बारूलै बिदेश पसियो , घर न द्धार बारूलै भएर बसियो ।
घरबारी बारूलै बेचेर आएँ, दु : ख सास्ती बारूलै बल्लै पो चाल पाएँ ।
साह्रो गर्मी बारूलै खाडीको घाम, बसे जस्तो बारूलै सधैंको थुनामा ।
काम गर्नुछ बारूलै खटेर रात दिन, फुर्सद भन्ने बारूलै एकैछिन हुदैन ।
साहुको गाली बारूलै हात हुने खाली, जिउमा सञ्च बारूलै भएन यसपाली ।
छ महिना भो बारूलै खाडीमा आएको, अहिलेसम्म बारूलै केहि छैन पाएको ।
न सञ्चो छ बारूलै भएन धन पनि, घरमा आउन बारूलै लाग्दैन मन पनि ।
घरखेत बारूलै साहुले खाएँ , बालबच्चाको बारूलै बिचल्ली बनाए ।
आफनो भन्ने बारूलै भईसके टाढा , अब मेरो बारूलै कोही छैन साहारा ।
हितको माया बारूलै साथमा नहुँदा , डाँडाकाडाँ बारूलै रसाए म रूँदा ।
घर जाँउ त बारूलै हुने भो सर्म , जाँ गए नि बारूलै फुटेको यो कर्म ।
दुःख पाए बारूलै बिदेश धाउनाले , जन्मथलो बारूलै किनारा लाउनाले ।
मेरो कुरा बारूलै सुनिदेऊ तैपनि , स्वदेश छाडी बारूलै नजानु कोही पनि ।

बिन्ती गर्छु बारूलै दुई हात जोडेर , नजाऊ विदेश बारूलै स्वदेश लाई छोडेर ।
वर्षिएछ असिना पानी , नास्यो बाली बारूलै दुःखमा के खानी ?
होचो घर बारूलै कौसिमा ठोकिनी , रैच कर्म बारूलै माको मही पोखिनी ।

### ४.२.३३. दोहोरी बारूलै गीत : वियोग शृङ्गार रस



प्रस्तुत दोहोरी बारूलै गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-१ निवासी ६० वर्षीय वसुन्धरा वानियाले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका बानियाले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा वसेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

केटा : मलाई पीर बारूलै मनमा निकै छ , तिम्लाई सञ्चै बारूलै भैदिए ठिकै छ
केटी : तिम्लाई कस्तो बारूलै भाको छ था छैन, त्यति सञ्च बारूलै मलाई त भा छैन
केटा : छाडी गयौ बारूलै पापीनी भागी, को होला र बारूलै म जस्तो बैरागी ?
केटी : तिमी उल्टै बारूलै दोष दिन्छौ मलाई, डढ्यो मन बारूलै पलाउन्न अबलाई
केटा : जाली कुरा बारूलै गरेर के हुन्छ , सम्झी ल्याउदा बारूलै यो ज्यानको दिल दुख्छ ।
केटी : लाको माया बारूलै गैहाल्यो , हाँसी खुसी बारूलै बाँच न भै हाल्यो ।
केटा : तिमी छाडी बारूलै जाँ गए पनि , तिम्रै झल्को बारूलै तिम्रै छ सपनी ।
केटी : किन देख्यौ बारूलै सपनी पनि , नौलो माया बारूलै घरमै छ थपनी ।
केटा : अर्कैसंग बारूलै हेर , म गरीबलाई बारूलै गै गयौ छाडेर ।
केटी : आफ्नो भन्ने बारूलै कोही पनि भएन , पर्खी बस्दा बारूलै गै गाए छाडेर ।
केटा : हामी किनार बारूलै बीचैमा खोला , आफनो आफनो बारूलै सुर गरे बेस होला ।
केटी : तिमी बिना बारूलै बाँच्दिन म त , पीरै पीरले बारूलै सुक्ने भो रगत ।
केटा : बिर्सिदेऊ भो बारूलै बितेका कुरा , लगाईहाल्यौ बारूलै अर्कैको सिन्दुर ।
केटी : कि त मलाई बारूलै तिमीले मार , कि त भने बारूलै यो जोवान स्यार पार।
केटा : भै त हाल्यौ बारूलै अर्केको नासो ,मलाई किन बारूलै बनाउछौ गलापासो ।
केटी : कि त तिम्ले बारूलै लैजान्छु भन , कि त बुझाउ बारूलै रोएको यो मन ।
केटा : बिर्सिदिउ भो बारूलै अतीतको कुरा , फर्की जाऊ भो बारूलै राम्ररी घर गर।

### ४.२. ३४. ठोक्का गीत : हास्य रस



प्रस्तुत ठोक्का गीत मिति २०६८ मंसिर २२ गतेका दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ३० वर्षीय सवित्री सुवेदीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका सुवेदीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएकी हुन्[७]। यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

पहिलो समूह : माथि लेक कैलाशमा , भैंसी म-यो रोगले ।
आज मैले भात खाइन , तरूनीको शोकले ।।
दोस्रो समूह : तरूनी लाई सम्भी सम्भी, भात नखानेले ।
के को ठोक्का खेल्न आउँछस, जाबो दनासेले ।।
पहिलो समूह : सोभो कुरो गर्छु मैले, बाङ.गो ठानिस तैले ।
फेरि यस्तो बोलिस भने, दन्त गन्छु मैले ।।
दास्रो समूह : जिउ देख्दा सनासे छ, मुख दनासेले ।
त्यस्तो कुरा कहिले सिकिस , चोसे दनासेले ।।
पहिलो समूह : कति आए कति गए, तँ जस्ता त ताँती ।
हामी संग ठोक्का खेल्ने,बाख्री बूढीको नाती ।।
दास्रो समूह : एक धार्नीको टपरीमा, तीन धार्नीको नातो ।
चुपुर चुपुर नगर केटा, भिकी देऊला सातो ।।
पहिलो समूह : बाहिर बाहिर फुर्ति गर्छस ,भित्र तँ होस कङ्गाल ।
हाम्रा अघि धाक लाउने, चोरको बाउ चन्डाल ।।
दोस्रो समूह : जिउ तेरो भ्यागुताको, बाँसको जस्तो तिग्रो।
मन लाग्दो नबोल धेरै, भिकिदिऊँला जिब्रो ।।
पहिलो समूह : सल्लेरीमा चरो उड्यो, खायो त्यसैको बिउ ।
बाहिर भने फुर्ति ठुलो,भित्र लिउचिऊ ।।
दोस्रो समूह : गीत गाँउन हिड्छस जैरे,चिचिभुडी म्याऊँ ।
जस्तो गर्छ बादरले,सधै ट्याउ ट्याउ ।।
पहिलो समूह : तेरो खरको भुपडीमा, एकै भारी घाँस ।
हाम्रा घरको बादलीमा,चामलको रास ।।
दोस्रो समूह : खान्छ्स आलु डुल्छस भालू,बारी भरी नालु ।
हाम्रो चालु गाउका ठालु,भाग्यमानी तालु ।।
पहिलो समूह : बाग्लुङचौर बजारमा, सुकामानो आटो ।
तेरो बाउ मरिसक्यो, छिटो लैजा बाटो ।।
दोस्रो समूह : थाकखोलाकी थकाल्नीले, खेतमा आलु रोपी ।
तेरी आमा जिब्रो,टोकी छिटो निकाल टोपी ।।
पहिलो समूह : तेरी स्वास्नी यता आईछे, म हु तेरो जार ।
निस्की अब भिटी भाम्टा,छिटो तयार पार ।।
दास्रो समूह : तल तल मधेशैमा , आयो ठुलो रोग ।
तेरी छोरी मेरी स्वास्नी,आईजा खुट्टा ढोग ।।
पहिलो समूह : कति किनिस् जिरामरिच,कति किनिस् नुन ।
तेरी बहिनी मैले लगे, आइज खुट्टा धुन ।।
दोस्रो समूह : तेरो कुरा सुन्दै खेरी,म त परे दङ्ग ।

तेरी आमा पोइला आइचे,
हाम्रो बाबु संग ।।

## ४.२. ३५. ठोक्का गीत : हास्य रस



कति ल्यायौ जिरा मरिच, कति ल्यायौ पिप्ला ?
धेरै पिप्ला नखाऊ,बाबु छेरौटेले टिप्ला ।
बाग्लुङको बजारैमा ,झिलिमिली भाँडा ।
दाइकी स्वास्नी त्यती राम्री, मेरी स्वास्नी गाँडा।।
आलु खान पल्किएको, वनको त्यो भालु ।
घर स्वास्नी पोइँला गइछे,जहान केले पालुँ ।
माथि लेक कैलाशमा,भालूले कपाल कोर्‍यो ।
फट्याङ्ग्राले हलो जोत्यो,झिंगाले डल्ला फोर्‍यो ।।
कपाल काट्ने बञ्चरो त ,काठ चिर्ने कैंची ।
आज भैंसी चर्न गयो , गण्डकीको तिरमा ।
पाडो टिपी चिलले लग्यो,कुखुरा लड्यो भीरमा ।।
पल्टी म-यो कमिलो त ,कति खाान्छौ मासु ।
तिम्री छारी मैले लगे, टीका लाईदेउ सासु ।।
घर बनाउदा धुरी बलो, बनाऊ पाती काटी।
राम्री ल्याए भनेको त, स्वास्नी परी लाटी ।।
जुन खोलामा पानी छैन, त्यही खोलामा भोटी ।
आफ्नो पोइलाई निख्ला मकै,नाठे पोइलाई रोटी ।।
बाटामुनी बाटामाथि, फूल फूलेको पाती ।
राम्रा राम्रा तरूनीको, पोई मरेको जाती ।।
माथि लेक कैलाशमा, मकै खाने भालु ।
भालु हो कि भनेको त, रैच गाउँको ठालु ।।
रानी वनको चारैतिर, ऐंसेलुको घारी ।
तेरो बाउ लसुनपुड्के, लामो लामो दारी ।।
ऐंसेलुको घारीमुनि, बुढो भालु बस्छ ।
जोगी रैच तेरो बाउ,सधै खरानी घस्छ ।।
बाउ जोगी आमा बोक्सी, छोरा सुकुलगुण्डो ।
घरमा खानु केही छैन, बोकी हिड्छ चिण्डो ।।

## ४.२.३६. ओखा गीत : शान्त रस

प्रस्तुत ओखा गीत मिति २०६८ मंसिर ५गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-२ पुरून्डी म्याग्दी भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-२ निवासी ७५ वर्षीय रल्ले दर्जीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक दर्जीले यो गीत रात पर्न लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ :

सै... सै... नबै भाइ सिरम सिकारीलाई,
उठी सलाम बसी बिन्ती आयो ।
सै... सै... रनवन डुल्ने, रनवन भुल्ने,
रनवन खेल्ने वनदेवीलाइ,
जलै खेली हिडने, जलैमाथि बस्ने ,
जलैदेवीलाई मेरो बिन्ती आयो ।
उठी सलाम आयो, बसी बिन्ती आयो ।
सै...सै... तिमि गुरू म डाङ्ग्रे ,
इज्जतै पो राख्देऊ, धरिमै पो राख्देऊ ,
थानीमानी मण्डलीलाई फेरी बिन्ती आयो ।
उठी सलाम बसी बिन्ती आयो ।
सै...सै... जलझाँक्री, लाटा झाँक्रीलाई ,
घाट कुरी बस्ने काल मसानलाई,
डाँडाकाँडा डुल्ने, पहाडमा बस्ने ,
भुतप्रेत देवीदेवतालाई,
उठी सलाम बसी बिन्ती आयो ।
सै...सै... थानैमार बस्ने देउराली भुमे,सिद्धकालाँटलाई,
एकलै र हिड्ने साथ लाइर डुल्ने बायुबतासलाई,
गलेश्वर,जगन्नाथ,कालिका,मालिकालाई,
उठी सलाम बसी बिन्ती आयो ।
सै...सै...म त तिम्रै चेला चारै तिर बाँधीसकें,
पूर्व,पश्चिम,उत्तर, दख्खिन चारै दिशा हेरें,
बोल न गुरू बोल,बोल न गुरू बोल,
सत्य सत्य बोल, मेरो बिन्ती आयो ।
सै...सै...मनुवाको चोला, केलाई दुःख भयो ?
मनुवाको दोष खोट केमा थियो भन ,
दुधको दुध पानीको पानी ,
सत्य सत्य बोल,
सै...सै... जानी नजानीर बिराइएको होला ,
धर्मै साँची राखी बोल न गुरू बोल,
बडादेऊ भइर कामै छैन भन्ला्न,
लाटो रैच भन्लान्,
सिद्धि हराइजाला, बोल न गुरू बोल ,
वायुबतास, खोला खाल्सा तिम्रै सरस्वती,
बिगारेको भए भत्केको भए ,
सत्य सत्य बोल ,

बोल न गुरू बोल ,
उठी सलाम बसी बिन्ती आयो ।
तिम्रो ढाङ्ग्रेको रक्षैमा गरिदेऊ।

**निष्कर्ष** :

बेनी जगन्नाथ क्षेत्रमा सर्वाधिक प्रचलनमा रहेको गीत हो बाह्रमासे लोकगीत । बाह्रमासे लोकभाकाहरुमा करूण रसको प्राधान्यता रहेको देखिन्छ । करूणरसको हाराहारीमा आउन खोज्ने अर्को रस भने श्रृंगार रस नै देखापर्दछ । यहाँ प्रीति स्थायी भाव हुने गीतहरु अति नै वढी यही बाह्रमासे गीतमा घन्किन्छ । मायालु जोडीहरु प्रेमपासमा बाँधिने, वैवाहिक सम्वन्ध पनि चीरस्थायी बनाउने "ढुकुरको जोडी झैं" भएर बस्ने गरेको वास्तविकता गीतहरु मार्फत झल्किन्छ । "लोग्ने स्वास्नीको झगडा परालको आगो" भने झैं दाम्पत्य जीवनमा केही तीतामीठा कुरालाई पनि सामान्यीकरण गरेर वैवाहिक जीवन ब्यतीत गरेको कुराहरु गीतले बोल्ने गरेका छन । संगसंगै बसि दाम्पत्य जीवन सुखमय बनाई स्वर्गीय आनन्दमा रम्ने रमाउने चाहाना हुँदाहुदै पनि घरब्यवहार ,वालबच्चाको शिक्षा, स्वास्थय जस्ता विविध कुराहरुले गर्दा देवकोटाका मुना र मदनको वियोगावस्थालाई झैँ यहाँका गीतहरुमा संयोग तथा वियोग शृंगार रसहरु ब्यक्त भएका छन । त्यस्तैगरी यहाँका बासिन्दाहरुले अत्यन्तै परिश्रम गर्दापनि हात मुख जोर्न धौ धौ हुँदा गाएका गीतहरु निकै कारूणिक र ह्रदयविदारक हुने गरेका छन । "परिश्रमको फल सधैं सबैलाई मीठो हुँदोरहेनछ" भने झैँ स्वदेश तथा विदेश कहिँकतै पनि सफल हुन नसक्दा जाली, शोषक तथा फटाहाहरुको शिकार बन्नुपर्दा गाइएका गीतहरु करूणरसप्रधान देखिन्छन् । जातीय शोषण, विभेद, लैङ्गिक विभेद जस्ता कुराहरु समेटिएका गीतहरुमा करूण रसको प्रभाव देखिन्छ । बाह्रमासे गीतहरुमा भएको रसको प्रतिशतलाई यसरी तालिकामा देखाउँदा अझ बढी स्पस्ट हुन्छ :

**बाह्रमासे गीतहरु**

| क्र.सं. | रसको नाम | गीतको संख्या | गीतको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | करूण | १९ | ४२.२२ | |
| २ | श्रृगार | १८ | ४० | |
| ३ | शान्त | ३ | ८.८८ | |
| ४ | हास्य | ५ | १२ | |
| | जम्मा | ४५ | १०० | |

यस क्षेत्रमा प्रचलित बाह्रमासे गीतहरुमा श्रृंगार र करूणरसको वाहुल्यता देखिन्छ । त्यसमा पनि अझ करूणरस सर्वेसर्वा भएका गीतहरु छन भने श्रृंगार रस त्यसपछिको सर्वेसर्वा मानिन्छ । त्यसैगरी केही मात्रामा शान्तरस र हाँस्यरस प्रधान भएका गीतहरु पनि सल्बलाइरहेको पाइन्छ । बाँकी अन्य रसका गीतहरु छिटफुट रूपमा मात्र देखिने हुँदा नगण्य नै मानिन्छ बेनीजगन्नाथ क्षेत्रमा प्रचलित बाह्रमासे गीतहरुमा मुख्य ४५ वटा गीतहरु मध्ये करूणरसप्रधान गीतहरु ४२.२२ प्रतिशत , श्रृंगाररसप्रधान गीतहरु ४० प्रतिशत ,शान्त रसप्रधान गीत ८.८८प्रतिशत र हाँस्यरसप्रधान गीत १२ प्रतिशत देखिन्छ । अतः यो क्षेत्र श्रृंगाररसप्रधान क्षेत्र हो भनेर भन्न सकिन्छ । त्यसभन्दा पनि अझ बढी करूण रस भएको देखिएकोले करूण रसको खोला बगाइएको छ बाह्रमासे गीतहरुमा ।

# पाँचौं परिच्छेद
# कर्मगीतमा रसविधान

## ५.१ कर्मगीतको परिचय

बेनी जगन्नाथ क्षेत्रका धेरै मानिसहरु कृषि पेशा अपनाउदै आएका छन् । कृषकहरु खेतीपातीको कार्यहरु गर्नेक्रममा विभिन्न लोकभाकाहरुबाट रमाइलो समेत गर्ने गर्दछन् । कृषिकर्म गर्दा गाइने गीत नै कर्म गीत हो । खेतबारी वा मेलापातबाट गुन्जने लोकलहरीहरु नै कर्मगीतको रुपमा चिनिन्छन् । यस क्षेत्र मूलरूपमा कृषि क्षेत्रमा नै आश्रित रहेको हुनाले अन्य पेशा अपनाउनेहरुले समेत धेरथोर मात्रामा कृषि कार्य गर्दै आएका छन भने धेरै जसोले त यसलाई मुख्य पेशाको रुपमा अंगालेको पाईन्छ । कर्मगीत यसक्षेत्रका किसानहरुको मुटुको ढुकढुकीको रुपमा लिएको पाइन्छ । नारी पुरूष दुबैले यो गीत गाउने भए तापनि पुरूषहरु वैदेशिक रोजगार तथा अन्य पेशा र ब्यवसाय अंगाल्नका लागि घर छोडेर स्वदेश तथा विदेशमा भौतारिने हुनाले नारी आवाजहरु बढी मात्रामा मेला पातमा सुन्न पाईन्छ । विभिन्न समयमा विभिन्न प्रकारका खेतीपाती यस क्षेत्रमा गरिने भएको हुनाले विभिन्न खालका गीतहरु खेती तथा महिनाहरुसंग समेत सम्बन्धित देखिन्छन जसलाई यसरी प्रस्तुत गरी देखाईन्छ :

### ५.१.१ जेठे गीत

बेनी जगन्नाथ क्षेत्रका सबै ठाउँमा राम्रो सिँचाइको ब्यवस्था भएको देखिदैन । त्यसैले सिँचाईको अभावमा केही पाखो बारीहरु घैंया तथा कोदो रोपाइको लागि उपयुक्त मानिन्छन् । धानखेत कम हुनेहरुको त यिनै बालीहरु नै मुख्य बाली पनि हुन् । यिनै बालीहरुको खेती गर्ने र गोड्ने बेलामा गाइने गीत नै जेठे गीतका रुपमा चिनिन्छन् । आजभोलि भने यातायातको सुविधा सँगसँगै बजारका चामलहरु प्रशस्त मात्रामा गाँउमा भित्रिने हुनाले र सिंचाईको सुविधाले गर्दा यस्ता खेतीहरु कमैमात्रामा गरिन्छन् । त्यसैले त लोप हुन लागेको खेती बाली घैंया जस्तै यस गीत पनि अवशेषको रूपमा मात्र फेला परेको देखिन्छ । जेठ महिनामा गाईने यस गीत घैंया गोड्नु पर्ने स्थिति र पत्यार लाग्दो दिनको उपजको रूपमा लिन सकिन्छ । टाउको फुट्ला जस्तो घामको कडा तापमा उदेक लाग्दो स्थिति हुन्छ । त्यस्तै गरी घरपरिवारको अपमान तथा तिरस्कारबाट छियाछिया भएको मनलाई केही हदसम्म भएपनि मलमपट्टिको रुपमा गीतको पोको फुकाईन्छ । आफ्ना संगिसाथी र घरपरिवारका सदस्यहरुको अभावमा वनको "न्याउली एक्लै भएर रोए झैं" गीतहरु गुन्गुनाउँदै लोकलयमा आफ्ना विरहहरु नारीहरुले पोख्ने गर्दछन । साररूपमा भन्नुपर्दा पारिवारिक तिक्तता, लोग्नेबाट विछोडिनु र कडाकडा परिश्रमहरुले थिचिनु पर्दा विरह भाकामा नारी स्वरहरु गुन्जिने गर्दछन् ।

### ५.१.२ असारे गीत

कृषकहरुका लागि असार महिना मानो खाएर मुरी रोप्ने दिन रुपमा चिनिन्छ । अझ असारे पन्ध्रमा त दहीचिउरा खाएर हिलोमा पस्नै पर्ने दिनको रुपमा लिइन्छ । हिलोले छ्यापाछ्याप गरी रोपाइँ नाच समेत गरिन्छ । यो समयमा असारे गीत समेत घन्काइन्छ । खेतमा धान रोप्दा गाइने गीत नै असारे गीत हो । जेठ महिनाको अन्तिम हप्तावाट साउन महिनाको तेस्रो हप्तासम्म गरिने रोपाइँमा असारे गीत निकै नै गुन्जिन्छ । यो समयमा गाइएका गीतहरुले खेतका फाँटहरुलाई नै संगीतमय बनाइदिन्छन् । यो गीत एकोहोरी र दोहोरी दुबै

रुपमा प्रस्तुत गरिन्छ । बृद्ध रोपाहारहरुबाट एकोहोरी गीत प्रस्तुत गरिन्छ । यसमा एकजनाले झिकेको गीतलाई राग ढालेर गाउने गर्दछन त्यसैगरि ठिटाठिटीहरुले सवालजवाफको रूपमा दोहोरी गीत समेत प्रस्तुत गर्दछन् । र सबैले छोप्ने कार्य समेत गर्दछन । दोहोरी गीतमा कहिलेकाँही धेरथोर मात्रामा केही अश्लिल शब्दहरु समेत पर्न गएका हुन्छन । हाँस्य र ब्यङ्ग्यको झटारो भरपुर मात्रामा हिकाईएको हुन्छ यस्ता गीतहरुमा ।

### ५.१.३ दाइँ गीत

कात्तिक - मंसिर महिना किसानहरुका लागि मानो खाएर मुरी भित्र्याउने समय हो । खेतका धान काटिसकेपछि खेतमै खलो बनाई धान झाँट्ने गरिन्छ भने गोरूद्धारा परालालाई माडिन्छ । पराल माड्ने काम नै दाइँ हो । दाइँ गर्ने बेलामा खलाको बीचैमा मिओ गाडिन्छ भने मियामा धानसहितको पराल बाँधेर त्यही मियामा गोरू बाँधि रिँगाइन्छ । खेतका सिमेभूमे तथा देउदेउताको पूजाआजा समेत गरिन्छ पूजाकै क्रममा खसी बोका काट्ने ,बाजा बजाउने र खिररोटी पकाउने पनि गरिन्छ । निकै जोस जाँगर र उत्साहका साथ रमाइलो वातावरणको सिर्जना गरिन्छ । धानको रास ठडाइ सह ल्याउने कार्य गर्नुका साथै सिमलचरीका रुपमा दर्शन ढुङ्गा र हँसियालाई फूलपातीहरुको साथमा रासमा राखी धुपबत्ति बालेर पूजा गरिन्छ । गोरू खेद्ने दँएराहरुले गीत गाउदै गोरू घुमाउँछन भने दँएरालाई ब्यङ्ग्यको झापड पनि लगाइन्छ । यसरी दाँइका अवसरमा धानखेतको खलोमा गाइने गीतहरु नै दाँइ गीतको रुपमा चिनिन्छन् ।

## ५.२ कर्म गीतहरु

### ५.२.१ जेठे गीत - वियोग शृङ्गार रस



प्रस्तुत जेठे गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ७० वर्षीय फूलमती दर्जीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा वसेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ ः

जेठै र मासका,खरिलाउँदा घाम,
घैया धान गोड्न जानु छ है ।
सासू र ज्यूको त्यो रूखो वचन ,
रातदिन टोकसो खानु छ है ।
देवताजस्ता,ससुरा बाबा,
उही पनि पराइ भए है ।
आफ्ना भन्ने,हितैका स्वामी,

उही पनि देशाँ गए नि है ।।
जेठै र मासका,खरिलाउँदा घाम,
घैया धान गोड्न जानु छ है ।
भोकुमा लाग्यो, पियासै लायो,
खाजा र पानी,को देला ?
आमैमा जस्ती,सासु र बज्यै,
उही पनि बैरी, भइन् नि है ।।
जेठै र मासका....।
आँखै र दुख्यो,जियै र दुख्यो,
कठैमा भन्ने को छ र खै ?
दाजै र जस्ता, जेठाजु थिए,
उही पनि पराइ, भए नि है ।
जेठै र मासका.....।

मध्यानीको यो ,रूखो घाम,
शीतलु बस्न,पाइन नि है ।
दिदी र जस्ती, आमाजू थिइन्,
पराइको घरमा ,गइन् नि है ।।
जेठै र मासको .....।
टाउकै फुट्ने जेठको घाम,
एक्लै एक्लै,मेलामा है ।
संगीमा जस्ती, नन्दानी थिइन्,
उनी नि बैरी, भइन् नि है ।।
जठै र मासका....।
रोएको मन,बुझाइदिने,
आफना कोही,छैनन् नि है ।
कैसोरी बुजाऊँ,रोएको मन,
फर्केर घरैमा ,आइन् नि है ।।
जेठै र मासका ....।
जियै र भए, फर्केर आउनन् ,
सत्तुरको जाल प-यो कि है ?
किमारी भैर, आइनन् कि घर ?
यो मन साह्रै रून्च नि है ।।
जेठै र मासका ....।
आफना भन्ने ,घरमा छैनन्,
खबर केही पाउँदिन है ।
घरका जहान, बैरीमा भए ,
कसको भर, गँरू नि है ।।
जेठै र मासका ...।

भोकमा अन्न, प्यासमा पानी,
खानमा दिने,को छ र है ?

रोगै र लागी, मर्छु कि म त ?
आफना भेट , हुन्न् कि है ,
जेठै र मासका ...।
आफना लोग्ने, फर्कर आइनन्,
आए  त भेत, हुन्थ्यो नि है ।
आफना घर , भए त बरै ,
भोक र प्यास, देख्दा हुन है ।।
जठै र मासका ...।
भोकमा अन्न, प्यासमा पानी,
खाऊ पियारी,भन्दा हुन नि है
दुःखीको आँसु मनको ब्यथा,
नरोऊ भनी ,भन्दा हुन् है ।।
जेठै र मासको खरिलाउँदा घाम ।
एकलै घैयाधान गोड्छु नि है ।।

## ५.२.२ असारे गीत

### (क) करूण रस



प्रस्तुत "असारे" गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर ४ तल्लो चौर भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ६० वर्षीय दिलमती दर्जीले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका दर्जीले यो गीत दिउसो घाम लागेको वेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा बसेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यस प्रकार छ :

छुपुमा छुपु, धानै र रोपौं, हातमा बीउ छउन्जेल ।
हातमा बीउ छउन्जेल ,
भलै र खाँउला भलै र लाँउला, बाबाको जिउ छउन्जेल ।।
रिमि र झिमी, पानी है प-यो । सेखु छैन रूजायो ।।
सेखु छैन रूजायो ।
आफै र रोयो, आफै र हाँस्यो, आफै मन बुजायो।।
बाबा र ज्यूको, त्यो धौले घर,त्यो ढुङ्गे आँगनी ।
माइती भए, धनी र मनी, मै भएँ मागनी ।।
बाबा र ज्यूको, त्यो गैरी खेत, छाडौला रोपेर ।
दुःख र पीर परेको बेला, रून्छु मुख छोपेर ।।
असारको पन्ध्र, दहीच्युरा खानी, साउनमा खानी खीर ।
घरमा छैन, मसिनो बोली , मनमा छैन थिर ।।
उर्लेर आयो, अँधेरी खोला,सकिन तर्नलाई ।
रोपने मेलो, डम्केको होला, बेर भयो झर्नलाई ।।

कालो र बादल, आकशैभरि,सिममिमे पानीले ।
अधँेरीखोला तारिमा देऊ न अगाडि जानेले ।।
बाढी र पैरा, बाटो छ हिलो , बेसीको मेला छ ।
सहारा दिने, कोही पनि पाइनँ , दुःखको बेला त ।।
लेकको घर, बेंसीको खेत, फाँटैमा जानुछ ।
एकै र महिना, लगाको खेती, बर्षदिन खानु छ ।।
रिमी र झिमी , पानीमा प-यो मकैको पातलाई ।
पेटमाभरी, खानुमा छैन, किसानको जातलाई ।।
असारमास,कुटेको च्युरा, साउनमा घुन लाए ।
घरमा जाँदा, अप्ठेरी सासू, मेलामा जुन लाए ।।
असारमासे, डाँठ, गाईभैसीलाई घाँस ।
घरमा मेरो, जँड्याहा लोग्ने ,माईतीको छैन आश ।।

### ५.२.३ असारे गीत

**(ख) हाँस्य रस**

हली ⁄ बाउसे : बिहानै देखि, मेलामा आयो, फर्किने रातमा ।
जाऊँ हाम्रा घर,खेताल्नी नानी, लैजान्छु साथैमा ।।
खेताल्नी : मुखमा राम राम, मनैमा छुरा, दाइ तिम्रो भर छैन ।
माइतीमा गछौं,ढली र मली ,जानलाई कर छैन।।
हली ⁄ बाउसे : माइतीलाई भेट्न, जाउँला नि कान्छी, पूर्णिमा औसीमा ।
माया र प्रेमका , गरौंला कुरा, बसेर कौसीमा ।।
खेताल्नी : गाईलाइ बाँध्ने, त्यो गोठघर बाख्रालाई खोर होला ।
मनपरी धेरै,गर्दामा दाजु,मुखैमा कोर होला ।।
हली ⁄ बाउसे : साथैमा लान्छु, भन्थ्यौ नि नानी, बिर्सेको हो र त ?
तिमीलाई तानी, लगे नि कान्छी,हुदैन कोर त ।।
खेताल्नी : बाबै र ज्यूको,यो बगैचामा,फूल फूल्यो सिरिङ्गी ।
हलीलाई भयो आँठेको ब्यथा, बाउसेलाई भिरिङ्गी ।।
हली ⁄ बाउसे : आलीमा हिड्ने, लंगुर बाँदर, खेताल्नीको पोइ ।
आफना पोइलाई,खट्टेभुजा नाठेपोइलाई खोई ?
खेताल्नी : अरूमा जस्तो, लरतरे होइनौ, के सोच्छौ नाथेले ।
यो हलीलाई, हैजाले टिप्यो, बाउसेलाइ आँठेले ।।
हली ⁄ बाउसे : नलगी हामी,छाड्दैनौ कान्छी,निकै कि तिमी छेऊ ।
जतिमा ट्याउँ ट्याउँ , गरे नि कान्छी ,हाम्लाई हो तिम्रो जिउ ।।
खेताल्नी : बाँदरको जस्तो, मुख भयो दाजु मुख पुछ दौराले ।
अति नै भयो , जिस्कायौ भने, हान्दिउँला लौराले ।।
हली ⁄ बाउसे : निकै को हुन्छ, यो सोह्रबर्षे, केटाको खेला त ।
तानेर हाम्ले ,नलगी जान्नौ, सकियोस् मेला त ।।
खेताल्नी : बीउमा काडी, बियाडे दिदी, कुनैमा थुपार ।
हली र बाउसे, मरि पो हाले ,अब त टुँ पार ।।
हली ⁄ बाउसे : हलको गोरू, घाइते भयो,डिलबाट खसेर।
लेग्नेमा मरे, रूनुमा पर्ला आलीमा बसेर ।।
खेताल्नी : त्यो तीनै शहर, बजारैमा, मूलघण्टा घनन ।

हलीको टाउको,चिलले लग्यो , हा...हा...भनन ।।
हली/बाउसे ः तिमीलाई न लै , छाड्दैनौ हामी, निकैकी बेताल्नी ।
चचरि नानीको, उडायो गुनिम,छोपिदेऊ खेताल्नी ।।
खेताल्नी ः खेतको कुना, पानीको मूल, मूलैमा गँगटी ।
हली र बाउसे, नाङ्गै पो रैचन्, खसेर लगौटी ।

### ५.२.४ दाइँ गीत ः शान्तरस



प्रस्तुत दाइँ गीत मिति २०६८ साल मंसिर महिना २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४, तल्लोचौर म्याग्दी भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत पुलाचौर-३, निवासी ७० वर्षिय थम बहादुर बानियाँले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक बानियाँले यो गीत घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

हो हो काले, हो हो माले
हो हो ।
हो हो भैया, हो हो ।
दाइँ गर भैया, दाइँ गर ।
माला मधेशको सह ल्याइदेऊ,
सिमलचरी रासैमा बसिदेऊ,
हो हो भैया,हो हो ।।
सिमेभुमेलाई दुध धारा दिम्ला ,
धुप,दिप,पाति चढाइदिउँला ,
दाइँ माड भैया,दाइँ माड ।
सिमेभुमेले रक्षा गरिदेऊ,
सिमलचरीलाई गुँडै बनाईदिउँला,
भुमे, बर्जु, देवीदेवतालाई पूजा गरिदिउँला,
हो हो भैया हो हो ,दाइँ माड भैया, दाइँ माड ।
खलो पूर्ण गरिदेऊ,
माला मधेशको सह ल्याइदेउ ,
काली गाईको दुध,
गौरीया धानको चामलु ,
गाईको गोबरले खलै लिपि ,
खलो र पूजौला ।
भरिपूर्ण रास बनाई देऊ,
माला मधेशको सह ल्याइदेऊ,

घुमन भैया, घुम ।
हो हो भैया हो हो ।
खुरूखुरू घुम ।
हो हो भैया हो हो ,
दाइँ माड भैया, दाइँ माड ।
पूर्वेपच्छिमका,उत्तरदख्खिनका,
आकाशपातलका,
सबै देवीदेवता, रक्षैमा गरिदेऊ ।
माला मधेशको सह ल्याईदेऊ ।
खलो भरिदेऊ ।।
तिमी नै हरनी, तिमी नै भरनी,
तिमी नै रखनी, तिमी नै देखनी,
भुमे, बर्जु, देवीदेवताले ,रख्खे गरिदेऊ ।
माला मधेशको सह ल्याइदेऊ ।
हो हो भैया हो हो ।।

**निष्कर्ष ः**

बेनी जगन्नाथ क्षेत्रका बासिन्दाहरुले जेठे, असारे, दाइँ जस्ता विभिन्न कार्यहरु गर्ने क्रममा कर्म गीतहरु गाउने गर्दछन् । यसक्षेत्रमा गाइएका कर्म गीतहरु र ती गीतहरुमा भएको रसको प्रभावलाई यसरी तालिकामा देखाउँदा अझ बढी प्रस्ट हुन्छ ।

| क्र.सं. | रसको नाम | गीतको संख्या | गीतको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | **करूण** | १ | **२५** | |
| २ | **श्रृगार** | १ | **२५** | |
| ३ | **शान्त** | १ | **२५** | |
| ४ | **हास्य** | १ | **२५** | |

बेनी जगन्नाथ क्षेत्रका बासिन्दाहरुले जेठे, असारे, दाइँ जस्ता विभिन्न कार्यहरु गर्ने क्रममा कर्म गीतहरु गाउँने गर्दछन् । यस्ता गीतहरु जम्मा ४ वटा गाइएकोमा शृङ्गार रसमूलक २५ प्रतिशत, करूणरसको गीत २५ प्रतिशत, हाँस्य रस २५ प्रतिशत र शान्तरस २५ प्रतिशत भएकोले चारवटै गीतको समान खालको बर्चस्व रहेको देखिन्छ ।

# छैठौं परिच्छेद
# पर्वगीतमा रसविधान

## ६.१ पर्वगीतको परिचय

परम्परा र संस्कृति बिनाको समाज हुन सक्दैन तर एउटै परम्परा सबै समाजमा पनि हुदैन । समय, परिस्थिति र स्थान अनुसार हरेक देशमा आ- आफ्नो खालका परम्परा र संस्कृति हुने गर्दछ । सामाजिक परम्परा अनुसार नै प्रत्येक समुदायका बासिन्दाहरुले चाडपर्व मनाउने गर्दछन् । यसरी मनाउने चाडपर्वहरुमा त्यस ठाउँको इतिहास, संस्कृति जस्ता परम्पराहरुको परावर्तन हुने गर्दछ । बेनी जगन्नाथ क्षेत्रमा दशै, तिहार ,तीज, साउने संक्रान्ति (रांके संक्रान्ति) , माघे संक्रान्ति ,चैत्राष्टमी जस्ता मुख्य पर्वमा गाउने गीतहरुलाई नै पर्व गीत भनिन्छ । यी गीतहरु विभिन्न स्थान र परिवेस अनुसार फरक फरक किसिमले मनाउने गरेको पनि पाइन्छ । मूलरुपमा पर्वगीतलाई परम्परागत संस्कृतिको संरक्षण , मनोरञ्जन , सुखसमृद्धिको कामना र राष्ट्रियताको जर्गेना गर्ने प्रयास गरिएको हुन्छ । यस क्षेत्रका मुख्य पर्वगीतहरुलाई यसरी प्रस्तुत गरिन्छ ः

### ६.१.१ तीजगीत

महिलाहरुको अत्यन्तै प्यारो रत्यौली गीत जस्तै प्रिय गीतको रूपमा तीजे गीत पनि एक हो । नारीहरुको दुख कष्ट, विरह वेदना जीवनका विविधखाले कहानीहरु लयात्मक रूपमा प्रस्तुत गरिन्छ । टाढा टाढाबाट माइती सम्भेर आएका चेलीबेटीहरु एकआपसमा भेटघाट भई गीत गाउन जम्मा हुने गर्दछन् । यो अवसर भाद्र शुक्ल तृतीया तिथिमा पर्ने महिलाहरुको चाड विशेष भनेर चिनिन्छ तैपनि यसको आगमन भाद्र कृष्ण अष्टमीदेखि नै हन्छ । खासरूपमा भाद्रकृष्ण अष्टमीदेखि भाद्र शुक्लपञ्चमीसम्म गाउने गीतलाई नै तीजेगीत भनिन्छ । नारीहरुको समूहमा गाउने यस्ता गीतहरुमा घरपरिवारका सदस्य तथा समाजबाट नारीमाथि हुने शोषण, दमन, अन्याय र अत्याचारको पर्दाफास नै गरिएको हुन्छ । नारी मुक्ति र स्वतन्त्रताका आवाजहरु यस अवसरमा घन्कने गर्दछन् । डाँडा काटेर गरिदिने विवाह, बालविवाह तथा अनमेल विवाहको अप्रेशन नै गरिएको हुन्छ तीजका गीतहरुमा । चेलीहरुको भेटघाटमा गीतको माध्यमबाट माईती लिन नआएका, माईती लिन आउँदा पनि घरकाले नपठाएका, घरको वेफुर्सदीले वाध्यतावश माइती जान नपाएका जस्ता कुराहरुलाई गीतमा विषयवस्तु बनाइएको हुन्छ । तीजेगीतमा सासू र बुहारीवीचको अनमेल तथा कटाक्षलाई मुख्य विषयवस्तु बनाएर रागमा ढालेको पनि पाइन्छ । त्यसबाहेक घरका अन्य सदस्यले समेत जन्म घर छाडी आएकी चेलीलाई गर्नु सम्म अपमान र तिरस्कार गरी अमानवीय ब्यवहार प्रस्तुत गरेको हृदयविदारक घटनाहरु समेत तीजेगीतमा प्रस्तुत गरिएको पाइन्छ ।

सामाजिक विकृति र विसंगतिहरुलाई सांगीतिक माहौल सृजना गरी शल्यक्रिया गर्न सफल भएका देखिन्छन् तीजका महिलाहरु । समय परिवर्तनशील अनि बलवान छ । समयलाई कसैले रोक्न र छेक्न सक्दैन । समयको गति संगै महिलाहरु पनि ज्ञान, सीप र शिक्षाले निकै अघि बढिरहेको सन्दर्भमा तीजेगीतहरु पनि समय सान्दर्भिक हुन थालेको पाईन्छ । आजभोलि समसामयिक राजनैतिक परिवेशलाई तीजेगीतले आफनो विषयवस्तु बनाउन थालेको पाइन्छ । त्यस्तैगरी सामाजिक विकृति र विसंगतिको विगुल फुक्न पनि तीजगीत मार्फत चेलीहरु सफल भएको देख्न सकिन्छ । तालीको सहयोगमा नृत्य समेत हुने यस गीतमा भदौरे भरीसँगै सामाजिक विकृतिहरुलाई पनि बगाइदिने वातावरण बनोस भनी

कामना गरिएको हुन्छ । चेलीहरुलाई माईती पक्षले लिन जानु पर्ने र लिन नगए घरैमा रोएर बस्ने नारीहरुको चलन रहेको हुन्छ । आजभोलि तीजेगीत पनि भड्किलो पर्वको रूपमा बन्दै गइरहेको पाईन्छ । महिनौं अघिदेखि विभिन्न कार्यालय , संघसंस्था तथा क्लबहरुले समेत महिलाहरुलाई आमन्त्रण गरी पाँचतारे होटल रिजर्भ गरी तीज मनाउँदै गीतहरु प्रस्तुत गर्नु , तीजेगीतको नाममा जर्वजस्ती सहयोग माग गरिरहनु जस्ता क्रियाकलापहरुले यस गीतलाई केहि धक्का पुऱ्याउन खोजेको पाईन्छ । यसबाहेक आजभोलिका तीजेगीतमा मादल तथा हार्मोनियमको प्रयोग गरी रातोसारी र हरियोचुरापोतेको प्रयोग गरी तीजेगीत गाउँघर देखि शहर बजार सम्म जतातते भब्य रूपमा गाउदै आएको पाइन्छ । आजभोलि तीजेगीत राजनैतिक, सामाजिक जीवनको यथार्थ कथालाई गीति शैलीमा बुनेर ब्यङ्ग्य गरिदै आएको पाइन्छ ।

### ६.१.२ मालश्री गीत

दशैंको पावन अवसरमा बेनी जगन्नाथ क्षेत्रका जातजातिहरुले शक्तिकी अधिष्ठात्री देवी दुर्गाको उपासना गर्दै भगवतीका मन्दिरहरु, कोट भण्डारहरु र घर घरमा समेत घटस्थापना गरी दश दिन सम्म भब्यरूपले चाड मनाउने गर्दछन् । यस चाडमा पूजापाठमात्र नभएर देवीदेवताका सांगीतिक भजनहरु पनि गाइन्छ । शास्त्रीय संगीतका दृष्टिकोणले एक शास्त्रीय राग तथा लोकगीतका दृष्टिले देवीको स्तुति गरिएको एक गीत नै मालश्री गीत हो । विशेषत ः घटस्थापनादेखि विजयादशमी सम्म नवरात्रीभर देवीको घटस्थापना गरेको ठाउँमा मालश्री गीत गाइन्छ ।

### ६.१.३ भैलो गीत

हिन्दुहरुको दोस्रो ठूलो पर्व तिहारको अवसरमा गाउने गीत नै भैलो गीत हो । हरेक बर्षको कात्तिक शुक्ल द्वितीयाका दिन दिदी बहिनी र दाजुभाइको जमघट भई मनाउने यसै चाड कात्तिक कृष्ण त्रयोदशी देखि सुरू भई काग, कुकुर , गाई , गोरू, आदिको पूजा गर्दै यमद्वितीयाका दिन टुङ्गिन्छ । पशुहरुको समेत पूजा गरिने यो पर्व वर्तमान समयमा मानव मानव वीच नै वैमनस्यता भैरहेको बखत एउटा गतिलो सन्देश दिन सफल भएको पाइन्छ । यस चाडमा दिदीबहिनीले आफ्ना दाजुभाइको सु-स्वास्थ्य , दीर्घायु एवं आरोग्यताको कामना गर्दै सप्तरङ्गी टीका र सयपत्री हजारियाजस्ता फूलहरुको माला लगाइदिने गर्दछन् । यही तिहारको अवसरमा सामूहिक रूपमा जम्मा भई घरघरमा गएर भैली भन्दै गाउने गीत भैलोगीतको नामले चिनिन्छ । यसमा समूहको नाइकेले गेडा झिक्ने र अन्य समूहका सदस्यले भैली भैली भन्दै छोपी मनोरञ्जन सहित भैलीगीत गाउने गर्दछन् । आजभोलि भैलो गीत सामाजिक सुधारको पक्षमा केन्द्रित हुदै आर्थिक स°लन गरी उदाहरणीय कार्य समेत गर्ने गरेको पाइन्छ ।

### ६.१.४ देउसी गीत

तिहारकै अवसर पारेर लक्ष्मी पूजाको भोलिपल्टदेखि भाइतिहारको बेलुका सम्म पुरूषहरुद्वारा गाइने गीत नै देउसी गीत हो । प्रमुख ब्यक्तिले भट्याउने वा देउसीको सुरूवात गर्ने र अन्य सदस्यहरुले देउसीरे भन्दै छोप्दै जान्छन् । मादल , हार्मोनियम ,तबला , गितार जस्ता वाद्यसामग्रीको प्रयोग गरी प्रायः जसो युवाहरुद्वारा बिशेष गरी शहरी क्षेत्रमा बढी प्रचलनमा रहेको छ यो गीत । तिहारकै कथा प्रसंगहरु समावेश गरी भैलीकै प्रक्रियामा नै देउसी गीत गाउने गरे पनि लयात्मक मधुरता भने पाइँदैन ।

### ६.१.५ होली गीत

बेनीबजार, गलेश्वर, तातोपानी जस्ता भेगहरुमा धुमधामका साथ अवीरजात्रा गरी गीत गाउँदै घुमिहिँड्ने यो पर्व फाल्गुन शुक्लपूर्णिमाका दिन यस क्षेत्रमा पनि मनाइन्छ । फागुपूर्णिमाका दिन अवीर अनि अन्य रंगहरु छ्याप्दै खुशीयालीपूर्वक गीत गाइ मनोरञ्जनात्मक रूपमा घुम्ने चलन रहेको छ । यसै होलीको अवसरमा रङ्ग छ्यापी गाइने गीतलाई नै होली गीतको रुपमा चिनिन्छ । गीतकै माध्यमबाट छेड्छाड् र घोचपेच समेत गरी गाइने यस गीतमा सफासुग्घर र शुद्ध भएमा आयु वृद्धि हुने विश्वास समेत गरिन्छ ।

### ६.१.६ सोरठी गीत

बेनी जगन्नाथ क्षेत्रमा कात्तिक कृष्णपक्षमा तिहारको भैली समूह जस्तै भई गाउने गरिन्छ सोरठी गीत । यस गीतलाई पात्रहरुको नृत्य र अभिनयको साथमा प्रस्तुत गरिन्छ । एक किसिमको गीतिनाट्यकै रूपमा चिनिने  यो गीत मगर ,थकाली जस्ता समुदायको कुलपूजा तथा छोरा जन्मिएको खुशियालीको पुतवढाउमा एवं काजकिरिया समापन पश्चात ज्वाई खेल्ने भन्दै यो गीत गाएर पैसा उठाउने पनि गरिन्छ । अन्य पर्व तथा उत्सवमा प्रस्तुत गरिने यो गीत खासगरी कात्तिक कृष्ण औंसी पछिका केही दिन र तिहार पर्वका नजिक पारेर गाउने गरिन्छ । महिलाको पोशाकमा पुरूषहरुले मारूनी बन्दै नाच्ने गर्दछन् भने कहिं कतै त महिलाले नै मारूनीको अभिनय गरेको पाइन्छ । यस गीतमा प्रमुख पात्र गुरू हुन्छ भने निर्देशकको भूमिकामा समेत रहेको यस पात्रले भोटो ,कछाड, स्टकोट, टोपी र भाङ्ग्रा पहिरी टोपीमाथि सेतो फेटा गुथेर निर्देशकको काम गर्दै मारुनीको वरिपरि ढल्की ढल्की नाच्ने गर्दछ । त्यसैगरी अर्को पात्र मारूनी यस गीतकी नायिकाको अभिनय गर्न महिलाको पोशाक लगाउने पुरूष पात्र हो । गरगहनाहरुले झकिझकाउ हुँदै शिरमा फूल सिउरेर खुट्टामा घाँघर बाँधी नाच्ने कार्य गर्ने पात्रको रुपमा मारूनी देखा पर्दछ र अर्को पात्र पुर्सुङ्गेसँग नाच्दछ । गुरूको जस्तै पोशाक लगाएको तर मादल नलिएको पात्र पुर्सुङ्गे मारूनीसँग खुब मिलेर नाच्दछ । त्यस्तैगरी मुखमा कालो मोसो दली थोत्रा मैला कपडा लगाएर हाँस्य पात्रको अभिनय गर्ने पात्र भने ढँटुवारे हो । यसको भूमिका पुर्सुङ्गे र मारूनीका बीचमा हाँस्यव्यङ्ग्यले भरिएको अभिनय गरी देखाउनु रहेको हुन्छ । अर्को पात्र मादलेले पुर्सुङ्गे र मारूनीलाई मादल बजाएर नाच्दै ठिक ढङ्गमा नाच्न सहयोग पुर्‍याउँदछ । मादल, डम्फु , मुजुराजस्ता बाद्यको प्रयोग गरी गीत गाउने गायकको समूहलाई गर्राभाइ भनिन्छ ।

### ६.१.७ भजन गीत

जर्मनी दार्शनिक नित्सेले “भगवान मृत्युको घोषणा गरेको १५० बर्ष भन्दा बढी समय बिते पनि मानिसहरुको धार्मिक आस्था भने अझै डगमगाएको छैन ।  बेनी जगन्नाथ क्षेत्रमा धेरै मठमन्दिर रहेका छन् । धार्मिक आस्था राख्ने ब्यक्तिहरुको पनि निकै बाहुल्यता देखिन्छ । यस क्षेत्रमा गाइने धेरै गीतहरुमध्ये भजन गीत पनि एक प्रमुख गीतको रूपमा चिनिन्छ । खग्रेन्द्र प्रसाद लुइंटेलको “नेपाली प्रकृति प्रत्यय कोष” २०५८ को पृष्ठ १५७ अनुसार भज +अन मिलेर भजन बनेको हो । त्यस्तै गरी बसन्त कुमार शर्मा नेपाल को “नेपाली शब्द सागर” २०५८ को पृष्ठ ८८१ मा लेखिए अनुसार इश्वर, देवदेवी ,गुरूजन आदिको बारम्बार नाम महिमा बखान्ने वा गुणगान गर्ने  नै भजन गीत  हो।

#### ६.१.७.१ आरती भजन

भजनकै सुरूमा लामो लयमा विभिन्न देवदेवीको स्मरण गरी गाइने भजन नै आरती भजन हो । यो भजन गाउँदा बाद्यको पूजा गरी बत्ति बालेर भजन मण्डलीलाई टिका लगाइन्छ । नाइकेले झिकेको भजन सहयोगीहरुले दुई तीन पटक दोहोर्‍याउँछन् ।

सुरूमा नाइकेले भजन झिक्दा सहयोगीहरुले एकपटक त्यसको पुनरावृति गरी **हरि ॐ** भन्ने गर्दछन् लम्बरी भजनमा । नृत्य नहुने भजन भएकोले यसको बीच बीचमा चुड्का भजन भने गाइन्छ ।

### ६.१.७.२ लम्बरी भजन

ढिलो लयमा गाइने विभिन्न पौराणिक आख्यान कार्यलाई भजन भनिएको छ । ईश्वरीय सर्वसत्तालाई स्वीकारी नराम्रो बाटो त्यागी राम्रो बाटोमा लाग्ने सन्देश हिन्दु धर्ममा मात्र नभई अन्य धर्ममा पनि पाइन्छन् । त्यसैले त पूजाआजाका दिन घर तथा मन्दिरमा भक्तिभावनाले एकत्रित भई भजन गाउने गरिन्छ । मादल, खैंजडी, मुजुरा, एकतारे जस्ता बाद्यको प्रयोग गरी पाँच दश जनाको समूहले भजन गीत गाउने गर्दछन् भने यसमा पालै पालो नृत्य समेत गरिने भएकोले पाप पखालिन गई मन पवित्र भएको महसुस गरिन्छ । यसमा प्रशस्त मनोरञ्जनपनि पाइन्छ । भजनमा प्रमुख व्यक्तिले गेडा झिकेपछि अन्य सहयोगीहरुले छोप्ने गर्दछन् । भजन गाउन सक्ने प्रमुख महिला भएमा दोहोरी भजन प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरिन्छ । यस क्षेत्रमा भएका भजनहरुलाई यसरी विभाजित गरी प्रस्तुत गर्न सकिन्छ ः

### ६.१.७.३ चुड्का भजन

वसन्त शर्माको पूर्ववत्को पृष्ठ ४४७ मा उल्लेख गरे अनुसार “छोटो लयको लोकगीत नै चुड्का भजन हो। ” । भक्तिभावनाले गाइने यस गीत दोहोरी बिना नै गाइन्छ भने महिला र पुरूषका बीचमा प्रश्नोत्तर प्रतिस्पर्धात्मक हुन्छ । यसमा मायाप्रेम सम्बन्धी गीतहरु गाइए तापनि मूलरूपमा भक्तिरसकै बाहुल्यता रहन्छ ।

### ६.१.७.४ आँधीखोले भजन

धर्मराज थापा र हंसपुरे सुवेदीको पूर्ववत पृष्ठ ८७ मा लेखिए अनुसार आँधीखोले भजनलाई आँधीखोले रोइला भनिएको छ । स्याङ्जा जिल्लाको आँधीखोलामा प्रचलित रहेको यस गीतलाई यस क्षेत्रका बासिन्दाहरुले यातायातको बिस्तार भई नसकेको अबस्थामा स्याङ्जाको पुतलीखेतबाट भरियाहरुको रूपमा नून ल्याउन जाने आउने क्रममा यस क्षेत्रमा पनि सो भजन गाउँदै आइएको र आँधीखाले भजनको नामले चिनिएको पाइन्छ । त्यस्तैगरी चुडामणि बन्धुको “नेपाली लोक साहित्य” २०५८ को पृष्ठ १३६मा लेखिए अनुसार “आँधीखोले भजन आँधीखोले रोइला” हो । लोकगीतमा पी.एच.डी समेत गरिसकेका कसुमाकर न्यौपानेले भने रोइला, चुड्का दुबै शब्द आँधीखोले भजनलाई चिनाउन कमजोर भएको महसुस गर्दै “खेली दोहोरी गीत” को संज्ञा दिएका छन् । यस बेनी जगन्नाथ क्षेत्रमा भने आँधीखोले भजनकै नामले चिनिने भएकोले यहाँ भने आँधीखोले भजनकै संज्ञा दिइएको छ । माया प्रेम र हाँसो ठट्टा यस गीतमा भक्ति भावना भन्दा धेरै बढी हुन्छ ।

## ६.२ पर्व गीतहरु

### ६.२.१ तीजे गीत ः करूण रस



प्रस्तुत तीजे गीत मिति २०६८ फागुन २५ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानवाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-७ निवासी १८ वर्षीय सीता के.सी.ले गाएकी हुन् । अध्ययन पेशा गर्दै आएकी गायिका के.सी.ले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको

पढेकालाई दिनुभयो, काखबाट टिपेर ।
कति बसूँ अर्काको, दैलो लिपेर ?

नपढेकी छोरीलाई, पढेकालाई दिनुभो ।
यति कुरा बाआमाले पाप लिनु भो ।।
पालीताली हुर्काएर, दियौ पराई घरमा ।
आगो ठोक्छिन् सासू ज्यूले काँचो खरमा ।।
घरकै राडो गर्दा गर्दै, सियो यो भयो ज्यान ।
म दु ःखी चेलीको,सुन बयान ।।
चारै दिशा झलमल मैले ढोका खोलँदा ।
भँडारका भाँडा बजे, सासू बोल्दा ।
भित्रबाट सासू आईन् थर्रै जिमीन थर्काउदै ।
कोठाबाट स्वामी आए,आँखा मर्काउदै ।।
अस्तिदेखि सुकाएका, धान छन बाबु कुटनी ।
झलमल भएपछि, बल्ल उठनी ।।
सो कुराको आमाले,चिन्ता कत्ति नलिनु ।
घरको काम नसकी, खान नदिनु ।
यै घरको राडोले, सकिएको मेरो ज्यान ।
अझै पनि आएन, स्वामीज्यूको ज्ञान ।
धान कुटनी ढिकी हो,लगाउने लुँडी हो ।
अलिकति अलच्छिनी,आमा बूढी हो ।।
आफनो घर ढिकी छैन , पल्लो घर कुटिनँ ।
जति कुरा लाए पनि, राती उठिनँ ।
सासूज्यूले भन्नुहुन्छ, काम नसके बस घर ।
लागेको माईती को, साह्रै अत्यार ।।
बर्षदिनको तीज आयो, बाबा लिन आउनु भो ।
त्यो कुराको स्वामीज्यूले चाल पाउनु भो ।
बिदा मागे स्वामी संग, माइत जान्छु भने।
स्वामीराजै बस्नु भयो, तास गनेर ।
सासूज्यूलाई बिदा मागे, आजै किन आएका ।
भाँडाकुडाँ सबै माझ,जुठा भएका ।।
भन्नुभयो घाँस प्-याई,काट्दिन मैले घाँस ।
यति कुरा नभए, होला बनिवास ।।
बर्षे दिनको तीजमा, बाबा लिन आएका ।
पठाइदिनोस् स्वामीराजै,माईत बरिलै ।।
स्वामीज्यूले भन्नुभयो, आमासँग सोधिजाऊ ।

माइत जान्छु भन्दा पनि, मनैभरि घाउ ।।
बुहारीलाई सबै काम, अरू खान्छन बसेर ।
भोकै काम गर्नुपर्ने, धरो कसेर ।
मीठो चोखो पाके पनि, बुहारीलाई चाहिँदैन ।
पीठो बाहेक अरू कुरा, चाख्न पाइदैन ।
पेटभरी खानु छैन, त्यही मकैको पीठो नि ।
सासूज्यूले देखाउन्न्, भातको सितो नि ।
तीनओटा लैना भैंसी नटुटाई बाने नि ।
आमा मैले चाख्नु छैन, महिको पानी नि ।
दिनभरी काम गर्दा, जिउ गल्छ भोकले ।
सताउँछ दिन दिनै, पेटको रोगले ।
सञ्चो छैन भने पनि, मैले सुख पाइन ।
मीठो खाइन राम्रो लुगा, लाउदै लाइन ।।
मैले अक्षर चिन्दिन स्वामी परे बी.ए.पास ।
अनपढ भनेर, गर्छन् उठीबास ।।
नौडाँडा कटाएर, दिनुभयो छोरीलाई ।
लाग्ला सराप यो आँसुले, जुगैभरिलाई ।।

**६.२.२ तीजे गीत : करूणरस**

छोरालाई पढाएर, आई.ए.बी.ए.एम.ए.पास ।
म छोरीलाई सधैंभरि वनको दाउरा घाँस ।।
छोरीले नि गरे हुन्छ आई.ए.बीए.एम.ए.पास ।
छोराले नि गरे हुन्छ वनको दाउरा घाँस ।।
अर्कै घर जाने भनी, छोरी हुन्छन हेलाँमा ।
वनपाखा रूदै हिड्छन पढ्ने बेलामा ।।
सम्पतिका धनी छोरा, उनै हुन्छन् पढनी ।
एउटै पेटका छोरी भने, आँसु झारनी ।।
एकै पेटका सन्तानलाई, भेदभाव गरिन्छ ।
अधिकार खोज्न अब, अघि सरिन्छ ।
छोरा मात्र पाए हन्थ्यो,छोरी हेलाँ गर्नेले ।
छोरीलाई शिक्षा दिन, पछि सर्नेले ।।
कापी, कलम, झोला बोकी , स्कुलमा हिनिन्छ ।
हाम्ले पनि दुई चार अक्षर पक्कै चिनिन्छ ।।
बेचे हुन्छ गाईभैसी, नसकेसी काट्न घाँस ।
देख्नुपर्छ छोराछोरी दुबै एकैनास ।।
पढाईदिए पुग्छ बाबा, सम्पत्ति क्यै चाहिँदैन ।
कसैले नि दाइँजो पाइनँ ,भन्न पाइँदैन ।।
छोरी र बुहारीलाई गर्नुपर्छ समान ।
बुहारीलाई दुःख दिने गयो जमाना ।।
लड्न परे लड्छौ हामी , अधिकार लिनलाई ।
नारीलाई कानुन, हक दिनलाई ।।
छोरा सरह कामहरु,गछन् नारीजनले ।

पढ्न पाए दिन काट्छन,खुसी मनले ।।
अन्याय र अत्याचार सहिंदैन अब त ।
छोरीसंग पनि हुन्छ तातो रगत ।।

**६.२.३ तीजे गीत ः करूणरस**

बिरानो देशैमा, दिनुभयो बाबाले ,
चाहिएन मलाई, माइतीको धन ।
काखबाट टिपेर, फाल्नु भयो बाबाले ।।
भदौरेझरिझैं, रून्छ मेरो मन ।
त्यो डाँडापारि, बाबालाई देखेथें ।
बाबाले मलाई , फर्की हेरेनन् ।
आमा भए छोरीको,सोधिखोजी गर्दिहुन,
सौतेनी आमाको, पापी रैछ मन ।।
माइत जान्छु भनेर,स्वामीलाई सोधेथें ।
भन्नुभयो के छ र, माइती को गुन ?
छोरीको माया, रहेनछ माइतीलाई ,
माया भए तीजमा, ल्याउन आउँदाहुन्।।
बर्षैदिनको तीजमा, माइती जाने चेलीलाई,
अँधेरीखोलाले, बाटो छेकेको ।
अँधेरीखोला तर्दा,बगाइलग्यो चेलीलाई,
यो बालो बैसमा, मर्नै लागेको
तिलहरी गलामा,नाकैमा नथिया ,
शिरफूल लाएकी, तिनले शिरैमा ।
छोरीलाई खोज्न गए, बगाएको खवरले ।
भेटाए लास मात्रै खोली तिरैमा ।।
बाबाले भन्नुभयो छोरी मेरी यिनै हुन,
ससुराले भन्नुभयो । गहना यिनै हुन ,
लाग्नु भयो बाबा रून , छाडिगयौ चेलीले ,
ससुराले भन्नुभयो, केही थिएन गुन ।।

**६.२.४ विविध तीजे गीत ः करूणरस**

दूध तताऊ सासुले, गोबर फाल नन्दले।
भाँडा माझ बुहारी, मेरो कन्नाले ।।
जति काम गरे पनि, खोट लाउँछिन् सासुले ।
तिनलाई बाटो दिनेछैन, मेरा आँसुले ।।
मेरा कुरा काट्दैनन् लोग्ने बाजे बज्यैले ।
घर शासन जमाएर, बस्छु मजैले ।।
नयाँनयाँ पालुवाले, रानीवन हरियो ।
मुटुभरी यो देशको, माया भरियो ।।
दुःख परे साग सिस्नो, खोले फाँडो खाइएला ।
यहाँ जस्तो सुख अन्त कहाँ पाइएला?
छोरालाई कापीकलम, स्कूलमा पठाउनी ।

म छोरीलाई डोकोनाम्लो, घाँस कटाउनी ।।
जेजे खान्छन् दाजुभाइले, त्यही मैले खानी हो ।
अव म त झोला बोकी, स्कूल जानी हो ।।
अन्यायलाई सहेर, बस्नुहुन्न हेर ।
फाल्नुपर्छ रूढी चलन, सवै मिलेर ।।

अंग्रेजी भाषामा पानी, माउँछन् स्वामीले ।
के बुझेर पानी, दिनी हामीले?
अंग्रेजी भाषामा पानीलाई वाटर ।
नबुझेर दिएँ मैल, काँचो कटर ।।
अंग्रेजी भाषामा, स्याउलाई एप्पल ।
नबुझेर दिएँ मैले, लाउने चप्पल ।।
वनमा रमाइलो, वनका चरैले ।
घरमा रमाइलो, जनावरैले ।।
जेठैका घामझैं, सासूज्यूका वचन ।
सहन नसकी, रून्छु बरिलै ।।

अकाशकी दिदै, पातालकी बहिनै,
तिम्रो र मेरो, कहिले होला भेट?
बर्षैदिनको तीजमा, माइती लिन आउलान् ,
आऊ है दिदै तिम्रो , त्यहीं होला भेट ।।
माइती लिन आए, भेट हाम्रो हुँदो हो,
को आउला र मेरी बहिनै, लिन बरिलै?
बावै र भए, हाम्लाई लिन आउँदा हुन् ।
दाजै त आउँचन कि, आउन्नन् बरिलै ।।
दाजैले त बैनी लिन, जान्चु म त भन्दाहुन्,
भाउजैले नजाऊ लिन, भन्निन् वरिलै ।
भाइले त दिदी लिन, जान्चु म त भन्दो हो,
बुहारैले किन जान्चौ, भन्निन् वरिलै ।।

### ६.२.५ भैलो गीत ः शान्तरस

प्रस्तुत भैलो गीत मिति २०६८ माघ २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्यागदी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ३५ वर्षीय गोरख बहादुर हमालले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक हमालले यो गीत रातको बेलामा पुलाचौरको घरमा पिँढीमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः



| भट्याउने | समूह |
|---|---|
| हे भैलो भन | भईली |
| हे बर्षै दिनको | „ |
| हे तिहारैमा | „ |
| हे जतातत‌ै | „ |
| हे झिलिमिलि | „ |
| हे लक्ष्मीको | „ |
| हे पूजाआजा | „ |
| हे गरीकन | „ |
| हे संस्कृतिको | „ |
| हे जर्गेर्ना गर्दै | „ |
| हे रमाईलो | „ |
| हे मानीकन | „ |
| हे हजुरको | „ |
| हे घरआँगनमा | „ |
| हे रिङ्दै घुम्दै | „ |
| हे आयौ हजुर | „ |
| हे गाह्रो पिरो | „ |
| हे नमान्नुहोला | „ |
| हे कात्तिके दान | „ |
| हे लिन भनी | „ |
| हे हजुरको | „ |
| हे पटाहामा | „ |
| हे आयौ हजुर | „ |

चुड्का ः जाने छैन दिएको खेर, दिनोस् दान खुशीले हाँसेर ।
दुबो, दय गलामा माला, ठूलै मन गर्नूहोस् यसपाला ।

| | |
|---|---|
| हे पाँच दिनसम्म | भईली |
| हे मनाउने चाड | „ |
| हे यमपञ्चक | „ |
| हे यमको दान | „ |
| हे गरीकन | „ |
| हे लक्ष्मीको | „ |
| हे प्रसाद लिने | „ |
| हे दिदीबहिनीले | „ |
| हे दाजुभाइलाई | „ |
| हे सप्तरङ्गी | „ |
| हे टीका दिई | |
| हे दीर्घायुको | „ |
| हे कामना गर्न | „ |
| हे हाम्रो पर्व | „ |
| हे भैली भन | „ |

हे घरबेटी आमा ,,
हे थालमा चामल ,,
हे नाङ्लोमा धान ,,
हे दियोमा बत्ति ,,
हे बालीकन ,,
हे दक्षिणा र ,,
हे प्रसाद राखी ,,
हे आउनुभयो ,,
हे इज्जत सुहाउदो ,,
हे गच्छे सुहाउदो ,,
आयो दान ,,
चुड्का : पुग्दै जाओस आँटेको ताकेको, मनको इच्छा कल्पना भाकेको ।
हे यो घरमा
हे लक्ष्मीले ,,
हे बास गरून् ,,
हे छोराछोरी ,,
हे ज्ञानी बनुन ,,
हे बेरोजगारलाई ,,
हे रोजगार मिलोस् ,,
हे रोजगारको ,,
हे वेतन मिलोस ,,
हे रोगब्याधी ,,
हे भागेर जाओस् ,,
हे मानसम्मान ,,
हे प्रतिष्ठामा ,,
हे बृद्धि होओस् ,,
हे आँटेका कुरा ,,
हे पुग्दै जाउन् ,,
हे पशुपन्छी ,,
हे धनसम्पति ,,
हे भरिपूर्ण
हे होओस हजुर ,,
हे बिदा दिनुस ,,
हे जान्छौ हजुर ,,

चुड्का : बढ्दै जाओस् जन्तु र धन पनि ,ठुलै होओस हजुरको मन पनि । विध्नबाधा हटेर जाऊन्, सत्तुरले जितन नपाऊन् ।

### ६.२.६ देउसी गीत : शान्तरस




प्रस्तुत देउसी गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्यागदी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-८ निवासी २८ वर्षीय प्रविन खत्रीले गाएका हुन् । अध्ययन पेशा गर्दै आएका

**देउसी गीत**

| भट्याउने | समूह |
|---|---|
| हे भन भन भाइ हो | देउसिरे |
| हे बर्षै दिनको | ,, |
| हे तिहारमा | ,, |
| हे लक्ष्मीको | ,, |
| हे पूजा गर्न | ,, |
| हे देउसी खेली | ,, |
| हे रमाइलो गर्न | ,, |
| हे हिन्दुहरुको | ,, |
| हे रमाइलो चाड | ,, |
| हे यमको दान | ,, |
| हे माग्न भनी | ,, |
| हे अधँरी रातमा | ,, |
| हे रातोमाटो | ,, |
| हे चिप्लो बाटो | ,, |
| हे लड्दै पड्दै | ,, |
| हे हजुरको | ,, |
| हे दलानैमा | ,, |
| हे आएका छौ | ,, |
| हे दुःख कत्ति | ,, |
| हे नमानीकन | ,, |
| हे यमको दान | ,, |
| हे दिनोस हजुर | ,, |
| हे एकघर हैन | ,, |
| हे दुई घर होइन | ,, |
| हे सबै घर | ,, |
| हे डुल्नु पर्ने | ,, |
| हे छिटो गरी | ,, |
| हे सिद्यादिनुहोस | ,, |
| हे यो घरमा | ,, |
| हे लक्ष्मीले | ,, |
| हे बासै गरून | ,, |

हे आँटे ताकेको „
हे पुगोस् हजुर „
हे अब हामिलाई „
हे बिदा दिनोस् „
हे जान्छौ हजुर „

### ६.२.७ मालश्री (मालसिरि) गीत ः शान्तरस



प्रस्तुत मालश्री गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट स°लन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ५५ वर्षीय थिरीलाल सुवेदीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक सुवेदीले यो गीत दिउसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

जयदेवी भैरवी कालिका माई,
दर्शन देऊ भवानीले ।
आहारे विकट रूपमा, त्रिवेणी संङ्गममा,
मोक्षदायिनी कालिका माई रे ।
विराटरूपेण जगतजननी,
जय माता अम्बे, त्रिलोकदेवी ।
दर्शन देऊ भवानीले ।
जयदेवी भैरवी ......।
आहारे दिब्य बस्त्रमा, चारबाहु, बीचमा ,
घण्टा चक्र धनु र खड्ग,
शोभायमान दुर्गा भवानी,
जय माता अम्बे हे जगदम्बे ।
दर्शन देऊ भवानीले ।
जयदेवी भैरवी ......।

### ६.२.८ मालश्री (मालसिरि) गीत ः शान्तरस

श्री गणेशपूजा नदिया बहिनी,
चन्द्रवदन,मृगलोचनी ।
आहारे गंङ्गा, यमुना,त्रिवेणी सङ्गमा,
मोक्षदायिनी कालिका माई रे ।
चन्द्ररूपिणी प्रचण्डरूपिणी,
रक्तबीज निपातिनी ।।
श्री गणेश पूजा .............।

आहारे शङ्‌ख, चक्र,गदा, पद्मले,
कोटी वाण जो साजिनी ।
लालरूप...कपडाबीज,
असुरमारिणी सुधारिणी ।।
श्री गणेश पूजा.............।
आहारे डमरू डिमीडिमी, हात त्रिशुल,
खड्‌ग खप्पर धारिणी ।
हात खप्पर...त्रिशुल लिए है,
चौसट्ठी योगीनी साथमा लिए है ।।
श्री गणेश पूजा.............।

### ६.२.८ होली गीत ः हास्य रस



प्रस्तुत होली गीत मिति २०६८ फाल्गुन पूर्णिमाको दिन वेनी जगन्नाथ क्षेत्रमा स्थित तातोपानी बजार म्याग्दी भन्ने स्थानवाट स°लन गरिएको छ । यो गीत सिंगा निवासी ४८ वर्षीय विरेन्द्र शाक्यले गाएका हुन् । न्यापार पेशा गर्दै आएका गायक शाक्यले यो गीत दिउसो घाम लागेको बेलामा तातोपानी बजारमा उठेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

होली हो होली .........।
हाँसी खेलौं होली,सबै जना मिली, रङ छ्यापी खेलौं होली ।।
फागुनको पर्वमा, फागु खेलै गावैंमा ,
तरूनीको चक्कर, दिदै खेलौ ठक्कर।
हाँसी खेली होली,सबै जना मिली, रङ छ्यापी खेलौं होली ।।
ठिटा ः सालघारीमा सालको पात छ, बेलघारीमा बेल छ ।
कन्ये केटी मै हुँ भन्छे, पेटमा नानी खेल्छ ।
पारी पारी डाँडाभित्र, फलामको खानी ,
सँगसँगै होली खेलौं, आउ च्यान्छ नानी ।।
हाँसी खेली होली,सबै जना मिली, रङ छ्यापी खेलौं होली ।।
ठिटी ः चिल उड्दै बसीगयो, ओखरको रूखमा ,
गुहुमा बस्ने कीरा परून्, तँ पापीको मुखमा ।
तलतल डिलमुनि, सर्प बस्ने भ्कोर,
मन लाग्दो बोल्छ्स केटा,तँलाई लागोस कोर ।।
हाँसी खेलौं होली .....।।
ठिटा ः होली खेल्न सँगै हिड्छे, कोल्टे मुन्टो पारी,
टिपुर टिपुर नगर कान्छी, फुकाइदिउला सारी ।
हाँसी खेलौं होली .......।

ठिटी ः तेरो बाउको बुता भए, फुकाल मेरो सारी,
सारीभित्र घुसाइदिउँला,तैलाई घोप्टो पारी ।
हाँसी खेली होली,सबै जना मिली, रङ छ्यापी खेलौं होली ।।
होली हो होली , होली हो होली ।।

### ६.२.१० सोरठी गीत ः शान्तरस

प्रस्तुत सोरठी गीत मिति २०६८ फागुन २५ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-५ निवासी २८ वर्षीय हिरा थापाले गाएकी हुन् । कृषि पेशा गर्दै आएकी गायिका थापाले यो गीत दिउँसो घाम लागेको बेलामा पुलाचौर गा.वि.स. भवनको प्राङ्गणमा उठेर गाएकी हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः



मङ्गल ल्याउने सोरठी गीत
आहो मङ्गलदाता मङ्गलादेवी,
तमुरै आयो सरन ।
मङगलमूर्ति देवीले, हमारो रच्छे गर न ,
आहो सिद्धीदाता गणेशदेव,
तमुरै आयो सरन ।।
सिद्धीदात्ता देवले हमारो रच्छे गर न ,
आहो कलैका र कुलदेव,
हमारो रच्छे गर न ।
कुलैका र देवता,
तमुरै आयो सरन ।
आहो आकाशैमा सूर्य, चन्द्र,
पातलैमा बासुकी नाग ,
हमारो रच्छे गर न ।
आहो सिमेभुमे, देउराली ,
महारानी,शिवजीले,
हमारो रच्छे गर न ।
रच्छे गर देवदेवी,
आयौ तमुरो सरन ।
आहो पशुपति,गुह्येश्वरी,
जगन्नानथ, पुलस्त्यले,
रच्छे हमारो गर न ।
आहो थानीमानी, मण्डली,

वनदेवी, सिद्धकलाँट,
आयौ तमुरो सरन ।
सबै देवदेवीले,
हमारो रच्छे गर न ।।
आहो सिरिखण्डे काठको मादलु,
मिर्गको छालाको तनुवा,
काँसैको मुर्चुङ्गा,
बाखरी छालाको खैजडी मोडी,
सरस्वती राख न ।
चोखिया वस्त्र, चोखिया जल,
आयो तमुरो सरन ।।
आहो पुरूबैदिशा सरस्वती माई,
लेउ हमारो सरन,
आहो दख्खिन दिशा सरस्वती माई ,
देऊ हमारो सरन ,
आहो पश्छिम दिशा सरस्वती माई ,
लेऊ हमारो सरन ,
आहो उत्तर दिशा सरस्वती माई,
देऊ हामूलाई सरन ।
आहो चारै दिशा सरमास्वती,
आयौ तमुरो सरन ।।

### ६.२.११ बिन्ती गीत (सोरठी गाउनुपूर्व) ः शान्तरस

आहो तमुरो जिमिभूमिमा,
तमूरो आँगनगृहेमा,
ठुलै नाम भयाको,
ठुलै नाम सुन्याको,
तमुरो गृहेमा खेलन आयो,
जिमिभूमि तम्रो,आँगन धर्ती तम्रो ।
खेलीरङ्ग हाम्रो,
आहो खेलन आयो,
दियै बाली संघार,
दियै बाली दुवार,
घरक घरक उघारिला,
तमुरो याँगनैमा,
आहो खेलन आयो,
आहो छिमेकी छम नाचा ,
हजुरैको लच्छिनले,
हामु खेलन आयो ,
रच्छे गरून देवताले,लच्छिन बसून् घर गृहेमा,
भनीकन खेलन आयो ,

गाह्रो पिरो नमानेर,
दैव देऊ सरन हो,
नाचनाच मारूनै, बाबाजीको आँगनीमा, स्याबो ।

### ६.२.१२ सोरठी गीत ः करूणरस



प्रस्तुत सोरठी गीत मिति २०६८ श्रीस्वस्थानी ब्रतमा बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-३ निवासी ६२ वर्षीय उमानाथ पौडेलले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक पौडेलले यो गीत रातको बेलामा पुलाचौरको शिवालय मन्दिरको पाठशालामा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

पुरब दिशा उज्यालो भयो ,
चिन्तामा राजा, रक्तेला छैनन् ।
राज्यको भार को लेला ?
पच्छिम दिशा घुमने राजा,
राजाकी कन्या खोजीमा ल्याऊ ।
पण्डित जैसी बोलाई हेरी,
बिहे गरे रत्तेला हुनन्,
गर न बिहे राजाकी कन्ये ।
पच्छिम दिशाको दुबारदुलो,
राजाकी कन्ये बिहेमा गरी,
दरबार ल्याई आए नि है ।
आए राजा आहै आए राजा,
बिहे गरी दरबार आए राजा ।।
केहि र मैना बितिमा गयो,
तिघरी गले, वाक्वाकी आयो,
भनेर रानी शोकमा परिन्।
सुसारेलाई सोधीमा हेरी,
बिचार गर्दा रानीमा ज्यूलाई,
गरिभ रह्यो ।
रह्यो गरिभ आहै रह्यो गरिभ,
अब त रानीज्यूलाई रह्यो गरिभ ।।
आहै एकैरो महिना दुबैलाई मास,
रानीलाई रह्यो गरिभ ।
तिघरी गल्यो बानिता आयो,
तीनैरो महिना चारैरो मास,
पाठैमा नानी बस्यो नि राजै ।

पाँचैरो महिना छवैरो मास ,
सातैरो महिना आठैरो मास,
रानी र ज्यूलाई गरिभै रह्यो ।।
अमिलीको पियासै लाग्यो,
बायाँ र कोखो सलिका हान्यो ,
दिनैरो दिन तिघरी गल्यो ,
नवैरो महिना दशैलाई मास,
रानी र ज्यूलाई लावैला कष्ट ।
दशैको मास भए नि राजै,
रानी र ज्यूलाई त्रिकष्टै लायो ।
कष्टै भो आहै कष्टै भयो,
गरिभ थामन कष्टै भयो ।।
राजा ः आहै गावैमा डुलने कटुावाले,
सोडेनी माईलाई बोलाई ल्याऊ ।
राजै र ज्यूको आदेशै पाई,
कटुवाबाले हिँडी पो हाल्यो ।
जसुमने सुडेनी घरमा पौंची,
खबरै दियो ।
कटुवाले ः राजै र ज्यूको हुकुमै भयो ,
रानी र ज्यूलाई त्रिकष्टै लायो ।
हिंड न हिंड सुडेनी दिदी,
रानी र ज्यूलाई गुहार ।
सुडनी ः जान त जाँदो हुम कटुवाले भैया,
नाकैमा लाउने नथिया छैन ।
कटुवाले ः हिँड न हिँड सुडेनी दिदै,
राजै र ज्यूले पहियाउने छन ।
सुडेनी ः जान त जादो हुम कटुवाले भैया ,
तिघरी छोप्ने गुनिया छैन,
कटुवाले ः हिंड न हिंड सुडेनी दिदी,
राजै र ज्यूले पहि-याउने छन ।
छिटैमा गर सुडेनी दिदै ,
राजै र ज्यूको हुकुम,
रानी र ज्यूलाई गुहार ।
आइमा पुगिन् सोडेनी दिदै,
राजै र ज्यूको हुकुम,
राजै र ज्यूलाई रक्तेला भए,
सौतेनी मुटु खायो नि है ।
सौतेनी रानी ः सुन न सुन जइसी पन्नित,
बचन मेरो सुन है ।
गुह्यमा कुरा मनमा लिया,
पाउन्याछौ बकस ।
राजै र ज्यूलाई रक्तेला भए ,

हामरो बइन गयो नि है ।
रक्तेला बाबु दीर्घायु भए,
हामरो जियै रहोइन ।
जैसी पण्डित : गुह्यैमा रहला बचन तम्रो,
सबै र बयान कहन है ।
सौतेनी रानी : राजै र ज्यूको रक्तेला भए,
तमूलाई डाकी पठाउनन् ।
धुलौटो कोरी विचार गरी,
मूलमा पऱ्यो भन्दिए है ।।
राजा : आहै सुनैकेरे हँसिया रूपैया रूपैकेरे धागिया,
बाँधी बाँधी सालैनाल राखिए ।
सुनैकेरे झरिया गङ्गाजलु पानी,
बालखुलाई नुहाइदेऊ ।
गावैमा केरे कटुवाले,
कटुवाले : आहै गावैमा केरे जइसी पन्नित,
राजै र दरिवार बोलाए ।
पण्डित : के होला काम राजैको हुकुम,
राजै दरिबार बोलाउनी ?
क्टुवाले : राजै र ज्यूको हुकुम भयो,
राजैमा ज्यूलाई भेटनी ।
आइमा पुगे जईसी पन्नित
राजै र ज्यूको हुकुम ।
राजा : बैठन बैठ जैइसी पन्नित,
जलै र घडी थापिदेऊ ।
धुलौटो कोरी पुस्तक राखी,
जस्तामा तस्तै भनिदेऊ ।
पण्डित : आहै राजै र ज्यूलाई रक्तेला जन्मे,
बित्यासै पाऱ्यो बित्यासै पायो,
सातै र मूल परेछन राजै,
मूखै देख्नु अशुभ है ।
सातै र मूलले सातै र कुल,
सातै र पुस्ता हान्छ नि है।
तमुरो जियैको बिचारै राखी,
देशै,दरिबारै कटाइदेऊ ।
पन्नितले कपट गरिमा हाल्यो,
राजै र ज्यूको मनैमा चोट ।।
राजा : आहै गावैमा केरे कटुमावाले,
द्धारपाल बोलाइदेऊ ।
क्टुवाले : राजैको हुकुम द्धारपाले,
राजै र ज्यूलाई भेटने ।
आइमा पुग्य द्धारपाले,
राजै र ज्यूको हुकुम ।

राजा ः गुह्यैमा राखी हुकुम मेरो,
यतिमा काम गरिदेऊ ।
सातैमूल परे रक्तेला बाला,
गङ्गाजी काख पुयाइदेऊ ।
राजै र ज्यूको हुकुमै पाई,
सुनकरे बाकसु तयार गरी,
बाकसभित्र बालखु राखी,
गङ्गाको काख बगाइमादिए ।
गङ्गाजीले बगाईलगिन्,

माझिकिनार पुग्यो नि राजै ।
जालैमा हाल्ने माभी दाइले,
सुनैकेरे बाकसु जालैमा पा-यो ।
बिस्मित भई खोलेर हेर्दा,
सुनरूपे बालखु देख्या नि है
आहै सुनरूपे बालखु,
माझीको जालैमा सुनरूपे बालखु ।।
दैवको लिला बिरठै लाग्दो,
सन्तानै दैवले दिलाए है,
सुनरूपे बालखु पालीमा ताली,
दिनमै बढ्नी दिनैमा बढ्नी,
छुनु र मुनु खेल्नमा लाग्यो,
माझी कुटीया उज्यालो ।
दिन र दिन बढ्दै गयो,
बोलन खेलन लाग्यो नि है ।

बालक ः देऊ न बाबै,देऊ न बाबै,
हातै लिने धनुषी देऊ न बाबै।।
देऊ न बाबै, देऊ न बाबै,
काधैमा लिने ठोकरी देऊ न बाबै।।
देऊ न बाबै, देऊ न बाबै,
छुनुमुनु कुकुर,देऊ न बाबै ।।
देऊ न बाबै, देऊ न बाबै,
हातैमा लिने तरिबार, देऊ न बाबै ।।
आहै धनुकाँड र तरिबार लिई,
ऐरामा जान लागे नि बाबै।
मारीमा सके वनको जन्तु,
छुनुमुन कुकुर साथैमा।
ऐरामा जङ्गल जाँदामा खेरी,
भेट्ने जति सबैलाई जिते,
आफनो बशमा राखे नि राजै।
एक र दिन ऐरा र खेल्न,
बनै र वनै डुलीमा गए,

अरकै देशको वनमा पुगी,
मिरगु खोज्न लागे नि राजै।
मिरगु फाल देखेर जाँदा,
राजै र सँग भेटमा भयो।
राजै र सँग बैरभाव भई,
खूबै सँग लडाइँ गरे ।
बालखुको जीत, राजाको हार,
अचम्म राजा परे नि राजै ।
थिएनन् जित्ने जगतमा कोही,
जवानदेखी हार खाई,
सोधने बिचार गरे नि राजै ।
सर गयो सर गयो,
आज मेरो जियैमाथि सर गयो ।।
राजा : आहै सुन न सुन सुनरूपे बालखु,
कहाँमा देखी आयौ नि है ।
रक्तेला कसुका बालखु कसुका,
एकलै जङ्गल पस्यो नि है ।
बालक : रक्तेला भए दरिबार हुन्थ्यो ,
माझीको चेलो परे नि है ।
बाबा र आमाको निदान पाइनँ,
माझिया कुटीमा हुरकाए ।
बचन सुनी छक् परे राजा,
रक्तेलाको झजल्को पाए नि है ।
मनमा सख लाग्न गयो,
राजाले भन्न लागे नि है ।
राजा : युद्धमा तिम्रो सरै र भयो,
बिन्ती एक सुनिदेऊ ।
दरिशन गर राजाको दरिबार,
जुवाइँ बनाई राखुलाँ है ।
परीमा जस्ती कान्छी राजकुमारी,
तिमिलाई कन्येदान दिउँला नि है ।
जाऊँ बाबै, जाऊँ बाबै,
राजाको दरिबार जाऊँ बाबै ।।
जाऊँ बाबै, जाऊ बाबै,
कन्येदान लिनलाई जाऊँ बाबै ।।
राजैको बिनती सुनेर बालखु,
राजैको पछि लागी दरिबारै पगे ।
बालखु देखेर सबैले सोधे,
को आयो राजै को पिछा लागी ?
आयौ राजै, आयौ राजै ,
कसको साथ लागी आयौ राजै ?
राजै र ज्यूले बालखुलाई बैठाए,

मन्तरी, जैसी पन्नित डाकी पठाए ।
राजा : सुन न सुन मन्तरी जैसी,
बालखुको बिचार गर न है ।
कन्ये दान दिन्छु कान्छी राजकुमारी ।
तमूले बिचार गर न है ।
रानी र ज्यूको जमघटै भयो,
रानीलाई झलिको लाग्यो नि है
दशै र महिना गरिभमा राखेर,
जनिम दिएको झलिको लायो ।
आयो झलिको, आयो झलिको,
गरिभैमा राखेको आयो झलिको ।।
रानी : कन्ये दान के दिन्छौ राजै,
एउटै गरिभमा बसेका है ।
उनै हुन मेरा रक्तेला बाबु,
सातै र मूल परेका है ।
रानीका कुरा बिचारी हेर्दा,
सबैले शिर झुकाय ।
राजै र ज्यूले कपट गरी,
गङ्गाको काखमा सुरूपे बालखु,
बगाएको चालै र पाई,
रानी र ज्यूलाई सोध्नमा लागे ।
राजा : कसको कपट परेर राजै,
रक्तेला मेरा छुटिए ।
रानी र ज्यूले नजरै जुकाइ,
जैसीका मुख ताके नि है ।
जैसी : राजलक्षणका रक्तेला थिए,
सौतेनी जालमा परे नि है ।
माफै र पाउँ बिनती राजै,
ठुलै पो भुल गरे नि है ।
राजा : राज्यमा तिम्रो भयो नि बाबै,
शिरैमा श्रीपेच लगाइदिउँला ।
विषको सेलो सौतेनी चेलो,
सबैलाई किनारा लगाइदिउँला ।
सौतेनी रानी जैसी पन्डित,
सबैलाई बाँधी झेलैमा राखी,
खुशी र भई बसेछन राजै ।
राजै हुन्छ, राजै हुन्छ,
राजाको रैतेला, राजै हुन्छ ।।
लाईदिउँला,बाबै लाइदिउँला,
शिरैमा सिरीपेच, लाइदिउँला ।।

**६.२१३ आरती भजन गीत : शान्त रस**



प्रस्तुत आरती भजन गीत मिति २०६८ मंसिर २२ गतेका दिन बेनी जगन्नाथ क्षेत्रमा स्थित पुलाचौर-४ तल्लो चौर म्याग्दी भन्ने स्थानबाट सङ्कलन गरिएको छ । यो गीत पुलाचौर-४ निवासी ५५ वर्षीय थिरीलाल सुवेदीले गाएका हुन् । कृषि पेशा गर्दै आएका गायक सुवेदीले यो गीत रातको बेलामा पुलाचौरको घरमा पिँडीमा बसेर गाएका हुन् । यिनले गाएको प्रस्तुत गीतको पाठ यसप्रकार छ ः

<u>**गायन स्थलः**</u>

| नाइके | समूह |
|---|---|
| हा..सिद्धिदेव गणेशले सिद्धिमा दिनुहोस | सिद्धिदेव गणेशले सिद्धिमा दिनुहोस हरि ॐ |
| हा..मङ्गलदाता देवीले मङ्गलै दिनुहोस् | मङ्गलदाता देवीले मङ्गलै दिनुहोस् हरि ॐ |
| हा..सरस्वती आएर जिब्रैमा बस्दिनु | सरस्वती आएर जिब्रैमा बस्दिनु हरि ॐ |
| हा..इष्टदेव कुलदेव रक्षैमा गर्दिनु, | इष्टदेव कुलदेव रक्षैमा गर्दिनु हरि ॐ |
| हा..सबै देवदेवीले रक्षैमा गर्दिनु | सबै देवदेवीले रक्षैमा गर्दिनु हरि ॐ |
| हा..फूल दुबो अक्षता फलफूल लिएर | फूल दुबो अक्षता फूलफल लिएर हरि ॐ |
| हा..तिम्रो भक्ति आइपुगे दरिसन गर्न, | तिम्रो भक्ति आइपुगे दरिसन गर्न, हरि ॐ |
| हा..धुप दीप गरेर यारती जगाए, | धुप दीप गरेर यारती जगाए हरि ॐ |
| हा..पहिलोमा आरती फूलकी माला, | पहिलोमा आरती फूलकी माला,हरि ॐ<br>कालीनाग माथ लिइदेऊ, कृष्णज्यूकी वाला<br>रामज्यूकी आरती भन हरि ॐ गोविन्द रामज्यूकी आरती भन । |
| हा..दोसरी आरती देव र ज्युकी नन्दन, | दोसरी आरती देव र ज्युकी नन्दन, हरि ॐ हमुछ छुटाऊ प्रभु,कंसकी कन्दन<br>रामज्यूकी....। |
| हा..तेसरी यारती त्रिभुवन मोहै, | तेसरी यारती त्रिभुवन मोहै,हरि ॐ<br>राजा रूकुमिनी चमरी डोलावै<br>रामज्युकी....। |
| हा..चौथोमा यारती चारै दिशा पूजा, | चौथोमा यारती चारै दिशा पूजा,हरि ॐ<br>चार दिशा नारायण अमर नरकी दुध,<br>रामज्यूकी....। |
| हा..पञ्चम यारती मङ्गलु गावै, | पञ्चम यारती मङ्गलु गावै,हरि ॐ<br>रामज्यूका हरि हरि गुन भक्तजनले गावै,हरि ॐ<br>रामज्यूकी ...। |
| हा..षष्ठैमा यारती षड्रूसखावै, | षष्ठैमा यारती षड्रूसखावै,हरि ॐ<br>पडुरासिहासन राजारामलाई शोभै,<br>रामज्यूकी ....। |
| हा..सप्तैमा यारती समीधा र बाती, | सप्तैमा यारती समीधा र बाती,हरि ॐ |

बजाउँला शंख घण्ट,चडाउला फूलपाती,
रामज्यूकी....।

हा..अष्टैमा यारती अष्टपतिदाता, — अष्टैमा यारती अष्टपतिदाता, हरि ॐ
धन्यमा तिम्रो कोखी पूर्जा,कौशिलादेवी माता,
रामज्यूकी....।

हा..नवैमा यारती नबैनिधि गङ्गा, — नवैमा यारती नबैनिधि गङ्गा, हरि ॐ
हमुक छुटाऊ प्रभु पापकी पञ्जा,
रामज्यूकी....।

हा..दशैमा यारती दशरथ पिता, — दशैमा यारती दशरथ पिता,हरि ॐ
आज्ञामाकारी रामलछुमन,
सत्यमाधारी सीता,
रामज्यूकी ...।

हा..कपुरको पालाराम सपुरको बाती, — कपुरको पालाराम सपुरको बाती,हरि ॐ
ज्योति जगमग,जगाऊँ यारती, रामज्यूकी....।

हा..दशमुन्टे राउन्नेको सय भाइ नाति, — दशमुन्टे राउन्नेको सय भाइ नाति,हरि ॐ
मर्न लाग्यो रावण राजा, मुखमा छैन बाती,
रामज्यूकी..।

चुड्का : घरै ल्याय सिता,लङ्का जिते रामले ।

**६.२.१४ लम्बरी भजन गीत : शान्तरस**

| नाइके | समूह |
|---|---|
| हा..मनुष्यको जनिम चौरासी जुनीको, | मनुष्यको जनिम चौरासी जुनीको,हरि ॐ |
| हा..जन्ममरण देहको भगवानको लिला, | जन्ममरण देहको भगवानको लिला,हरि ॐ |
| हा..धर्मसंस्कार मेट्नुहँदैन, | धर्मसंस्कार मेट्नुहँदैन,हरि ॐ |
| हा..मानवचोलामा दशैं कर्म हुन्छन, | मानवचोलामा दशैं कर्म हुन्छन,हरि ॐ |
| हा..गर्वैमा रहँदा गर्व संस्कार गर्नु, | गर्वैमा रहँदा गर्व संस्कार गर्नु,हरि ॐ |
| हा..जनिमपछि संस्कार गरनु, | जनिमपछि संस्कार गरनु,हरिॐ |
| हा..चूडाकर्म व्रतबन्ध उमेरमै गर्नु, | चूडाकर्म व्रतबन्ध उमेरमै गर्नु,हरि ॐ |
| हा..गर्भै ले आठैमा व्रतबन्ध गर्नु, | गर्भै ले आठैमा व्रतबन्ध गर्नु हरि, ॐ |
| हा..व्रह्मचर्य धर्मको पालना गर्नु, | व्रह्मचर्य धर्मको पालना गर्नु, हरि ॐ |
| हा..देशदेशान्तर डुलनु ज्ञानै र सिंकनू, | देशदेशान्तर डुलनु ज्ञानै र सिंकनू,हरि ॐ |
| हा..व्राह्मणका नीतिमा चलनु, | व्राह्मणका नीतिमा चलनु, हरि ॐ |
| हा..गर्भैले आठैमा व्रतबन्ध गरी, | गर्भैले आठैमा व्रतबन्ध गरी,हरि ॐ |
| हा..गुरूमन्त्र लिएर मातापितासंग, | गुरूमन्त्र लिएर मातापितासंग,हरि ॐ |
| हा..बिदा लिने भनेर जान्छन ती बालखु, | बिदा लिने भनेर जान्छन ती बालखु,हरि ॐ |
| हा..बिदा दिनोस् पितामाता गुरू साथ जान्छु, | बिदा दिनोस् पितामाता गुरू साथ जान्छु,हरि |
| हा..ज्ञानै आर्जन गरेर सेवामा आउनेछु, | ज्ञानै आर्जन गरेर सेवामा आउनेछु,हरि ॐ |
| हा..पितामाता भन्छ्न नजाऊ बाला तिमी, | पितामाता भन्छ्न नजाऊ बाला तिमी,हरि ॐ |
| हा..वनमा जन्तुको भयमा रहला, | वनमा जन्तुको भयमा रहला,हरि ॐ |
| हा..भोकप्यास लागेमा कसले बिचार गर्ला, | भोकप्यास लागेमा कसले बिचार गर्ला,हरि ॐ |
| हा..साना तिमी बालखु नजाऊ वनैमा, | साना तिमी बालखु नजाऊ वनैमा,हरि ॐ |

चुड्का : कहिले आउला फेरी नजाऊ बाला बनैमा ।

ज्ञान आर्जन गर्छु,गुरू साथ लगेर ।
जान्छु माता म त , बिदा दिनोस् अब त ।
पीर नमाने हेर, आउँछु फेरी फर्केर ।

**६.२.१५ एकोहोरो चुड्के भजन गीत : शान्तरस**
**(छोटो लयमा)**

हा..फर्काई ल्याए सीता, लङ्का जिते रामले ।
हा..बुद्धि उल्टो हुन्छ, विनाशको बेलामा ।
हा..सीता छल गरी,मर्नुपयो आखिरी ।
हा..रावणलाई मारी,विभीषणलाई शिरपेच ।
हा..टारेर टर्दैन, लिलाटैमा लेखेको ।
हा..आए फर्की राम,खुसी भयो मनमा ।
हा..अजुध्याबासीले, रामलाई ल्याय दरबार ।
हा..यो गद्दि तिम्रै हो,भाइ भरत ।
हा..खुसी भय, राम भरतको भक्तिले ।
हा..आखिरी मरिन्छ,राम जपे तरिन्छ ।
हा..अन्त्य अवस्थामा, पाप धर्म साथमा ।
हा..आउला फर्की पालो,सत्य धर्म नछोडे ।
हा..नसम्झेर पो त , सम्झे राम मनैमा ।
हा..ढोका खोल राम, भक्ति आए मन्दिरमा ।
हा..भत्तिभावनाले, तरनलाई सजिलो ।
हा..पूजा गरौ कि त,दम्पतीले सहित ।
हा..उनै गणपति, ऋद्धिबृद्धिसहित ।
हा ..उनै महादेव, गङगागौरीसहित ।
हा..उनै भगवान, परिवारले सहित ।
हा..राम भगवान,सीताजीले सहित ।
हा..कृष्ण भगवान, राधिकाले सहित ।
हा..हातमा पूजा थाली,मृदङ्ग र मुरली ।
हा..बालौं धुपबाती,सन्जे लगाँऊ आरती ।
हा..उनै भगवानलाई,फूल,पाती, अक्षता ।
हा..उनै भगवानलाई, धुप, दीप, नैवद्य ।
हा..उनै भगवानलाई,जल,चन्दन, पन्चामृत ।
\+ + + + +
मलाई वगाउला कि, फूल बगाउने नदीले ।
हाम्रो फूलबारीमा, डुल्न,घुम्न आए है ।
खोलापारी खेत, न सम्चार न भेत ।
पापै हर हर, गंगाजलमा निर्मल ।
तुलसीलाई माला, गंगाजीलाई तोरण ।
नरोऊ तारानानी, बालि म-यो भनेर ।
के काम लाग्यो र बिना सन्तान सम्पति ।

कहिले आउला फेरी,नजाऊ बाला वनैमा ।
बजाऊ छाडी घर, हाम्रो पनि को छ र ?
जाउँला बैकुण्ठैमा नाच्दै, गाउदै बजाउदै ।
उपकार गर्नु लालचमा नपर्नु
भनेथे नि मैलै,यस्तै होला भनेर ।
कठै बरा राम,दरबार छाडी वनमा ।
उनै भगवान,हरने र भनेर ।
संसार झुटो छ, मायाजालमा नफसौं ।
जय जय दूर्गामाता,दर्शन दिनोस् अब त ।

### ६.२.१६ एकोहोरी चुड्के भजन गीत - शान्त रस

(लामो लयमा)

कहिले कारवमा, कहिले डोलीमा,
कहिले शङ्ख बजाउदै, लान्छन खोलीमा ।
ढोका खोल राम, ढोका खोल राम,
भक्ति आए मन्दिरमा, ढोका खोल राम ।
लैजाऊ भगवान, लैजाऊ भगवान,
फूलै फूलको विमानमा लैजाउ भगवान् ।
रून्छन धर्धरी,रून्छन धर्धरी,
रोए झुकेर,रोए झुकेर,
रूनै प-यो आखिर, रोए झुकेर ।
छैन लानु क्यै, छैन लानु क्यै,
नाङ्गै आउने, नाङ्गै जाने छैन लानु केही ।
कोटी नमस्कार,कोटी नमस्कार,
सिद्धिदेव गणेशलाई,कोटी नमस्कार ।
कोटी नमस्कार,कोटी नमस्कार,
सरस्वती मातालाई,कोटी नमस्कार ।
अति दयालु, अति दयालु,
भक्त उपर भगवान, अति दयालु ।
कहिल्यै नभुले,कहिल्यै नभुले ।
राम नाम जपन, कहिलै नभुले ।
जानोस भगवान्, जानोस भगवान्,
भक्ति शिरमा टेकेर, जानोस भगवान् ।
+ + + +
गलेश्वरमा शिवजी,छन् छन त ,
दरिशनै मिल्छ कि, जाम जान त ।
गाजनेमा जगन्नाथ, छन् छन त ,
दरिशनै मिल्छ कि, जाम जान त ।
वृन्द्रावनमा गाई चराउने, कृष्ण काले चोर,
कति राम्रो कष्णजीको, मुरलीको स्वर ।
काली गङ्गा सलल, गलेश्वरधाम,
स्नान दर्शन गर्नलाई, त्यतैतिर जाम ।

**६.२.१७ दोहोरी चुड्के भजन गीत : संयोग शृङ्गार रस**

पुरूष : हा..भेटें आज फूल, भरिपूर्ण रसले ।
महिला : हा..खाइदेऊ मण्डल मारी, यो फूलबारी तिम्रै हो ।
पुरूष : हा..आउचँ कि त माली, लान्च कि फूल चुँडाली ?
महिला : हा..मालीलाई छलेर, जाउँला रस पिएर ।
पुरूष : हा..बिष पो पर्छ कि, आरो उतै झर्छ कि ?
महिला : हा.. तिम्रै घिउ धार, रिङ्देऊ घुम्देउ माहुरी ।
पुरूष : हा.. के हो तिम्रो मन, अर्कै छ कि सपना ?
महिला : हा..जतन गरी बस, आरो गाडी खाऊ रस ।
पुरूष : हा..अरूलाई अमृत, मलाई बिष पर्छ कि ?
महिला : हा.. भवँरालाई बिष, तिम्लाई माहुरी अमृत ।
पुरूष : हा.. खान्छु अमृत मैले, नचाखेको कसैले ।
महिला : हा..पु-याऊ मनको धोका,मधुरस तिम्रै हो ।
पुरूष : हा.. तिम्रै रस खान, आउँला सधैं बिहान ।
महिला : हा..ठाउँ ठाउँमा वन, उही नभुले माहुरी ।
पुरूष : हा.. किन पो भुल्थे र, आउछु तिम्रै रस खान ।
महिला : हा.. आऊ सधैं भरी यो, फूलबारी तिम्रै हो ।
पुरूष : हा..छैन वरीपरी, काँ बसायो बामरी ?
महिला : जता मधुवन, उहीं बसायो बामरी ।
पुरूष : खै कल्ले बजायो,वन्द्रावनमा मुरली ।
महिला : कृष्णले बजाए, वृन्दावनमा मुरली ।
पुरूष : काँ बसी बजाए, कृष्णजी ले मुरली ?
महिला : रूखको डाली बसी, कृष्णजीको मुरली ।
पुरूष : तिनै हुन कि कृष्ण,गोपिनी लाई भुलाउनी ?
महिला : तिनै गोपिनी हुन, बालसखा कृष्णका ।
पुरूष : घुम्छन कृष्ण किन, शुन्य मधुवनैमा ?
महिला : गोपिनीका साथ, गाई चराउँछन कृष्णले ।
पुरूष : लीला कृष्णजीको,रैछ चाल नानीको ।
महिला : एक छिन नि नबस्नी,कृष्णबिना गोपिनी ।
पुरूष : आफनै मामालाई , किन मारे कृष्णले ?
महिला : वंशै खतम गर्ने, चाल उसको हुनाले ।
पुरूष : धर्म राख्नलाई, कृष्णऔतार लिएका ।
महिला : कोटी नमस्कार,श्रीकृष्ण औतार ।

**६.२.१८ एकोहोरी आँधीखोले भजन गीत : करूण रस**

हा..कठैबरा राम हिंड्नप-यो वनमा,
चिन्ता प-यो मनमा ।
हा..गयो लाली जोवन, बैसदिनमा पाइएन,
अव माया लाइएन ।
हा..माया बिरसिलो, लाउँछु माया कसिलो,
सधैंभरी हँसिलो ।
हा..अलि यता सर, उता चिसो भुइँ भयो,

माया मारे झैँ भयो ।
हा..बोल बोल माया, बोली त्यसै मर्दैन,
पैसा तिर्नु पर्दैन ।
हा..माया अन्तैतिर, कर्के नजर मतिर,
कर्के नजर मतिर ।
हा..शुन्य मधुवन, डुल्छन् कृष्ण रातैमा,
गोलेनीका साथैमा ।
हा.. पुगेन धोका, खाँत लाएर के गरूँ,
बाँचुँ कि त मै मरूँ ?
हा..ढाकाटोपी मैलो, धुने बैनी घर गई,
के रमाइलो छ र खै ?
हा..बस गुँदरीमा धुलोमैलो सर्दैन,
पैसा तिर्नु पदैन ।
हा..यो वनृदावनैमा, किन डुल्छौ भौतारी,
रैछौ कृष्ण औतारी ।
हा..गाईभैसीलाई घाँस, खनिउको झोपो छ,
माया लाउने धोको छ ।
हा..निधो मैले पाइन, आँसु हो कि पानी हो,
बस्नी हो कि जानी हो ।
हा..बाटैमा छ  घर, आउँदा जाँदा पसे है,
गुन्द्री तानी बसे है ।
हा..दोधारैमा परे, फाल्नी हो कि खानी हो,
आमा हो कि नानी हो ?
हा..भेट्ने मन लागे, आउदै जादै गर्नु है,
बेसीतिर झर्नु है ।

**६.२.१८ दोहोरी आँधीखोले भजन गीत : वियोग शृङ्गार रस**

पुरूप : आजै भाको भेट, पान सुपारी ल्याइएन,
बोलाउन नि पाइएन ।
महिला : चाहिँदैन मलाई, तिम्रो पान सुपारी,
राख आफै थुपारी ।
पुरूष : उमेर ढल्किएसी, गाह्रो पर्ने दिनजान,
गरौ कि त चिनजान ?
महिला : म त पुलाचौरकी, कूँहूँका सइँ परे
नचिनेको झै  गरे।
पुरूष : भेटभो अँधेरीमा, अलमल्ल परेको,
आफनै माया झरेको ।
महिला : बोल बोल माया, भोली छैन केही भर,
के छन नौला खवर ?
पुरूप : आज भैसी भोकै, कुटमिराको काइनाले,
बोलाउँ के को साइनाले ?
महिला : रैछौ गालपारा, माया भनि भुलाउनी,

अन्तै मन डुलाउनी ।

पुरूष : खोलाखाली डुली , घाँस काटौं तुसारे,
रैछौ माया बेसारे ।

महिला : बारीको डिलैमा, घाँस काटौं नेवारो,
नपारभो चेपारो ।

पुरूष : ढुङ्गै रैछ मन, पहाड भए रसाउँथ्यो,
फूल भए बसाउँथ्यो ।

महिला : नौनी जस्तो मन, ढङ्गा जस्तो साह्रो भो,
भेट हुन नि गाह्रो भो ।

पुरूष : हुने थियो भेट, बेसी मकै छरे त,
आउँदैजादै गरे त ।

महिला : म त्यसै टाढाको बाघजस्तो दाइ प-यो,
झन टाढाको पाइप-यो ।

पुरूष : तिम्रै पिरलोले, ज्यान सुकेर लौरी झैं,
घुम्छु फूलमा मैरी झैं ।

महिला : म पनि त रून्छु, तिम्रै पिरले न्याउली झैं,
ज्यान सुकेर प्याउली झैं ।

पुरूष : घर बनाउनेरैछन पूर्वतिर झ्याल राखी,
म आउने छु ख्याल राखी ।

महिला : झुकिन्छौ कि माया, झयालको चुकुल बलियो,
ठोकेको छ फलियो ।

निष्कर्ष :

बेनी जगन्नाथ क्षेत्रमा गाइँदै आएका विभिन्न प्रकारका गीतहरुमध्येको एक गीत पर्व गीत पनि हो । यस क्षेत्रमा पुरानो समयदेखि यस गीतलाई विभिन्न पर्वका अवसरहरुमा गाउँदै आएको पाइन्छ । यसरी गाइने यस गीतमा भएका रसहरुको प्रभावलाई तलको तालिकामा देखाइन्छ :

| क्र.सं. | गीतको नाम | गीतको संख्या | गीतको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | शान्त रस | ११ | ५७.८९ | |
| २ | करूण रस | ५ | २६.३१ | |
| ३ | श्रृगार रस | २ | १०.५२ | |
| ४ | हास्य रस | १ | ५.२६ | |
| | जम्मा | १९ | १०० | |

मथिको तालिकाबाट स्पष्ट हुन्छ कि बाह्रमासे गीतपछि दोस्रो स्थानमा वर्चस्व जमाउन सफल भएको गीत नै यस क्षेत्रमा पर्वगीत मानिन्छ । यस क्षेत्रमा विभिन्न चाडपर्वहरुको अवसरमा गाइने यस्ता प्रमुख १९ वटा माथिका गीतहरुमा गीतहरुमा सवैभन्दा बढी शान्तरसको प्रधान्यता भएको देखिन्छ । शान्तरस ५७.८९ प्रतिशत, करूणरस २६.३१ प्रतिशत, श्रृंगाररस १०.५२ प्रतिशत र हाँस्यरस ५.२६ प्रतिशत देखिन्छ ।

# सातौं परिच्छेद
# संस्कार गीतमा रसविधान

## ७.१ संस्कार गीतको परिचय

सामाजिक प्राणी भएको नाताले मानिसले विभिन्न खालका धर्म संस्कृतिको पालना गर्दै धेरै खालका संस्कारहरु गर्नु पर्ने देखिन्छ । जन्मदेखि मृत्युसम्मका लागि पुराणले समेत विभिन्न खालका सोह्र संस्कारहरु निर्धारण गरे तापनि यस क्षेत्रमा गरिने मुख्य संस्कारहरुलाई यसरी प्रस्तुत गरिएको छ :-

### ७.१.१ रत्यौली गीत

भनिन्छ रत्यौली भनेपछि ६ महिना देखि ओछ्यानमा थला परेकी महिलालाई अनि ८० बर्षिया बूढी आमालाई पनि सोह्रबर्षे जवानी आउँछ रे । विवाहको दिनमा बेहुला पक्षबाट बेहुलीको घरमा जन्ती गइसकेपछि विवाहको खुसियालीमा महिलाहरुद्वारा बेहुलाको घरमा रमाइलोसँग धक फुकाएर उफ्री उफ्री नाच्ने गाउने कार्यक्रम नै रत्यौली हो । पुरूषहरु बेहुली लिन जन्ती गैसकेपछि घरमा महिलाहरु मात्र हुन्छन् र महिलाबाटै एक जनालाई झिल्के बनाउँदछन् र नाच्दछन् । रत्यौलीको झिल्केले झ्याँइ पारेको पहिरन निकै नै हेर्नलायक देखिन्छ ।

दुलाहाको ग्रहशान्ति गरी बालिएको बत्तिमा तेल थप्दै दुलही लिएर जन्ती नफर्कुन्जेलसम्म छरछमेकीहरु मिलेर बत्ति कुर्ने चलन हुन्छ । त्यही बत्ति हातमा राखेर धानको थुप्रो माथि बालेको बत्तिमाथि कुल्चदै घरको मूल ढोकाबाट दुलहीलाई लक्ष्मीको रुपमा भित्र्याउने गरिन्छ । यही अवस्थासम्म जोगाइ राख्नुपर्ने बत्ति कुर्न बस्ने छिमेकी घर , गाउँका इष्टमित्र तथा अन्य टाढाटाढाका आफन्तजनहरुको उपस्थितिमा गरिने रत्यौली गीत र नृत्यले लामो इतिहास बोकेको छ । यस गीतमा पुरूषको उपस्थितिलाई पूर्णत : निषेध गरिएको हुन्छ । पुरूषहरु कथ्मकदाचित उपस्थिति भैहालेमा आयु घट्छ भन्ने चलन रहेको पाइन्छ भने महिलाहरुद्वारा उनीहरुलाई लज्जित पार्ने शब्दहरुको प्रयोग गरी ब्यङ्ग्य वाण प्रहार गर्दै त्यस स्थलबाट धपाइन्छ । यो स्थल त्यसवखत साच्चै नै महिला राज्य जस्तै हुन्छ । महिलाहरु नै पुरूषको भेषभुषामा सजिएर सर्वसाधारणदेखि सहायक, नायक र खलनायकसम्मको भूमिका निर्वाह गर्न पुग्दछन् । दुलाहाको घरमा रातको समयमा जन्ती नर्फकेसम्म महिलाहरुमात्र जम्मा भई अश्लील गीतहरुको समेतः भरपुर प्रयोग गरी गाउने गीत र अभिनयात्मक नृत्य रत्यौली भनेर चिनिदै आएपनि पछिल्लो समयमा रातमा विवाह गर्ने प्रचलन शान्ति सुरक्षा लगायतका विविध कुराहरुले गर्दा परिवर्तन भै दिनमै विवाह गर्ने चलन रहँदै आएको पाइन्छ । यस्तो अवस्थामा रत्यौली शब्द नै अस्तित्व संकटमा पर्न लागेको देखिन्छ रत्यौली गीतको सन्र्दभमा । तैपनि रत्यौलीकै सम्पूर्ण क्रियाकलाप दिनमा नै गरिने भएकोले यसलाई रत्यौली नै भनेर चिनिदै आएको पाइन्छ । तैपनि रातमा खेलिने रत्यौली र दिनमा खेलिने रत्यौली मूलरूपमा केही फरक नभएपनि क्रियाकलाप र उपस्थितिमा भने केही अन्तर भएको पाइन्छ । दिनको रत्यौलीमा घरायसी काम धन्दा सँगै रत्यौलीको कार्यक्रममा आउने जाने क्रम रहिरहन्छ र अश्लील खालका गीतहरु गाउन पनि शोभनीय मानिदैन भने पुरूषको उपस्थिति पनि उल्लेख्य मात्रामा हुने गर्दछ । दिनमा हुने रत्यौलीमा पुरूषको भूमिका दर्शकमा मात्र सीमित नभई नृत्यकारमा समेत देखिन्छ । आजभोलिका दिनमा हुने रत्यौलीहरु मनोरञ्जनमा मात्र सीमित नबनी आर्थिक स°लन गरी उदाहरणीय कार्य गरेको समेत देखिन्छ ।

खासरुपमा रातको बिहेमा दिनभरी घरको कामधन्धा सम्पन्न गरी पुरूषहरु बेहुलाको साथमा बेहुली लिन जाँदा गाउँ घरमा महिलाहरुले दुलाहाको घरमा बत्ति कुर्न जम्मा हुँदाका वखत मनोरम, भयमुक्त र सिर्जनशील वातावरणमा गरिने गीत नृत्य नै रत्यौली हो । ताली बजाउँदै समूहगत रुपमा गाउने यस रत्यौली गीत निकै नै स्वतन्त्र भै अभिनयात्मक रूपमा अश्लिल गीतहरु गाइन्छन । दुई जना महिलामध्ये एकजना पुरूषको पोशाकमा नृत्य गर्दछन् । पुरूषको पोशाकमा नृत्य गर्नेलाई लुठो भनिन्छ । लुठालुठी गीत र नृत्यमा अश्लील किसिमका गीत र अभिनयका साथै महिला र पुरूषका बीच हुने सम्भोग क्रियाको साथै जर्बजस्ती करणीको अभिनय समेत गर्दछन् । गायिकाहरु समेत अश्लील र उत्तेजनात्मक गीतहरु गाएर वातावरण नै उत्तेजित बनाउन लागि परेको देखिन्छ । अश्लील पाराका गीतहरुले बढी महत्व पाउने रत्यौलीमा बेहुलाको घरका महिलाहरु नाच्नै पर्ने हुन्छ । यदि नाच्न नजानेर अनाकानी गरेमा पनि अश्लील शब्द प्रहार गरी लज्जित बनाई नाच्न वाध्य पारिन्छ । यो दृश्य पनि निकै रोचक देखिन्छ । पछिल्लो समयमा सुझावमुलक गीत गाउन थालेको भए तापनि यस गीतमा अश्लील किसिमका क्रियाकलापले बढी महत्व पाउँछ । वाद्यवादनको अनिवार्यता नहुने भए तापनि वर्तमान समयमा मादल, हार्मोनियम जस्ता वाद्यको प्रयोग अनि नृत्य र अभिनयले निकै रोचकता थपेको पाइन्छ रत्यौली गीत र नृत्यमा । आजभोलिका रत्यौलीहरु रातमा नभै दिनमा र अश्लील भन्दा उपदेशमुलक र यथार्थ जीवनको अभिव्यक्ति दिने विषयवस्तु प्रस्तुत गर्न सफल भएको देखिन्छ । यी गीतहरु पेट मिचिमिचि हाँस्ने खालका हुन्छन् । व्यङ्ग्यको झटारो हिर्काउनु, हास्य र शृङ्गार रसको सर्वाधिक प्रयोग हुनाले रत्यौली हाँस्यव्यङ्ग्यात्मकता, अश्लीलतात्मकता र अभिनयात्मकताको त्रिवेणी भनेर चिनिन्छ ।

### ७.१.२ सिलोक गीत

संस्कृत भाषामा रहेको शास्त्रीय छन्दको नक्कल गर्दै गाउने पद्यहरुलाई सिलोक भनिन्छ । बेनी जगन्नाथ क्षेत्रमा पाइने सिलोक गीतमा शास्त्रीय छन्दलाई पूर्ण पालना गरिएको हुदैन । भन्दै जाने क्रममा जस्तो छन्द आउँछ त्यसलाई नै सिलोक भनिन्छ । वैवाहिक क्रममा दुलही र दुलाहपक्षबीच माइती र जन्तीहरु प्रश्नोत्तर शैलीमा सिलोक गाउने गर्दछन् । माइती पक्षको प्रश्नलाई जन्ती पक्षले उत्तर दिन सक्नुपर्दछ । अन्यथा जन्तीलाई माइतीले अपमान गरी दुःन्ख समेत दिइन्छ । यसबाहेक विभिन्न धार्मिक, पौराणिक सर्न्दभमा पनि प्रश्नोत्तर शैलीमा सिलोक गाउने गरेको पाइन्छ ।

### ७.१.३ गाथा गीत

यस बेनी जगन्नाथ क्षेत्रमा विवाहको संस्कारमा गाउने एक गीत नै गाथा गीत हो । अष्टपर्वत पूजा समाप्त पश्चात जन्ती पक्षबाट गाथा गाउने र त्यसपछि मात्रै सिन्दुर हाल्ने चलन रहँदै आएको छ । संस्कृत र नेपाली मिश्रित गाथा गीत लामो स्वरमा वा लयमा बाद्य र नृत्यको प्रयोग बिना गाइन्छ । विभिन्न देवदेवीको प्रसङ्गका साथै दशावतारको संस्मरण गरिएको हुन्छ ।

### ७.१.४ खाँडो गीत

क्षेत्रीहरुको बाक्लो बस्ती रहेको यस क्षेत्रमा वैवाहिक कार्यक्रममा गाउने एउटा गीत खाँडो गीत हो । सिन्दुर हाल्नु अघि क्षेत्रीहरुले खाँडो जगाउने भन्दै खुकुरीको प्रयोग गरी यो गीत गाइन्छ । क्षेत्रीहरुद्वारा आँट, साहस र वीरताको प्रशंसा गर्दै खाँडो गीत गाइन्छ । खाँडो गाउनेले खाँडो भन्दै जान्छ र अन्त्यमा कुहिरेको थाप्लोमा ठ्याक भन्दै खुकुरीले काठ वा केराको खम्वामा हान्छ । ऐतिहासिक रूपमा यस क्षेत्रका क्षेत्रीहरुले आफ्नो राज्य जोगाउनका

लागि वैरीहरुलाई अदम्य साहसपूर्वक लडेर परास्त गरेको हुनाले आफ्नो वीरता र सुरतालाई कायम राखिराखेको भन्दै यस गीतमा बयान गरिएको हुन्छ । एकोहोरो गायन र वीर रसको प्रधानताको दोभानमा खाँडो गीत अडिएको छ ।

## ७.२ संस्कार गीतहरु

### ७.२.१ रत्यौली गीत : हास्यरस

**(छोटो लयमा)**

रत्यौली घन्कन लायो, ताराभोटे थकाली आइपुग्यो ।
सलल लेतेको पैरो, झलल बेनीको बजार ।
सलल बगेको पैरो, पैरोभन्दा पिरती झन गैरो ।
सबैले बजाइदेऊ ताली, म पनि नाच्ने हो यसपाली ।
कान्छाले कान्छीलाई ल्यायो, जून छैन अँधेरी रातमा ।
दियोमा थपे है तेल, घरमा दुलही नआउन्जेल ।
घरमा आइपुगे जन्ती, हेर त को आयो लोकन्ती ?
भित्रेलिन् दुलही हेर, धानको थुप्रोमा टेकेर ।
पढेकी दुलही आउलिन्, यो बूढी सासुलाइ थर्काउलिन् ।
कस्तो छ दुलहीको मति, कति छ दाइँजोको सम्पत्ति ?
दुलाहादुलही हेर, बसेका लालजोडी भएर ।
कान्छाले कान्छीलाई ल्यायो, भीरको बाटो लालटिन बालेर ।
झ्याल ढोका वन गरे माया, भरे घर आँउछु कि आउँदिन ।
छुटाइदेऊ बाबुले भारा, खुवाई पालेको दशधारा ।
लेकाली मूलाको चाना बल्ल भयो, बाबुको दुईजाना ।

........................................................................................................................

धनी र मनीलाई मीठो मसिनो, नहुने दुःखीलाई पीठो मसिनो ।
केटी पनि केटा बनि टोपी लगायो, रत्यौलीमा आउने केटा टाढा भगायो ।
रत्यौलीमा काँ बाट जोगी आएको,दुलहीको आमालाई छाम्न लाएको ।
काँ हो जोगी तिम्रो घर सिस्ने ओढार, आज जोगी भोकै छ ढिंडो ओडाल ।
खोजी खोजी ले जोगी खोजी खोजी ले , दुलाहाका आफन्त खोजी खोजी ले ।
ओल्लो कुना पल्लो कुना घुम्यो जोगी, दुलहाकी आमालाई ल्यायो खोजी ।
रत्यौलीमा आउनेलाई बत्ति बाली देऊ, दुलाहाकी आमालाई भुँडी बोकाइदेऊ ।
जोगीकी जोगीनीले डाँडो काटी,दुलाहाकी आमाले पेइ साटी ।
आज भाले काँ नाच्यो कपनीको छेउ, दुलाहाकी आमालाई भित्र पठाइदेऊ ।
दुलाहाकी दिदीको रातो सारी, समाएछ जोगीले छेल पारी ।
जागीको खल्तीमा कति दाम छ, दुलहाकी दिदीको गाला छाम्छ ।
यो जोगी किन आयो के काम छ, रत्यौलीमा नाच्नेको छाती छाम्छ ।
यो लुठो जोगीले छल गऱ्यो, दुलाहाका आफन्त जम्मै बिगाऱ्यो ।

### ७.२.२ रत्यौली गीत : हाँस्यरस

**(लामो लयमा)**

रत्यौलीले जुलुमै पाऱ्यो, घरमा खवर पुगे त लौ माऱ्यो ।
अति राम्रो कमलको फूल, टिपे बाबु डोलीमा बसेर ।
गए बाबु फूलमाला भिरेर,दुधको भारा सारीले तिरेर ।

बाबु तिम्रो लगन हिउँदोमा, राखे सिन्दुर त्यो खाली सिउँदोमा ।
बूढा भएका यी बाबुआमालाई, दुःख तिम्ले नदिए कान्छा भाइ ।
श्रीमतीका सुनेर कुरा, बाउआमालाई नगरे दुर्दुर ।
दुई ज्यामी छन् टि.भी. कोठामा,गोबर फाल्दै बाउआमा गोठमा ।
कुललाई धजा नागलाई दुधधारा, पूर्णे कलश राखेर साइत गर ।
भुइँ भुइँ भुवँरी म घर जानी हो, फोइदेऊ मोहनी म कति रूनी हो ?
रत्यौलीमा जोर मादल ठोक, नाच्ने गाउने सबैलाई यहीँ रोक ।
गए बाबु फूलमाला लिएर, ल्याउलान दुलही सिंदुर दिएर ।
गए बाबु सगुन खाएर, आउलान बाबु जोर औठी लाएर ।
दहीको ठेकी कलश र चमर, फूल खोज्ने हिंड्यो नि भमरा ।
लछिनकी दुलही हेर, पसिन भित्र सासुलाई ढोगेर ।
तीता बचन नबोल हेर, बूढीभाकी आमालाई घोचेर ।
हाम्रा बाबु गएको ठाउँमा, बत्ति बाल्न पर्दैन त्यो गाउँमा ।
पोखरा बैनीको  घर,झलल बिजुली छैन र ,

### ७.२.३ रत्यौली गीत : संयोग शृंगाररस
**(लामो लयमा**

रत्यौली घन्कन लाग्यो, नाचन आईपुग्यो झिल्के दाइ ।
के हो दाइ झिल्केको चाल, फाटेको दौरा र सुरूवाल ।
टाउकोमा बाँधेको फेटा, तरूनी खोजन आऊ यता ।
चारैतिर बसेका तरूनी,माया लाउँछ मै कसो गरूँ नि ।
आऊ यता मौरीको रानु, गालामा टोकेर म्वाइँ खानु ।
आऊ यता आडैमा बस, राम्ररी झिकेर खाउ रस ।
गाडेर रसमा आरी, भरे है रसले भकारी ।
रस खान आएको मौरी ,अर्कैले खाइदेला कठौरी ।
लाउरे ले मै राम्रो भन्छ, सुके लुतो कनाउदा दिन जान्च ।
लाउरेको क्या राम्रो पहिरन, हापजाँगे सज्नैमा हैरान ।
डिल बस्यो झिल्केको टोपीमा, सुत्ने भय जाऊ हिँड खोपीमा ।
झिल्केले तानेर लाग्यो, चाल पाइन कोठामा के भयो ।
झिल्केले सकेछ आफनो काम, ढोका खोली हेर्दा त झुल्के घाम ।
को होला झिल्के झै आउनी, रातीमा छातीमा समाउनी ?
झिल्केले बिपत्तै पाऱ्यो, घरकाले चाल पाय लौ माऱ्यो ।
घरकाले खन्छनकी जरो, नाचेको लुगामा एकसरो ।

### ७.२.४. सिलोक गीत : संयोग शृंगाररस

दुलहीतर्फ   : घर पऱ्यो कुन ठाउँमा, कति टाढा,के कामले आयौ यहाँ ?
थरगोत्र कुन हो, प्रवर कति छन्, लौ लौ जल्दी तहाँ ।
कुन बस्छ घरमा, को बस्छ वनमा,के धर्म तिनको  रह्यो ?
यी सबको जवाफस, जल्दी नदिए,बस्दै नबसे भयो ।।

दुलहातर्फ   : घर पऱ्यो केही टाढा, बेनीमाथिको, लिन दुलही आयौ,
गर्ग गोत्र हो, घर्ति थर हो, तीनै प्रवरका भयौ ।
घरमा बस्ने गृहस्थी,वनमा बस्ने,ऋषिजन भए,

आ आफनो स्थानमा रहने हुनाले,सत्धर्म तिनका रहे ।।
दुलहीतर्फ : गाई दुहुने किरेमिरे ठेकी,भैसी दुहुने गाव।
नौबीसे जन्ती वारि तयौ,कुन हो दुलहाको बाउ ?
दुलहातर्फ : गाई दुहुने किरेमिरे ठेकी,भैसी दुहुने गाव ।
नौबीसे जन्ती वारि आयम मै हुँ दुलहाको बाउ ।।
दुलहीतर्फ : कति आयौ मुर्ख जन्ती, कति आयौ पन्नित ?
के के ल्यायौ माइतीराजालाई, नभने हौला दन्नित ।।
दुलहातर्फ : आका छैनम् मूर्ख स्वाठँ, आयम बिद्धान् पन्नित ।
माइतीलाई साहीपाटा दुलाहाराजा,किन हुने दन्नित ?
दुलाहीतर्फ : कति आयौ गाँडा गर्चा,सद्धे कति आयौ ?
किन आयौ ताँती लागी,सगुन के के खायौ ?
दुलहातर्फ : छैनन कोही गाँडा गर्चा, सबै सद्धे आयौ ।
दुलहाका साथी ताँती आयौ, दही,च्यूरा,कसार सगुन खायौ ।
दुलहीतर्फ : बेहुली हाम्री चन्द्रमा जस्ती, मुहार खुलेकी ।
कस्ता छन् दुलहा काम लाग्ने ठुलो, सिन्दुर भुल्यो कि ?
दुलाहातर्फ : घाम जस्ता छन् बेहुला ल्याएका छौं, कलस्यौली मड्यौली ।
ल्याएका छौं सिन्दुर, चुरापोते, गहना फूल कल्ली ।
दुलहीतर्फ : दर्जी कति फेर, कति छ ज्याला ?
काला कति छन्, छन् कति उज्याला ?
साहु कति छन्, छन कति त प्याला ?
गुरू कति छन, कति छन् त चेला ।।
दुलहातर्फ : दर्जी दशै छन, भने जति ज्याला ।
छैनन कोही काला,सबै उज्याला ।
साहु धेरै छन, छन उति त प्याला,
विद्धान गुरू धेर, झन ज्यादा चेला ।।
दुलहीतर्फ : आयौ जन्ती मैलाधैला,
बस्यौ जन्ती गिद्धको छाँट,
सुनको थलियामा मसिनाको भात,
हाल हे जन्ती हो झुसिला हात ।।
दुलाहातर्फ : आयौ जन्ती सुकिलामुकिला,
बस्यौ जन्ती मालुवाको छाँट ।
हरियो पातमा गन्हाउने भात,
कसरी हालौ माइती हो सुनसरी हात ?
दुलहीतर्फ : कस्तो पुत्र होओस यो जगतमा, कस्तो हुनुपर्छ ?
धन्यै पुत्र होओस् ऊ पनि ता, के काम लौ गर्दछ ?
जल्दी देऊ जवाफ यो सवालको,कुन छ जनतीमहाँ ?
दुलाहातर्फ : पुत्र धन्य हो माता पिता गुरूको, सेवा तहल गरने,
दुःखीको उपकार गरी जगतको, मनको भय हरने ,
दानपुण्यै गरीकन खूब देवको , पूजाउर्चना गरेर,
रोगीको उपचार गरोस ऊ दुःखीको, जान्छ सगर तरेर ।।

**७.२.५ गाथा गीत : वीर रस**

ॐ विघ्नश्वराय वरदाय सुरप्रियाय,
लम्बोदराय सकलाय जगद्धिताय ।
नागाननय श्रुतियज्ञ विभूषिताय,
गौरीसुताय गणनाथ नमोनमस्ते।।
मङ्गलम् पुण्डरीकाक्षः, मङ्गलाय तनोहरिः।।
समुद्रनिकटे ब्रह्मा धुनिमाया,
तहाँ शंखासुरले बेद लुकाया ।
राखो जयतु वेदाध्यायी,
पुकार राखो श्री कृष्णजी मरयाम् तुमारी ।।
मुरारी रव रेतु विनयकतारा मारी,
शंङ्घारकियो भगवान दारीकापुरीस्थान,
तेत्तीस कोटी देवता सुरलोक मङ्गला चारवेदपूराणम्,
हरि चारवेद पूराणम् ।।
प्रथम रूप नारायणं मत्स्यरूप औतारा,
अमृत कार सकल सनिसारा ।
द्धितिय रूप नारायण कुर्मरूप औतार,
रक्षमा किजे सब सनिसारा ।।
रूपमनोहर मधुकैटभ नाभो ,
यानी बलहन तब बासुदेवी ।
बासुदेवो एकबानी मधुकैटव मथमदन,
चानुयानि मथनयान क्षत्रमूलस्थान ।।
तेत्तीस कोटी देवता सुरलोक, मङ्गलाचारवेदपूराणम् ,
हरि चार वेद पूराणम् ।
तेतीयारूपनारायण बरारूप औतारा,
मारी दन्तासुर उपमेन मदिनी सङघारा ।
सङघारकिया आत्मा महेश्वर आसनधरेन,
ध्यान गायत्रीमनोहर चोरी नजानी ।।
जानती जनार्दन जरजाति मधुकैटभ,
धनबाणीक्षेत्र मानसरोवरस्थान ।
तेत्तीसकोटी ....।
चतुर्थरूपनारायण नृसिहरुप औतारा,
मारी हरिणाकुरा कियो सङघारा ।
सङ्घाराकियो जनार्द्धन प्रल्हाद थाई इन्द्रधरराजा मारी,
हरिणाकुराजित्यो भगवान अमरापुरीस्थान ।।

### ७.२.६ खाँडो जगाउने गीत : वीर रस

मङ्गलम् भगवान विष्णुः मङ्गलम गरूडध्वजः।
मङ्गलम् पुण्डरीकाक्षः मङ्गलम तनोहरिः।।
तदेव लग्नं, सुदिनं तदेव,
तारा बलं चन्द्र वलं तदेव।
विद्याबलं दैवबलं तदेव,
लक्ष्मीपते तेङ्घ्रियुगं स्मरामि।।

ॐ श्री श्री श्री,
गगनागिरि,
राजामन्त्री,
सर जङ्ग बहादुरको नाउँमा खाँडो जाग्यो।
पूर्व, पच्छिम, उत्तर, दख्खिन चार किल्ला बाँधी,
भारत भोट चीन, पेचीन,
लाहोर, डिल्ली देश देशावर थर्कन लागे ।
सीसा,गोला, बामगोला वैरी उपर वर्षन लागे,
बीरबहादुर नेपालीले वीर नामको समर बिजयी।।
कुइरेको थाप्लामा ठ्याक१ ठ्याक११ ठ्याक १११
+ + + + +

ॐ श्री श्री श्री,
स्वस्ती श्री गिरिराज चक्र चूडामणि नरनारायण,
भूमिपति राजा पृथ्वीनारानको नाउँमा खाँडो जाग्यो ।
पूर्व, पच्छिम, उत्तर, दख्खिन चारै किल्ला बाँधी,
भारत भोट चीन, पेचीन, लाहोर, डिल्ली
वाईसी, चौबीसी राजारजौटाका दरवार थर्कन लागे।
खुकुरी, तरवार, खुँडा, भाला सत्तुर उपर वर्षन लागे,
बीरबहादुर नाम नेपालीले चारैदिशा समर बिजयी।।
थापाकी छोरी बानियाँले लग्यो।
दुवै थरको साइनो सम्बन्ध भयो।।
कुइरेको थाप्लोमा ठ्याक१ ठ्याक११ ठ्याक १११

**निष्कर्ष :**

यस क्षेत्रमा रहेका विभिन्न गीतहरुमध्ये संस्कार गीत पनि एक हो । विभिन्न संस्कारहरुमा गाइने गीतहरुलाई तलको तालिकामा देखाई त्यस गीत भित्रको रसको प्रभावलाई समेत प्रस्तुत गरिएको छ ।

संस्कार गीतहरुमा रसको प्रभाव

| **क्र.सं.** | **रसको नाम** | **गीतको संख्या** | **गीतको प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | हास्य रस | ३ | ४२.८६ | |
| २ | श्रृगार रस | २ | २८.५७ | |
| ३ | वीर रस | २ | २८.५७ | |
| | जम्मा | ७ | १०० | |

माथिको तालिकाको आधारमा विभिन्न संस्कार गीतहरु र ती गीतहरुमा भएका रसहरुलाई स्पष्टसँग देखाइएको छ पौराणिक रुपले सोह्र संस्कारहरु मनाई जीवन देखि मृत्युसम्मको बीचको यात्रा तय गरिने भएपनि आजभोलि थौरै संस्कारहरु मात्र मनाउने गरिन्छ । यसरी मनाइने संस्कारहरुमा यस क्षेत्रका लोकगीतहरु रत्यौली देखि खाँडो जगाउने सम्मका पर्दछन् । मुख्य ७ वटा गीतहरुमध्ये हाँस्यरसप्रधान ४२.८६ प्रतिशत, श्रृंगार रसप्रधान

२८.५७ प्रतिशत र वीर रसप्रधान गीतहरु २८.५७ प्रतिशत रहेको हुनाले हाँस्य रसप्रधान गीतहरुको बढी प्रभाव रहेको देखिन्छ यस क्षेत्रमा ।

# आठौँ परिच्छेद
# लोकगीतमा रसविधान

रसविधानका दृष्टिले लोकगीत अत्यन्तै शक्तिशाली हुन्छन्। बाह्रमासे झ्याउरे लोकगीतहरुमा पनि रसविधानको उपस्थिति उल्लेखनीय रूपमा भेट्न सकिन्छ। रसविधानका आधारमा बेनी जगन्नाथ क्षेत्रमा भएका लोकगीतहरुको अध्ययन एवम विश्लेषण गरी हेर्दाखेरि यहाँका लोकगीतहरुमा सामान्यतः रसका नौ वटै प्रकारहरु धेरथोर मात्रामा देख्न सकिन्छ। तैपनि मुख्य गरी करूण, श्रृंगार, शान्त, हास्य र वीर रस देखा पर्दछन्। यी मध्ये पनि यहाँका गीतहरुमा करूण र शृङ्गार रसको प्रभाव त अति नै बढी भएको देखिन्छ। तिनका केही नमुना यसप्रकार प्रस्तुत गरी देखाइन्छ।

**८.१ करूण रस :-**

बेनी जगन्नाथ क्षेत्रमा गाइएका गीतहरुमा सर्वाधिक प्रभाव पार्न सफल भएको रस नै करूण रस हो । करूण रसका लोकगीतहरु यस क्षेत्रमा अत्यन्तै बढी मात्रामा गाइने गरेको पाइन्छ। हाम्रो समाज प्रेम भन्दा विछोडको घटनाले बढी ओतप्रोत भएको पाइन्छ। त्यस्तैगरी सुख भन्दा दुखको भूँमरीमा बढी नै फँसेको पाइन्छ। दश नङ्ग्री खियाएर श्रम र पसिनाका भरमा सारा जीवन धान्नुपर्दा मानवीय जीवनको गुजारा मात्रै गर्ने क्रममा पनि हाँसो- रोदन, मिलन- विछोड, सुख- दुख जस्ता कुराहरुले मानव मनलाई निकै नै दुःखी र नरमाइलो बनाउने गर्दछन्। फलस्वरूप दुःखद, हृदयविदारक र कारूणिक स्थितिको सिर्जना हुन पुग्छ। यस्तो परिस्थितिमा ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल भने झैं कारूणिक स्वरहरु प्रस्फुटित हुन थाल्छन्। यी र यस्तै कारणले उत्पन्न हुने विरह र वेदना यसका कारक तत्व हुन्। यस्ता कारूणिक भावले पुष्ट भएका गीतहरु उदाहरणका लागि यसरी प्रस्तुत गरि देखाउन सकिन्छ :-

यै रूखमा चढेर यै रूखमा हुर्केर
कति दुःख गछ्यौं कान्छी भूँइमा खुर्केर।
घर त मेरो पातीले बारेको
लाहुर जान कर्मले पारेको
फटाहाको भर परें म किन?
धोका खाँदा रूँदैछु दिनदिन।

त्यस्तै गरेर छोरीलाई बिहे गरी टाढा दिएपछि छोरीको मनमा पीर परी भक्कानो छुट्छ। विवाहमा समस्त आफन्तहरु आएर रमाए तापनि विवाह उत्सवले भन्दा मनको विरह र पीडाले पोल्न थाल्दछ। यस्तो अवस्थामा डोलीमा अन्मिएर जाने बेलामा छोरीको आँखाबाट साउने झरी झैं आँसुहरु बर्सन्छन। छोरीका आँसु र रोदनसंगै आमा बा तथा अन्य आफन्त एवं इष्टमित्रहरुका समेत आँखा रसाउन थाल्दछन्। यस्तो अवस्थामा कारूणिक स्वरहरु गुञ्जिन थाल्दछन्। यस क्षेत्रमा विशेष गरी तीजेगीतहरुमा बढी मात्रामा कारूणिक अभिव्यक्ति पाइन्छन्। जस्तै :

दश भाइ छोरा एकघरमा अटाउनी
म छोरीलाई नौ डाँडा कटाउनी।
विरानो देशैमा दिनुभो बाबाले, चाहिएन मलाइ माइतीको धन,
काखबाट टिपेर फाल्नुभो बाबाले, भदौरे झरी झैं रून्छ मेरो मन।
बर्षै दिनको तीजमा माइत जाने चेलीलाई, अँधेरी खोलाले बाटो छेकेको,
अँधेरी खोला तर्न मैले सकिन यो बालोवैंसमा मर्न लेखेको।

त्यस्तै गरी धनीमानी र पढेगुनेको व्यक्तिसँग एउटी निरक्षर चेलीको बिहे हुँदा पनि आफ्नो स्तर नमिलेको कारण दैनिक जीवन व्यतित गर्न नै अप्ठयारो परिरहेको कुरा यहाँका गीतहरुमा कारूणिक स्वरमा प्रस्तुत गरिएका पाइन्छन्।

जस्तैः

अङग्रेजी भाषामा पानी माग्छन् स्वामीले।
के बुझेर दिनी होला पानी हामीले?
अंग्रेजीमा पानीलाई भन्दा रैछन् वाटर।
नबुझेर मैले दिएँ काँचो कटर।।

यस्तैगरी घरायसी दुखेसाहरु माइतीमा गएर विसाउँदै मन हलुङगो बनाउने काम गरेको देखिन्छ। तीजको अवसरमा तीजेगीतमा पनि कारूणिक गीतहरु पाइन्छन् ।

जस्तै :

रातदिन काम गऱ्यो, गल्छ जिउ भोकले,
तड्पाउँछ सधैभरी, पेटको रोगले।
विरामी छु भनेपनि, मैले सुखै पाइनँ,
मीठो खाइँन, राम्रो लुगा लाउँदै लाइनँ।

यस प्रकार करूणरसका गीतहरु प्रस्तुत गरी दीन दुःखीहरुको चहराइरहेको घाउमा मलम पट्टी लगाउने कोशिश गरिएको हुन्छ । यस्ता गीतहरु श्रवण गर्नाले आफू मात्र दुःखी नभै आफ्नो जस्तै कथा व्यथाहरु भएका अरूहरु पनि रहेछन भनी मन बुझाउन समेत सहज हुन्छ ।

## ८.२ शृङ्गार रस

लोकगीतमा शृङ्गार रसका गीतहरु बढी मात्रामा युवा युवतीहरुले गाउने गरेको देखिन्छ । विभिन्न चाडपर्व तथा उत्सब लगायतका समयमा यस्ता शंगारिक गीतहरु गाइने गरिन्छ। नायक नायिकाका बीचको मिलन वा विछोडको अवस्थामा उत्पन्न हुने काम शक्तिको स्थिति र त्यसबाट मानस पटलमा उत्पन्न हुने भाव प्रकट भएका लोकगीतहरु शृङ्गार रससँग सम्बन्धित मानिएको हुन्छ । साहित्यको क्षेत्रमा शृंगाररस सम्भोग र विप्रलम्भ गरी दुई किसिमबाट देखापर्दछ । यस क्षेत्रमा यी दुवै प्रकारका रसका अभिव्यक्ति भएका लोकगीतहरु छरिएर रहेका छन । उदाहरणका लागि यस्ता गीतहरुलाई यसरी प्रस्तुत गरी देखाइन्छ :-

तिमीसँग भेट भाको आजै हो,
दील खोलेर बोल्न नि लाजै भो।
रिमी र झिमी पानी है पऱ्यो भकिम्ली पाखैमा,
सिरिरि बतास लुगलुगे जाडो आउन प्यारी काखैमा।
पुलामी ठिटो आइराछु धाएर
जान्छु मत पिरति लाएर।
तिमी काँको म काँको - काँको
काली- म्याग्दी खोली झैँ भेट भाको
मायाँ तिम्रो बत्तिसै दन्त,
तिम्लाई छोडी जाँदैन मन अन्त ।
भेट भयो सूर्य र चन्द्रको,

तिमी चौध म भएँ पन्ध्रको ।

यसैगरी भर्खर मात्र विवाह गरेकी पत्नीलाई छोडेर वा आत्मीय प्रेमी प्रेमिकालाई छाडेर रोजगारीको सिलसिलामा विदेश पस्न बाध्य भएका हुन्छन् यस क्षेत्रका कतिपय व्यक्तिहरु । यस्तो अवस्थाका वियोग वेदनालाई लोकगीत मार्फत व्यक्त गर्दा विप्रलम्भ शृंगारका अभिव्यक्ति भएका धेरै गीतहरुको जन्म हुन पुगेको देखिन्छ। गाउँको शुद्ध नौनी घिउलाई तताएर मगमग बास्ना आई खाउँ खाउँ लाग्ने भएको अवस्था भैँ भर्खरको उर्लदो बैँसमा लोग्नेको विछोड सहनु पर्ने अवस्थामा एउटी पत्नीले पतिलाई घर आउने अनुरोध गर्दै गाइएका गीतमा विप्रलम्भ शृंगारको सजीव चित्र यसरी उतारिएको छ :

लाली जोवन गैसक्यो खेर, मलाइ सम्झी आउ चाँडै फर्केर।
पत्थर जस्तै निष्ठुरी नबन, साह्रै गाह्रो धान्न भो जीवन।
तिम्रै पिर हुनाले ज्यान सुकेर लौरी भैँ, घुम्छु फूलमा मौरी भैँ।
आँखेतमा खेत, नत सम्चार नभेट, नत सम्चार न भेट।
मनै भरि ठूलो पीर परेर, रून्छु मत एकान्त पारेर।
अभागीलाई रोईकराई के लाग्यो, इमान्दारी मायाँले छकायो।
के भनेर बोलाउँ म नानीलाई लाको माया छाडेर जानीलाई।

यस्तै खाले श्रृंगार रसले भरिएका थुप्रै गीतहरु बेनी जगन्नाथ क्षेत्रमा प्रचलित रहँदै आएका छन्।

**८.३ शान्त रस**

बेनी जगन्नाथ क्षेत्र पौराणिक कालदेखि नै वैदिक विद्याले गुञ्जायमान एक क्षेत्र हो। यहाँको लोक समाज आध्यात्मिक चिन्तनले प्रभावित भएको देखिन्छ । धेरै मठमन्दिरहरु रहेको यस क्षेत्र धार्मिक रूपमा निकै चर्चित र पवित्र क्षेत्र पनि हो । भजन कीर्तनहरुको आध्यामिक र साङ्गीतिक रूपले कुनै पनि तिथि मिति बिराउँदैनन यस क्षेत्रमा। सांसारिक मायाँजालबाट मुक्त हुनका लागि भौतिक सुख सुविधाबाट टाढिँदै जप, ध्यान, भजन कीर्तन गर्नुपर्दछ। भन्ने भावना भएका व्यक्तिहरुबाट शान्तरसका लोकगीतहरु गाइन्छन्। कर्म गरौं फलको आशा नगरौं भन्ने सोचमा रही यो सृष्टि ईश्वरकै हो, यो संसार सृष्टि गर्ने चलाउने उनै इश्वर नै हुन भन्ने भाव भएका गीतहरु हुन् जसलाई यसरी प्रस्तुत गरिन्छ :

हाँसो-आँसु होला संगी, सुख-दुःख होला, घाम छायाँले भरिएको मानिसको चोला,
छैन लानु केही, छैन लानु केही, नाङ्गै आउने नाङ्गै जाने छैन लानु केही।
उनै भगवान हरने र भरने,
आखिरी मरिन्छ, राम जपे तरिन्छ।
संसार झुटो छ, मायाँजालमा नभुलौं ।

त्यस्तैगरी जीवनमरणलाई शान्त भावयुक्त गीतमा यसरी प्रस्तुत गरिन्छ :

कहिले काखमा कहिले डोलीमा, कहिले शङ्ख बजाउँदै लान्छन् खोलीमा।

त्यस्तै भक्ति भावको आवश्यकतालाई यसरी जोड दिइन्छ :

ढोका खोल राम, ढोका खोल राम भक्ति आए मन्दिरमा, ढोका खोल राम।
लैजाऊ भगवान लैजाउ भगवान फूलैफूलको विमानमा लैजाऊ भगवान।
आउला फर्की पालो सत्य धर्म नछाडे सत्य धर्म नछाडे।
गलेश्वरमै शिवजी छन छन त, दर्शनै दिन के गर्छन जाम जान त।

त्यस्तै गरी सांसारिक मायाँजालबाट मुक्त हुदै कसैलाई पनि निराश नहुन र शान्त हुन आग्रह गर्दै यसरी गीत गाइन्छ।

नरो नरो बनको न्याउली, म छु अझै तँ भन्दा वैरागी।

मर्नै पर्ने दुई दिने यो चोला, संगै जीवन विताउन के होला।

यी र यस्तै खालका शान्त रसका लोकगीतहरु यस बेनी जगन्नाथ क्षेत्रमा गाउँदै आएको पाइन्छन्।

## ८.४ हास्य रस

मानव जीवन सुख-दुःख, हाँसो-आँसु, मिलन- विछोडको त्रिवेणी नै हो । सधैं भरी दुःखको भूँमरीमा जेलिएका व्यक्तिहरुलाई हाँसोले शान्ति र उत्साह थप्ने कार्य गर्दछ । यति मात्र नभै रिसको मात्रालाई कम गराउने कार्य समेत हाँसोले गर्दछ । अझ भनौं चहराइरहेको घाउमा मलम पटटी लगाएर शितलता प्राप्त गरे झैं हुन्छ हाँसोले । यस क्षेत्रमा सर्वाधिक हाँसो मच्चाउने गीतहरु रत्यौली र ठोक्का गीत हुन् । यस बाहेक असारे, गोठाले, फागु, बालगीत जस्ता गीतहरु पनि हाँसो मच्चाउने गीतहरु केही मात्रामा पर्ने गर्दछन्। रत्यौलीको लुठोले आफ्ना हाउभाउद्वारा लाहुरेको अभिनय गर्दै नाच्ने बेलामा गाइएको गीतमा हाँस्य भाव छताछुल्ल भएको पाइन्छ ।

जस्तैः

लाहुरेले मै राम्रो भन्थ्यो, सुकेलुतो कन्याउँदा दिन जान्थ्यो।
लाहुरेको क्या राम्रो पहिरन, थोत्रो जाङ्गे सज्नैको हैरान।

त्यस्तै गरी हास्य रसका लोकगीत व्यङ्ग्यात्मक शैलीमा यसरी गाइन्छन्ः-

एउटा ठेकी कालो काठको एउटा ठेकी दारको
मायाँ लाग्छ तरूनीको डर लाग्छ जारको।
एउटा गोरू झालेमाले एउटा गोरू काले
म छोरालाई वैंस आउँदा स्वास्नी ल्याउँछन् बाले।
पराल हाल्ने भकारी त धान हाल्ने टौवा
फूल पार्‍यो भैंसीले पाडी पायो कौवा।
कपाल काट्ने बन्चरो त रूख काट्ने कैंची
आहाल बस्यो बाँदर त रूखमा चढ्यो भैंसी।

यसरी हेर्दा यस क्षेत्रमा हाँस्य भावले भरिएका गीतहरु अली कम देखिन्छन् तापनि ती गीतहरुमा यस प्रकारका रसले भरिएका गीतहरु प्रशस्त पाइन्छन् र यो रस पनि साहित्यको क्षेत्रमा निकै महत्वपूर्ण रस मानिन्छ। लोकगीतमा यस रसले आफ्नै खालको छुट्टै महत्व जमाउन समेत सफल भएको देखिन्छ ।

## ८.५ वीररस

वीररसको माध्यमबाट नै नयाँ जोश, जाँगर र सञ्चार छर्दै मानवलाई जागरूक बनाउने काम हुने गर्दछ । वीर रसप्रधान गीतहरु बेनी जगन्नाथ क्षेत्रका सबै गीतहरुमा नपाइए तापनि मालश्री र खाँडो गीतमा भने उल्लेख्य मात्रामा भेटिन्छ । जस्तैः

आहारे शङ्ख चक्र गदा पद्मले,
कोटी वाण जो साजिनी।
लालरूप धारिणी कपडाबीज,
असुरमारिणी सुधारिणी।।

यसमा राक्षस मारेर देवताको रक्षा गर्ने देवीको प्रचण्ड रूपको वर्णन गर्ने शिलशिलामा वीररसको अभिब्यक्ति भएको गीत गाइएको छ । त्यस्तै गरी नेपाली वीरतालाई वर्णन गरिएको खाँडो गीतको वीररसप्रधान गीतहरुलाई यसरी प्रस्तुत गरिन्छः

..................वाइसी चौवीसी राजा रजौटाको दर्वार थकन लाग्यो
.................... वीर बहादुर नाम नेपालीको समर विजयी
कुइरेको थाप्लोमा ठ्याक्क ! ठ्याक्क !! ठ्याक्क !!!

त्यस्तै गरी यदाकदा नानीरलै, बाह्रमासे गीतमा पनि सामान्यरूपमा वीररसका अभिब्यक्ति धुसेको देखिन्छ। जस्तैः

नैत तिमी गैडा वथान, नैत तिमी हात्ति नानीरलै,
तिम्रो ऐरा गरिछाड्छु, चकमन्न राती नानीरलै

यी र यस्तै खालका वीररसप्रधान लोकगीतका अभिब्यक्तिहरु बेनी जगन्नाथ क्षेत्रमा पाइने गर्छन् ।

## ८.६ निष्कर्षः

समग्रमा भन्नुपर्दा लोकगीतमा रसहरु विभिन्न खालका हुन्छन् । समय परिस्थिति र स्थान अनुसार लोकगीतमा विभिन्न रस देखापर्दछ । साच्चै नै भन्ने हो भने रसविनाको लोकगीतको कल्पना गर्न सकिदैन नभनेपनि रसले भरिएका लोकगीतहरु नै पाठक तथा श्रोताहरुको लागि आस्वादन योग्य हुन्छन्। यस बेनी जगन्नाथ क्षैंत्रका लोकगीतहरुमा पनि सामान्यरूपमा रसका सवै भेद देखा परेपनि मूलरूपमा भने केवल पाँचवटा मात्रै रसको उल्लेख्य उपस्थिति भएको पाइन्छ। त्यसमा पनि यस क्षेत्रको लोकगीतको बगैंचामा करूण र श्रृंगार रसका फूलहरुले वगैंचाको धेरैजसो भागलाई ढकमक्क पारेको कुरा यस अधिको तथ्यांकले नै प्रष्ट पारेको छ। करूण रसको हाराहारीमा पुग्न खोजेको श्रृंगार रसपछि शान्त रसको प्रभाव पनि राम्रै देखिन्छ । त्यसपछि हास्य र वीर रस पनि यस क्षेत्रको लोकगीतको बगैंचामा लडीबडी खेलेको देख्न सकिन्छ ।

# नवौं परिच्छेद
# निष्कर्ष र सुझाव

धौलागिरिको समीपमा रहेको विश्वकै गहिरो अन्ध गल्छी र संसारमै एकमात्र शालीग्राम पाइने कालीगण्डकी नदी भएको र पौराणिककालदेखि नै वैदिक विद्याले गुञ्जायमान प्रख्यात जिल्ला म्याग्दी हो । काली र म्याग्दी नदीको संगम स्थलमा रहेको सुन्दर नगरी बेनीबजार, हिन्दुहरुको आस्था र विश्वासको धरोहर एवम् नेपालको पश्चिमाञ्चलको पशुपतिनाथले चिनिने पवित्र मुक्तिनाथको प्रवेशद्वारमै विशाल शीलामाथि अवस्थित  रघुगंगा र कालीको संगममा रहेको गलेश्वर मन्दिर र प्राकृतिक औषधालयको रूपमा म्याग्दी नदीको तीर सिंगा तातोपानी कुण्डको माथिपट्टिको बीच भागमा रहेको छ बेनी जगन्नाथ क्षेत्र । नेपाल एकिकरणपूर्वको ऐतिहासिक पर्वत राज्यको रूपमा रहेको बर्तमानको एउटा गाविस हो  पुलाचौर । यहि पुलाचौर गाविस भित्र रहेको जगन्नाथ क्षेत्र नै हालको म्याग्दी सदरमुकाम बेनीबजारको इतिहास बोकेको ठाँउ हो । बेनी बजार मात्र नभई हालको म्याग्दी , डोल्पा, पर्वत , मुस्ताङ जिल्लाको मुख्य केन्द्र बिन्दु मानिने ठाउँ हो यो । मूलरूपमा यस गाविसको इतिहास कोट्याउनु भनेको म्याग्दी जिल्लाकै इतिहास कोट्याउनु हो । नेपाल एकीकरणपूर्व अत्यन्तै शक्तिशाली पर्वत राज्यको सह राजधानी बेनीबजार र राजधानी ढोलठान थियो भने त्यसभन्दा अघि यस्तो शक्तिशाली राज्यको राजधानी गाजने भन्ने ठाउँको डढेकोट दरबार भनी चिनिन्थ्यो ।

२०१४ सालदेखि  औपचारिकरुपमा शिक्षाको ज्योति फैलाउन शैक्षिक संस्था स्थापना गरी जिल्लामै दोस्रो पुरानो विद्यालय रहेको  गाविस पनि हो यो गाविस । १२ वटा सरकारी विद्यालय रहेको यस गाविस धेरै विद्यालय हुने गाविसमध्ये पनि दोस्रोमा पर्दछ । पुराणप्रसिद्ध ऋषिहरु पुलस्त्य र पुलहको तपोभूमि विश्वमहायज्ञस्थल र लंकाका प्रतापी राजा रावणको जन्मभूमि भएकोले पनि निकै चर्चित छ । अत्यन्तै चर्चित र लोकप्रिय  राजा डिम्वद्वारा चौधौ शताब्दीमा निर्माण गरिएको अत्यन्तै प्राचीन र ऐतिहासिक जगन्नाथ मन्दिर रहेको छ यहाँ । यस क्षेत्रमा मादक पदार्थ वर्जित नेपालको एकमात्र गाउँ छ । मादक पदार्थ उत्पादन, खरिदबिक्री र सेवनमा मात्र निषेध हैन कुखुरा पालन, बिक्री वितरण र प्रयोगमा  समेत परापूर्व समयदेखि बन्देज गरिएको छ । यस्ता कार्य उल्लंघन गरेमा नराम्रो हुने विश्वास सबैमा छ ।

ऐतिहासिक, धार्मिक र पर्यटकीय तीर्थस्थलको रूपमा निकै नै मनोरम, रमणीय र पवित्र क्षेत्र रहेको छ । यो ठाउँ जिल्लाको अधिकांश गाविसहरु रघुगंगा,काली र म्याग्दी नदीहरुको नागवेली, पर्वत र बाग्लुड. जिल्लाहरुका गाविसहरु समेत दृश्यावलोकन गर्न पाउने क्षेत्र हो । धौलागिरि, माछापुच्छे ,नीलगिरि जस्ता हिमशिखरको सबभन्दा नजीकबाट दृश्यपान गर्दा साच्चै नै सबैको मन कटक्क काटिन थाल्दछ। । ढकमक्क फूलेको लालीगुँरासहरु हरियो वनपाखा बसौं बसौं लाग्ने खालको बाक्लो हरियो दुबोको कार्पेट भएको चौरमा एकैछिन बस्दापनि मन हलुका भएर आउने गर्दछ । सौरोट, तल्लोचौर र कुमाल्डीका गह्राहरु ट्वीनअटर विमान अवतरण गराउन मिल्ने भएकोले पश्चिमाञ्चलकै विमानस्थल बनाउन सकिने खालका ठाउँहरु हेर्दा साँच्चै नै आँखा झिम्काउन पनि मन लाग्दैन । म्याग्दीको बैकल्पिक सदरमुकाम भनेर चिनिने यस क्षेत्र काली र म्याग्दी भेगको बीचको दुरीमा पर्ने क्षेत्र पनि हो ।

जिल्लाकै शैक्षिक र राजनैतिक नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको यस गाविसको क्षेत्र म्याग्दी खोला तिरदेखि जगन्नाथ भुमेशिरसम्म फैलिएको छ । यहाँ विभिन्न जाति, धर्म,

पेशाका व्यक्तिहरुको बसोबास रहेको छ । जातीय विविधता रहेको यस क्षेत्रमा लोक सांस्कृतिक भिन्नताहरु पनि प्रशस्तै देखिन्छ । धार्मिक साहिष्णुता भएको कारणले गर्दा लोकसंस्कृति र धार्मिक एकता कायम भएको देखिन्छ । लोकगायकहरुले गाएका लोकलयमा आधारित अभिव्यक्ति नै यस बेनीजगन्नाथ क्षेत्रका लोकगीत हुन । यसमा लोकजीवनका सुख दुखका, मायाँ प्रेमका, शान्त, चञ्चलताका भावना तथा करूण र दर्दनाक घटनाहरुको झलक पाईन्छ । यस क्षेत्रमा भएका लोकगीतहरुले एक पुस्ता देखि अर्को पुस्तामा अथवा एक व्यक्ति देखि अर्को व्यक्तिमा सर्दै आफ्नो अस्तित्व कायम गर्दै विकसित हुने अवसर पाएका हुन् ।

बेनी जगन्नाथ क्षेत्रमा प्रचलित रहेका गीतहरुमा रसविधान हेर्ने कार्य यस शोधपत्रमा गरिएको छ । यस क्षेत्रमा भएका गीतहरुमा घाँस दाउरा, खेती किसानी तथा विभिन्न कार्यहरु गर्ने सिलसिलामा गाइएका मायाप्रीतिका गीतहरुमा संयोग शृङ्गार रसको बाहुल्यता रहेको पाइन्छ । त्यस्तै मायाप्रीतिको अँगालोमा बाँधिएका नवजोडीहरु पेशा, व्यवसाय र रोजगारीको सिलसिलामा सँगै बस्न नपाई टाढा टाढा पुगी समयमा फिर्ता हुन नसक्दा देखिने विरह र वेदना नै वियोग शृंगार रसको प्रधान्य भएका गीतहरु हुन् । आफ्नो प्रिय वस्तु व्यक्तिको वियोग तथा अनिष्ट प्राप्त हुँदा गाइएका गीतहरुमा करूण रसको सिर्जना भएको हुन्छ । बेनी जगन्नाथ क्षेत्रका मानिसहरु पीडा, विछोड, दुःख कष्टका बखत आफनो मनका बहहरु लयात्मक रूपमा कहने गरेका छन् जुन करूण रसका गीतका रूपमा देखिन्छन् । दिनभरि काम गरेर पनि बिहान बेलुकी छाक टार्न नसक्दा, छोराछोरीको लालन पालन र शिक्षा दीक्षामा राम्ररी ध्यान पुऱ्याउन नसक्दाका गीतहरु नै कारूणिक खालका देखिन्छन । त्यस्तै गरेर स्वास्नी, छोराछोरी र बाबुआमा घरमा छाडेर प्रशस्त धन कमाउन परिवारको सुखशान्तीको सपना देखेर बैदेशिक भूमिमा भौंतारिदा साहुँको ऋणले घरखेत सिद्धिएको जस्ता वास्तविकताहरु नै यस क्षेत्रका करूणरस प्रधान गीतहरु हुने गरेका छन । त्यस्तै गरेर यस क्षेत्र **मन्दिरै मन्दिरको शहर काठमाडौं भने जस्तै मन्दिरै मन्दिरको गाँउ पुलाचौर** भनेर चिनिन्छ । यस गाँउ ठाउँका मन्दिरहरुमा विभिन्न तीर्थहरुमा पाठपूजा र भजनकीर्तन हुने गर्दछ । त्यस्तैगरी यहाँका व्यक्ति तथा परिवारले पनि आफ्नो घरमा विभिन्न अवसर पारेर पाठपूजा र भजनकीर्तन गरी मन र मस्तिष्कलाई शान्त पार्ने प्रयास गर्दछन् । भगवानप्रति आस्थाभाव प्रकट गर्दै मन र ज्यान पवित्र पारी हरेक दुखकष्ट विर्सदै विभिन्न देवी देवताहरुको नामोच्चारण सहित कामको प्रशंसा गरी भजनकीर्तन गाउँने गरिन्छ । यस लोक भन्दा परलोकका लागि बढी मध्यनजर गरी धन भन्दा धर्मतिर बढी ध्यान दिनुपर्ने सन्देश दिईएको हुन्छ । पाप कर्मबाट तर्कन सक्नुपर्ने नैतिक सन्देशकासाथ प्रस्तुत गरिएका गीतहरु नै शान्तरसका गीतहरु हुन् । यो क्षेत्र धार्मिक क्षेत्र पनि भएको कारण शान्तरसका गीतहरुको वाहुल्यता पनि देखिन्छन । यी र यस्तै खालका रसका गीतहरु बाहेक सामान्य रूपमा अन्य रसका गीतको पनि धेरैथोर मात्रामा केही अस्तित्व भने रहेको छ । नवीन जोस र जाँगरका साथ साहसिक खालका गीतहरु वीररसका गीतहरुमा पाईन्छन भने हाँस्यरस भएका गीतहरुको यस क्षेत्रमा निकै नै बाहुल्यता भएको मानिन्छ । हाँस्यरसका गीतहरुले दुख परेका व्यक्तिलाई शान्ति र उत्साह थपिदिन्छ । रिसको मात्रालाई हटाउने वा कम गराउने हुनाले पनि हाँस्य रसका गीतहरु रत्यौली र ठोक्का गीतमा बढी देखिन्छन् । केही मात्रामा अश्लितात्मक शब्दहरु हटाएर गाईने गीतहरु साँच्चै नै पेट मिचिमिचि हाँस्नलायक र सुन्नलायक हुन्छन् । त्यस्तैगरी असारे, गोठाले, फागु तथा बालगीतहरुमा पनि हाँस्य रस भेट्न सकिन्छ ।

यस बेनी जगन्नाथ क्षेत्रका लोकगीतहरुमा अर्न्तहृदयदेखिका मानवीय भावनाका साथै साहित्यिक विशेषताहरु झल्किएको पाइन्छ । साहित्यिक नियमको उपयोग विना पनि थुप्रै गीतहरु गाइएका छन् । ती गीतहरुमा रसका नौवटै प्रकार धेरथोर मात्रामा देख्न सकिन्छ । मूलरूपमा यस क्षेत्रका लोकगीतहरु शृंगार ,हाँस्य र करूण रसले भरिएका छन । यस क्षेत्रमा

गाइने गीतहरु एकल तथा समूहमा गाउने गरेको पाइन्छ । वाद्यको मात्र प्रयोग गरी तथा बाद्यनृत्य दुवैको प्रयोग गरी गाउने गीतहरु बढी प्रचलनमा रहेको छ । अभिनयात्मक नृत्यका साथ गीत गाइन्छ भने महिलाहरुद्धारा मात्रै गाउने गीतका साथै महिला र पुरूषहरुद्धारा गाउने गीतहरु पनि एकोहोरी तथा दोहोरी दुबै रूपमा पाइन्छन् । महिलाद्धारामात्र गाउने गीतहरुमा रत्यौली , तीज, जेठे आदि रहेका छन् भने असारे गीतमा पुरूषले पनि धोको फेरेको पाइन्छ । बालकदेखि बूढासम्म एकै ठाउँमा बसेर गाउने र सबैको ध्यान आर्कषण गर्न सफल भएको लोकगीत दोहोरी भजन हो । विभिन्न विषयमा हुने सवालजवाफहरुको भजनगीत बेलाबखत प्रतिस्पर्धी रूपमा समेत संचालित हुँदै आएको पाइन्छ भने बृद्धबृद्धाहरुले मठ मन्दिरमा र पूजापाठका दिन तोकिएको घरमा समेत भजनकीर्तन गाएर यस क्षेत्रको धार्मिक आस्थाको वास्तविकता चित्रण गर्ने गरेको पाइन्छ ।

समग्रमा भन्नुपर्दा बेनी जगन्नाथ क्षेत्रका लोकगीतले यस क्षेत्रको धार्मिक ,सांस्कृतिक , आर्थिक, प्राकृतिक अवस्था, स्थानीय लोकधारणा र जीवनशैली जस्ता विविध पक्षलाई जस्ताको तस्तै देखाउन सफल भएका छन् । यस क्षेत्रका लोकगीत परापूर्वदेखिका अनमोल सम्पत्ति मात्र नभई जनमानसका युगौँदेखिका सहयात्री र मुटुको ढुकढुकी बन्न समेत सफल भएका छन् । यी अनमोल, अनुपम र अद्वितीय सम्पत्तिका रूपमा रहेका लोकगीतलाई नयाँ नयाँ सिर्जनात्मक बान्कीका साथ सजीवता दिएका छन् । नेपाली लोकसाहित्यको भण्डार भर्ने कार्यमा यस क्षेत्रका लोकगीतले महत्वपूर्ण योगदान पुऱ्याउँदै लोक साहित्यकै महिमा बढाउन सफल देखिन्छन् ।

**निष्कर्षमा** भन्नुपर्दा बेनी जगन्नाथ क्षेत्रका लोकगीतलाई विभिन्न गायक गायिकाको स्वरमा प्रस्तुत गरी श्रवण गराउने कार्य एक समारोहकै बीच गरिएको छ । ५० बर्ष भन्दा माथिका बृद्धबृद्धाहरुबीच गरिएको प्रतिस्पर्धात्मक पुराना भाकाका लोकगीतहरुले बालकदेखि बृद्धसम्म मनोरञ्जन मात्र प्रदान नगरी पुरानो परम्परा, रीतिरिवाज र संस्कृति झल्काउने कार्य पनि भएको  छ भने नारी दिवसको अवसरमा गरिएको खुल्ला लोकगीत प्रतियोगिताले छुटपुट अन्य ब्यक्तिहरु र विभिन्न उमेर समूहका गायक गायिकाहरुसँग भेटघाट गरी यस क्षेत्रका प्रचलित लोकगीतहरुलाई साङ्गीतिक माहोलको सृजना गरी यस क्षेत्रमा पस्किने कार्य गरिएको थियो । यसरी यस क्षेत्रमा भएका बालक देखि बृद्द सम्मका गायक तथा गायिकाहरुलाई औपचारिक समारोहका बीच प्रतिस्पर्धा गराई पुरस्कारको समेत ब्यवस्था गरिएको थियो भने प्रतिस्पर्धामा उपस्थित हुन नसक्नेहरुका घरमै तथा विभिन्न स्थानहरुमा बारम्वार सर्म्पक गरी यस क्षेत्रमा लोकगीतहरुलाई संकलन गरिएको छ । यसरी संकलित गीतहरुमा रसहरुले पारेको प्रभावलाई पनि राम्ररी केलाइएको छ । यसबाट यस क्षेत्रको जनजीवन र अवस्थिति झल्किएको छ । यस अध्ययनबाट बेनी जगन्नाथ क्षेत्रमा गाउने गीतहरुको रसविधानको पहिचान भएको छ । यस क्षेत्रका लोकगीतमा भएको रसविधानलाई यसरी तालिकामा देखाई अझ बढी प्रष्ट पारिएको छ ः

| क्र.सं. | रस | गीत संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | करूण | २५ | ३३.३३ |
| २ | श्रृंगार | २३ | ३०.६६ |
| ३ | शान्त | १६ | २१.३३ |
| ४ | हास्य | ९ | १२ |
| ५ | वीर | २ | २.६६ |
| | जम्मा | ७५ | १०० |

यसरी तालिकाको अध्ययन गर्दा बेनी जगन्नाथ क्षेत्रमा प्रचलित रहेका मुख्य गीतहरुलाई गाउँदा कुल ७५ मध्ये करूणरस ३३.३३ प्रतिशत, श्रृंगाररस ३०.६६ प्रतिशत, शान्तरस २१.३३ प्रतिशत, हाँस्यरस १२ प्रतिशत र वीररस २.६६ प्रतिशत रहेकोले यस बेनी जगन्नाथ क्षेत्रमा करूण रसप्रधान गीतहरुले प्रभाव पारेको देख्न सकिन्छ । प्रस्तुत अध्ययनवाट बेनी जगन्नाथ क्षेत्रका लोकगीत र लोकजीवनका विविध गतिविधिहरुबारे बुझ्न खोज्नेहरुका लागि ,भौगोलिक वा सामाजिक पक्षको जानकारी लिन चाहानेहरुका लागि तथा यस क्षेत्रका लोकगीतको अध्ययन गर्न चाहाने अन्य व्यक्ति तथा संस्थाहरु र भावि पुस्ताका लागि समेत एउटा आधार सामग्रीको कार्य गरी यस क्षेत्रको लोकगीतको अध्ययन गर्नमा सघाउ पुग्नेछ भनी विश्वास लिइएको छ । यर्थाथमा भन्नुपर्दा बेनीजगन्नाथ क्षेत्र तथा यस क्षेत्रका प्रचलित लोकगीतको विगत र बर्तमान बुझी भावी सम्भावनालाई ढोका उघारी गीतको परम्परालाई निरन्तरता दिन यस अध्ययन मार्फत सुक्ष्म प्रयास गरिएको छ । बेनी जगन्नाथ क्षेत्रमा प्रचलित लोकगीतमा रसविधान हेर्ने कार्य पृथ्वीनारायण क्याम्पस पोखराबाट मात्र नभै अन्य क्याम्पसबाट पनि यस क्षेत्रमा अझै सम्म नभएकोले यो नयाँ अध्ययनले आफ्नै किसिमको योगदान नेपाली लोकसाहित्यमा दिने र यसबाट ज्ञानको विविध क्षेत्र पनि लाभान्वित हुने विश्वास गरिएको छ ।

# सन्दर्भकृति सूची

**(क) पुस्तकहरु**

आचार्य, कृष्णप्रसाद (२०६४) **शोधविधि, सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाडौँ : क्षितिज प्रकाशन।

उपाध्याय, केशव प्रसाद (२०५८), **साहित्य प्रकाश,** काठमाडौं : साझा प्रकाशन।

............................................ (२०६१), **शोध, सिर्जना र संस्कृतकाव्य शास्त्र,** काठमाडौँ : साझा प्रकाशन।

ओझा, रामनाथ र गिरी, मधुसुदन (२०६४), **शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज।

गौतम, मेघराज, भुसाल ओमप्रसाद, उप्रेती कमला, पौड्याल रामप्रसाद, भट्टराई त्रिलोचन र भट्टराई रामचन्द्र (२०६७) **नेपाली गद्य, भाषा र साहित्य,** काठमाडौँ : लुम्बिनी प्रकाशन।

थापा, मोहनहिमांशु (२०६६), **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन।

थापा, किसन (२०६४), **सिर्जना, शोधविधि र संस्कृत काव्य शास्त्र,** काठमाडौँ : प्रशान्ति प्रकाशन।

**थापा, धर्मराज (२०३०), गण्डकीका सुसेली, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।**

न्यौपाने, श्रीराम (२०६७), **नेपाली गद्य, भाषा र साहित्य** काठमाडौँ : पैरवी प्रकाशन ।

राई, भक्त र राई, काजिमान (किरण) (२०६५), **शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार।

ज्ञवाली, रामप्रसाद, भट्टराई, गणेशप्रसाद, आचार्य टङ्कराज (२०६४), **नेपाली गद्य, भाषा र साहित्य**: भुँडीपुराण प्रकाशन।

**(ख) पत्रपत्रिकाहरु**

बानियाँ, चन्द्रप्रकास (२०६२), **ऐतिहासिक पर्वत राज्य**, म्याग्दी पुस्तकालय, बेनी, म्याग्दी ।

काइँला बानियाँ (२०६६), **धार्मिक तथा ऐतिहासिक महत्वको क्षेत्र जगन्नाथ,** नवविकल्प साप्ताहिक (बर्ष २, अंक १२), म्याग्दी ।

पराजुली, ठाकुरप्रसाद(२०५२) **धौलागिरिका केही साहित्यिक डोब र संकेत**, धौलागिरि सन्देश (अंक १ बर्ष १), म्याग्दी ।

प्रवास, तुलसीराम खनाल(२०६८), **खेलीगीतको बारेमा देखिएका भ्रमहरु र यथार्थको खोजी,** लोकसाहित्य राष्ट्रिय संगोष्ठीमा प्रस्तुत कार्यपत्र) पोखरा : नेपाल प्रज्ञा प्रतिष्ठान र पृथ्वीनारायण क्याम्पस ।

बानियाँ, चन्द्रप्रकाश (२०५५), **म्याग्दी जिल्लाको ऐतिहासिक चिनारी,** म्याग्दी प्रवाह (बर्ष १, अंक १), म्याग्दी : म्याग्दी साहित्य समाज ।

बानियाँ, लालबहादुर (२०२८), **म्याग्दी जिल्लाको संक्षिप्त परिचय** (बर्ष-१, अंक-१ )

बि.सी. नरबहादुर(२०५८), **म्याग्दीको साहित्यिक इतिहास,** म्याग्दी कुञ्ज, काठमाडौं : म्याग्देली विद्यार्थी परिवार।,

मल्ल, मोहनबहादुर **बेनी र ढोल्ठान,** नवप्रकाश (बर्ष ३, अंक) म्याग्दी : प्रकाश मा.वि. ।

म्याग्दी उद्योग वाणिज्य संधको स्मारिका **२०६८** अंक ४

**शोधपत्रहरु**

खातुन, नसिमा (२०४५), **हिन्दी काव्य में अद्भूत रस** (विद्यावारिधि शोधप्रबन्ध) काठमाडौँ : केन्द्रीय हिन्दी शिक्षण विभाग त्रि.वि.।

घर्ती क्षेत्री, भद्रबहादुर (२०६३), **म्याग्दी तातोपानी क्षेत्रमा प्रचलित लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण (**अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र) काठमाडौँ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

ढुङ्गाना, रामजी प्रसाद(२०६२), **पुलाक्षेत्रमा प्रचलित लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण (**अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौ :त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

थापा, दिन बहादुर(**२०५०**), **गल्कोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन (**अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

न्यौपाने, कुसुमाकर(२०४४), **पँयुखोले लोकगीतको स°लन, वर्गीकरण र विश्लेषण (**अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

पौडेल, विष्णुप्रसाद (२०५७), **संस्कृत काव्यशास्त्र**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

बि.सी., नरबहादुर(२०५०), **बरङ्जाको लोकसंस्कृति** (अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौँ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

मल्ल, राधिका(२०५८), **म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन** (त्रिवि अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र) , काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

राना, शान्ता कुमारी(२०६७), **म्याग्दी जिल्लामा प्रचलित गाउँखाने कथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण"(**अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

सुवेदी, रामजी प्रसाद,(२०६०) ,**म्याग्दी जिल्लामा प्रचलित गाउँखाने कथा स°लन, बगीकरण र विश्लेषण** (अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र), काठमाडौ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

श्रेष्ठ, अजय मिलन(२०६६), **गलेश्वर बेनी क्षेत्रमा प्रचलित लोकगीतहरुको स°लन, बर्गीकरण र विश्लेषण** (अप्रकाशित स्नातकोतर नेपाली शोधपत्र), काठमाडौ : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

**ख) व्यक्तित्वहरु**

**१) पौडेल, कृष्णसँगको अन्तर्वार्ता कार्तिक २०६८**
**२) थापा, धनकुमारीसँगको अन्तर्वार्ता कार्तिक २०६८**
**३) कार्की, वीरबहादुरसँगको अन्तर्वार्ता मंसिर २०६८**
**४) वि.सी., नरबहादुरसँगको अन्तर्वार्ता मंसिर २०६८**
**५) गर्वुजा, खड्गसँगको अन्तर्वार्ता मंसिर २०६८**
**६) पौडेल, प्रकाशसँगको अन्तर्वार्ता मंसिर २०६८**
७) खड्का, दीपबहादुरसँगको अन्तर्वार्ता २०६७
८) बानिया, चन्द्रप्रकाशसँगको अन्तर्वार्ता २०६८
९) बानिया, डेकबहादुरसँगको अन्तर्वार्ता २०६७
१०) शेरचन, ओमप्रकाशसँगको अन्तर्वार्ता २०६८
११) बानिया, दिलबहादुरसँगको अन्तर्वार्ता २०६८